# संस्थागत सदस्यहरू

## संरक्षकहरू



*प्रमुख संरक्षक*
**डा. बिमलप्रसाद कोइराला**



*विशिष्ट संरक्षक*
**उमेश श्रेष्ठ**



*संरक्षक*
**द्वारिका श्रेष्ठ**



*संरक्षक*
**जलेश्वरी श्रेष्ठ**



*संरक्षक*
**उषा शेरचन**

## सल्लाहकारहरू



*विशिष्ट सल्लाहकार*
**डा.ध्रुवचन्द्र गौतम**



*मानार्थ सल्लाहकार*
**डा. रामप्रसाद उप्रेती**



*सल्लाहकार*
**कृष्ण प्रसाई**



*सल्लाहकार*
**दीपक सरकार**

## कार्यकारी समिति



*अध्यक्ष*
**मोमिला जोशी**



*उपाध्यक्ष*
**राजेश्वर कार्की**



*महासचिव*
**अरुणा वैद्य**



*कोषाध्यक्ष*
**सुन्दर बस्नेत**



*सदस्य*
**सुरेन्द्र श्रेष्ठ**



*सदस्य*
**अनन्त वाग्ले**



*सदस्य*
**कुमार नगरकोटी**



*सदस्य*
**युवराज अर्याल**



*सदस्य*
**महेश पौड्याल**

## विशिष्ट सदस्यहरू

कृष्णराज तिमिल्सिना, महेन्द्रबहादुर गुरुङ, मोहनबहादुर कायस्थ, डा. बद्री पोख्रेल, योगेन्द्रकुमार कार्की, महेशविक्रम शाह, योगराज गौतम, रमेश सिलवाल।

## मानार्थ सदस्यहरू

एस्पी कोइराला, इन्द्रबहादुर राई, मदनमणि दीक्षित, डा.ध्रुवेशचन्द्र रेग्मी, श्याम नेपाली, प्रमोद उपाध्याय, सत्यमोहन जोशी, डा.गोविन्दराज भट्टराई, इन्द्र अधिकारी, राजीव सिंह, ईश्वर जोशी, गीता केशरी, शशी शाह, विप्लव ढकाल, फत्तेमान राजभण्डारी, डा.राजेन्द्र विमल, श्रवण मुकारुङ, मनुजबाबु मिश्र, डा.ध्रुवचन्द्र गौतम, युवराज नयाँघरे, तुलसी दिवस, डा.वानीरा गिरि, रमेश श्रेष्ठ, जयदेव भट्टराई, डा.हरिप्रसाद मानसाग्नि, खेम शिवाकोटी, राजन काफ्ले, प्रा.ग्रेगोरी मस्कारिनेक, दुर्गा बराल (वात्स्यायन), ठाकुर गुरागाईं, भीष्म उप्रेती, फूलमान बल, दुर्गालाल श्रेष्ठ, हरिहर शर्मा, शकुन्तला शर्मा, मनु मन्जिल, शशी लुमुम्बू, प्रा.डा.वासुदेव त्रिपाठी, माया ठकुरी, मणि लोहनी, मोहन दुवाल, वैरागी काइँला, सरुभक्त, सुमन पोखरेल, नगेन्द्रराज शर्मा, एरिना ताम्राकार, प्रेमध्वज प्रधान, गणेश रसिक, रोजक घिमिरे, सरस्वती प्रतीक्षा, शिशिर योगी, विक्रम श्री, रामेश, अशेष मल्ल, ठाकुर बेलवासे, विधाता के.सी., लक्ष्मी उप्रेती, मिलन नेवार, परशु प्रधान, मञ्जु काँचुली, केशव सिग्देल, धीरेन्द्र प्रेमर्षि, ओम के.सी., शिव परियार, किरण मानन्धर, डा.लक्ष्मण गौतम, जगदीश तिवारी, भूपिन, टङ्क उप्रेती, मेलिना राई, यादव खरेल, भागीरथी श्रेष्ठ, कृसु क्षेत्री, सम्झना राजभण्डारी, सन्तोष श्रेष्ठ, अश्विनी कोइराला।

# कलाश्री

## साहित्य वार्षिक २०८०

## कविता विशेषाङ्क

*वरिष्ठ सम्पादन सल्लाहकार*

**डा. विमलप्रसाद कोइराला**
**एस्पी कोइराला**

*सम्पादन*

**मोमिला**

*विशेष सम्पादन सल्लाहकार*

**डा. गोविन्दराज भट्टराई**
**उषा शेरचन**
**राजेश्वर कार्की**



**'नयाँ नेपाल' साहित्य-आरम्भ**

**'नेपाली कलासाहित्य डट कम प्रतिष्ठान'**
का लागि

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

**कलाश्री**

साहित्य वार्षिक

वर्ष–१२, अङ्क–१२ : २०८०

*प्रकाशक*

**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**का लागि

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

पानीपोखरी, लाजिम्पाट, काठमाडौँ

फोन नं. : ०१–४४१८११३, ०१–४००६६२५

इमेल : info@nlgi.com.np

वेबसाइट : www.nlg.com.np

*आवरणकला*

रमेश श्रेष्ठ

*आवरण डिजाइन*

सबिन शाक्य

*कम्प्युटर–कला*

जीवन नेपाल

*मुद्रक*

सहयात्री फ्लेक्स प्रिन्ट एन्ड अफसेट प्रेस

काठमाडौँ

मूल्य : रु. ४००/–

Kalashree

A Yearly Literary Journal

by Nepali Kalasahitya Dot Com Pratishthan

# कतै कला–साधकको श्राप नलागोस् देशलाई...!

आज अचानक नेपाली साहित्यका एक तपस्वी साधक प्रा. डा. गोविन्दराज भट्टराईको एक वाक्य 'सत्ताधारीलाई साहित्य–कला साधकको श्राप लाग्न सक्छ' भन्ने कलासाहित्य साधकको उपेक्षित स्थितिलाई लक्षित गर्दै दुःखले मन गर्जिंदाको आहतपूर्ण वाक्यको पूर्णविरामसँगै म पनि टक्क रोकिएछु! मुटु नै निचोरेर रगतले लेखेजस्तो अनुभूतिको गहिराइलाई सतहमा बसी निहुरिएर नियालिरहेँ अनि विचारको गगनभेदी उचाइलाई फेदीबाट शिर उठाएर तेस्रो आँखाले जहाँसम्म सीमा कोर्न सक्यो त्यहीँसम्म पुगेर चेतनाको झन्डा फहराइरहेँ। कतिखेर–कतिखेर आँसु हृदयको बाँध भत्काएर हुङ्कार गर्दै बाढी बगिसकेछ, पत्तै भएन। अनि कतिखेर मेरो आँसुको त्यही भेलबाढी आँखाबाट उँभो उक्लेर मस्तिष्कलाई हायलकायल बनाइसकेछ, त्यो पनि पत्तै भएन। तारहरू घाइते होउन्जेल मनभरि समभावको सारङ्गी रेटिइरह्यो...!! रेटिइरह्यो...!!! लखतरान म श्रद्धाले तपस्वी गुरुका पाउमा आँसुको अर्घ्य बनेर बहिरहेँ...! बस, बहिरहेँ!...!!

वास्तवमा सारा सृष्टिकै कुशल महान् योजनाकार प्रकृतिसँग मान्छेले आँखा जुधाएर अस्तित्वको दाबी गर्न सक्ने क्षेत्र भनेको कला–साहित्यसंस्कृति नै हो जस्तो लाग्छ; जसलाई प्रतिष्ठानका संरक्षक एवम् कवि विमल कोइरालाका शब्दमा भन्दा कला–साहित्यसंस्कृति भनेको समाज, राष्ट्र, विश्वजस्ता दृश्य संरचनालाई स्वस्थ र शालीन रूपमा चलायमान बनाउने सफ्ट पावर हो नकि मन लाग्दा लगाइने र मन नलाग्दा थन्क्याइने सोकेसमा सजाइएका गहना। बाहिर नदेखिने यो सफ्ट पावरको शक्तिमाथि अविश्वास गर्नु, यसलाई अवमूल्यन गर्नु भनेको त देखिने शरीरलाई मात्र सत्य ठानेर शरीरलाई चलायमान वा जिउँदो राख्ने चेतनशक्तिलाई तिरस्कार गर्नु हो। यसर्थमा कुनै पनि राष्ट्रका साहित्य–कला साधक भनेका त्यस राष्ट्रका आत्मा हुन्। आत्माबिनाको राष्ट्र त ढलेको मुर्दा शरीरबाहेक अरू के नै हुन्छ र!

यहाँ हात्तीको देखाउने दाँतझैँ प्रज्ञाप्रतिष्ठानहरू सङ्ख्यात्मक रूपले बढेर अब त वडासम्मै पुग्न लागिसके, तर प्रज्ञा र प्राज्ञिक कर्म बढेनन्। मात्र झोलेहरूका भर्ती केन्द्र बने। भर्ती केन्द्र बनाइँदा त्रिभुवन विश्वविद्यालयको हालत जगजाहेर छ। डा. भट्टराईकै भनाइअनुसार सत्ताधारीहरू अधिनायकवादी बन्दुके चेतना र स्वार्थभन्दा माथि नउठेसम्म अनि तिनीहरूका पछि कुद्ने झोलेहरू छिँड नपरेसम्म या कलासाहित्यको

बालीमा बनमाराको अवशेष रहेसम्म उपेक्षा खपेर पनि कम्तीमा आजसम्म तपस्यामा लीन तपस्वी साहित्यकला साधकको निःस्वार्थ जीवन समाज र राष्ट्रलाई अर्पित गरेको यहाँ कसले देख्ने! वास्तवमा साहित्यकला साधकको रक्षा गर्ने त जहाँ पनि सत्ताधारी सरकारले नै हो। विचार र सिद्धान्त आआफ्ना होलान्, तर सत्ता कुनै एक पार्टीको निजी सम्पत्ति नभएर आम जनताको हो। यद्यपि यहाँ यो सम्भव नदेख्दा कतै सत्ताधारीकै कारण साहित्यकला साधकको श्राप नलागोस् देशलाई!

आखिर समाजमा विद्यमान यस्ता अँध्यारा सत्यहरू उजागर गर्ने फेरि देवत्वको आसनप्राप्त उही कलासाहित्यले नै त हो! यसरी जीवनका यिनै सत्यको संवाहक मानिने कलासाहित्यको सम्मान र उत्थानमा हरतरहले समर्पित संस्था **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**को विशेष प्रयत्न, **एनएलजी**को दृढ साथ अनि आम स्रष्टाको स्वतन्त्र लेखकीय आस्थाकै दस्तावेज **कलाश्री** साहित्य वार्षिक यस पटक कविता विशेषाङ्क लिएर पुनः तपाईंसामु उपस्थित भएको छ। यद्यपि एउटै डुङ्गामा सबै यात्रु अटाउन नसक्नु दोष होइन, सन्तुलित यात्राको निर्णय हो भन्ने सत्य विद्वज्जनले बुझ्नु नै हुने छ। र, भनिरहनैपर्दैन कि **एनएलजी**लाई स्रष्टाको शुभेच्छा त सदा साथ रहने नै छ।

अन्त्यमा **कलाश्री**को सन्दर्भसहित वास्तवमा जीवनको सुगन्धलाई कैद गर्न नसके पनि यथार्थतः जीवनको रङ उतार्ने इन्द्रेनी शब्दलाई सलाम! यो सृष्टिमा जति अँध्यारो छाए पनि उज्यालो सम्भावनालाई साक्षी राखेर अँध्यारोमा शब्दको आतसबाजी उतार्ने स्रष्टालाई सलाम! यही उज्यालो सम्भावनायुक्त सम्यक् कर्मको जीवन्त साक्षी बन्न पुगेको छ– **कलाश्री** साहित्य वार्षिक। सदाझैँ यसरी **कलाश्री** आस्था र विश्वासको जीवन्त स्मारक बन्ने छ भन्ने ओजिलो विश्वास हामीमा अझ गहिरिएको छ। यसमा सत्कर्मयात्राको जीवन्त सारथि **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**लाई **एनएलजी**को स्नेहिल साथ स्रष्टाजगत्मा सदा अविस्मरणीय रहने नै छ।

यसरी कलाको इन्द्रेनी धर्मसहित **कलाश्री**को आविष्कारमा साथ दिनुहुने सहृदयी स्रष्टाहरू, कलापारखी सुन्दर बस्नेतलगायत नेपाली भाषाका विश्वासिलो स्तम्भ एवम् इच्छाशक्तिका जीवन्त साक्षी सहयात्री भाइ जीवन नेपाल र प्रतिभावान् भाइ सबिन शाक्य तथा सहयात्री फ्लेक्स प्रिन्ट एन्ड अफसेट प्रेस परिवारप्रति विशेष आभार!

सुन्दर जीवनका लागि सदा साहित्यकला साधक र साधनाकै पक्षमा...

**– मोमिला**

# कलाश्री
(साहित्य वार्षिक)

**कविता विशेषाङ्क**

## विषयसूची

**कविता**


| | | |
|---|---|---|
| अशेष मल्ल | धरहरा | १ |
| अविनाश श्रेष्ठ | डर : २ | २ |
| अनिल पौडेल | जमिनका कुरा | ३ |
| अमर शाह | सहर, डेरा र सपना | ४ |
| अरुणा वैद्य | मन्दिरको मौन घण्ट म | ६ |
| अमृता स्मृति | बेघर मेरा कविता | ७ |
| अभय श्रेष्ठ | मृत्युपछि | ८ |
| असीम सागर | रूख, मान्छे र समाधि | १० |
| अनीता लामा | आइमाई | ११ |
| अमरदीप सुनुवार | हस्ताक्षर गरिरहेको मान्छे | १२ |
| अस्मिता मानन्धर | सासूसँग वः-का कुरा | १४ |
| विमल कोइराला | विभीषिका | १६ |
| विश्वविमोहन श्रेष्ठ | साठी पुगेपछि | १८ |
| विष्णुविभु घिमिरे | हामी बुझ्ने छौँ | १९ |
| विधान आचार्य | सुन्दर कुरूप | २१ |
| विवश पोखरेल | पुल | २२ |
| वासुदेव अधिकारी | प्रौढ देवतासँग | २४ |
| बुनू लामिछाने | कविका कलाले | २७ |
| विमल भौकाजी | यो साँझ | २८ |
| वसन्त श्रेष्ठ | म आफ्नै मृत्यु बाँचिरहेछु | २९ |
| भीष्म उप्रेती | बाटो र उमेर | ३१ |
| भूपिन | आँखा छोप्ने प्रेमखेल | ३२ |
| विमल वैद्य | फागुन मेरो सापेक्षतामा | ३५ |

| | | |
|---|---|---|
| विमला तुम्खेवा | दृश्य | ३७ |
| बिन्दु शर्मा | अर्की सुनकेसरी | ३७ |
| बद्री पोखरेल | वर्तमान | ४० |
| बलराम दाहाल | विजेता हुने हो | ४२ |
| भोजराज न्यौपाने | आमालाई प्रश्न | ४३ |
| विष्णु भण्डारी | आमा हुन नसकेकी आमा | ४५ |
| बिना थिङ | कायलनामा | ४६ |
| विजयाश्री | म झोले | ४७ |
| भगवती बस्नेत | नारी चिनाऊँ | ४९ |
| भैरवी भूगोल | स्वभाव | ५० |
| भवानी खतिवडा | प्रश्नपुञ्ज | ५२ |
| भावना खनाल | द्विविधा | ५३ |
| बीपी अस्तु | थुप्रै कारण | ५५ |
| चन्द्र गुरुङ | डायरी | ५७ |
| चन्द्रबहादुर लामा | सपना | ५९ |
| दिनेश अधिकारी | प्रेमको अवतार | ६२ |
| देवेन सापकोटा | ब्रह्मपुत्र | ६३ |
| धनबहादुर ओली | फेरि यो जुनीमा पनि सिद्धार्थ गौतमले... | ६५ |
| दिलीप श्रेष्ठ | आँगन | ६७ |
| धीरज राई | कालो कविता | ६८ |
| दिलीप योन्जन तामाङ | मेरो देश | ७० |
| देवान किराती | सडक किनारामा | ७२ |
| गोपाल पराजुली | आगोको जल | ७३ |
| गोविन्दराज भट्टराई | एक जीवनले पुग्दैन जस्तो पो छ त! | ७५ |
| गीता त्रिपाठी | असंलग्न देश | ७७ |
| गनेस पौडेल | 'तनाबोटल'-मा स्वागत छ | ७८ |
| गीता कार्की | उज्यालाको खेती | ८२ |
| गोवर्द्धन पूजा | समय-गाथा | ८३ |
| गोमादेवी शर्मा | किनारको एक दृश्य | ८४ |
| हेमचन्द्र नेपाल | समृद्धि होस् : नयाँ वर्ष | ८६ |
| हेमन्त श्रेष्ठ | अँध्यारो साम्राज्यको शिखरबाट | ८६ |

| | | |
|---|---|---|
| हेमन्त विवश | कतारको रैबार | ८९ |
| हरि सन्दर्भ | आसवीर दाइको नयाँ वर्ष | ९१ |
| जङ्गब चौहान | साइबेरिया | ९२ |
| ज्योति जङ्गल | राधारूप | ९४ |
| जीवन खत्री | समयलाई अन्तिम सम्बोधन | ९६ |
| जयराम तिमसिना | इच्छापत्र | ९८ |
| जनक कार्की | ऋतु, मेरो प्राण! | ९९ |
| कृष्णराज डीसी | भाषाभक्त भानुभक्त | १०१ |
| कृष्ण प्रसाई | भन अरू केके | १०३ |
| किशोर पहाडी | ओरेन्तिकाको पर्फ्युम ओयल | १०४ |
| केशव सिग्देल | पुतली र बालक | १०६ |
| कविता राई | छ्याकटे ढुङ्गा | १०७ |
| कपिल अन्जान | सामूहिक प्रतिकार | १०९ |
| केजी सुब्बा | आम्रपाली | १११ |
| कल्पना काफ्ले | परदेशी बुबालाई पत्र! | ११३ |
| कला अनुरागी | यादको सहर | ११४ |
| कृसु क्षेत्री | म महादेव : सृष्टिकै पहिलो प्रेमी | ११६ |
| कुमार नगरकोटी | चिम्नी, एस-ट्रे र यादहरूको खरानी | १२० |
| लक्ष्मण गाम्नागे | आमाको चिठी | १२३ |
| लक्ष्मी रुम्बा | जङ्गल : एक सपना | १२५ |
| लेकाली कान्छा 'मुक्कुम' | आशीर्वाद | १२८ |
| मञ्जुल | पोर्ट्रेट | १२९ |
| मञ्जु काँचुली तिवारी | देश जलिरहेछ | १३० |
| मानसाग्नि | यात्रा | १३१ |
| महेश पौड्याल | केही सूक्ष्म कविता | १३३ |
| मणि लोहनी | डिलिट दुःख | १३६ |
| मीनकुमार नवोदित | ढोका | १३७ |
| मुनाराज शेर्मा | सहरमा गरिबहरू | १३८ |
| मोहित जोशी | हिमयुग | १४० |
| मौन आवाज | म तिम्रो पहिलो प्रेमी हुँ छोरी | १४२ |
| महेश कार्की क्षितिज | हलीको मागल | १४४ |

| | | |
|---|---|---|
| मुकुन्द प्रयास | पृथ्वीका अर्कैअर्कै कुरा | १४६ |
| मन्जिला अनिल | समय | १४७ |
| मोमिला | मौमितालाई आँसुको तर्पण! | १४९ |
| नवराज कार्की | हिमाल भइसकेपछि | १५१ |
| नव सापकोटा | नन्दिनी तान बुन्दछे | १५२ |
| नरेन्द्रबहादुर श्रेष्ठ | कर्तव्यबोध | १५४ |
| नारायण तिवारी | न मुख मिठ्याउनुहोस् | १५५ |
| निमेष निखिल | समय : एक युटोपिया सपना | १५६ |
| निराला शाह | परिस्थिति | १५९ |
| नेत्र एटम | नबिथोल मलाई! | १६० |
| निलुकृष्ण गिरी | शून्य! | १६१ |
| नीलम कार्की नीहारिका | भक्त र ईश्वर | १६२ |
| नयन अधिकारी | हतार छैन | १६५ |
| नीलम गुरुङ | घर सरेको दिन | १६७ |
| पुष्कर लोहनी | फुत्किन्छ आफ्नै हातबाट | १६९ |
| प्रमोद प्रधान | समुद्र | १७१ |
| प्रह्लाद पोखरेल | सौहार्द सृष्टि | १७२ |
| प्रद्युम्न जोशी | शान्त भूमि देश नेपाल | १७३ |
| प्रतीक ढकाल | बिस्तारैबिस्तारै | १७४ |
| पुरुषोत्तम सुवेदी | कान्छीको सपना | १७६ |
| पुष्कर विष्ट | धेरै कुरा छन् नमिलेका मसँग | १७९ |
| फूलमान बल | बाटो | १८१ |
| प्रकाश थाम्सुहाङ | म बिलाउने छु एक दिन | १८२ |
| प्रज्वल अधिकारी | पाठशाला | १८४ |
| प्रमोद सारङ | सत्यको मार्गमा | १८५ |
| प्रतीक्षा प्रधान | हिमाल र म | १८६ |
| पूर्ण ओली | देश यो मुस्कुराओस् | १८७ |
| प्रेमिला राई | मैले भर्खरै एउटा स्केच कोरेकी छु | १८७ |
| राजेन्द्र शलभ | सोध्न मन थियो | १९० |
| राजेश्वर कार्की | सपनाको उडान | १९१ |
| रमेश श्रेष्ठ | बुद्ध हराएको रातमा | १९४ |

| | | |
|---|---|---|
| राजबाबू श्रेष्ठ 'सागर' | बगर र किनार | १९६ |
| रामगोपाल आशुतोष | म बदमास छु, मलाई बदमास भन | १९७ |
| राधिका कल्पित | यात्राहीन यात्रा | २०१ |
| रीता खत्री | अक्षर | २०३ |
| रसिकराज | हावा | २०४ |
| रञ्जना निरौला | निर्भरताको वधशाला | २०५ |
| रमा अधिकारी पौड्याल | मुस्कान | २०६ |
| रीता सिंह 'सिर्जना' | पीडा | २०७ |
| रोशन परियार | रातो बालक | २०८ |
| सरुभक्त | पृथ्वीगाथा | २१० |
| श्यामल | गाजापट्टीको धूलोभित्र | २१४ |
| एस्पी कोइराला | मेरो प्यारो सिंहदरबार! | २१६ |
| सुलोचना मानन्धर | फूल र मान्छे | २२० |
| शरद् प्रधान | वीरेको सपना | २२१ |
| सोझो गाउँले | म मान्छे हुँ | २२२ |
| शेखर गिरी | ऊ | २२५ |
| सुमन पोखरेल | आमा र मान्छे | २२६ |
| सुधा भट्टराई | जिउँदो लास | २२७ |
| सीताराम अधिकारी | गरिबीप्रति | २२८ |
| सुदीप पाख्रिन | बोध | २३० |
| शशी लुमुम्बू | तिमीलाई मान्छे भएर बाँचेको देख्नु छ! | २३१ |
| सुमन घिमिरे अग्रिम | तिमी आउँदै नआउनू | २३२ |
| सुरेन्द्र अस्तफल | तिमी नै त हौ नि? | २३३ |
| सुरेन्द्र लिम्बू परदेशी | युद्धको सौन्दर्य | २३५ |
| सुनीता खनाल | म हिटलर जन्माउँदै छु | २३७ |
| सुशीला पौड्याल | श्वेत राजकुमारी | २३८ |
| सुधा एम. राई | तन्मय यात्रा | २४० |
| शान्ति प्रियवन्दना | रातो : सत्ताको रङ | २४१ |
| सविता गौतम दाहाल | झूट | २४४ |
| सामना पहाड | समय, रङ र मान्छे | २४६ |

| | | |
|---|---|---|
| साम्ब ढकाल | फूल हेरेर लेखेको कविता होइन,... | २४७ |
| शकुन्तला जोशी | अनि जङ्गल पसिन् आमा | २४९ |
| शान्ति शर्मा | तिमी यति सुनिराख, म पनि लेख्छु | २५१ |
| सन्ध्या पहाडी | म कहिल्यै उजाड हुन्नँ | २५६ |
| समदर्शी काइँला | विचारको मृत्युको घोषणा | २५८ |
| सानु शर्मा | अनुहारहरू | २६० |
| सर्वज्ञ वाग्ले | सीमा हुँदैन स्रष्टाको | २६१ |
| शुभलक्ष्मी लम्साल | हाम्रो भेट अवश्य हुने छ | २६४ |
| सुरेश हाचेकाली | शमीको चौतारो | २६७ |
| सरस्वती प्रतीक्षा | आई हेट पिङ्क कलर | २७० |
| तीर्थ श्रेष्ठ | म मरेको रात | २७२ |
| टङ्क उप्रेती | पेन्सिल १ | २७३ |
| टीकाराम उदासी | कचेरा समय | २७४ |
| त्रिभुवनचन्द्र वाग्ले | छोरीलाई हेरेर, आफूलाई हेरेर | २७६ |
| ठाकुर बेलबासे | सत्यको अनुहार | २७७ |
| तारा सुनुवार | परिवर्तन | २८० |
| उषा शेरचन | बा! | २८१ |
| उदय निरौला | प्रिय कवि! | २८३ |
| उमेश अकिञ्चन | डिजिटल समय र कोविद | २८४ |
| विप्लव प्रतीक | सहर र सपना | २८६ |
| विप्लव ढकाल | तिनीहरू कहाँ गए? | २८७ |
| **समालोचना** | | |
| प्रा. डा. लक्ष्मणप्रसाद गौतम | उत्तरवर्ती नेपाली नारीकविता लेखनको स्वरूप | २८९ |
| डा. नेत्र एटम | कविताको शिल्प | ३०७ |
| **अन्तर्वार्ता** | | |
| मोमिला | कविताको गहनतम लतमा सशक्त प्रयोगवादी कवि द्वारिका श्रेष्ठ | ३१५ |
| **कृति परिचय** | | |
| डा. कोमल फुयाल | मोमिलाको 'प्रश्नहरू त बाँकी नै रहन्छन्...' | ३२६ |

| | | |
|---|---|---|
| डा. गीता त्रिपाठी | 'पृथ्वीको श्वेतपत्र'-मा अमर अभिव्यञ्जना | ३२९ |
| ज्ञानु अधिकारी | लैङ्गिक विषयका शक्तिशाली कथा 'बेग्लै म' | ३३३ |
| महेश पौड्याल | सुशीला देउजाको 'केही पाइला केही अनुभूति' | ३३७ |
| मणि लोहनी | विसङ्गत वर्तमानमाथि प्रेमको जबर्जस्त दस्तखत | ३३८ |
| एलिशा ढुङ्गाना | 'प्रदीप्त मनभित्र' देखिएको उज्यालो संसारको कामना | ३४० |
| अनन्त लम्साल | विविध स्वाद र शैलीका पठनीय निबन्ध : 'संवेदनाको समायोग' | ३४२ |
| सावित्रा पाण्डे | जीवन चिनाउने 'जीवनको अभिनन्दन' | ३४८ |
| रीता पौडेल | सामान्य मानिसको मनका सरल कविता | ३५० |
| महेश कार्की क्षितिज | रोल्पाको अनुहार : 'युद्धले डामेको मन' | ३५३ |
| निर्झरिणी बनर्जी जोशी | भोगाइहरूको आरोह-अवरोह : 'नोटको आगो' | ३५५ |
| ठाकुर बेलबासे | मन, आँसु र हाँसोले लेखिएका निबन्धको कृति : 'सन्दिग्ध शताब्दी' | ३५८ |
| डा. अम्बिका अर्याल | 'बघेनी'-मा प्रयोगधर्मिता | ३६१ |

**अशोक मल्ल**

# धरहरा



तपाईंलाई थाहा छ
धरहराको उचाइ
हरसाल घट्दै छ
काठमाडौँमा
अलिअलि।

जङ्गबहादुरले हाम फालेको
धरहरा
पुड्को हुँदै छ अलिअलि।

आकाश छुन्छ कि छुन्छ
कहाँ छुन्छ र आकाश
छुने भए
टिपेर ल्याउँथेँ उहिल्यै
ताराहरू
र सिउरिदिन्थेँ
काठमाडौँवासीका शिरशिरमा।

जतिजति सहरमा
उम्रन थालेका छन्
सिमेन्टका अग्ला-अग्ला रूखहरू
उतिउति घट्दै छ
धरहराको उचाइ।

जुलुस, नारा र आक्रोश
कोलाहल र कोलाहल


सहरको कोलाहल
तर मौन छ धरहरा।

के तपाईंलाई थाहा छ
धरहराको मौनताको अर्थ?

*

**अविनाश श्रेष्ठ**

## डर : २



म डराउँछु
'डर'-का लागि

'डर' सकियो भने
सकिने छ डर

'डर'-का कारण
रोकिएको अराजकता
'डर'-का कारण
जोगिएको सुरक्षा
'डर'-का कारण
बँचेको व्यवस्था

'डर'-को अभावमा
के हुने हो यिनको भविष्य?
के होला यिनको भोलि?

के डरको विकल्प आतङ्क हुन सक्छ?
के डरको अर्को पाटो क्रूरता हुन सक्ला?

कि डरको विपरीत उभिन सक्ला निडर नैतिकता?
वा डरको अर्कोतर्फ जागै छ सचेत सिर्जनशीलता?

यथार्थ के हो भने
जुन दिन दुनियाँमा 'डर' मर्ने छ
एक्लै मर्ने छैन 'डर'
'डर'-सँगै धेरै थोक मर्ने डर छ–
सुरक्षा
व्यवस्था
सभ्यता
संस्कृति
सम्बन्ध
समाज
जिउनुको सौन्दर्य
यीसँगसँगै अरू अनेक कुरा...

'डर' सकियो भने सकिने छन्
के मानिसले आर्जेका सब थोक?

*

**अनिल पौडेल**

# जमिनका कुरा



धेरै तलामाथि नबस
अक्सिजन पुग्दैन।

सडक जमिनमा छ
स्कुल जमिनमा छ
अस्पताल जमिनमा छ
मन्दिर जमिनमा छ

इष्टमित्रहरू सारा जमिनमा छन्
ए, त्यसरी धेरै तलामाथि नबस
अक्सिजन पुग्दैन।

जन्ती जमिनमा छन्
मलामी जमिनमा छन्
भर्खरै पढेर आएका
नानीहरू जमिनमा छन्
बुबा जमिनमा हुनुहुन्छ
आमा जमिनमा हुनुहुन्छ
घुँडाको मासी सकिएर
भऱ्याङमाथि चढ्न सक्नुहुन्न
जमिनको सभ्यता
आकाशमा लग्नु हुन्न
ए धेरै तलामाथि नबस
अक्सिजन पुग्दैन।

*

अमर शाह

# सहर, डेरा र सपना



फोहोरको तह जमेको ग्यास टेबुल
पुरानो तन्नामा लपेटेर
डोरीले कसिएका
धेरै पटक पतिपत्नीले न्यानोपन साटेका
मैला बिस्तरा, कम्बल, सिरक र तकिया
सामान धनीकै सपनाजस्ता
फुटेका वा कुच्चिएका
प्लास्टिक र अल्मुनियमका केही थान भाँडा,
अहिले खुइलिए पनि

धेरै पहिले देखेका
यो सहरमा स्थापित हुने
कुनै समयका आफ्नै रङ्गीन सपनाजस्तै
फुकालेर हिस्साहिस्सा बाँधेको पुरानो खटिया,
हत्ता टुटेका केही थान कुर्सी,
कार्डबोर्डको बक्सामा कोचिएका
गन्तव्यमा नपुऱ्याएरै फाटेका जुत्ता, चप्पल,
केही थान झोला, सुटकेस र
टुक्राटाक्री पुराना चटाई र गलैँचा
सबै अटाई-नअटाई बोकेर
सहरका गल्लीहरूमा गुड्दै गरेका
जब देख्छु डेरा सर्नेहरूका गाडी
म कल्पना गर्छु–
कोठा सर्दै गरेको औसत नेपाली परिवार
जो पानी पछ्याउँदै मरुभूमिमा कुदेको मृगजस्तो
इन्द्रधनुषी सपनाहरू पछ्याउँदै
छिरेको हुनुपर्छ जवानीमै यो सहर कुनै दिन
र, हुर्काएको हुनुपर्छ आजीवन मनमा एउटा घर सपना।

र सोच्छु–
फुट्ने र हराउने भएजस्तै
प्रत्येक पटक डेरा सर्दा
भाँडा, कपडा र अरू सामान
कति हराए वा फुटे होलान् उसका सपना पनि?

*

**अरुणा वैद्य**

# मन्दिरको मौन घण्ट म

(लकडाउनको समयमा मन्दिरको घण्टको आत्मालाप)



युगयुग झुन्डिएर
श्रद्धालुहरूको उपस्थिति बुझ्ने
एउटा अवैतनिक पहरेदार
मन्दिरको घण्ट म आजभोलि बेरोजगार छु,
मौन छु,
मेरा आवाजहरू मौनव्रतमा छन्
व्रतभङ्गको उर्दी म पर्खिरहेछु।
यस्तो समय थियो कि–
मौसमको कुनै पर्बाह थिएन,
समयको कुनै बन्देज थिएन,
ऋतुहरू त आउँछन्, जान्छन्
तीसित मलाई रङ फेर्नु थिएन,
केवल बजिदिनु मेरो धर्म
सङ्गीतबाहेक मेरो बोली छैन।

निपुण नृत्याङ्गना थिएँ
ममाथि
आस्थामय कोमल प्रहारहरू हुन्थे– पाउजू बज्थे मेरा
पीडा पोखिन्थ्यो– निर्मम नृत्यको झङ्कारमा झुम्थेँ
तनाव बिसाइन्थ्यो– कर्कश क्रन्दनमा कर्णप्रिय पदचाल पाउँथेँ
थप्पडहरू थापेर सधैँ
लयमा लय मिलाउँदै आर्तनाद-नृत्यमा उमङ्ग गाउँथेँ
सनातन आस्थाको निनाद बनेर
वायुमण्डलभरि पवित्र उडान भर्थें
झुन्डिएर पनि एकै ठाउँ म स्वतन्त्र थिएँ।

शरीरका चक्रचक्रहरूमा
नाडी र सुषुम्नाहरूमा
धड्कन र धमनीहरूमा
मुटु र मस्तिष्कहरूमा
तरङ्गतरङ्ग ऊर्जा फैलाएर
दिव्य चेतना जागृत गराउने
आफै आजित मेरा अलौकिक आवाजहरू
अहिले शान्त भुमरीमा सुसुप्तिएका छन्,
भित्र मन्दिरमा विराजमान देवता मौन छ
बाहिर झुन्डिएको म
पनि मौन छु।

*

**अमृता स्मृति**

# बेघर मेरा कविता



कविताहरू मौन चिच्याउँछन् बन्द दराजभित्रबाट
जो निस्कन्थे फिरन्ते बनेर सुदूर यात्रामा
कहिले हुन्थे मुसाफिर मनको लयसँगै
जो कहिले सहर ओर्लेर
कहिले गाउँ उक्लेर
मुस्कुराउँथे मञ्चहरूमा
बेघर मेरा कविता आजकाल बेचैन रहन्छन्
बेस्सरी न्यास्त्रिएका छन् घरसँग
मैतिर एकटक हेरिरहन्छन् बडो चाहनाले।

म भने केके सम्झन्छु जीवन
र सम्झाउँछु, हप्काउँछु उसको अटेरीपनलाई
पर्ख, कर्मका केही सिँढी चढूँ भन्छु
जिद्दी कविताहरू

उडिजान्छन् घर भेट्न सञ्जालहरूबाटै
यिनलाई त घरकै तलामा चढ्न मन छ
फेरि मझेरीमा झर्न मन छ
घरकै भित्तामा लेखेर
घरकै मसीहरूसँग खेल्न मन छ।

बेघर मेरा कविताहरू
घरको तिर्खाले अतालिएका छन्
एक अँजुली पानी बोकेर
के फेरि आउला त काकाकुल समय?
हुन त सपनाको यज्ञमा होमिएको मानिस
परेन भने पनि कसैको नजरमा
ऊ देखिइरहन्छ, भेटिइरहन्छ जीवनको पुरातात्त्विक गोरेटाहरूमा
तिनै गल्लीहरूमा अड्किएका हुन्छन् उसका आहट
उसले अझै मास्न जानेको छैन आफैलाई
उत्तेजित हुँदैन, मात्तिन जान्दैन तिमीले जाँडै पिलाए पनि
ऊ त आफ्नै पसिनाको सर्बत पिएर हरबखत मुस्कुराइरहन्छ।

✲

**अभय श्रेष्ठ**

## मृत्युपछि



मिथ्या भाषणजस्तो
प्रशस्ति र सम्मानप्रति
जिन्दगीभर जसलाई भएन कुनै मोह
मानिसहरूले उसैलाई
गर्ने छन् पुरस्कृत
र, लेखाउने छन् प्रशस्तिगान
उसको मृत्युपछि।

जिन्दगीभर
मलाई मौन रहन नदिने मानिसहरूले नै
हरेक स्मृतिमा गर्ने छन् मौन धारण
मेरो मृत्युपछि।

जुन मिथ्याचारप्रति
प्रतिपल गरिरहेछु म प्रतिरोध
त्यसलाई सम्झने
कोही त हुने छ अवश्य
मेरो मृत्युपछि पनि
तर उसको स्वर हुने छ बहुतै मधुरो।

जीवनभर नझुकेको मेरो शिरविरुद्ध
तरबार उठाउनेहरूले नै
गर्ने छन् स्वाभिमानी शिरको सराहना
मेरो शान्तिप्रेमका सदाबहार वैरीहरूले नै
गर्ने छन् मलाई शान्त वासको कामना
मेरो मृत्युपछि।

छोपेर मेरा पाइतालाका डोबहरू
गर्ने छन् मानिसहरूले
कतै नरहेको मेरो आत्मशान्तिको चिर कामना
मेरो मृत्युपछि।

मृत्युसँगै मर्ने छन् मेरो आत्मा,
चेतना, शान्ति र अशान्ति
बाँकी रहने छन् केवल जिन्दगीको गोरेटोमा
मैले छाडेका विचारका डोबहरू।

त्यही विचारले गर्ने छ
मिथ्याचारविरुद्ध प्रतिरोध
मेरो मृत्युपछि।

*

**असीम सागर**

# रूख, मान्छे र समाधि



खोला किनारमा थिए केही ठूला रूखहरू
तिनै रूखमा थियो खोलाको सम्पूर्ण भार।

हेर्दाहेर्दै खोलाले
बिस्तारै रूखको जरा खोतल्यो
जरावरिपरिको माटो बगायो
माटाको आड नपाएपछि गर्ल्याम्म ढले रूखहरू
र खोलामा लम्पसार सुते खोलाकै बाटो छेक्ने गरी
बाँध सम्झेर हो कि कुन्नि
खोला एकछिन उभियो
र रूखहरूलाई नै बगायो।

निकै तल पुऱ्याएपछि
एकएक गर्दै खोलाले किनारमा छाड्दै गयो रूख।

एउटा रूख किसानले भेट्टायो
र हलो बनायो।

अर्को रूख सिकर्मीले भेट्टायो
र दराज बनायो।

अर्को रूख कसाहीले भेट्टायो
र अचानो बनायो।

अर्को रूख कालिगडले भेट्टायो
र घोडा बनायो।

म भने
न किसान, न सिकर्मी, न कालिगड
न कुनै कसाही
म त केवल दाउरा चिर्न जानेको मान्छे
मैले रूखलाई काटेँ
र बनाएँ चिताका लागि दाउरा
जलाएँ आफ्नै शरीर।

*

**अनीता लामा**

# आइमाई



उनी आँखामै सजाउँछिन् ओदान
सल्काइदिएपछि अर्कैले आगो
बलिरहनु, बलिरहनु र बलिरहनु मात्र पर्छ चुलो
पानी छर्कने कि मट्टितेल
निर्णय चल्ने भए उनको
दनदनी आगोभित्रै भई बस्थिन् पानी
आइमाई भनेको काँचो भाँडो हो
भन्ने कहावतजस्तै
साँच्चै म आगोसँग छु
आगोभित्रै छु र पनि पाक्न सकेकी छैन
म काँचो भाँडो
आइमाई।

उनी प्रत्येक भावमा गुन्जिन्छिन् चराहरूसँग
आइदिएपछि प्रत्येक समयको आवाज
चलिरहनु, चलिरहनु र चलिरहनु मात्र पर्छ चुरा
सजाउन हो कि सजाय दिन हो
कहिलेकाहीँ मेसो पाउँदिनन् सिउँदाको सिन्दूर

श्रावणी मेहन्दी होस् वा तीजको शृङ्गार
कसले बनाइदियो अर्कैको अधीन?
स्वच्छन्द ताल हो कि नियन्त्रणको दाम्लो
खुट्टाबाट फुस्काइदिएपछि छमछम पाउजू
मलाई घेरे उनीहरूले अनि भनिरहे–
आइमाई भनेको खुट्टाको जुत्ता हो
खुट्टा भए जुत्ता कतिकति!
साँच्चै यो शृङ्गारले म टल्किरहेछु कि जुत्ता?
जुत्तामा पालिस लगाइरहेछु कि
खुट्टामा मोसो?
म आइमाई।

*

**अमरदीप सुनुवार**

## हस्ताक्षर गरिरहेको मान्छे



समयको शाश्वत डायरीभरि
समाएर मानवताको कलम
कोमलताले हस्ताक्षर गरिरहेको मान्छे
आफ्नै शरीरका प्रत्येक कोशिकाहरूले
जिएको जिन्दगीलाई
गराउँदै अनवरत हस्ताक्षर
अमरत्व बोकेको जिन्दगीका पानाभरि
अनवरत गरिरहेछ स्वप्निल हस्ताक्षर!

ब्रह्माण्डको ऊर्जा निलेर
ऊर्जाको अर्को ब्रह्माण्ड घुमेर
सृष्टिकर्ता आमाबुबालाई दिएर
छातीभरि बोकेको श्रद्धाको हस्ताक्षर
बोकेर मुटुभरि प्रेमका हस्ताक्षरहरू

प्रेमिकाको अँगालोभरि प्रेमिल हस्ताक्षरहरू गर्दै
युग बाउँदै बाँचिरहेको मान्छे
प्रेमिल मुटुमाथि हस्ताक्षर गरिरहेछ!

स्वर्णिम सम्भावनाहरूको चाङमा
गर्दै मौलिक लयका हस्ताक्षरहरू
फहराउँदै आत्मविश्वासको हस्ताक्षर
काँधभरि बोकेर हस्ताक्षरहरूको पहाड
शिरमाथि उचालेर हस्ताक्षरहरूको तराई
हाँस्दैहाँस्दै पृथ्वी मान्छे
हाँसिरहेका हिमालहरूमा हस्ताक्षर गरिरहेछ!

हस्ताक्षरको यात्रामा निस्किएको मान्छे
गरिरहेछ आकाशभरि स्वतन्त्रताको हस्ताक्षर
हस्ताक्षरको कर्ममा डोरिएको मान्छे
गरिरहेछ जमिनभरि स्वाभिमानको हस्ताक्षर
हस्ताक्षरहरू गर्दै स्वनामधन्य हस्ताक्षरकै भऱ्याङ चढिरहेको मान्छे
स्वर्णिम जीवनका स्वर्णिम हस्ताक्षरहरू!

ब्रह्माण्डको सार्वभौम हस्ताक्षर बोकेर
देशभरि फैलाउँदै राष्ट्रियताको हस्ताक्षर
सिमानाभरि ठड्याउँदै स्वाधीनताको हस्ताक्षर
मान्छेले अझ बढी मान्छेकै हस्ताक्षर गरिरहेछ
हस्ताक्षरहरूको पदचाप पछ्याउँदै
जीवनको म्याराथन दौडिरहेको मान्छे
मान्छेले मान्छेकै जीवनशक्तिमाथि
आजीवन हस्ताक्षर गरिरहेछ!

✲

**अस्मिता मानन्धर**

# सासूसँग वः*का कुरा



मेरी आमाको भान्छामा
वः नपाकेको त हैन
अरू थुप्रै परिकारजस्तै
मैले पकाउन नसिकेको पनि हैन
तर म तिम्रो नुस्खा सिक्न चाहन्छु
म तिम्रो तरिकाले वः पकाउन चाहन्छु।

तीन दशकअघि
तिमी जुन बाटो हिँडेकी थियौ
तीन दशकपछि
त्यही बाटो पछ्याएकी छु मैले पनि
यो दैलोमा मेरो पहिलो पाइला
थियो तिम्रै पदचिह्नको डोबमाथि।

त्यसैले तिमीले पिसेको
मासको ब्याटरको एकरूपता
मेरो स्पर्शले बुझ्ला कि नबुझ्ला
म जान्न चाहन्छु
म तिम्रो तरिकाले वः पकाउन चाहन्छु।

म सोच्छु–
के तिमीले कहिल्यै सोध्यौ
तिमीले पकाउन सिकेको तरिकाको अर्थ?
के तिमीले कहिल्यै सोच्यौ
यी मसलाहरूको मिश्रणको गर्भ?
सायद तिमीले अपनायौ यो नुस्खा–
निर्विवाद, निःशब्द।

* नेवार समुदायमा प्रचलित रोटीको एउटा परिकार।

दशकौँदेखि तिमी जुन ठाउँमा थियौ
ठीक त्यहीँ
अहिले म उभिएकी छु
तर मेरो अस्तित्व भने छ–
सतर्क र ससर्त।

हो,
तिमीजस्तो तावा र त्यसको रापसँग
म परिचित छैन
तिम्रा हत्केलाहरूले जसरी गोलाकार बनाउँछन्
मेरो चाल त्यति स्वचालित छैन
तिम्रो विधिबारे मेरा प्रश्नहरूको ताँतीको पनि
केही कमी छैन।

तर विश्वास गर मलाई
तिम्रो स्वाद र संरचनाको मधुरतालाई
म कायम राख्न चाहन्छु
म तिम्रो तरिकाले वः पकाउन चाहन्छु।

मलाई थाहा छ
तिमीले बनाएको भन्दा
मैले बनाएको वःको स्वरूप
अजङ्ग र ओजिलो छ
तिमीले अपेक्षा गरेको विपरीत
यो हठिलो र गजिलो छ।

म वःको सार्थकता र सम्मानमा
सम्झौता गर्ने छैन
तर तिमीले सोचेजस्तो
नियमबद्ध र चिटिक्क पनि हुने छैन
त्यसैले तिम्रो आस्थाको दायरा

र मेरो सोचको स्वतन्त्रतालाई
म मिसाउन चाहन्छु
म हाम्रो तरिकाले व: पकाउन चाहन्छु।

✲

**विमल कोइराला**

# विभीषिका



युद्धमा होमिन जान्छन् अर्काकै निम्ति
पहिचान अर्कैको, झन्डा अर्कैको, माटो अर्कैको
तर सगौरव युद्ध लड्छन्–
मलाई युद्धमा मर्नेहरूको भन्दा घाइते बाँच्नेहरूको
बढी पीर लाग्छ,
ती जो थोरै बाँचेका हुन्छन्, तलब-पेन्सन थाप्छन्
मर्नेहरूलाई पनि अमर योद्धाको पगरी दिन्छन्–
र पाका मान्छेले फोटो झुन्ड्याउँछन्
घाइते बाँच्नेहरू बरा! ह्विल चेयर र बैसाखीमा
बाँच्छन् जीवनभरि,
तीसँग साहसी भनेर दिएको गिल्टीको तक्मा छ
त्यो खानु हुँदैन
देखाऊँ भने देखाउने ठाउँ छैन।

रहरले गएका थिएनन् युद्धमा
सुन्दर भविष्यको कल्पनामा उत्प्रेरणाको चुइङ्गम चपाउँदै
भएभरको सीप लगाउँदै भर्ती भएका हुन्
कहिलेकाहीँ बिदामा आउँदा मिसिएको भाषा बोल्दै
अरूलाई लोभ्याएका पनि हुन्
के थाहा?
एकदुई वर्षमै नरसंहारमा मरिन्छ भन्ने
यौवनका जिजीविषा आफैले सिध्याउनुपर्छ भन्ने

सम्झन पनि नपाउँदै आफ्नो गाउँ
लेख्न पनि नसकेर प्रेमिकालाई पत्र
धमिलो देख्दै आफ्नो घर
थाहै नपाई गुमेको खुट्टा र हात
अरू मरेको देख्दा
आफू बाँचिएछ भन्ने खुसीको क्षण।


कसका निम्ति लडे
कसका खातिर लड्दै छन्
को शत्रु, को मित्र
को घरको, को बाहिरको
दर्दनाक कथा सम्झेर घाइते योद्धा
गिल्टीको तक्मा सुमसुम्याइरहेछ
श्रोता नभए पनि एकोहोरो
जीवनकथा सुनाइरहेछ।

युद्ध मानवता विरोधी कायर कृत्य हो भन्ने
उसले जानेन,
मृत्यु रचना गर्ने अहम्‌को खेल हो भन्ने
उसले जानेन,
महिनैपिच्छे पाउने तलब र भविष्यको पेन्सन सम्झेर
खुसी भयो
आफ्नै देश पनि त्यै रगतपसिनाको आयस्ताले
चलेको देखेर खुसी भयो,
हो, यिनकै रगतको भर्पाइले चलिरहेको छ
हाम्रो शासनव्यवस्था, तर ती घाइते
बाँच्नेहरू भने दिनहुँ
आँसुले तक्मा धुँदै छन्।

✲

**विश्वविमोहन श्रेष्ठ**

# साठी पुगेपछि



बस, टक्क रोकिएर
साठी पुगेपछि जहीँको तहीँ
बटुलिरहेछु अचेल बैँसमा छरिएका असरल्ल ती खुसीहरू
केलाउँदै एकएक गनिरहेछु अविश्रान्त, अनवरत
बगी गएका ती दिनहरू सबै उस्तै लाग्छन्
एकतमास झरी जाने ती फूलहरू
जहाँ तिम्रो स्पर्शले म पुलकित भएको थिएँ
अहिले खोजिरहेछु तिनै पलहरू
बस, टक्क रोकिएर
साठी पुगेपछि जहीँको तहीँ
बटुलिरहेछु अचेल बैँसमा छरिएका असरल्ल ती खुसीहरू।

उमेर थियो, यौवन थियो, सबैसबै सुन्दर थियो
उजाड-उजाड बगर पनि अहो! कस्तो मोहक थियो
चस्स छोएर हावाले उडाउँदै लगेको सिमल पनि
नजानीकनै जिस्काइरहन्थ्यो
म पानी, पानीजस्तै बगिरहन्थेँ
तिमी, तिमी हिउँजस्तै जमिरहन्थ्यौ
हाम्रा बीच फुलिरहन्थे फूलहरू,उडिरहन्थे चराहरू
कुरकुराउँदै ढुकुरहरू कोरलिरहन्थे बचेराहरू
तिम्रो प्रेममा हायलकायल म
म तिमीभित्रै मलाई खोजिरहन्थेँ छरिएर छरपस्ट तिमीभरि
म मलाई आकार दिन्थेँ
बस, टक्क रोकिएर
साठी पुगेपछि जहीँको तहीँ
अहिले खोजिरहेछु तिनै पलहरू
बटुलिरहेछु अचेल बैँसमा छरिएका असरल्ल ती खुसीहरू।

उदाउँछ अहिले पनि उही घाम
घामजस्तै उज्यालो तिम्रो मुहार


अचेल किन मलिन देख्छु
पूर्णिमाको जूनजस्तो धप्प बल्ने ललाट तिम्रो
अचेल किन उदास देख्छु
छोएपछि पालुवालाई फुल्थे कैयौँ फूलहरू
ठक्कर दिने ढुङ्गा पनि मूर्ति बन्थे खुरुखुरु
कहाँ गए होलान् कठै! हाम्रा प्रिय ती दिनहरू
बस, टक्क रोकिएर
साठी पुगेपछि जहाँँको तहीँ
अहिले खोजिरहेछु तिनै पलहरू
बटुलिरहेछु अचेल बैँसमा छरिएका असरल्ल ती खुसीहरू।

अहो! कसले फर्काइदेला कठै! बिती गएका ती दिनहरू
तिम्रो स्पर्शले ब्युँतिदिने प्रणयका ती छिनहरू...
फर्काइदेऊ न बिन्ती!
तिम्रो स्पर्शले ब्युँतिदिने प्रणयका ती दिनहरू...।

*

**विष्णुविभु घिमिरे**

# हामी बुझ्ने छौँ



चेतनाको हतियारमा
जब पाइन चढदै जान्छ
हामीसँग केवल यही क्षण मात्र बाँकी छ
केवल हामीसँग
हामी बाँच्दै गरेको क्षण मात्र बाँकी छ
एउटा अनमोल क्षण हामीसँग छ
जुन हाम्रो हातमा
इन्द्रेनीझैँ जगमगाइरहेको छ
जुन क्षण
हाम्रो अँजुलीबाट सँगसँगै हिउँझैँ पग्लिरहेको छ।

अवसर रोकेर भ्रष्ट शासकहरू
शासनमा कति बसिरहलान्
चेतनाको हतियारमा
जब पाइन चढ्दै जान्छ
हामी त्यस बेला मात्र देख्ने छौँ
कुरुक्षेत्र कति नजिकै छ!

चेतनाको हतियारमा
जब पाइन चढ्दै जान्छ
अवश्य देख्ने छौँ हामीहरू
हाम्रो धर्ती कति विशाल छ
हाम्रो आकाश कति व्यापक छ।

छातीमा राष्ट्रियता रित्तिएपछि
एउटा देश नक्साबाट हराउन पनि सक्छ
सुकिसकेको जर्जर रूखमा पनि
राष्ट्रियताको वसन्त जुर्मुराए
मुनाहरू फेरि लहलह हुन पनि सक्छ
घडी बाँधेर समय बाँध्न सकिए पो!

चेतनाको हतियारमा
जब पाइन चढ्दै जान्छ
हाम्रो साहस र उत्साह
निर्भय सिंह भई गर्जन थाल्छ
हो, त्यस बेला
हामी पहाडको छाती फोरेर
नयाँ नदी भएर जन्मने छौँ
यसरी जन्मने नदीले
कहिल्यै कसैलाई सोध्ने छैन
समुद्र कति टाढा छ?

चेतनाको हतियारमा
जब पाइन चढ्दै जान्छ

अवश्य थाहा पाउने छौँ हामीहरू
आफ्नो धर्तीको मगमग बासमा
आफ्नो आकाशको सुन्दर इन्द्रेनी
आफू हुनुको अर्थ र
यति विशाल संसारमा आउनुको उद्देश्य।

*

**विधान आचार्य**

# सुन्दर कुरूप



१
डढाएर क्षणमै खरानी बनाउन सक्ने,
केही बहँदा पानीका धारहरू छन्
र भतभती पोलिरहेका मन शान्त पार्न सक्ने
केही आगोका फिलुङ्गाहरू छन्।

२
उक्लेर कुन चुलीमा पुगेँ भन्ने साधक
जमिनबाट तल खाडलमा पुगेका छन्
र गहिराइमा गएर ज्ञानको साधना गर्ने
उठेर चुलीमाथि पुगेका पनि छन्।

३
देखेका दृश्यमा नभएका वास्तविकता
अँध्यारोका पोल्टामा लुकेर बसेका छन्
र उज्यालाले देखाउन खोजेका कथाव्यथा
आदेशका अन्धकारमा विलुप्त छन्।

४
भएकाहरू जे छन्, आवरणमा मात्र छन्
गुदी र आवरणको हिसाबकिताबै मिल्दैन
र भित्र भएकाले बोक्रो धारण नै गर्दैन
तिनीहरू अस्वीकृत अनि नग्न देखिन्छन्।

५

उठेँ भन्ने भ्रम पाल्नेहरू धसिएका छन्
कोही आफै जमिनका सगरमाथा छन्
र लरखरिएर भूमिमा पछारिएको पखेटा
तर मनको उडानले अन्तरिक्ष पुग्ने पनि छन्।

६

तिम्रो सिधा सोचले सधैँ बाङ्गो गर्छ
तिम्रा सोच तिमी आफैभन्दा फरक छन्
र आफ्नो सुरमा कोही नचलेको गुनासो
सुन्दर संसारमा भएका तिम्रा कुरूप पक्ष छन्।

*

**विवश पोखरेल**

# पुल



भत्किएको
काठको पुलको छेउमा उभिएर सोच्दै छु
यो जीर्ण र धराप पुलबाट
कसरी तर्दा हुन् मान्छेहरू
क्रमशः डिल भत्काएर
निर्मम बगिरहेको डरलाग्दो खोला?

छातीमा किताब च्यापेर
आँखामा भविष्यका उज्याला सपना साँच्दै
कसरी पुग्दा हुन् केटाकेटी स्कुल?
कसरी पुग्दा हुन्–
पारि डाँडाबाट दाउराघाँस र मेलापात गरेर
फर्किने चेलीहरू सुरक्षित घर?
कसरी पुग्दा हुन्–
श्रम, माटो र पसिनासँग जिन्दगी साटेर

फर्किएका थकित अनुहारहरू
आफ्नो प्रिय गाउँ?

दुर्भाग्य! हरेक पदचापसँगै
काठका डाँडाभाटा हल्लिन्छन्
खुस्किन्छन् काँटीकीला, जुइनाहरू
यो पुलबाट कसरी ओहोरदोहोर गर्दा हुन्
भोट खसाउन र भोट खसाएर
फर्कंदै गरेका मतदाताहरू?

लट्टाईको धागो टुटेर
उड्दैउड्दै गएर भीरमा अल्झिएको
चङ्गाजस्तै छ यो पुल
हावाले हल्लाउने सुकुम्बासी बस्तीको
टहराको छानामा टाँगिएको
थोत्रो पालजस्तै छ।

यही पुललाई च्याँखे थापेर
हरेक मौसममा आउँछन् एक हूल जुवाडे
र फाल्छन् आश्वासनको पासा
सत्ता परिवर्तनसँगै
एउटै पुलको निर्लज्ज गर्छन्
पटकपटक शिलान्यास।

मात्र एउटा भ्रम/एउटा सपना
पुल अवतारमा ठिङ्ग उभिएको छ
नागरिकका सर्वाधिकार सुरक्षित
चटके सरकारजस्तो छ यो पुल
मान्छेका आवरण र अवतारमा
मकैबारीबीचमा ठड्याइएको

बुख्याँचाजस्तो छ
जहाँ सधैँ विश्वास सङ्कटमा छ
अस्तित्व सङ्कटमा छ
जीवन सङ्कटमा छ।
आफ्ना भोगाइ र दिनचर्याका
विविध दृश्यपरिदृश्यसँगै
आफैलाई हेरेर हाँस्छ यो पुल
एउटा व्यङ्ग्यात्मक हाँसो
एउटी नववधूझैँ शिलान्यासको
शब्द अनावरणसँगै आफै लजाउँछ।

बिचरो दोधारमा छ यो पुल
अनेक द्विविधा झुत्ती खेलिरहेछन् ऊभित्र
ऊ स्वयम् ठम्याउन सकिरहेको छैन
ऊ पुल हो कि तुइन?
पासो हो कि च्याँखे??
अथवा अनाम जिन्दगी वैतरणी तार्ने
पुच्छर हो कि गाई???

*

**वासुदेव अधिकारी**

## प्रौढ देवतासँग



बूढानीलकण्ठ,
म जन्मिँदा तिमी बूढो थियौ
म बूढो हुन लाग्दा तिमी तन्नेरी
कसरी भयो यस्तो?
कुरा गर्नु छ तिमीसँग
हिसाब गर्नु छ सुखदुःखको।

मलाई थाहा छैन
तिमी आफै सुत्यौ कि कलाकारले सुताए?
तिमी आफै आयौ कि कसैले ल्याए?
सुत्दासुत्दा पट्यार लाग्दैन तिमीलाई?
ओल्टोकोल्टो फर्किन मन लाग्दैन तिमीलाई?
चिसो लाग्दैन नित्य पानीमा सुत्दा?
दृढताको रहस्य जान्ने मन छ
स्थिरताको कहर चाल पाउने इच्छा छ
बूढानीलकण्ठ,
मलाई तिमीसँग कुरा गर्ने मन छ।

तिमी ढुङ्गा हौ कि देवता?
पहिले सायद ढुङ्गा थियौ
कति दुख्यौ कुँदाइको चोटमा?
कति आनन्दित भयौ देवता हुँदा?
देवता हौ भने
कसरी एकाकार भयौ ढुङ्गासँग?
खुलस्त भन न
देवतालाई मानिसमा पस्न सजिलो कि ढुङ्गामा?
प्राणीमा बस्न सजिलो कि वनस्पतिमा?
बूढानीलकण्ठ,
देवमन पढ्ने इच्छा छ
तलवितलको गन्थन गर्ने चाहना छ।

सुतीसुती भूपति तर्सायौ तिमीले
तिनी तिमीसँग सपनामा नि डराउँथे
बिपनामा नि काँप्थे
अहिले तीभन्दा बदमास भक्तहरू
तिम्रो दर्शनमा आउँछन्
पाउ पर्छन्
पूजाआजामा समर्पित हुन्छन्

दानमा पोखिन्छन्
र माग्छन्
अरू पैसा
अरू पावर
दिव्य वर्चस्व
तिमी खुसी हुन्छौ सायद
तिमी दयालु हुन्छौ सायद
र भन्छौ होला : तथास्तु
बूढानीलकण्ठ,
मलाई भूपति कँपाइको कथा जान्ने मन छ
तथास्तुशास्त्र केलाउने रहर छ।

आशिष् मागपूर्तिको मेलामा
तथास्तु आदानप्रदानको भेलामा
मेरो सानो जिज्ञासा छ
तिमीसँग
मुर्झाइरहेको इमान ब्युँझाउने अर्गानिक टनिक छ/छैन?
आशिष् माग्न नजान्ने गरिबलाई दिने खजाना
र अन्यायले जलिरहेको हृदयमा दल्ने मलम छ/छैन?
बोल न केही शब्द
खोल न जीवनको मन्त्र
तिम्रो चहकबारे सानो कविता कोर्नु छ
र, चाल पाउनु छ
तिम्रो दिव्य चक्षुले
कपट र श्रममा पार्थक्य देखेको कुरा
गद्दार र इमानीलाई फरक मानेको प्रमाण।

*

**बुनू लामिछाने**

# कविका कलाले



देख्यो हिमाल हँसिलो मधुमास नौलो
भेट्यो गुराँस रसिलो अनि काँस राम्रो
खा-यो कुहूकुहु अहा! खिरिलो गलाले
पा-यो कलामय जगत् कविका कलाले।१।

जानेर जीवन छ निर्झरमा, नदीमा
थाल्यो डुबुल्किन यता विरही झरीमा
शोकाग्निले पनि कवित्व उमार्न थाले
जन्मे नवै रस यहाँ कविका कलाले।२।

अन्याय खप्न नसकी मनले जुरुक्कै
जागी प्रलोभन किचेर सगर्व उठ्दै
सिर्जेर झापट झटाझट चेतनाले
दुर्भाव चिर्दछ कडा कविका कलाले।३।

ईर्ष्या गरेर कसिलो कविशक्तिलाई
आक्रान्त पार्न घटियापन सामु आई
घेर्छन् निकै किसिमका छल, वाञ्छनाले
भुल्दैन लक्ष्य तर यो कविका कलाले।४।

यो सृष्टिभित्र विजयी कवि हुन्नथ्यो ता
बन्थ्यो प्रभाव दिन भाव कहाँ विजेता?
संवेदना सगरका परिकल्पनाले
पार्दै छ धन्य धरती कविका कलाले।५। *(वसन्ततिलका)*

*

**विमल भौकाजी**

# यो साँझ



साँझ नढले हुन्थ्यो,
उज्यालो यो दिनमा
पूर्णविराम नलागे हुन्थ्यो।

जो भागिरहेछ हतारहतार मलाई छाडेर
रोकिदिए हुन्थ्यो कसैले
खुट्टामा नेल ठोकिदिए हुन्थ्यो,
आँखा जो छन् मेरो प्रेमलाई छल्ने
पट्टी लगाइदिए हुन्थ्यो
साँझ नढले हुन्थ्यो।

बाँकी नै थिए,
धेरैधेरै नै थिए
शब्दहरू थिए बुझाउन बाँकी
उच्छ्वास थियो बाँकी चिनाउन
केही कविता थिए
हरफहरू पूरा हुन नसकेका
पूरा गर्नु थियो,
कलम बन्द गर्न नपरे हुन्थ्यो
साँझ नढले हुन्थ्यो।

मडारिन लागेको छ आकाशमा बादल
टाढा कतै बिजुली चम्कँदै छ
मनका आवेगहरूको गति असामान्य
झन्झन् तीव्र हुँदै छ
अब कसले सँभाल्ने यो विग्रह?
कसले सँगाल्ने पातपतिङ्गरजस्तो

उडिरहेका यी संवेदनाहरूलाई?
छ कोही?
आएर
यो ढल्न लागेको साँझलाई
चहकिलो
उज्यालोको मुठीले कैद गरे हुन्थ्यो
साँझ नढले हुन्थ्यो।

प्रिय,
जीवनको प्रकाशमा
साँझ नढले हुन्थ्यो
मेरो विश्वासको आकाशमा
ग्रहण नलागे हुन्थ्यो।

*

**वसन्त श्रेष्ठ**

# म आफ्नै मृत्यु बाँचिरहेछु



जीवन मृत्यु बोकेर बाँचिरहेछ
हत्केलामा मृत्यु बोकेर
किनारा भेट्न नसकेको जीवन
हरेक क्षण अल्पायुमै सकिन खोज्छ
कुनै निश्चित परिधि भेट्न नसकी
जब मृत्यु बाँचेको जीवन देख्छ
तब लाग्छ कति निरर्थक रहेछ जीवन!

निरन्तर कैयौँ वर्षदेखि
भूगोलको पल्लो छेउमा
म आफ्नै मृत्यु जब देख्छु
तब दिशाहीन बनेर

छरपस्ट उज्यालो बन्धन बन्छ
अनि आवाजहीन बनेर जान्छ
कतै सुनिँदैन आवाज
कतै बुझिँदैन पीडा
कतै देखिँदैन रोदन
तब लाग्छ जीवन मृत्यु बाँचिरहेछ!

यात्रामा भेटिएको हो जीवन
जीवनका आवाजहरू
सङ्गीतझैँ बुझिनुपर्ने हो
जब हाँसो फुक्दैन कतै
जब रमाइलो देखिँदैन कतै
तब लाग्छ म मात्र होइन
सम्पूर्ण पीडित जीवन मृत्यु बाँचिरहेछ!


दुखेका बिम्बहरू छरिएर जताततै
रोदनका ज्वारभाटा फैलिएर जताततै
किन हाँस्दैन फक्रिएको जीवन
किन फुल्दैन फूल जीवनको गमलामा
तब लाग्छ जीवन मृत्यु बाँचिरहेछ!

जब स्वाभिमान बाँचेर पनि मृत्यु बोल्छ
त्यसैले म आफ्नै मृत्यु बाँचिरहेछु!

*

**भीष्म उप्रेती**

# बाटो र उमेर



घरको बार्दलीमा बसेर
घरसँगै जोडिएको बाटो हेर्दै सोचिरहेको छु–
बाटो र मान्छेको उमेरबीचको सम्बन्ध।

पहिलेपहिले यो बाटो
मलाई सधैँ घरबाट बाहिर लिएर जान्थ्यो
टाढाटाढासम्म..., ठूलो संसारमा
र अबेला भइसक्दा पनि
घर फर्कन अटेर गर्थ्यो।

अहिले यो बाटो जति बेला पनि
मलाई घरमा लिएर आउन मात्र हतार गर्छ
घर आइसकेपछि बाटो पनि
मेरो उमेरजस्तै थाक्छ कि के हो!
फेरि घरबाहिर जान अल्छी गर्छ।

तर यही बाटो
मेरा छोराछोरीलाई भने
घरबाट बाहिरै मात्र लिएर जान हतार गर्छ
उनीहरूसँग कुरा गर्छ
गीत गाउँछ,
उनीहरूसँगै मुस्कुराउँछ।

घरको बार्दलीमा बसेर
घरसँगै जोडिएको बाटो हेर्दै सोचिरहेको छु–
बाटो र मान्छेको उमेरबीचको सम्बन्ध।

जीवनको क्यानभास हेर्दा रमाइलो लाग्छ।

✲

**भूपिन**

# आँखा छोप्ने प्रेमखेल



बरफले ढाकिएको समुद्रजस्तो मौन म
तिमी आयौ पछाडिबाट चाल मार्दै
मुलायम औँलाहरूले छोपिदियौ मेरा आँखा
र सोध्यौ नबोलीकन एक शब्द–
'मलाई चिन्यौ?'

योभन्दा अर्को प्रश्न
केही हुन्न आँखा छोप्ने खेलमा।
योभन्दा कठिन प्रश्न
केही हुन्न आँखा छोप्ने खेलमा।

जीवनको विराट् एकान्तमा
अक्सर शत्रुहरू आउँछन् पछाडिबाट चाल मार्दै
र मानिसको गर्धनमा छुरी रोप्छन्/पिठ्यूँमा गोली ठोक्छन्
अक्सर सङ्कटहरू आउँछन् पछाडिबाट चाल मार्दै
र मानिसको प्राणसँग खेल्छन्/निमेषमै हत्या गरिदिन्छन्
यस पालि तिमी आयौ पछाडिबाट
मेरा उदास आँखा छोप्ने न्याना हातहरू लिएर।

चिसो हिमालजस्तो बिना हलचल बसिरहेँ म
बिलकुल मौन...
(सत्य हो कि हिमालमुनि धेरै हलचल हुन्छ)
कुनै जवाफ दिइनँ तिमीलाई।

एक पटक पनि पछि फर्किएर हेरिनँ तिमीलाई मैले
तिम्रा कोमल हत्केलाहरू छामछुम गरिनँ
र बोलिनँ एक शब्द पनि।

बरु कोसिस गरिरहेँ अचानक फुटेको आँसुको रसाउन सुकाउन
आँखाको इनारभित्रै,
मेरो प्रस्तर मौनता र नि:शब्दतापछि
तिमी फर्किएर गयौ पछाडिबाटै जसरी आएकी थियौ
सायद यही सोच्दै कि
'बिर्सिसकेछ मलाई
कहिल्यै बिर्सन्नँ भन्ने झूटो मानिसले।'

तर मैले चिनिसकेको थिएँ तिमीलाई।

जब तिमी आयौ वर्षौंपछि
र खेल्यौ मसँग आँखा छोप्ने प्रेमखेल
म तिमीलाई नै सम्झिँदै थिएँ
जीवनको असमेल एकान्तमा
स्वभाव बनिसकेको उदासीको न्यानो ताप्दै।
जब पछाडिबाट आएर सुस्तरी मेरा आँखा छोपिदियौ तिमीले
आँखा छोपिनुअघि नै
चिनिसकेको थिएँ मैले तिम्रा पदचापहरूको छमछम,
टाढैबाट महसुस गरिसकेको थिएँ–
तिम्रो शरीरको परिचित सुगन्ध,
मलाई आश्चर्यचकित पार्न
जब आइरहेकी थियौ तिमी मेरो नजिक
मैले सुनिसकेको थिएँ तिम्रो मुटुको सर्वप्रिय सङ्गीत
चिन्न बाँकी के नै थियो र?
जब ल्याएकी थियौ मेरा आँखा नजिकै
आफ्ना मुलायम हत्केला
मेरा आँखाले गरिसकेका थिए–
तिम्रा ससाना जोरपन्जाको स्क्यान
मैले पहिल्याइसकेको थिएँ–
तिम्रा नसाहरूमा बगिरहेको परिचित रक्तप्रवाह!

सोचिरहेको थिएँ–
कुनै समय थियो
मेरा ओठको तिर्खालु बगर चुम्दै
बग्थे ती नसानसामा प्रेमको जीवनदायी नदी।

मनले नै तिमीलाई चिन्ने बानी परेको म
जाबो आँखा छोप्दैमा
कसरी नचिन्न सक्थेँ र तिमीलाई?
तर दु:ख छ मलाई
फर्किएर गयौ तिमी मबाट फेरि
सबैसबै बिर्सिएर तिमीलाई चिन्ने मानिसलाई एक्लो छाडेर।
दु:ख छ मलाई
फर्किएर गयौ तिमी मबाट फेरि
युगौँदेखि आँखा छोप्ने खेल पर्खिरहेको तिम्रो प्रेमी छाडेर।

पछाडिबाट खुसुक्क आएर वर्षौंपछि
मसँग खेल्यौ तिमीले आँखा छोप्ने प्रेमखेल
जुन मेरो जीवनको सर्वाधिक प्रिय पर्खाइ थियो,
हो, मैले एक पटक पनि पछि फर्किएर हेरिनँ तिमीलाई
तिम्रा कोमल हत्केलाहरू छामछुम गरिनँ
र बोलिनँ एक शब्द पनि
किनकि यी कुनै हर्कतको जरुरी थिएन तिमीलाई चिन्न।
दु:ख छ मलाई
कि यत्ति त थाहा हुनुपर्ने तिमीलाई
जस्तै अँध्यारोमा पनि/जस्तै अदृश्यमा पनि
मेरो हृदयमा केवल तिमीलाई चिन्ने तेस्रो आँखा छ भनेर।

फर्किएर गयौ तिमी पछाडिबाटै जसरी आएकी थियौ।
डराइरहन्छु अचेल म एउटै अशुभ कल्पनाले,
यदि कुनै दिन तिमीले झैँ
खेलेँ भने मैले यसरी नै तिमीसँग आँखा छोप्ने खेल

र नबोलीकन सोधेँ भने त्यही प्रश्न
के चिन्ह्यौ होला तिमी तिम्रो उदास प्रेमीलाई?
के अझ बाँकी रहला
मेरो हृदयमा जस्तो तिम्रो हृदयमा प्रेम चिन्ने तेस्रो आँखा?

✲

**विमल वैद्य**

# फागुन मेरो सापेक्षतामा



पातहरूले
रङ फेर्ने बेला हो यो
यतिखेर,
बैँस रित्तिएका बिरुवाहरू
जवानी भर्न तम्तयार हुन्छन्
आकाश पनि आफ्नै फैलावटमा
चुपचाप तल हेर्दै
खोला र खहरेको बाल सञ्चय गर्न थाल्छ
बतास पनि तन्नेरी बनेर
यतिखेरै आगोसँग इत्रिन थालेको हुन्छ
घर/गोठसँग जिस्किन थालेको हुन्छ
न तातो भन्नू
न त चिसो
बेइमान नेताजस्तै
दोहोरो चरित्रमा देखिन्छ मौसम पनि।

उँभो लेकतिर यही बेलामा
चिमालले कोपिला हाल्न थाल्छ
वर्षको अन्तिम हिउँ पनि
पग्लिएर हिमालको शिरबाट उँधो बग्न थाल्छ
जँघार पनि जँघार रहँदैन

खोल्साका रूपमा अनूदित हुन्छ
तुवाँलो बसाइँ सरेर
क्षितिजको गहिराइमा लुकामारी खेल्न थाल्छ
जून र ताराहरूले पनि
आफ्नो शिरको घुम्टो खोलेर
रूपको कौमार्य छर्ने बेला हो यो
यो फागुनको कुरो हो।

हिँड्दाहिँड्दै बाटामा अचानक
धूलो बटारिएर परेड खेल्न थाल्छ
पारि डाँडामा लहरै राँके भूत देखिएझैँ
डढेलाले यही बेला जङ्गल निल्न थाल्छ
रूखका कापमा गुँड बनाएर ओतिएका चराहरू
अचानक शरणार्थीझैँ लखेटिन्छन्
सुकेर पानीको मुहान
तिर्खा पँधेरामा छटपटाइरहेको हुन्छ
बिहान उदाएको सुनौलो घाम
थाकेर दिनभर
साँझ अबेर मात्र गोधूलिको काखामा लुटपुटिन पुग्छ
उराठ उर्लिए पाखाभित्ता पनि
नीति र विचार गुमाएको दलजस्तै
फुङ्ग उडेको देखिन्छ
थाकेका आँखाहरूमा
हुरीले उडाएर ल्याएको कसिङ्गर पोतिन्छ
वर्षको अन्तिम समयमा यस्तै हुन्छ
यो फागुनको मौसम हो।

*

**विमला तुम्खेवा**

# दृश्य



यो कुनै बनावटी शब्द होइन
मैले आफैले बाँचेको जीवन हो
पुरानो कोठा, पुरानै खाट
मलाई साथ दिने यी मुन्धुमका श्लोकहरू
भित्तामा तुर्लुङ्गै झुन्डिरहेको
राम्रोसँग अनुहार नदेखिने त्यो पुरानो ऐना म बाँचेको समय हो।
हतारमा लडुँला झैँ तुफान हुइँकिएको यो विक्रम टेम्पो
लुखुरलुखुर हिँडिरहेका यी निदाउरा मानिसहरू
हाड र छाला मात्र देखिने यिनको दुब्लो अनुहार
म बाँचेको समय हो।
यस्तोमा सरकार संसद्बाट
जनताको मानव अधिकार सुनिश्चितताको व्याख्या गर्छ
जनताको पीडामा मजाक गर्छ।

*

**बिन्दु शर्मा**

# अर्को सुनकेशरी



दावानललाई उछिन्ने गरी
गडगडाउँदै क्रोधाग्नि बर्साइरहेछ
कालो बादलले ढाकिएको
यो धुँसे आकाश
चेतनाशून्य हुने गरी
विषाक्त धूवाँ धुवाँइरहेछ
ढुँडीले ढपक्कै ढाकिएको यो धूमिल बिहान
तागतका गोलीजसरी सुलुत्तै निलिरहेछन् आइमाईहरू

आक्षेपका भरभराउँदा फिलिङ्गा
र ओकलिरहेछन् शालिग्रामजस्ता काला अँगारहरू
म चाहिँ प्रथम रजोदर्शनको स्नानपछि
निथ्रुक्कै भिजेको केशबाट
तप्पतप्प यौवन चुहाउँदै
उक्लिएकी छु महुवाको सुरिलो टुप्पामा
मेरो सुनौलो केश भेट्टाएर
मलाई दुलही बनाउन आइरहेछ स्यान्दाजु
प्रलयको यस घडीमा
म प्रतीक्षा गरिरहेछु तिमीलाई
ए सग्लो दिन जन्माउने रातो सूर्य!
मलाई गर्भाधान गर!

अब जन्माउँछु म
महाविस्फोटको विस्तारसँगै जागृत
एउटा विवेकी मानुष
अब जन्माउँछु म
विलुप्त मनुष्यत्वकी सर्जक
एउटी अभिमानी मानुषी
तर यो बतास
छोरीलाई बुहारी बनाउन प्रयत्नशील
बाबुआमाको उच्छ्वासमा श्वास भरिरहेछ
यो समय
बहिनीलाई सहगामिनी बनाउन प्रयत्नशील
दाजुहरूको लयमा गीत गाइरहेछ
आफ्नो यौवनलाई जोगाउँदाजोगाउँदै
धमिराले खाएको रूखसँगै खङ्ग्रङ्गै सुकेकी
नवयौवनाको किशोरी हाडमाथि निर्मित यो सहर
तल्लीन छ
मलाई अर्की सुनकेशरी बनाउन!

ए! तुसारोमा जमेको बिहानलाई ब्युँझाउने तातो सूर्य
मेरो स्वाभिमान चम्काउने
तिम्रो उज्यालोसँग म सम्मोहित भइरहेछु
मलाई निर्वस्त्र हुनबाट जोगाउने
तिम्रो कछाडको श्रमशील सुगन्धप्रति म आसक्त भइरहेछु
तिम्रा अविश्रान्त पाइलाहरूमा म
सभ्यताको आयतन नापिरहेछु
तिमी त्यही अनुरागयुक्त अनुहारमा
आवेगले अभिव्यञ्जित भएर आऊ
तिमी तिनै गतिवान् पाइला चाल्दै आऊ
म शरद्को आकाशजस्तै निर्मल हृदयले
सुनकेशरी अँगालोमा बेर्ने छु तिमीलाई
म आँसुको दह जमेका आँखा पखाल्दै
हुरीमा बलेको दीपजस्तो मुहारको धिपधिपे चमकले
अतल गहिराइमा चुम्ने छु तिमीलाई।

अझै यो अपराह्णमा
मलाई रूखबाट ओर्लन अराइरहेछन् मेरै मातापिता
फेदमा लगातार बन्चराले हिर्काइरहेछन् मेरै सहोदर
मेरो सुनौलो केश हातमा लिएर
छेउमै उभिइरहेछ लालची स्यान्दाजु
ए! सारा संसारलाई जगाउने विवेकी सूर्य!
मेरो अनुरागको वृक्ष नसुक्दै आऊ
मेरो यौवनको हिमशिला नपग्लँदै आऊ
सहस्र मेघको दर्बिलो गर्जन लिएर आऊ
म सहस्र चन्द्रको निःशब्द शीतलताले धारण गर्ने छु तिमीलाई
ए! सग्लो दिन जन्माउने रातो सूर्य!
प्रलयको यस घडीमा
मलाई गर्भाधान गर...
मलाई गर्भाधान गर...।

*

**बद्री पोखेल**

# वर्तमान



वर्तमान सधैँ ज्योति बालेर घर आउँछ
सूचना दिन्छ सम्झाई शुभका लागि धाउँछ
सुनौला दिनको रूपरेखा कोर्न सिकाउँछ
बुझ्नुपर्छ त्यसैले नै शुभको अर्थ गाउँछ।

अतीतले सिकाएका ज्ञानानुभव-चिन्तन
बितेका अनुभूतिले मन स्पष्ट बनाउन
के गर्दा के भयो, त्यस्ले कस्तो असर पार्दछ
भविष्य चम्किलो पार्ने सूत्र यै अघि सर्दछ।

मातापिता दुवै हुन्छन् बितेका ज्ञानस्रोत है
गुरु वा ज्ञानदाता र शुभचिन्तक मित्र नै
प्रेरणा पाई तिनको वर्तमान सुधार्नु छ
अविच्छिन्न यसै धारालाई पछ्याई हिँड्नु छ।

धेरै बिते, गए, छाडे, लगेनन् घरसम्पति
कर्म गर्न सिकाएका वस्तुले हुन्छ उन्नति
उनैका प्रेरणा, शिक्षा उच्च मानेर क्यै गरौँ
अतीत र वर्तमान जोडिन्छ यसरी बुझौँ।

पढेर शास्त्र वा ज्ञान, सुनेर ती कुरा यदि
लागु गरिन्न बिर्सेर तत्त्वचिन्तन विकृति
अतीत व्यर्थ गर्नेका सप्रन्न वर्तमान है
अवश्य अघि सर्ने छ विषादी जिन्दगी कठै।

यसैले ढाल सम्झेर वर्तमान सपार्नु छ
दह्रो ढाल भए मात्र शत्रुता दूर बन्दछ
सत्कर्म जसले गर्छ त्यसैले फल पाउँछ
आँट, जाँगर, सद्बुद्धि ढालले अघि ल्याउँछ।

बन्नू हुँदैन दोजिभ्रे, गर्नू हुन्न कुकर्म त
पृष्ठभूमि सपारेर लोकविश्वास जित्नु छ
सपनाले हुँदै हुन्न, बिपना उच्च पार्नु छ
यसका निम्ति गोरेटो आजैबाट तिखार्नु छ।

जति आऊन् विघ्नबाधा, झञ्झावात र आँधि नै
कसरी पन्छिए पैले, सूत्र त्यै लिनुपर्छ है
आत्तिने-मात्तिने हैन, संयमी बन्नुपर्दछ
त्यसै कवचको आड बुद्धिले लिनुपर्दछ।

पृथ्वीनारायणी सोच, गान्धीको सौम्यता सुझे
चाणक्य चतुऱ्याइँका सूत्र हुन् विजयी हुने
सुखदुख दुवै हुन्छन् लोकयात्रा चलाउँदा
सुद्धिन्छ मनमस्तिष्क स्मृति-सद्भाव आउँदा।

पूर्वसत्कर्म-बलले वर्तमान सपार्नु छ
भविष्य चम्किलो पार्न ऐले नै यत्न गर्नु छ
पश्चात्ताप वृथा हुन्छ, त्यस्मा सजग बन्नु छ
त्रिकाल सत्फलार्थीले उत्कृष्ट कर्म गर्नु छ।

'अवरुद्ध नहौँ' भन्ने वायुले ज्ञान छर्दछ
'चरैवेति चरैवेति' वेदले नै सुझाउँछ
अकर्मण्य हुनू छैन, यो शरीर अनित्य छ
साफल्य लिनका निम्ति वर्तमान गुहार्नु छ।

*

बलराम दाहाल

# विजेता हुने हो



म यो सृष्टिको फक्रिँदो कोपिलाझैँ
म चिल्लो कला गण्डकीको शिलाझैँ
म बग्दो, म फुल्दो, म कस्तो छु कस्तो
अविश्रान्तजस्तो, म अम्लानजस्तो।

उषाको सुनौलो म सङ्गीतजस्तो
म टल्कूँ त्यतै पातमा शीतजस्तो
म झुल्कूँ सदा सूर्यझैँ झल्झलाई
भनून् चेतनाको बिहानी मलाई।

छ यो जिन्दगी अग्निरेखा समान
हिमाली चरीझैँ छ मेरो उडान
मभित्रै छ आँधी, मभित्रै समाधि
छ दायित्व मेरो यही काँधमाथि।

बनोस् शुद्ध-सग्लो मभन्दा चरित्र
सयौँ स्रोत सम्भावना छन् मभित्र
सधैँ शार्वरीमा दियालो हुने हो
म दीपावलीझैँ उज्यालो हुने हो।

म ता आत्मविश्वासले चुम्छु लक्ष्य
म ता चन्द्रमाझैँ सधैँ शुक्ल पक्ष
म सानातिना काममा दङ्ग हुन्नँ
म यौटा तपस्वी तपोभङ्ग हुन्नँ।

मभित्रै छ आगो, मभित्रै छ पानी
दुवै जोड्न सक्ने म हूँ तत्त्वज्ञानी
चल्यो भित्रभित्रै भने शीतयुद्ध
सबै युद्ध रोक्ने मभित्रै छ बुद्ध।

म यौटा बचेरो गुँडैमा छुटेको
म आफै लडेको, म आफै उठेको
धुलो टक्टक्याई म आफै धुने हो
म जस्तोसुकै होस् विजेता हुने हो।

*

**भोजराज न्यौपाने**

## आमालाई प्रश्न



कुनै एक दिन
आमाले कल्पना गरिन्–
'मजस्तै सानो मान्छे बनाउन पाए
यो धर्ती कति सुन्दर लाग्थ्यो होला।'

साँच्चै उनले सिर्जना गरिन्– 'सानो मान्छे'
आफ्नो जस्तै टाउको बनाइन्
टाउकामा कपाल थपिदिइन्
आँखीभौँ र परेलाले सजाइदिइन्
आफ्नै जस्तो तीक्ष्ण दिमाग भरिदिइन्
आफ्नै जस्ता तेजिला आँखा हालिदिइन् त्यही सानो मान्छेलाई!

सग्ला हातपाउ, सग्लो जीउज्यान
मिलेका राता ओठ बनाइदिइन्
पृथ्वीको सुगन्ध लिन सकोस् भनेर आमाले नै बनाइदिएकी हुन्– नाक
अलौकिक शान्तिको सङ्गीत सुन्न उनैले बनाइदिएकी हुन्– कान
धरामा भएका अतृप्त स्वाद लिन सकोस् भनेर
आमाले नै बनाइदिएकी हुन्– जिब्रो
आफ्नै लागि संसार जित्ने हतियार बनोस् भनेर
आमाले नै थपिदिएकी हुन् मिलेका दन्तलहर
र, सुन्दर मुस्कान!

के बनाइनन् आमाले?
बलिया पाखुरा, चौडा छाती
अदम्य इच्छाशक्ति, अत्यन्तै कोमल मुटु
बलिया तिघ्रा र इन्द्रिय!
बनाउँदाबनाउँदै
सानो मान्छेभित्र ज्ञान भरियोस्, बुद्धि भरियोस् भन्ने सोचिन्
त्यसैले
मुटुभित्र छुट्टै अलिकति 'हृदय' थपिदिइन्
दिमागभित्र छुट्टै अलिकति 'विवेक' थपिदिइन्
अनि मात्र जन्म दिइन् मलाई आमाले!
त्यसपछि मात्र देख्न पाएको हुँ मैले मेरी आमालाई
र, आमाकै सहारामा
टेक्न पाएको हुँ यो सुन्दर धर्ती!

अहिले पनि
म आमाले दिएका आँखाले संसार हेरिरहेको छु
आमाले नै दिएको मुटु बोकेर आफै बलियो भएको ठानिरहेको छु
आमाले थपिदिएको विवेक र हार्दिकताले
आफूलाई ज्ञानी र विवेकशील मान्छु
कोमल हृदय भएको असल ठान्छु आफैले आफैलाई।

यति बेला मेरी आमालाई लाग्दो हो
कति बकबास छ मेरो सन्तान!
किन भरिएन यसमा चेतनाको दियो?
किन थपिएन स्वाभिमानको उचाइ?
हृदय निखारेर बनाएको मेरो सन्तानमा
किन बढ्दै छ अभिमानको ज्वारभाटा?
किन बन्दै छ दिनदिनै क्रूर?

सोध्नु छ मेरी आमालाई
अवश्य सोध्नु छ–

यति बेला थप्न मिल्ने भए के थपिदिनुहुन्थ्यो मेरो शरीरमा?
शिरमा सिङ
मुखमा दाह्रा
हातगोडामा नङ्ग्रा
वा अरू केही?

*

**विष्णु भण्डारी**

# आमा हुन नसकेकी आमा



मेरा पाइलाहरू पछ्याउँदै
छाया बनी हिँड्ने अब कोही छैन
सबै त उडिगए टाढाटाढा
छाडेर मेरो पसिनाको सानो संसार
फगत म बाँचेकी छु
छाड्न नसकेर उनले छाडेको मायाको अन्तिम बहार।
थकित पाइलाहरू बोकेर आउँदा म
गेटमा कुरिबस्ने अब कोही छैन
मेरो आगमनको खुसीमा
मेरो शरीरमा बच्चाजस्तै टाँसिएर कराउने कोही छैन।
मेरो आँसुमा
मेरो दुःखमा
र मेरो बिसन्चोमा
आँसु चुहाउने अब कोही छैन
मतर्फ कसैले चियाउँदा पनि
आँखा तरी हिँड्ने अब कोही छैन
सबैसबै त उडिगए टाढाटाढा
छाडेर प्रेमले सुमसुम्याएको मेरो आँचल।
फूलबारीमा पुतलीहरू आए, गए
ऊ पुतलीसँगै बतासिएन

ग्रीष्मको घनघटा फुट्यो र वसन्त मुस्कुरायो
तर पनि ऊ वसन्तमा रङमङिएन
उसका लागि म जीवनको अन्तिम सत्य थिएँ
ऊ सधैँ मेरै छाया बनी बाँचिरह्यो।
अब त केवल सम्झनाहरू
उदास साँझ बोकेर आउने छन्।
फगत म डाँडाको एक्लो पीपल
बोकेर जिउनुको अस्तित्वहीन अस्तित्व
बसेकी छु
म आमा हुन नसकेकी आमा!

*

**बिना थिङ**

## कायलनामा



आँखामा दुःख जमेपछि
मैले बादलका हरफहरू लेखेँ
फराकिला निधारहरूमा आशङ्काका पहाड देखेपछि
मैले समतल अक्षरहरूको आश्वासन लेखेँ
मान्छेहरू,
जब आशक्ति, आकर्षण, अनाकर्षण हुँदै घृणाको बेसक्याम्प पुगे
मैले तिनीहरूका लागि प्रेमको आरोहण लेखेँ।

लेख्नलाई त यतिन्जेल
खुसीको सागर, दुःखको महासागर
मिलनका कथा, बिछोडका व्यथा
नगाएको गीत, नलाएको प्रीत लेखेँ।

जब
श्रमिकहरू कारखानाबाट नाङ्गै पैताला घर फर्किए
अखबारमा केही झडप र मृत्युका खबर लेखेँ।

जब
यो देशका नदीहरू कहिल्यै नफर्किने गरी बगेर गए
मैले खडेरीको कथा लेखेँ।

जब स्कुले नानीको च्यातिएको झोलाबाट यो देशको बजेट चुहियो
मैले दुर्घटित भविष्यको वृत्तान्त लेखेँ।

हरेक साँझ यस्तैयस्तै केही लेखिरहेँ
नगरवधूका कहानी, बहिनीको जवानी
बाबुको अत्याचार, भाइको आविष्कार
सबसब लेखिसकेँ।

अपसोच
मैले अक्षरहरूमा आफ्नै अनुहार भने कोर्न सकिनँ।

✲

**विजयाश्री**

# म झोले



विचारको बन्दी झोला भिरेर
म कैदीको जीवन बिताइरहेछु
वर्षौंवर्षदेखि
एउटा 'भ्रष्टाचारी' बनाइएको
अमुक कुर्सीमा
प्रभुलाई विराजमान
गराउन!

'झोले' उपनाम बोकेर
आत्मसम्मान गुमाएर
निस्कनै नसक्ने चक्रव्यूहमा पसिसकेको म

कैदीको जीवन बिताइरहेछु
वर्षौंवर्षदेखि
एउटा 'भ्रष्टाचारी' बनाइएको
अमुक कुर्सीमा
प्रभुलाई विराजमान
गराउन!

ए प्रभु, अब त पुग्यो हजुर!
कुर्सीको मर्यादा राखिपाऊँ
कुर्सीलाई कुर्सीकै सम्मान राख्नेलाई
छाडिदिऊँ हजुर!
'... ... ...'
धेरै पटक
चिच्याऊँ झैँ नलागेको हैन प्रभुको सामु!
निरीह, विवश म 'झोले'
नि:शब्द रहिरहेँ!

हो, निरीह-विवश म 'झोले'
प्रभुले आफ्नै झैँ गरी पटकपटक
उपयोग गरिएको पात्र
'झोले' उपनामले अपमानित
फेरि उहाँकै अर्को झोलेको 'झोले' बनाइएँ!
नयाँ प्रभुको फेरि म 'झोले'!
भाग्नै नसक्ने चक्रव्यूहमा धकेलिएछु हजुर!

उफ्!
यौवनकालको ऊर्जा र बौद्धिकतालाई
अयोग्य प्रभुका पाउमा
विसर्जन गरी
अहिले जीवनको उत्तरार्द्धमा
पश्चात्ताप र पक्षाघातले प्रताडित

विक्षिप्त म 'झोले'
मैले बोकेको गह्रुँगो झोलाको
तौल र मूल्य खोजिरहेछु!

हे मेरा सन्तति
तिमीहरू सत्य रै'छौ
'झोले'-को अस्तित्व हुँदैन!
विचार बन्धक हुनु हुँदैन!

✲

**भगवती बस्नेत**

# नारी चिनाऊँ



दिई उच्च शिक्षा म नारी चिनाऊँ
दिऊँ दिव्य दीक्षा दिलासा दिलाऊँ।
दिवारात खट्दै भरोसा भराऊँ
दिई दिव्य शोभा म नारी मनाऊँ।।१।।

प्रशंसा गरी जिन्दगानी जगाऊँ
प्रतीक्षा गरी मिष्ट माया मिलाऊँ।
प्रभापूर्ण पारी प्रतिष्ठा फुलाऊँ
प्रभावी बनाएर नारी उठाऊँ।।२।।

सिकाई-सघाई सदिच्छा सजाऊँ
सदासर्वदा साधनाले सघाऊँ।
स्वयम् बुझ्न सक्ने बनाई रमाऊँ
सही मन्त्रणा भावनाले सुनाऊँ।।३।।

भरोसा दिई सिर्जना भिजाऊँ
म नारी पुजारी बनौँ औ रसाऊँ।
गरी ध्यान धेरै म नारी रिझाऊँ
सुबाटो चुनी हिँड्न सक्ने गराऊँ।।४।।

बुझोस् विश्व नारी सदा वन्दनीया
यी हुन् धारणाले धनी प्रार्थनीया।
यौन वृक्षजस्ता दिने दिव्य छाया
बढाएर विद्या दिऊँ शुद्ध माया।।५।।

दिवारात खट्दै धरामा उदाऔँ
दयाधर्मले विश्वलाई सघाऔँ।
दिई दिव्य आशा गरीबी हटाऔँ
दबाई दिई रोग पापी भगाऔँ।।६।।

दबाएर अज्ञान सञ्ज्ञान पाऔँ
दली दुष्टलाई जनाना जगाऔँ।
दिशाबोध गर्दै प्रतिष्ठा कमाऔँ
दुखीदीनलाई सपारी रमाऔँ।।७।।

(भुजङ्गप्रयात छन्द)

*

**भैरवी भूगोल**

# स्वभाव



मान गर्छु
आदर, सम्मान, हेरविचार सबै गर्छु
कर्तव्य भनिने शब्दलाई कहिल्यै कमजोर हुन दिन्नँ
तर
बिनाकारण रिसाइरहने

देवता भनिएका ढुङ्गाहरूलाई
पूजा दिइरहन सक्दिनँ म।

सुनाउनेहरू मौका पारीपारी सुनाइरहन्छन्
देवताहरू रिसाए अनिष्ट हुन्छ।

त्यसो त रिसाउँदा के हुन्छ?

पसिनालाई अन्न आफैले बनाएको हुँ
पाखुरीलाई औजार बनाएकै छु
घामले आफ्नो धर्म बिर्सेर मलाई चिसो पक्कै बनाउँदैन
सास फेराउने हावाले मलाई मात्र नाघेर हिँड्दै हिँड्दैन
बर्सिने झरीले मलाई पनि रुझाउने उसै गरी नै हो।

पहाडभरि छानो बनेको हिउँ मेरा लागि पनि हो
बाटाहरूले म हिँड्दा मात्र साँघुरिएर
आफ्नो औकात कदापि घटाउने छैनन्
मतिर आइपुग्दा मात्र हतार गर्ने हुँदै होइन घडीका सुईहरूले।

दुनियाँका घामहरू छिरेर भोकको भकारीमा चियाउलान् कि भनेर
चोया काट्न सिकेकै छु
अभावको स्वाद चाख्दैचाख्दै
जीवनलाई राजमार्गसम्म ल्याएको हुँ
सङ्घर्षको पहाड सिङ्गै उचालेर
जीवन विश्वविद्यालय हो भनिरहेकै छु।

त्यसैले, ओ देवताहरू!
चाकरीबाजले बक्साइरहेकै आधारमा
उनीहरूसँग मात्र खुसी भइरहने तिमीहरूलाई
मबाट गल्ती भयो कि

रिसानी माफ होस् भन्दै
क्षमापूजा दिइरहन सक्दिनँ म।

ओ अप्रिय भगवान्!
बरु
कुनै दिन सोध्न सक्छु
म पनि त तिमीलाई प्रश्न
संसारमै तिमी मात्र भगवान् हौ?
कि
तिमीले मान्नुपर्ने भगवान् पनि छन् कतै?
अनि
तिमीले चाहिँ
सन्तुष्ट बनाउन सक्यौ?
चाकरीकै आसमा बसिरहने बैगुनी भगवान्हरू!

*

**भवानी खतिवडा**

## प्रश्नपुञ्ज



निष्ठा, नैतिकता, आयु किनी किन्न सकिन्छ र?
लालसा-लोभको भाँडो कहिले पो भरिन्छ र?
दम्भले ढाकिए चित्त चेतना खुल्न सक्छ र?
समस्याबाट भागेर के गन्तव्य चुमिन्छ र?

नभोगी चोटको पीडा शिला के मूर्ति बन्छ र?
सलेदो नजली आफै उज्यालो छर्न सक्छ र?
नहिँडी दूर यात्रामा नदी के सिन्धु भेट्छ र?
बिना सङ्घर्षको स्वप्न फलीभूत कहाँ छ र?

नरेटिईकनै आफै सारङ्गी बज्न सक्छ र?
नघोटी जिन्दगी आफ्नै कूची के रङ्ग भर्छ र?
चलोस् जत्रै हुरी-आँधी शैल हारेर ढल्छ र?
हत्केलाले कहाँ सूर्य छेकी छेक्न सकिन्छ र?

लगाई झूटको पर्दा सत्य छेक्न सकिन्छ र?
दीप्तमान् सूर्यका सामु अँध्यारो टिक्न सक्छ र?
बोकेको श्वानले कैल्यै मिर्गलाई लखेट्छ र?
भोको होस् जति नै किन्तु के बाघ घाँस खान्छ र?

बलिदानबिना क्रान्ति कहाँ सम्भव हुन्छ र?
नकुहीकन नै बोक्रा बीज के उम्रिहाल्छ र?
रोपेर विषको वृक्ष कतै अमृत फल्छ र?
कहाँ राखी म यी प्रश्न पाउँला ट्वाक्क उत्तर?

✲

**भावना खनाल**

# द्विविधा



म रामनाम नै गरूँ हजूरको सधैँ भनी
परन्तु न्यायको दसी भएन क्यै गरे पनि
अनन्त विष्णुका छटा त्रिलोकका महापति
हजूरकी भएँ सधैँ म जानकी महासती।

हुँ पार्वती, सती र द्रौपदी, म राधिका पनि
हरेक सालसालमा हजूरकी म दासिनी
बनेर बस्दथेँ सदा अनन्त विश्वका मुनि
म पाउ छुन्छु है! सदा हजूर ता महान् गुणी।

बनेर राजसी कला अचम्म! बन्नु भो जहाँ
झुकेर पाउमा परेँ, ललाट चम्कियो त्यहाँ
हजूर देवता ठुलो अनन्त लोकका धनी
समस्त जीववर्गमा सुप्रेम औ महान् पनि।

प्रकीर्ण जिन्दगी बन्यो प्रतापले हजूरको
त्रिलोकमा म चम्किएँ प्रभावले हजूरको
दशाननै दशा बन्यो, विदीर्ण जिन्दगी भयो
प्रख्यात नामको शिखा विदग्ध ज्वारमा गयो।

बनेर भैरवी बसेँ अशोकवाटिका पसी
दशाननै थियो जहाँ अघोर दु:खको दसी
लडेर जङ्ग नै ठुलो दशाननै मरी गयो
ममाथि गर्नुभो दया, प्रगाढ भावना भयो।

विशिष्ट भोरमा परी म धोबिनीसरी बनेँ
प्रवासमा म हेलिएँ र दुक्खकी चरी बनेँ
परेर अग्निजाँचमा म पास नै जहाँ भएँ
भएन रामको कृपा, परन्तु जङ्गलै गएँ।

तसर्थ रामको ममा कहाँ छ खै निसाफ र?
हराम राम छन् सबै, छ पर्नु के प्रभाव र?
म दागिनी भएँ भने हजूर के हिमाल हो?
म तुच्छ नै भएँ भने हजूर के विशाल हो?

विराम रामकै भए रहन्छ शेष खै र के?
म जानकी हजूरमा सहर्ष बस्न सक्छु के?
क्षमा मिलोस् अनाथमा हजूरको दया भए
इनाम देवकै गए सकिन्छ लोकको जय!

बसेर साथ रामको म गर्छु अर्चना कुनै
कृपा रहोस् ममाथि नै हजूरको सधैँसधैँ
म पौरुषी सुचेतना छु भोरमा यताउता
म रामको अभावमा ल जाउँ खै कताकता?

*

**बीपी अस्तु**

# थुप्रै कारण



म जानैपर्ने थुप्रै कारण छन्
म जानै नहुने थुप्रै कारण छन्।

यतिखेर 'जाऊँ कि नजाऊँ'-को गौँडामा बसेर
समय मलिरहेको छु।

बमको छर्राले चर्किएर
पहराबाट खस्नै लागेको पघार छ
घरको ठीक माथिपट्टि
डोजरले दँतारेर पहिरो उब्जाइदिएको छ
घरको ठीक तलपट्टि
गइहाले पहिरोले खाइहाल्ने छ घर
गइनँ भने पघार खस्नुअघि नै
घर सार्न कठिन छ मलुवार।

म जानैपर्ने थुप्रै कारण छन्
म जानै नहुने थुप्रै कारण छन्।

आमा कासिराख्छिन्, थर्किरहन्छ घर
साँझ घर नफर्कुन्जेल,
म आउने बाटोतिरै फर्किरहन्छ घर
जानु नै छ– रोक्नु छ आमाको कासो
गइहालूँ त– घरका आँखा बाटाको पासो।

म जानैपर्ने थुप्रै कारण छन्
म जानै नहुने थुप्रै कारण छन्।

पुँजीवाद नामको मच्छड चढिआएको छ बसमा
जाजा भनिरहेको छ
साहूले स्याज सुरु हुने दिन गनिरहेको छ
जानेहरू 'हेरेस् है, तैँ होस् मर्दाको मलामी'
भनेर गएका छन्
जानै नसकेकाहरू 'यो गइहाले हामी के गरौँ?'
भनिरहेका छन्।

म जानैपर्ने थुप्रै कारण छन्
म जानै नहुने थुप्रै कारण छन्।

म अझै 'जाऊँ कि नजाऊँ'-को गौँडामा बसेर
समय मलिरहेको छु।

उँधैउँधो गएको बाटो छ
तल कर्णाली तर्ने पुल छ
गाडी छ, हवाईजहाज छ
अनेक रङहरूको झिलिमिली छ
उमेर, स्वत्त्व बेचेपछि
हातमा आइपुग्ने जादुई कागज छ।

म जानैपर्ने थुप्रै कारण छन्।

घर छ, दैलो छ, आँगन छ
आँगनमा कोपिला हाल्न लागेको फूल छ
फूलको स्त्रीकेसरमा सपना छ
सपनामा म छु, ऊ छ
गौँडा छ, वन छ, पाखा छ
जहाँ गए पनि
उसको हातमा मेरो हात छ।

यहाँ त जीवनदायिनी हावा छ
हावामा उमङ्ग छ

उमङ्ग बाँच्ने उमेर छ
इन्द्रले पिउने जल छ
यहाँ जीवन छ
अहो! म त जानै नहुने थुप्रै कारण छन्।

यतिन्जेल म
'जाऊँ कि नजाऊँ'-को गौँडामा बसेर
समय मलिरहेको थिएँ
मलेको समयको डल्लो ओठमा च्यापेर
हिँडेँ है
सुनखेततिर।

*

चन्द्र गुरुङ

# डायरी



डायरीमा
कोरिएको छैन
रासनपानीको हरहिसाब
पानीबिजुलीको मासिक भुक्तानी बेहोरा
घरखर्चको विस्तृत नालीबेली
नुनतेलको बजारभाउ।
होइन यो गृहिणीको डायरी।

डायरीमा
मायालुको रङ्गिलो तस्बिर छैन
पानाहरूमाझ सुकेको रातो गुलाब चेपिएको छैन
रुमानी गजलगीतहरू लेखिएका छैनन्
प्रेमका निसानीहरू कोरिएका छैनन्
कुनै प्रेमपत्र पट्याएर राखिएको छैन।
होइन यो कुनै प्रेमीको डायरी।

डायरीमा
(बाङ्गाटिङ्गा अक्षरहरूमा)
रिनको साउँब्याज विवरण छैन
आमदानीखर्चको तीतोमीठो लेखाजोखा छैन
कुनै गाउँको ठेगाना पनि छैन–
जहाँ फर्किने आसमा
जीवनले पखेटा फडफडाउँछ बिरानो सहरमा।
होइन यो कुनै भरियाको डायरी।

डायरीमा
नयाँ सिर्जनाको खेस्रो कोरिएको छैन
लेखरचनाको न्युजपेपर कटिङ राखिएको छैन
लेखिएको छैन सम्पादकलाई
गुमनाम हुने सम्भावना बोकेको एउटा चिठी।
होइन यो कुनै कविलेखकको डायरी।

डायरीमा
शुभलाभ
कोरिएको छैन
मूल्यसूचीको घटबढ फेहरिस्त राखिएको छैन
नाफाघाटाको लामो वर्णन छैन
उधारो-नगदको हालखबर छैन।
होइन यो कुनै साहूव्यापारीको डायरी।

डायरीमा
मात्रै सङ्कलित रहेछन् थुप्रै सम्पर्क नम्बरहरू–
कालोबजारी सेठमहाजनका
अतिवादी धार्मिक नेताहरूका
पेसेवर गुन्डाहरूका
भ्रष्ट दलालहरूका।

डायरीमा
मात्रै लेखिएका रहेछन् थुप्रै योजनाहरू–


अपहरण र फिरौतीका
आन्दोलन र लुटमारका
हडताल र जुलुसका
चन्दा सङ्कलन र दङ्गाफसादका।

तपाईं आफै विचार गर्नोस् महोदय
यो डायरी
कसको हुन सक्छ!

*

**चन्द्रबहादुर लामा**

## सपना



सानो छँदा
म अझै सम्झन्छु
गोठालो लाग्दा
एउटा हातमा लिएर लट्ठी
अर्कोमा कलम
अघिअघि बाख्रा
पछिपछि म
उध्रेको गोजीमा
संसार जित्ने योजना बुन्न
राखेर एक टुक्रा कागज
अग्लाअग्ला रूखहरूबीच
अग्लाअग्ला सपनाहरूको
कोर्दै हुन्थेँ नक्सा।

रूखहरू छिचोल्दै
धर्ती भेट्न आतुर
घामका किरणहरूसँगै

वाष्पीभूत भएर
सपना नहराउने संसारमा
विचरण गर्थें।

सेता बादललाई पछ्याउँदै
पन्छाउँदै झाडी
नयाँ बाटो कोर्दै
जब पुग्थेँ म
धर्येँरोको रस चुस्न
मैले जितेको हुन्थेँ
फ्रान्सको आन्दोलन
बनेर नेपोलियन बोनापार्ट।

दरिलो पाइला चाल्दै
उँभोउँभो
समाउँदै रूखका जरा
त्यान्द्रा र लहराका साथमा
खर्क पुगेर गोठमा
बूढा हजुरबासँग
म अलेकजेन्डर द ग्रेट भएर
डायोजनिसको मुखबाट
जीवनका सरल तर गहन
दर्शनका कुरा सुन्दै बस्थेँ।

कान्लाकान्ला हाम फाल्दै
झरेर बेँसी
खोँचमा तरेर जँघार
पारि पुग्दा
म हुएन साङ बन्थेँ
र यात्राको अभिलेख राख्न
कविता कोर्दै हुन्थेँ।

छरिएर भीरमा
चरिरहेका बाख्रालाई
बोलाएर एक ठाउँमा
एकएकलाई
लामबद्ध हुन लगाई
बाटाभरि दिँदै निर्देशन
म सुकरात बनेर
डोऱ्याइरहेको हुन्थेँ।


ठूलो रूखमुनि छहारीमा
थकान मेट्न पलेँटी कसेर
चिम्लेर दुवै आँखा
बुद्ध बनेर म
विपश्यना गर्दै हुन्थेँ।

यसरी
गोठालो जाँदा
खुल्ला आकाशमुनि
अग्ला रूखहरूबीच
माथि पहाडमा
तल बेँसीमा
खेतका गरामा
बारीका कान्लामा
आलीआलीमा
नहरमा, खोलामा
घामको किरणमा
बर्खाको झरीमा
हिउँदको शीतमा
मैले सिकेको हुँ
सपना देख्न।

*

**दिनेश अधिकारी**

# प्रेमको अवतार



धेरै दिनदेखि परस्पर भनिरहेथ्यौँ–
यो घरबार र दुनियाँदारीमै मात्र कत्ति अल्झिरहनु
एक दिन भए पनि
बिर्सेर सारा जालजन्जाल
कतै जाऊँ
र, निमग्न
एकअर्काको प्रेममा हराऊँ।

झोलामा
केही खाने कुरा र पानीको बोतल राखेर
बिहानै घरबाट निस्किएका हामी
देखेर सधैँ लोभिने गरेको
अग्लो र एकान्त ठाउँमा पुग्यौँ
र, घाँसको गलैँचामाथि बसेर
एकअर्काको कुममा टाउको अड्याउँदै
आकाश हेर्‍यौँ
रङ्गीबिरङ्गी बादल हेर्‍यौँ
घमाइलो विगतको सम्झना गर्दै
परस्पर परेलीको जुहारी खेल्यौँ।

आधा दिन पनि बितिसकेको थिएन
उसले भनी–
आज त चरालाई चारो हाल्न बिर्सिएछ
मैले सम्झेँ–
सुत्ने कोठाको झ्याल
बन्द नगरेरै आइएछ
राजमार्गमा मोटरको रफ्तार भाँतिमा

एकपछि अर्को गर्दै
पानी पर्ने आशङ्कामा
घाममा सुकाउन राखेर आएको मुलाको चाना
र, घरीघरी हामीलाई खोजिरहने
कुकुरका मायालु आँखा सम्झन थाल्यौँ
दुई दिनदेखि आँगन बढार्न नभ्याएको
र, फूलबिरुवामा पानी हाल्नुपर्ने कुरा सम्झन थाल्यौँ
हुरी चलेको थिएन
फेरि पनि हुरीकै भाँतिमा
ढोकाको साँचो खल्तीमा छामेर
हामी पतिपत्नी
हतारहतार घर फर्कियौँ।

ऊ राखनधरनमा व्यस्त भई
मैले भान्सामा चुलो बालेँ
अब हाम्रो मन
बुद्धको आँखाजस्तै शान्त थियो।

बल्ल थाहा भो– सत्यको यो अर्को पाटो
हामीले मिलेर सिर्जेको
यो घरबार र दुनियाँदारी
हाम्रै प्रेमको नयाँ अवतार थियो!

*

**देवेन सापकोटा**

## ब्रह्मपुत्र

बादलको घुम्टो ओढी
अरुणाचलका पहाडबाट हाम फाल्दै
सागर ताक्दै

हतारहतार कुदिरहेछौ अविरल
हे ब्रह्मपुत्र!



चौदिशा हरियो इकोसिस्टम सजाई
कति हुर्कायौ
माछा, सौँस र कछुवा अनि विविध जीवकुलहरू
तिम्रो छातीमा?
बालुवामा जनावरको पदचिह्नले कोरेको इतिहासमा
कति प्रतिफलित गराइरहिछ्यौ
हराएका टापू र त्यहाँका गोठहरूको कथा?

तर नढाँटी भन त ए ब्रह्मपुत्र
कति प्राणीहरू घट्दै छन् तिम्रो कोखबाट नित्य?
सौँसहरू विलुप्त हुन आँट्दा
कति दुखेको छ तिम्रो अन्त:करण?
प्लास्टिक प्रदूषणले कत्तिको ओगटेको छ तिम्रो अधोभाग?
तिम्रो छातीबाट
बालुवा र ढुङ्गा खोसी सहरतिर लैजाँदा
कत्तिको रिक्तता अनुभव भएको होला तिमीलाई?

बर्सात घटेर उपनदीहरू सुक्दै जाँदा
प्यासले कति तड्पिरहेका छौ तिमी?
अनि फेरि
माटो ओइरिएर भूपृष्ठ भरिँदै जाँदा
कति अटेसमटेस लागेको होला तिमीलाई?
आवासीय क्षेत्रको ढल गलग्रहझैँ बेहोर्नुपर्दा
कस्तो सिकसिको लागेको होला तिमीलाई?
तर
कसले सुनिदिने तिम्रा विरहका यी कविताहरू?

बर्सात घटेर उपनदीहरू सुक्दै जाँदा
लौ अब भन त

मानव सभ्यतालाई दिगो पारी लैजानु
तिम्रो अभिशप्तता हो कि बाध्यता?

*

**धनबहादुर ओली**

# फेरि यो जुनीमा पनि सिद्धार्थ गौतमले घर छाडे!



सायद यो जुनीमा उनलाई घर छाड्न मन थिएन
लाग्थ्यो अघिल्लो जन्मका ज्ञान पर्याप्त थिए
जेतवनमा जस्तै देशैभरि विहारहरू थिए
भीमकाय बुद्ध आकृतिहरू सर्वत्र उभिएका थिए
'ॐ माने पेमे हूँ' मन्त्रसँगै मानेहरू घुमिरहेका थिए
दुःख, यसका कारण र निवारणका उपाय गुन्दै थिए
मान्छेहरू 'आफ्नो प्रकाश आफै बन– अप्प दीपो भव!' भन्दै थिए
तर विधिको विडम्बना फेरि यस पटक पनि त्यस्तै भयो
सिद्धार्थ गौतमले घर छाड्नैपर्‍यो
तर दृश्यहरू भने फरक भए
यस पालि सिद्धार्थ गौतमले दिउसो नै घर छाड्ने भए
आमा प्रजापति गौतमीले निधारमा रातो टीका लगाइदिइन्
कचौरामा राखेर चम्चाले साइतको दही खुवाइन्
यस पालि सारथि छन्न पनि सिद्धार्थसँगै साइत गरेर हिँडे
यशोधरा राहुल लिएर बिदा गर्न सिमानासम्म सँगै पुगिन्।
आखिरमा कसरी हुन गयो त यस्तो?
यस पटक पनि उस्तै भयो
छोरालाई घरमै छाडेर एक दिन सिद्धार्थ र यशोधरा
उसै गरी गाउँ टहल्दै नदीको किनारासम्म पुगेका थिए
सधैँझैँ नदीपारिका गाउँसम्म सारथि छन्न साथमै थिए
तर गाउँ पूरै रित्तो थियो, केवल वृद्ध र बालबालिका थिए
आश्चर्य मान्दै सिद्धार्थले उस्तै प्रश्न सोधेका थिए
'के भयो छन्न? बस्तीहरू किन रित्ता छन्?

यहाँका तन्नेरीहरू कता गए?
के यस पटकको रोग तन्नेरीमात्रलाई लाग्यो?'
सारथि छन्न नराम्रोसँग झस्किएका थिए
कतै सिद्धार्थलाई फेरि उस्तै असर नपरोस्
त्यसैले अलि सावधानीसाथ जवाफ दिए
राजकुमार, यो रोग सबै बस्तीमा सल्केको छ
तर यो भोकमरी-गरिबीले मात्र लागेको रोग होइन राजकुमार!
यो त देखीसुनी लाग्ने 'भूमण्डलीकरणको असाध्य रोग' हो!
जुन बस्तीबस्ती डढेलोजस्तै सल्किएको छ र
यसको लपेटबाट बच्न निकै कठिन छ राजकुमार!

छन्नको जवाफपछि सिद्धार्थ निकै बेर टोलाइरहे
परसम्म रित्ता बस्तीहरू हेरिरहे, केही बोलेनन्
अनि छन्नलाई घरतिर फर्कने इसारा गरे
सिद्धार्थ, यशोधरा, छन्न सबै मौन थिए
त्यो साँझ मौनतामै बित्यो
यस पटक पनि त्यो रातजस्तै
यशोधराले उस्तै अनौठो सपना देखिन्
सपनामा त्यस बेलाजस्तै सेतो गाई देखिई
तर आश्चर्य! यस पालि गाई एक्लो थिएन
सबै सेता गाईहरू एकत्र थिए
गाईको निधारमा यस पटक पनि उस्तै
चम्किरहेको हिरा थियो उज्यालो ध्रुवताराजस्तै
गाईहरूलाई मुलुकको सीमा पार गराउन
गाउँलेहरूले बस्तीबाट लखेटिरहेका थिए
यस पटक पनि भगवान् इन्द्रले पुरानै घोषणा दोहोऱ्याए
यी गाईहरूलाई गाउँमै बस्न देऊ
गाईहरू लखेट्यौ भने गाउँ अँध्यारो हुने छ।
विधिको विडम्बना!
आज सिद्धार्थ देशको सीमा पार गर्न बिहानै हिँडे
राहुल र यशोधरा बिदा गर्न सिमानासम्म जाँदै छन्

तर सिद्धार्थ भने मनमनै गुन्दै छन्
'लोभ र इच्छा दुःखका कारण हुन्, अधिक इच्छा अधिक दुःख'
'एउटैमा सबै हुन्छ र सबैमा एक हुन्छ
एउटाबिना धेरैको अस्तित्व सम्भव छैन,
धेरैको उपस्थितिबिना एकको अस्तित्व सम्भव छैन
परस्परावलम्बी सहवर्द्धनको अद्भुत सत्य यही हो
धम्मं शरणं गच्छामि! सङ्घं शरणं गच्छामि!'
सिमाना पुगेपछि सिद्धार्थले बोकेको झोला खोले
आफ्नो राहदानी र प्रवेशाज्ञा नियालेर हेरे
हात हल्लाउँदै गरेका यशोधरा र राहुलतिर हेर्दै भने
अप्प दीपो भव! सङ्घं शरणं गच्छामि!

*

**दिलीप श्रेष्ठ**

# आँगन



आफ्नै आँगनमा
असरल्ल खुसी छाडेर
खुसीकै खोजीमा
सयौँ समुद्र छिचोल्नेहरू
था' छैन– फर्की आउँदा त्यो खुसी
त्यही आँगनमा बाँकी हुन्छ कि हुँदैन?

कसलाई के थाहा
खुसी पर्खिनेलाई– पर्खिंदापर्खिंदै
पर्खिनुको अर्थ नहुन सक्छ
खुसीसँगै फर्किनेलाई– फर्किंदाफर्किंदै
फर्किनुको अर्थ पनि नहुन सक्छ
तिमी नै भन–
जिन्दगीको दियो निभिसकेपछि

त्यै दियोमा मायाको तेल थप्नुको अर्थ
के हुन सक्छ?

खोज्दै जाँदा जिन्दगीको खुसी
जहाँ भेटिए पनि
शान्ति र विश्रामको चाह भने
त्यही आँगनमा मात्र सम्भव छ
जहाँबाट तिम्रो यात्रा सुरु भएको थियो।

*

**धीरज राई**

# कालो कविता



प्रेमको रङ रातो हुन्छ रे,
निक्खर रातो।

तर म
आफ्नै आँखाको कालो निबले लेखिरहेछु
कालो आकाशको क्यानभासमा
कालो कविता
प्रेमको नाउँमा।

रातको अँध्यारोमा जन्मिनु संयोग
सधैँ कालो समय घुमिरहनु संयोग
अँध्यारो बाटो मात्रै हिँडिरहनु संयोग
त्यही बाटोमा हामी भेटिइनु पनि संयोग
म अँध्यारो छोडिइएर उनी उज्यालोतिर मोडिनु पनि संयोग नै थियो सायद।

– जिन्दगी संयोगहरूको योग भएरै हिँडिरहेको छ।

घामलाई लखेट्दैलखेट्दै
प्रत्येक रात
आकाश जब ओर्लिन्छ धरतीमा
पर्दाले हल्लाइरहेको झ्यालबाट छिरेर
जागा राखिदिन्छ मेरो सिरानीलाई।

सुनसान अँध्यारोको रोमाञ्चकतामा
मुटुभित्र खुल्ने यादका तरेलीहरू,
अहो! सबैभन्दा सुन्दर जिन्दगी त
सम्झनामा हुँदो रहेछ,
कल्पनामा बाँच्दो रहेछ,
अन्धकारको रुमानी प्रहरमा लुकिबस्दो रहेछ।

हरेक रात
अँध्यारो सौन्दर्यमा डुबेर
लेखिबस्ने गर्छु कालो कविता।

सायद
अर्को आकाशमुनि कतै
सम्झनीसम्झनीजस्तो सपनीमा हराएर
उनी
आफ्नो छातीमा टाँसिएको श्वासलाई बिर्सिई
मेरो कविताको बाडुल्की गाउँदै हुँदी हुन्।

*

## दिलीप योन्जन तामाङ

# मेरो देश



धूलोको सहर
हिलोको सहर
हेर्न आउनुहोला
काठमाडौँ सहर!

देवीदेउताको सहर
गुम्बैगुम्बाको सहर
इतिहास मेटेको धरहरा
भाषणले बनेको देश
भ्रष्टले भरिएको देश
जनता नभएको देश
नेता-कार्यकर्ता जन्मिने देश!

आकाशे महल छ
पानीको हाहाकार छ
बाटो बर्बाद छ
नैतिकता कहीँकतै छैन
मानवता हराएको छ
लुछाचुँडी खाए
कहिल्यै नअघाउने जुका छ
सधैँ बेरिरहन्छ, चुसिरहन्छ
जनताको खुन!

खुलेर माग्छन् भीख
हराउँछ सधैँ अनुदान
खुलेर लुट्छन् देश
कहिले सिमाना बेचेर

कहिले नदीनाला बेचेर
बिचरा जनता डुब्छन् सधैँ
नेताले पानी बेच्दा
कुर्सीका लागि!

स्वाभिमान बेचियो
राष्ट्रियता बेचियो
स्वार्थी राष्ट्रघातीबाट
आफ्ना देश... अधिकार अरूको
जो आए नि घुँडा टेक्ने
स्वार्थका लागि आमा बेच्ने
एक हूल छन्
राष्ट्रिय नेताहरू!

स्वर्गजस्तो देश
बुद्ध जन्मेको देश
वीर गोर्खालीको देश
कहीँकतै भेटिन्न आजकाल
खोज्दा मेरो देश
दलालले बुझायो शक्ति
गरे सधैँ विदेशीको भक्ति
देश कता... जनता जता
देशद्रोहीको सधैँ छ मस्ती
जनतालाई सधैँ छ सास्ती!

*

**देवान किराती**

# सडक किनारामा



सडक किनारामा उभिएर हेर्नु।

बिस्तारै हिँडिरहेका मानिसहरू हेर्नु
हतारमा हिँडिरहेका मानिसहरू हेर्नु।

हातमा केही नबोकी हिँडिरहेकालाई हेर्नु
काँधमा भारी बोकेर हिँडिरहेकालाई हेर्नु
केही लेनादेना गरिरहेका
केही खोसाखोस गरिरहेका
हेर्नु, निन्याउरो अनुहारमा हिँडिरहेका मानिसहरू हेर्नु
हेर्नु, हाँस्दैरमाउँदै हिँडिरहेका मानिसहरू हेर्नु।

सडक किनारामा उभिएर हेर्नु।

काम गर्दै गरेका
माग्दै गरेका
केही नदिँदै गरेका
गाली या आरतीजस्तै केही दिँदै गरेका
या मजस्तै बेअर्थ
सडक किनारामा टोलाइरहेका मानिसहरू हेर्नु।

सबैसबै हेर्नु
र भन्नु
बिस्तारै या चिच्याएर भन्नु
तिमीहरू सबै घाटसम्म हिँडेका हौ।

पत्याउने छैनन् उनीहरूले
फेरि उसरी नै भन्नु

म पनि घाटसम्म नै जाने हुँ
पटक्कै पत्याउने छैनन् उनीहरूले
तर फिक्री नगर्नु
जुन समय
निश्चित घाटमा हुने छन् उनीहरू
थाहा पाउने छैनन् उनीहरूले
कि
म घाटमा छु।

✲

**गोपाल पराजुली**

## आगोको जल



वनस्पति, जल
वायु, पर्वत र धर्तीले
शब्द सुनोस्।

देशलाई कुट्नेहरू
हटे कि हटेनन्
नगरबाट।

इन्द्रको सोममा मिसाउने जल छैन
वाग्मतीमा
वाग्मतीको पवित्र जल मागिरहेछ
नगर।

शम्बरका उनान्सय नगरहरूलाई भत्काएझैँ इन्द्रले
भत्काइरहेछन्
दुष्टका नगर बालेन।

कुन बेला हुन्छ धर्ती चोखो
दुष्टमुक्त हुन्छ।

असुरको हो
कि भइरहेछ यहाँ
असुर बन्न खोज्ने अरूको कसुर।

अगाडिबाट हिँड्ने बन्दुकधारीले
अहिले सालिकलाई
सलाम गरेको छैन।

सलामी दिन पर्खिरहेछ
सिपाही
आर्यघाटमा
नेताले पद छाडेको छैन
को खाँदै छ एनजीओको
खाजा
अमृत यो प्रहरमा।

कतिन्जेल बस्छ हुकुमवासी
सुकुम्बासीको नाममा
यो सहरमा।

कोको छ ड्राइभ गर्न बसेको
कोको छ जमघटमा
ठूलो भोजमा यस बेला
मिसिङ छ उडेको जहाज देशमा।

यता देखाउँदै छ देश
मलाई
तिम्रो अस्त्रको खत

उता सुन्दै छ भाषण जेलबाट
इमरानसँग हारेको
संसार।

✲

**गोविन्दराज भट्टराई**

# एक जीवनले पुग्दैन जस्तो पो छ त!



दाना लाग्छ कि लाग्दैन होला
यो बोटमा– सन्देह छ
किनभने बीउ नै ठुङ्ने चरा आउँछन्
उम्रेपछि जरा काट्ने खुम्ले र किथ्रा धाउँछन्
फूल फुलेपछिका विषालु मौरी
चिचिला कोपर्ने कमिला-धमिरा
दाना झार्ने आँधीबेरी र असिना
कहिले त बाँदरका हूल पनि
कति खप्नु मत्तै!

तर पनि बिहानको झिसमिसेदेखि उठेर
रिमरिमे अँध्यारोसम्मै
यसै गरी कुदिरहेको हुन्छु
– खन्न, खोस्रिन, झार उखेल्न, केलाउन
एकएक दाना रोपेर यो
सिङ्गो गरो भर्न, पानी लाउन
यो सिङ्गो जीवनपृष्ठ भर्न
नफले नफलोस् नत्र
जीवन बारी नै बाँझै पल्टेला भन्ने
कत्रो डर छ यहाँ!

तिनमा निरन्तर पानी सिँच्नु छँदै छ
गोडमेल परै राखौँ न
कीराफट्याङ्ग्रा, खुम्ले, झुसिले
यसैलाई खन्नेखोस्र्ने, जरा काट्ने हुन्छन् सक्रिय
यो बोटमा फल लाग्छ-लाग्दैन होला
बेलुका कुप्रिएको ढाडसँगै
ओछ्यानमा पुग्छु
त्यहीँ पल्टेर एकछिन गम्छु
आज यति पाना सकेँ
आज यति विचार रोपेँ
यसरी कलाको मलले जरा छोपेँ
मनको खाडलमा, हृदयको ड्याङमा
रोपी छाडेको हुँ
जीवनकालमा फल्छ कि फल्दैन होला नि
यी अक्षर हुर्केर बतासमा सर्सराउनु
फूल फुल्नु, पुतली नाच्नु
र बिस्तारै फूल झरेर दाना लाग्नु
फेरि तिनमा रस भरिनु, बीज पस्नु
सधैँसधैँ सृष्टिचक्र घुमिन्जेल
ए, यो सपना त होइन मेरो!

तर पनि प्रत्येक दिन यही छरिरहेछु
यही रोपिरहेछु, यही गरिरहेछु
दिनका दिन डायरीका पानामा गन्छु–
आज यति अक्षर रोपेँ
यति पाना
एक जीवनले पुग्दैन जस्तो पो लाग्न थालेको छ त!

✲

गीता त्रिपाठी

# असंलग्न देश



उस बेला
स्कुलको प्रार्थना-पङ्क्तिमा
मुठी कसेर गाएको राष्ट्रगान
लक्ष्य हाँकी हिँडेको बाटो
पहाडका फेदीमा ओर्लेर कैयौँ साँझ
सखारै उक्लेको आत्मविश्वासको सैलुङ
स्मृतिमा पोलिरहन्छ;
अथाह दुखिरहेको वर्तमान
मेरो घाउ– देश!

सङ्क्रमित हुँदै गएको
एक चोइटो मुटु!
अविश्वासैअविश्वासको सन्दुकमा
भरिँदैभरिँदै गएको
सन्दिग्ध परिचय
ढुसी पर्दै गरेको देशभक्तिमा
बेहोस भइरहेको मेरो घाउ– देश!

पासपोर्टमा छाप लाग्नुअघि नै
अर्बुदका तन्तुहरू
उत्पादन गर्छ, बेच्छ
र, मौन बस्छ, स्वास्थ्य व्यवस्था विभाग
समाधानभन्दा समस्यामा फाइदा देख्छ सरकार
निदानभन्दा व्यवधानमा राहत देख्छ नेता
मिसाएर अतृप्तिको आलो र्‍याल,
सङ्क्रमण फैलाउँछ, कालो व्यापारी
बिचौलियाहरूको बिगबिगीमा

फसेको छ,
मेरो घाउ– देश!

कठै! किन लागिरहेछ,
मृत्यु दर्ताको नम्बरजस्तो–
नागरिकतामा बसेको अङ्क
ओल्टाइपल्टाइ गरिबस्छ– अध्यागमनको कर्मचारी
शङ्का गरिबस्छ जन्ममाथि
इमानमाथि
परिचयमाथि।

प्रश्नहरू लामबद्ध छन्,
जिन्दगीको बोर्डिङ पासमा
छाप लगाइदिएको छ– असंलग्न देशले
स्वागतमा उभिएका हुने छन्,
अनेक अनुहारका मृत्युहरू,
र देश!
पर्खिरहेको हुने छ मेरो हत्यापछि पनि
यसरी नै,
मलाई नागरिकता दिएको दस्तुर!
मेरो पासपोर्टमा छाप हानिदिएको असुली!

✲

**गनेस पौडेल**

## ‘तनाबोटल’-मा स्वागत छ

तनावैतनावले खोलिएको
हाम्रो युगको अन्तिम होटल,
संसद् भवनको द्वारबाट,
‘तनाबोटल’-मा स्वागत छ!



नमस्कार!
ए, तिमी आइपुग्यौ?
कति बस्छौ, कुनै छ अनुमान?
यता नाम... र सही राखेर दर्ता गर त।
जात र कुन पहिचानबाट हो त्यो पनि लेख्नू है।
जात नजनाउने कुनै जनता राख्दैनौँ हामी।
पहिचान नखुल्ने कुनै पाहुना राख्दैनौँ हामी।
हा... हा... हा... हा...!

पूरै जिन्दगी बोकेर आयौ कि क्या हो?
झोला त ठूलै देख्छु!
माफ गर, यहाँ भारी बिसाउन मनाही छ।
तिमी उठ्दा तिम्रो पिठ्यूँमा
बस्दा काँधमा
सुत्दा छातीमा
निहुरिँदा टाउकामा
तिम्रो भारी बोकिएकै हुनुपर्छ तनाबोटलमा।
मुत्दा, हग्दा मात्रै होइन है
सम्भोगमा समाधिस्थ हुँदा पनि
तिम्रो भारी तिम्रो पिठ्यूँमै हुनुपर्छ।
हा... हा... हा... हा...!

आहा, गजब देख्छु म
तिमी त झोलाभरि आश्चर्य बोकेर आएका छौ।
कसरी थाहा भो हँ तिमीलाई?
यहाँ लगेजमा
डर र अपराधबोध मात्रै बोक्न पाइन्छ।
आगो हराएको अगेनो र भोक भरिएको भजालो मात्रै बोक्न पाइन्छ।
बलात्कारपछि ब्युँझिएकी कलिली बालिकाको
भयग्रस्त आँखा र सन्नाटा मात्रै बोक्न पाइन्छ।
जनस्वास्थ्यको बरखी बार्न भोग हडतालमा बसेको

बूढो डाक्टरको सेतो एप्रोन मात्रै बोक्न पाइन्छ।
बोक्न पाइन्छ तनाबोटलमा
विमानस्थलमा छुट्दै गरेको प्रेयसीको औँला
अथवा फर्किंदै गरेको रातो बाकस।
भुक्तानी खोज्दै हिँडेको उखू किसानको निराशा
अथवा कहिल्यै नसाटिने सहकारीको चेक।
बोक्न पाइन्छ तनाबोटलमा
खोक्दाखोक्दै खोक्न बिर्सेको जाजरकोटको स्वाइनफ्लू।
सहँदासहँदै सहन बिर्सेको विश्वास विकको शव।
माग्दामाग्दै मागिन छाडेको नन्दप्रसादको न्याय।
बुझ्दाबुझ्दै बुझ्न बिर्सेको निर्मलाको निसाफ।

सूची लामो छ
तर हामी खुसी छौँ–
तिमीले त नियमले दिएका कुरा मात्रै ठ्याकठ्याक बोकेर आएका छौ।
तिमीले त नियमले पाइने जति सबका सब ल्याएका छौ।

यसो हेर्दा पत्रकारजस्ता छौ
कवि पो थियौ कि दिलदारजस्ता छौ
कि कुनै सरकारी स्कुलको मास्टर हौ गाउँतिरको?
हुलिया हेर्दा त कलाकारजस्ता छौ!
हा... हा... हा... हा...!

जिस्केर सोधेको मात्रै ल!
माफ गर, दर्तामा पेसा लेख्नुपर्दैन।
यहाँ काम गर्नेहरू कति छन् कति
मात्र रोजगार छैनन्।
त्यसो त
पत्रकार हुनु, कवि हुनु वा मास्टर हुनु
वा कुनै किसान अथवा कलाकार हुनु
पेसा पनि त होइन, रोजगारी पनि त होइन।

यो त बस जिम्मेवारी पो हो
निक्खर जिम्मेवारी
भोको जिम्मेवारी!
हा... हा... हा... हा...!

चिस्याएर खान्छौ भने
तिम्रो कोठामै फ्रिज राखिएको छ।
तताएर खान्छौ भने
बगलमै ओभन राखिएको छ।
उसिनेर, बफाएर, तारेर अथवा काँचै
जसरी खाए पनि हुने प्रबन्ध छ कोठामा।
कोठाको छेवैमा छ
विश्वामित्रको ठोक्रोजस्तै कहिल्यै नरित्तिने तखता
र तखताभरि खाने कुरा खाँदाखाँद छन्।
हेर त भोजनमा केके छन्–
आश्वासन र केही पुराना भाषणहरू छन्
घोषणापत्र र केही थान दस्तावेजहरू छन्
जन आन्दोलनमा बाँडिएका पर्चा पनि छन्
जनयुद्धमा मिसफायर भएका बुलेटहरू छन्
१५ सालदेखिका चुनावमा टाँगिएका
तुल छन्/ब्यानर छन्/पोस्टर छन्/अन्तर्वार्ता छन्।
स्वाद फेरीफेरी खानू।
आज खाएनौ भने भोलि पस्किने पनि यही हो क्यारे,
जहिले खाए पनि भो,
भोकै मरे पनि भो।
हा... हा... हा... हा...!

यहाँ जति नुहाए पनि पाइन्छ
तातो आँसु वा चिसो पसिना दुवैको व्यवस्था छ
जनहत्याको आलो रगत या बलात्कारको बासी वीर्य
सबैको व्यवस्था छ।

म धेरै बोलेँ?
यति त बोल्नैपर्थ्यो
रिसेप्सन हो!

तिम्रो बसाइ लामो होस्!
तिम्रो अनिद्रा लामो होस्!
तिम्रो छटपटी लामो होस्!
तिम्रो अत्यास लामो होस्!
डिप्रेसनले आजित भएर आत्महत्या नगर्दै
तिम्रा तमाम सपनाहरू भकभकी पाकेर मरून्!
र त्यो पाकिरहने समय लामो होस्!
शुभकामना छ!

तनावैतनावले खोलिएको
हाम्रो युगको अन्तिम होटल,
सिंहदरबारको द्वारबाट
'तनाबोटल'-मा स्वागत छ!

✲

**गीता कार्की**

## उज्यालाको खेती



बिहानै
चराहरू ब्युँझन नपाउँदै
ब्युँझेर
अँध्यारो ओढेको पहाड र क्षितिजलाई
अङ्कमाल गर्दै म
घडीको सुईसँगै दगुर्छु।

हामी कर्मका खेतालाहरू
हामी उज्यालोका रोपाहारहरू

उज्यालोको बीउ रोपेर
उज्यालोकै खेती गर्छौं।

चराहरू नब्युँझँदै उज्यालो बाँड्न
लामो समयको विश्रामपछि
फेरि/म
कर्मको मैदानमा उभिएको छु
थाहै नपाई
चिसोले स्वागत गरिसकेछ।

हामी कर्मका खेतालाहरू
उज्यालो बाँड्छौँ
निर्विकार, निराकार ज्योतिर्मय
भविष्यका निम्ति...।

*

**गोवर्द्धन पूजा**

## समय-गाथा



म बालक-मन–
हेरिरहेछु समयका पाइलाहरू!

आँधीको इँजारे-भ्रम
अड्किएको घडीको मोटो सुईमा
चट्टान बनेका आँसुका थोपाहरू थुपार्दै!

दलिनमा झुन्डिएका चमेरा सपनाहरूको रासमा
चन्द्रमालाई छुने चखेवा विश्वासका भ्रम बटुलेर
आरोपका बादलहरू चिर्दै
–जो झरी बनेर आकाश सफा हुने छ!

शङ्काका चट्याङहरू बज्रँदै
जसले च्यात्ने छन्– भ्रमका भित्ताहरू
फर्काउने छन्– मनका ज्वारभाटाहरू
मनकै समुद्रको गर्तमा!
फाँडिने छन्– अहम्का झाडीहरू
र पलाउने छन् आशाका पालुवाहरू।

●

समय सत्य–
कहिले झुसिलकीराको जिन्दगी घस्रन्छ
कहिले पुतली जीवनको आकाश फैलन्छ।
म बालक-मन,
पढिरहेछु– समयको पाठशालामा
मेरै जस्तो लाग्ने कथाका पानाहरू!!!

*

**गोमादेवी शर्मा**

# किनारको एक दृश्य



दुनियाँरूपी समुद्रका
अग्लाहोचा छालहरूमा
कहिले रमाएँ, कहिले बगेँ
कहिले डुबुल्की मारेँ
कहिले जितेँ, कहिले हारेँ।

आज एक्कासि खोइ कुन्नि किन हो
आफूलाई समुद्रभित्र होइन
किनारमा उभिएको पाएँ
अनन्त छालहरूले
मलाई किनारमा ठेलिदिएछन्।

आँखाअघि छ एउटा अनन्त फैलावट..
छर्लङ्ग देख्छु सबै
अघिभन्दा बेग्लै
मानिसहरूको भित्री रूपको बजार
आफन्त र पराईहरूको ताँती।

मेरा आँखाअघि स्पष्ट
भित्री दृश्यका रेसारेसा देखिन्छन्
सत्कर्म-दुष्कर्मको खेल
सत्-असत्, घातप्रतिघात
विभिन्न मुखुन्डो भिरेकाहरू
भाला, तीर, बन्दुक, तरबार लिएर खडा छन्
चक्रव्यूहको माझमा छन् निर्दोष अभिमन्यु।

खै, कता छन् कृष्ण?
अलि पर अर्जुनलाई गीता सुनाउँदै छन् सञ्जय
दिव्य दृष्टिले धृतराष्ट्रलाई
युद्धको आँखोदेखा हाल भन्दै छन्
शकुनिहरू अचुक नक्कली पासाहरू फ्याँक्ने उपक्रममा छन्
एकापट्टि 'अश्वत्थामा हतो हतः'
सकसमा छन् धर्मराज
तर पनि उनी झूटो बोल्दैनन्
सुन्नेले के सुन्यो, यो उनको समस्या होइन।

म सबै देख्छु मौन, किनाराबाट
आकाशबाट बिजुली बज्रन खोज्छ
म पछाडि सर्छु
एउटा भित्तामा अडिन्छु
यो को हो मलाई थाम्ने हँ?
त्यसमा कुँदिएका
अक्षरहरू सलबलाएर बोल्छन्–
'एकला चलो रे।'

*

**हेमचन्द्र नेपाल**

# समृद्धि होस् : नयाँ वर्ष



भित्ते पात्रो हटाएर नयाँ टाँसेर आइद्यौ
बितेका दु:खमा बाँचेँ सुक्ख साटेर ल्याइद्यौ
नेताको बुद्धिको बिर्को सिर्जनामा उघारिद्यौ
काकाकुल नहोस् देश घडा रित्ता उबाइद्यौ।

गौँथली मृत्तिका च्यापी गुँड सम्झेर आउँछ
कन्याङ्कुरुङ्का ताँती देशप्रेम सिकाउँछ
देशले के दियो भन्दै देश छाड्नेहरू सुन
अरुको लाखभन्दा त आमाको काख हो, गुन।

तातो अरबको पानी, तातो हावा र बालुवा
आगोभन्दा पनि तातो घामको राप त्यो कडा
असहायहरूजस्तै परजीवी नहून् युवा
समृद्धि होस् नयाँ वर्ष, निराशा नरहून् यहाँ।

*

**हेमन्त श्रेष्ठ**

# अँध्यारो साम्राज्यको शिखरबाट



ढकमक्क फुलेका छन्
अँध्यारो अँगारका फूलहरू
कोठामा, सडकमा, आकाशमा
म बन्द आँखाले तस्बिर खिचिरहेको छु
अँध्यारोको
मलाई अँध्यारो असाध्य मन पर्छ।

अँध्यारो
सृष्टिको सबभन्दा कुरूप बिम्ब
मेरो हृदयको ऐनामा
विशाल, सौम्य र सुन्दर
वर्तमान भएर
दिगन्त फैलिरहेछ
अँध्यारो मुख, अँध्यारो मन
अँध्यारो जीवन
म अँध्यारोलाई प्रेम गर्छु
म अँध्यारोमा तिरोहित हुन चाहिरहेछु
र अँध्यारोलाई नै सुम्पेर सम्पूर्ण अस्मिता
निर्विकल्प
म अँध्यारो सङ्गीत गुन्जिन चाहिरेछु।

अँध्यारो सागर छ मभित्र
बाहिर सीमाहीन फैलिएको छ
अँध्यारोकै महासागर
अँध्यारैअँध्यारोको यो साम्राज्यमा
मभित्रको निरीह नागरिक
नयाँ शदीको अँध्यारो शाहन्शाह हुन
जुर्मुराइरहेछ।

कालो गुलाफ
कालो कमल
कालो गुराँस
सृष्टिको सम्पूर्ण सृजना
म अँध्यारो रङ्मा देख्न खोजिरहेछु
कालो विधि
कालो विधान
काला कर्महरू
म अँध्यारो समाजका

सम्पूर्ण अँध्यारा दृश्यहरू
अँध्यारो चस्माले स्पर्श गरिरहेछु
आहा! कति रमाइलो छ अँध्यारोको कथा
मलाई अँध्यारो असाध्य-असाध्य मन पर्छ
यसकारण
कि अँध्यारोमै गर्भाधान हुन्छन्
हरेक दिनका सुन्दर बिहानीहरू।

अचेल
समाधिस्थ भएर अँध्यारोमा
म अँध्यारो बटुल्न हिँडेको छु
देऊ, मलाई सम्पूर्ण अँध्यारोको बीज देऊ
देऊ, मलाई ब्रह्माण्डको सम्पूर्ण अँध्यारो देऊ
निफनेर औँसीको आकाशलाई
जून र ताराहरू तिमीसँगै राख
मलाई रातको सम्पूर्ण अँध्यारो देऊ
म सङ्ग्रह गरेर सारा अँध्यारो
अँध्यारोबाटै ऊर्जा उमार्न आन्दोलनरत छु
अँध्यारोबाट अँध्यारोमै देखिने
आँखा उत्पादनको खेतीमा उन्मुख छु
एक दिन
अँध्यारोमै देखिने छन् अक्षरहरू
अँध्यारोमै चल्ने छन् यन्त्रहरू
र अँध्यारोमै उड्ने छन् जिन्दगीहरू।

के कुनै दृष्टिविहीनको जिन्दगी रोकिएको छ र?

अहँ, पटक्क निराश छैन म
अँध्यारो अँगारका फूलहरूसँग
कुनै असन्तुष्टि छैन
अँध्यारो सागर र महासागरसँग

इतिहासको अँध्यारो दोलाईं ओढेरै
कोरलिएको हो यो जिन्दगी
कुनै गुनासो छैन अँध्यारो वर्तमानसँग।

मलाई अँध्यारो असाध्य-असाध्य मन पर्छ
यसर्थ कि
अँध्यारो नै उज्यालोको प्रस्थानबिन्दु हो
मलाई अँध्यारो असाध्य-असाध्य मन पर्छ
यसर्थ कि
अँध्यारो नै उज्यालोको पहिलो सूचक हो।

*

**हेमन्त विवश**

# कतारको रैबार



दुनियाँले जेसुकै भनोस्
महसुस गरेको हुँ आँसुभित्रको छुट्टै आनन्द
हो भनेको पनि थिएँ कुनै दिन
सम्पत्तिको नाममा
साँचेर त्यही मनकारी आँसु
कुर्दै बस्ने छु पुर्खाको आँगन
आँसु सूचक पनि त हो मानव स्वास्थ्यको।

समय यस्तो आइदियो कि
उपहारझैँ छाड्दै हिँडेँ कैयौँलाई त्यही आँसु
मिर्मिरे बिहानीमा टल्किने आँसु
छाडेर आएँ कर्कलाको पातलाई
भाइटीकामा खल्ती मुसार्दा उब्जेको आँसु छाडेर हिँडेँ
बैँसमै विधवा बनेर माइतीको दैलो ढोगिरहेकी दिदीलाई
बाटामा आँखा बिछ्याइरहने तीज हिँडेपछि उब्जेको आँसु

छाडी आएँ नौ डाँडापारिकी बहिनीलाई
उहिले कचौराभरि दूधको माग गर्दा उब्जेको आँसु
छाडी आएँ कपासजस्ती मेरी आमाको आँचललाई
सङ्कट पर्दा उब्जेको आँसु चढाई हिँडेँ कुलदेवताको थानलाई
एक गुच्छा पोते किन्न नसक्दा उब्जेको आँसु छाडी आएँ
हातैको सिरानीलाई
माथि डाँडाबाट रुमाल हल्लाउँदा निस्केको आँसु
छाडी हिँडेँ उही बालसखालाई
र बनेँ सुक्खा बन्दरगाह।

चिलगाडीमा चढेर कतार पुगेपछि
चलमलाएछन् केही मनहरू
कानेखुसी गर्न थालेछ पँधेरो
देख्यौ कति सजिलै गरेछ कठोर निर्णय
हृदयविहीन हुन्छ लोग्नेमान्छे
रुन जान्दैन लोग्नेमान्छे।

हो, अचेल उब्जाउन छाडेको छु आँसु
आँसु छैन भन्दैमा
अश्रुविहीन हुँदैन लोग्नेमान्छे।

ज्यानको बाजी लगाएर जिताएको नेताले चिन्दैन भनेपछि
छाडेको हुँ आँसु उब्जाउन
बुबाको दशदान गर्न दस रुपियाँ ऋण नपत्याउनेहरू देखेपछि
छाडेको हुँ आँसु उब्जाउन
कतार भन्नेबित्तिकै काठको बाकस कल्पिनेको अगाडि थिएन कमजोर बन्नु
र छाडेको हुँ आँसु उब्जाउन
आँसुले बन्दैनथ्यो देउताजस्ता बाले प्राण त्याग्दा देखाएको बरपीपलको चौतारी
र छाडेको हुँ आँसु उब्जाउन
जिम्मेवारीको भारी भिज्न सक्छ भन्ने डरले
छाडेको हुँ आँसु उब्जाउन।

तर पनि
अरूले भनेजस्तो छैन मसँग पत्थरको मुटु
बरु राखेको छु मुटुमा पत्थर
प्रिय पँधेरो!
तिमी जतिसुकै गर कानेखुसी
मैले मात्र ताल्चा लगाएको छु
आँसु फुटाउने हृदयमा।

*

**हरि सन्दर्भ**

# आसवीर दाइको नयाँ वर्ष



गाउँमै छाडेर मन
सदरमुकाम पसेको आसवीर
पसिनाले भिजेका गराका पाटाहरू सम्झेर
रातको अँध्यारोमा अगेनाको डिलमा बसी
हत्केलामा कोरिएका अस्पष्ट रेखाहरू हेर्छ,
उत्तरबाट ढल्कँदै पूर्व पुगेको एउटा बाङ्गो रेखा
आसवीर जसलाई आयुरेखा भन्छ
र, लामो आयु भएकोमा
फिस्स हाँस्छ अनिच्छाको हाँसो,
तलदेखि माथिसम्म कोरिएको अर्को एउटा रेखा
सायद भाग्यरेखा हो क्यारे उसको
जन्मँदै खोसिएको मातृत्व
र, सङ्घर्षका असह्य पीडाहरू सम्झेर
लगातार बगिरहन्छन् गालाको डिलबाट खहरेहरू,
जीवनको उत्तरार्द्धमा सहाराविहीन
एक्लो जिन्दगी बाँचिरहेको आसवीर
जीवन जिउनुका आधारहरू पहिल्याउने क्रममा
धेरै पटक आफूले आफैसँग हारेका अनगन्ती क्षणहरू

र, पुरिनै नसकिने वेदनाका घाउहरू सेकाउँदै
आफैसँग जिन्दगीको अर्थ खोज्छ,
सडकको छेउमा ट्वाकट्वाक गिट्टी कुट्दा
हतौडी फुत्किएर औँला कुटिँदा पनि
पीडा महसुस नगर्ने आसवीर
असीमित बेथाहरू च्यापेर पनि हाँस्छ,
कहिले आफ्नै पुर्पुरोलाई सराप्दै बरबराउँछ
र, कहिले आफूले आफैलाई धिक्कार्छ,
'ईश्वर तैँले रचेर फेरि...'
एकनाससँग बजिरहेको नारायणगोपालको गीतसँगै
भोलिको नयाँ वर्षमा
बाउले छाडेको कोट लगाएर
मालिका मन्दिरअघि उभिएर
जीवनमुक्तिको सपना देख्छ।

*

**जङ्गब चौहान**

## साइबेरिया



धर्तीको सुदूर यो ठाउँ
घना जङ्गलको सपाट धर्ती
कताकति हजारौँ मिलको दूरीमा
बस्ती र नगरहरू।

बस्तीबाट टाढा कतै
एउटा श्रमिक क्याम्प
टाइगाको ताजा गन्ध
मध्याह्नको रापिलो घाम
रातरानीमा लेनाको शीतलता
चिरेर चारैतिरको

चकमन्न मौनता
एउटा स्पेनी गीत बज्छ
कुनै साँझ
एउटा जर्मन नृत्य मञ्चित हुन्छ
कुनै साँझ।

रुसी सङ्गीतका इन्द्रेनी धुनहरू
पाँचै महाद्वीपका युवा स्वरहरू
एउटा लहर बनेर बगेको छ
लेनाको हरियो सङ्लो पानीजस्तो
लाग्ने होला कुनै दिन आफैलाई
केवल रातको सपनाजस्तो।

कतै आतङ्की बन्न सक्ने नासर
अहिले भक्तपुरको ज्यापू दाइजस्तो लाग्छ
कतै पेरुको जङ्गलमा लुकी हिँड्ने अर्नुल फो
नाम्चेको शेर्पा दाइजस्तो लाग्छ
आफ्नै धर्तीबाट विस्थापित चिलीको साथी
कोशीमा नाउ खियाउने माझी दाइजस्तो लाग्छ
घानाको आइज्याक अपोङ
मोरङको झाँगड भाइजस्तो लाग्छ
कोलम्बियाको भावुक रुबेन दारियो
आफ्नै प्रतिबिम्बजस्तो लाग्छ
लाग्दालाग्दै यस्तो लाग्छ
संसारभरिका रीत, संसारभरिका गीत
थुप्रै रहेछ भाका, एउटै रहेछ प्रीत।

पराई को, आफ्नो को
छुट्ट्याउनै गाह्रो भो
धर्तीमा कोरिएको सीमा त
मेटिएर कता गयो।

कति मीठो जिन्दगी
लेनाको धारजस्तो
कति बाफिलो जिन्दगी
टाइगाको रङ्जस्तो
कति लयालु छ जिन्दगी
स्पेनी गितारको धुनजस्तो
कति नसालु छ जिन्दगी
भोद्काको रमरमजस्तो।

कति दर्दनाक, कति मीठो
पराई भएर पनि आफ्नै लाग्ने
टाढिएकी प्रेमिकाजस्तो
लाग्ने होला कुनै दिन
केवल रातको सपनाजस्तो।

(साइबेरियाली नदी लेनाको किनारमा अवस्थित उस्तुकत गाउँमा सन् १९७७ को ग्रीष्मकालीन श्रमसत्रमा अन्तर्राष्ट्रिय विद्यार्थी निर्माण टोलीमा श्रमिक भई सहभागी हुँदा रचना गरिएको कविता)

✲

**ज्योति जङ्गल**

# राधारूप



अर्को प्राण थपिएर एउटा प्राणमा
फूल भएको हृदय बोकेकी
अर्को आवाज भरिएर आफ्नो आवाजमा
प्रीत छरेर बोलिरहेकी।

तिमीले धरतीभरि या
कहीँकतै बतासको सुगन्धभरि भेटिहाल्यौ भने
यस्ती प्रेमिका स्त्री
त्यो अरू कोही होइन

कि राधा भेटिएकी हुन्
या म नै भेटिएकी हुँ।

एउटा प्रश्न मलाई सोधिरहन्छ स्वयम्
कृष्ण आफ्नै शरीरको भयले भागेका हुन् कि राधासँग?
शक्तिको सर्वोच्च भएर पनि
डराएका पो हुन् कि
शरीर सकिएपछि सकिने मायासँग?!

भोगका लागि सहादत हुने
स्याहारका लागि स्वामित्व रहने
लीलामय प्रेमको पटाक्षेपदेखि
खुब आत्तिएर भागे हुन् कृष्ण मथुरातिर?

जीवनको प्रेम अध्यायमा
अबला छ पुरुषत्व भन्नु थियो कि उनलाई?
प्रेमी कसरी पुरुषोत्तम हुने चाह राख्छ
देखाउनु पो थियो कि उनलाई?
नत्र त हजारौँ गोपिनीसत्त्व साथी बनाएर सुरक्षाको नाममा
शक्तिलाई झुकाउन सक्नेले
कसरी पो हत्याए रुक्मिणीलाई?
तर
स्वामित्वको सत्ताबाट
बचाए राधाप्रेम युगान्तकारी आयु दिएर।

कसैको आँसु स्याहार्न पनि
मुटु आकाश हुनुपर्छ
कसैको प्रेम सकार्न पनि
उसको सर्वस्व स्वीकार गर्नुपर्छ।

बडो मुस्किल हुन्छ मायाले निदाइरहेकी राधालाई ब्युँझाउन,
बडो आत्मिक हुन्छ

माया न्यौछावर गरिरहेकी प्रेमिकाबाट पार पाउन,
अनि त उत्रिए कृष्ण
आउने अगणित युगलाई राधाको प्रेम उपहार दिएर।

अर्को अनुहार बाँचेर स्वयम्‌को अनुहारमा
अर्को मुस्कान थपेर आफ्नै ओठमा
कोही भेट्यौ भने मुस्कुराइरहेकी,
त्यो अरू कोही होइन,
कि राधा भेटिएकी हुन्
या म नै भेटिएकी हुँ।

✲

**जीवन खत्री**

# समयलाई अन्तिम सम्बोधन



रिसको मुङ्ग्रो बोकेर कोही आउँछ
र मुटुको ढोका फुट्ने गरी गालीको लात मार्छ
म धन्यवादको नास्ता खुवाएर पठाउँछु।

अर्को कोही आउँछ
प्रशंसाको थाली बोकेर
र चाप्लुसीको दियो सल्काएर आरती गर्छ
म बेमौसमी मुस्कानको रुमाल फ्याँक्छु।

मभित्र
यो कस्तो बेवास्ता?
यो कस्तो मौनता?
न खुसीको अग्लो माछापुच्छ्रे
न दुःखको गहिरो सेती।

खै त्यो बाध्यताको लगाम चुडाएर
रहरको पछि दौडी हिँड्ने चाहनाको घोडा?
जुन कुनै बेला मेरै हृदयको तबेलामा थियो।

कुन आकाशको बाटो भएर छुट्यो त्यो जहाज?
जसको पखेटामै झुन्डिएर पनि
उड्नु थियो आकङ्क्षाको देशसम्म
र हेर्नु थियो आँखामा केही उज्यालो।

अचेल सोचको बरन्डामा बसेर
जीवनको नफर्कने जीवनलाई
फर्केर यसो हेर्छु
देख्छु–
जीवनबाट जीवनको कपुर उड्दै हराउँदै गरेको मात्र।

तसर्थ
ओ प्रिय समय!
प्रेममा मिसिएको तिम्रो कपुर पनि तिम्रो हैन
न आवेगको धूवाँले भरिएको सिसी नै तिम्रो हो।

बरु
आऊ, निभ्न लागेका केही कोइला छन् मसँग
लैजाऊ, सल्काऊ र जलाऊ
जसको सहारामा निकै परपर पनि पुग
र फैलाऊ प्रेमको मगमगाउँदो सुवास।

बाँकी त सब थोक भ्रम हैन र?

*

**जयराम तिमसिना**

# इच्छापत्र



अँध्यारो पोखेर क्यानभासमा
रात बनाउन तल्लीन छ चित्रकार
हरेक साँझदेखि नै म
बिहानीको प्रतीक्षामा हुन्छु।

आँधी पोखेर ऊ
सहर विलीन गराउँछ
मान्छे बनाउँछ अनि भत्काउँछ पनि
जोकसैको जीवन बाँच्न स्वतन्त्र छ, ऊ
स्मृतिमा नै बाँच्न विवश म
आफ्नै जिन्दगीको पाना भर्ने
कुनै रङ छैन मसँग
गल्ती मेटाउन इरेजर छैन
आफ्नै जिन्दगी बाँच्ने स्वतन्त्रता छैन।

रङ पोखेर रङ्गीन सपना बुन्नु
कल्पनाका धर्सा तानेर,
अलौकिक संसारको बनाउनु
कला र नवरस सजाएर बनाउनु जिन्दगी
अहँ, मलाई कुनै छुट छैन
आफ्नै जीवनमा रस भर्न र निरस बनाउन।

आँधी लुकाउने कुना, भोक छोप्ने बर्को
सबै आफै बनाउन
आफ्नै जिन्दगी सच्याउन
तर उसलाई अरू नै भएर बाँच्न छुट छ
स्वतन्त्र छ जीवन रोजेर बाँच्न
र त म र समाजभन्दा माथि छ एउटा चित्रकार।

*

**जनक कार्की**

# ऋतु, मेरो प्राण!



ऋतु, मेरो प्राण!
धेरै ऋतुहरू यो बूढो घरको बाल्कोनीबाट
मलाई स्पर्श गरेर गएका छन्।

नछोएको त तिमीले मात्रै हो ऋतु
किन प्रकृतिमा ऋतुजस्तै सन्तान फर्किने नियम छैन?

यो मेरो शयन कक्षभित्र
धुलाम्मे भएर बसेको छ तिम्रो पास्नीको तस्बिर
एक चोटि, मात्र एक चोटि आएर धूलो पुछी जाऊ
मेरो दृष्टि बन्द हुनुभन्दा पहिले
म तिमीलाई हेर्न चाहन्छु ऋतु!

तिम्रा बाबाले ल्याएको क्लासिक घडी
तिमी आउने पछिल्लो समयको घोषणामा
अवरुद्ध भएर झुन्डिएको छ
यो स्थिर समय; तिम्रो आगमनले चलायमान होस्।

हाम्रो बगैँचाको त्यो आँपको वृक्ष
जहाँ तिमीलाई आँप खुवाउँथेँ म
आज बूढो भएको छ मजस्तै
थोतो, कुप्रो, उजाड, उदास छ
गुँड लगाएर बसेका जुरेली पनि बसाइँ सरिसके
ढल्नुभन्दा पहिले त्यो वृक्ष; आएर समापन गरिदेऊ ऋतु!

सास त चलेकै छ ऋतु!
यो आशाको आस मर्दै छ।

सास चल्नु मात्रै पनि जीवित हुनु रहेनछ
आस नभएको जीवनको अनुराग भएन।

कुनै दिन तिम्रो व्यस्त समयमा
यो आशा तिम्री आमालाई सम्झियौ भने
धेरै त केही भएको हुने छैन
मेरा मांसपेशीहरू गलिसकेका हुने छन्
अस्थि तिम्रो स्वागतमा तत्पर रहने छ।

मेरो हातमा एउटा चिठी हुने छ
जसमा लेखिएको हुने छ–
मेरो अन्त्येष्टिमा मेरो अस्थिसँगै तिम्रो पश्चात्ताप जलाइदिनू
तिमी दुःखी भएको हेर्न सक्दिनँ
यो बूढो घर बेचिदिनू
र तमाम ती व्यस्त सन्तानहरूलाई पारिश्रमिकस्वरूप दिनू
जसले आमालाई जीवित भेटिदिएर आफ्नो कर्तव्य पूरा गर्ने छन्।

अन्त्यमा मैले तिमीलाई सिकाउन बिर्सेको जीवनज्ञान
तिम्रा सन्तानलाई सिकाउनू
पैसाभन्दा ठूलो ममता र करुणा हो!
– तिम्री आमा आशा साहनी।

[सन् २०१७ मा मुम्बईमा यस्तो घटना भयो जसले मानव हुनुमै लज्जास्पद र प्रश्नचिह्न उठाउँछ। ६३ वर्षीया महिला आशा साहनी मुम्बईमा भएको उनको भारु छ करोड मूल्य पर्ने घरमा बस्दै आइरहेकी थिइन्। उनका छोरा ऋतुराज साहनी अमेरिकामा थिए। पटकपटक आमाले अब आफू एक्लै बस्न नसक्ने भएकाले मिल्छ भने अमेरिका लैजान नत्र यतैकतै 'ओल्ड एज हाउस'-मा लगिदिन अनुरोध गरिन्, तर व्यस्तताका कारण छोराले भ्याएनन्। छोराले पछिल्लो चोटि २३ अप्रिल २०१६ मा कुरा गरेका थिए। पछि छोरा आमालाई भेट्न मुम्बई आउँदा सोफामाथि उनकी आमाको अस्थि थियो। कहिले कसरी उनको मृत्यु भयो भन्ने कुरा रहस्यमा नै रह्यो।

यसै घटनाले मुटु हल्लाएपछि 'आशा साहनी' बनेर लेखिएको कविता हो यो।]

*

कृष्णराज डी.सी.

# भाषाभक्त भानुभक्त



तिम्रो कोख भरी पसेर कसरी भाषा उदायो कवि?
रम्घाली सुतुवा तिमी जनक हौ नेपालका हे! छवि
जन्मायौ जसरी स्वराष्ट्र ममता भाषा कलाको घर
तिम्रै सुन्दर हातले मुलुकको शोभा बन्यो भर्भर!

भाषाको गरिमा बढेर अहिले संसारमा फैलियो
मेरा भानु नभै अराजक कला साहित्यमा मौलियो
गाउँका बहिनी बसेर लयमा रामायणै गाउँछन्
भाषाको सरिता बनेर मनमा साहित्य जन्माउँछन्।

जाँतोमा जननी पिसेर पसिना नौलो कला भर्दछन्
मेचीको शिरमा रमेर पिरती गाना मिठो गर्दछन्
कालीको तिरमा बसेर जन ती साहित्यमा बोल्दछन्
प्रेमीले दिलको पियार भरिलो उल्लासमा खोल्दछन्।

तिम्रो जन्म नभै कला पठितको पाण्डित्यमा रोकियो
नेपाली मुटुको गला पिडित भै अज्ञानमै रुक्खियो
गाऊँ गीत भनी हली र भरिया मेलाभरी घन्किए
नाची बैँससँगै मिठा रहरमा चेलीहरू फन्किए।

तिम्रो राष्ट्रकला भरेर अचला गाथा बनी घन्कियो
रम्घाको मुटुमा गडेर पिरती साहित्यमा चम्कियो
गाऊँला पसिना पुछेर मनले श्यामा भनी साँझमा
आऊँला दिलमा रचेर कविता आमा भनी काखमा।

भाषामा मृदुता भरेर जनमा सद्भक्तिको माधुरी
घन्कायौ जहिले नि! आदिकवि हे!! साहित्यको बाँसुरी
जन्मायौ नवजात बालक मिठो तोते कुरा सुन्दर
घन्किन्छन् वनमा सुरम्य रसिला गाना भरेका दिल।

रम्घाली सुतुवा तिमी जनकवि घाँसी ठुलेका छवि
भाषा रत्न बनाउने सकलका शिल्पी बनेका रवि
बोली दिव्य फुटाउने सुनचरी सौगन्धको बागमा
वाणीका गुरु हौ तिमी दुधमुखे नानीहरू साथमा।

नेपाली गरिमा ढल्यौ जब तिमी उल्टो बज्यो बाँसुरी
वैलायो अब यो नयाँ मुलुकमा साहित्यको माधुरी
तिम्रा काव्य सुनी नयाँ लहरमा मेची र काली जुटे
यौटै नाद बनी हिमालमुनिका नेपालवासी उठे।

बस्ती दिव्य बसाउने रहरमा मस्ती बसाए यहाँ
मेरा भानु जहाँ गयौ सुन तिमी खोज्दै म जाऊँ त्यहाँ
आयो दूरमुखी विभास जसले बोली चलायो गुणी
आमा मौन बसिन् अनन्त जुन ती बिर्सेर आफ्नै ध्वनि।

खेताला जसका नयाँ सुर बनी हे! भानु बोल्छौ सदा
गोठाला जसका सुगीत लहरी आनन्दको रम्यता
तिम्रो मन्दिरमा छ राम रसिलो नामी बनेको कथा
सीतातुल्य यहाँ सुवीर रमणी हुन् देशका स्वच्छता।

तिम्रो उत्सवमा म शैल वनको एकान्तमा गाउँछु
आऊ भानु भनी समस्त जन औ संसार ब्यूँझाउँछु
कोल्टामा रविका रचूँ किरणले तिम्रा सुनौला कला
तिम्रा सुन्दर काव्यका लहर यी सारूँ गलाका गला।

*

**कृष्ण प्रसाई**

# भन अरू केके



कसैले भन्थे–
स्वर्गको सपना देख्नेहरू सानो सोचका लोभी हुन्
तिमी जहाँ उभिएका छौ
पृथ्वीको अनन्त कालखण्डमा
तिमी उभिएमुनि सहस्र लासका
अस्थिपञ्जरहरू सडिसकेका छन्
मान्छेले कहिल्यै हार्दैन रे!
यथार्थ उसले जितेकै पनि कहाँ छ र?
आफैले आफैलाई प्रेम गर्न थालेपछि
र भएजति सबै गुमाएर
गुमाएभन्दा बढी पाएपछि
म आकाश भएतिर उफ्रिएकै हुँ।
आकाश एक कदम तर ओर्लियो र मलाई अँगालो हाल्यो
उत्सर्ग मिसिएको अमृतमय पोखरीमा नुहाएर
मैले फूलसँग मित लगाएँ
र पहाडको उपस्थितिमा
समयसँग धुमधामले बिहे गरेँ।
मैले देखेँ–
प्रेममा खसेका आँसुहरू कविताभन्दा सुन्दर थिए।
त्यो मुर्दा साम्राज्यको मसानघाटमा
राजा र रङ्कको पद थिएन
शब्दहरू स्वर्गभन्दा पनि गहिरा थिए।
भन्नेहरूले यसरी पनि भन्थे–
'मरिसकेको मान्छेको भविष्य हुँदैन
अतीत हुन्छ।'
बुद्धिबाजहरू तर्कमा विश्वास गर्छन्
तर जब उनीहरू हृदयतिर झर्छन्

तब एकाएक विवेकशून्य भएर मर्छन्
भन्नेहरू भन्छन्–
'सोमालियाका नीला बाँदरहरू मरेर
पुनर्जन्म पाएपछि मात्र सुरु हुन्छ
यहाँका शासकहरूको जन्म र तिथि'
हिमालमा पानी बसाएको धेरै भयो
तिमीले भन
अखण्ड हिमालको कोखमा
अरू केके पाक्छ?
के तिम्रो कोखको पानी उम्लिन
अझै एक शताब्दी लाग्छ?

*

**किशोर पहाडी**

# ओरेन्तिकाको पर्फ्युम ओयल



तिमीले उपहार दिएको
पर्फ्युम ओयलको सुगन्धसँगै
उडिरहेका मेरा भावनाहरू
कथा बनेर लुक्न खोजेका हुन् कि?
झोलुङ्गे पुल बनेर झुक्न खोजेका हुन् कि?

झोलुङ्गे पुलझैँ
हल्लिँदै
फलामका तीखा चुइँचुइँ आवाजहरू
उत्पन्न गरिरहेका
सम्झनाका सङ्गीतहरूमा
असङ्ख्य धुन उत्पन्न भइरहेका छन्।
जब हामी दुईले
हाम्रै छायाका तस्बिर खिचेका थियौँ,

के थाहा त्यही
अन्तिम तस्बिर हुने छ भनेर?
के थाहा
झ्याप्प अँध्यारो भएर
छाया हराउने छ भनेर?

मोबाइल भएपछि त
तस्बिरहरू खिच्न सजिलो
मोबाइल भएपछि त
सम्झनाहरू सेभ गर्न सजिलो
चियाको कपभित्र
तिम्रो अनुहार आउने गरी
तस्बिर खिचेको बिर्स्यौ?
किन एउटा हाँगाबाट अर्कोमा
फुर्र उड्छ माया?
के संसारलाई बगैँचा देखेर हो?

हावाले गर्छ प्रार्थना
ओरेन्तिका,
जब म आँखा चिम्लेर
तिम्रो प्रशंसा गर्न थाल्छु।
चुम्बन गर्न मन लागे
स्पर्श गर्नू,
आवाज सुन्न मन लागे प्रेमको
नि:स्तब्ध रातमा
कल्पना गर्नू।

कफी हाउसमा अस्ति
जब भेटेँ तिम्रो नयाँ साथीलाई
ओरेन्तिका,
उसको शरीरबाट पनि

तिमीले मलाई उपहार दिएकै
पर्फ्युम ओयलको बास्ना
आउँदो रहेछ–
थाहा भयो।

✲

**केशव सिग्देल**

# पुतली र बालक

(युद्धमा जीवन गुमाएका प्यालेस्टाइनी बालबालिकाको सम्झनामा)



मैदानमा खेलिरहेको एउटा बालक
अचानक अडियो काँडेतारको बारअघिल्तिर
ऊसँगै उडिरहेको पुतली
त्यो बार छलेर उड्यो आकाशमा।

बालकले पनि टाउको अलिकति उठायो
र हेऱ्यो आकाशतिर
र पुतलीको ठाउँमा देख्यो
धूवाँको मुस्लोसहित आफैतिर आइरहेको
मिसाइल।

अनि बालक आफै त्यो धूवाँमा हरायो
तर धूवाँ उडिरह्यो
टाढाटाढा
माथिमाथि
पुतलीजस्तै
त्यो बालकको सपनाजस्तै।

त्यसपछि त्यो मैदानमा पुतलीहरू आएनन्
बालकहरू पनि आएनन्

त्रासदीहरू आए
खुला आकाशलाई धमिल्याउने घृणाहरू आए
चुँडालिएका सपनाका अस्तुहरू आए।

आज फेरि उस्तै गरी घाम उदायो
भूमध्यसागरमा एकतमासको लहर उठ्यो
र सोहोरेर लग्यो धूवाँको बादल
अहिले मेरो मस्तिष्कमा हुर्किरहेछन् हजारौँ लार्भाहरू
मलाई खोइ किन यस्तो लागिरहेछ
पुतलीसँग खेल्न
फेरि उठ्छ कि त्यो बालक!
सायद अब त तन्नेरी पो भयो होला
अब पुतली होइन
झन्डा समाएर भन्छ होला
इनक्लाब – जिन्दाबाद!

✲

**कविता राई**

## छ्याकटे ढुङ्गा



श्राप, अपमान र घृणाको प्रतिमूर्ति
म हुँ अभिशप्त
छ्याकटे ढुङ्गा।

फूलमा अस्वीकार्य काँडा
आगोमा अस्वीकार्य डढेलो
स्वीकार छ
रगतले लेखेको भूराजनीति
शक्तिहीन, आवाजहीनहरूले खेप्ने

अन्यायको प्रतीक
म हुँ छ्याकटे ढुङ्गा।

बर्बर हिंसाको घाउ
विजय उन्माद र अभिमानको
दुष्परिणाम,
बोकेर मानवता विरोधी खुनी इतिहास
अनशनरत छु कीर्तिपुर डाँडामा
सदियौँदेखि।

थुक र खकारको समुद्र छ ममाथि
सोह्र धार्नी नाक-ओठको अवशेष रगत
खेपिरहेछु अनाहक
युद्धको कलङ्क लाचार छु खेप्न
म निरीह पत्थर
छ्याकटे ढुङ्गा।

हरेकले जन्मेपछि
लिएर आउँछ उही श्रुतिबिम्ब
अनि खन्याउँछ चरम क्रोध
प्रतिहिंसा र बदलाको घन
बजार्छ मेरो टाउकामा
ए मूलवासी!
सुनाऊ फैसला
सगरमाथा तिम्रो हो
मेचीकाली तिम्रो भो
गुराँस र शिरीष फुले एकै ठाउँ
मिल्छ त कहिले जन्मोत्सव र मृत्युशोक?

सबैले जितून्, नहारून् कोही
ढाकोस् धर्तीलाई फूलझरीले

हार्नेहरूले पनि
जित्नेहरूको नाममा नथुकून्
निर्दोष ढुङ्गालाई।

(छ्याकटे ढुङ्गो– कीर्तिपुरको एउटा ऐतिहासिक ढुङ्गो।)

*

**कपिल अन्जान**

# सामूहिक प्रतिकार



महोदय,
हामीलाई राम्रोसँग निदाउन दिनोस्
किनकि निदाएको मान्छेले देख्दैन
रङ्गीन सपना।

हेर्नोस्, हाम्रा यी आँखाहरू
अनिदो बसेका गतिला प्रमाणहरू हुन्
तपाईंका ज्यादती विरुद्ध धावा बोल्न
वर्षौंअघिदेखि आजसम्म चिम्लिन बिर्सेका छन्।

दिनरात एकै गरेर
तपाईंले बिछ्याउनुभएको षड्यन्त्रको प्रतिकार गर्न
हामी योजना बनाउँदै निदाउनै बिर्सियौँ।

बुजो नलगाउने हो भने
हाम्रा आँखाबाट रगतका भलहरू बगेका छन्
रातो र पीरो भएका छन्
क्रान्तिका लप्का।

यदि तपाईंलाई हेक्का छ भने
जाग्नु र ब्युँझिनुमा धेरै फरक छ

यहाँ ब्युँझेका भन्दा
जागेकाहरू बढी शक्तिशाली हुन्छन्।

महोदय,
हामीलाई निभ्न दिनोस्
किनकि हामी निभेनौँ भने
यहाँ हजारौँ झुपडीबाट
हामीसँगै निस्कने छन् मसालहरू
हामीहरूले जलाउने छौँ तपाईंको सत्ता
र ताप्ने छौँ त्यसैको आगो।

सम्झनोस् त
तपाईंले एकै पटक दिनुभएको हो
बोल्ने हक
र जिब्रो काट्ने आदेश
हामीलाई त्यस दिनदेखि लागेको हो
मौनता र मुस्कान नै
तपाईंलाई जित्ने बलिया आधार हुन्।

अनि हामीले बदल्यौँ
तपाईंसँग प्रतिकार गर्ने तरिका।

याद गर्नोस् त,
कैयौँ पटक लगाउनुभयो प्रतिबन्ध
बोल्न, हेर्न, सुन्न, पढ्न, रोज्न र छुन।

तपाईंले विचार गर्नुभएन
हाम्रा विचारमाथिको प्रतिबन्ध
त्यसैले
तपाईंको ज्यादती सहेर बाँच्नुभन्दा
हामी मृत्युको विरुद्ध मर्न तयार भयौँ।

हामी कायर होइनौँ
हामी गर्दैनौँ सम्झौता
र गर्दैनौँ सामूहिक आत्महत्या।

ज्यादती गर्दागर्दा हामीले जस्तै
तपाईंले पनि जित्नुहुने छ यो युद्ध
तपाईं एक्लो शासक हुनुहुने छ
र गर्नुहुने छ आफूले आफैमाथि शासन।

*

**केजी सुब्बा**

# आम्रपाली



यदि आम्रपाली
फगत एक नाम मात्र होइन भने
उनको सुन्दर तस्बिर
मेरो बायाँ हत्केलाको ऐनामा धपधप बलिरहेको छ
जसको परम हार्दिकतामा पग्लिएर
आज म स्वयम् बुद्ध भइसकेको छु।

यदि म बुद्ध नहुँदो हुँ त जरुर चक्रवर्ती राजा हुँ
जसको आफ्नै अधीनस्थ साम्राज्यमा स्वशासित सत्ता हुन्छ
जो आफू आफैमा परमाधिपति महाराज हुन्छ
जसको शिरमा हमेसा घुमिरहने सुरज चक्र हुन्छ
जसको आफ्नै प्रेमकहानी हुन्छ
जसको आफ्नै प्रेमी हुन्छ
तर म बुद्ध यसरी ढुङ्गासरि छु कि
न त मेरो कुनै रसराग हुन्छ
न त मेरो कुनै सुरताल हुन्छ
न त मेरो कुनै मोहजाल हुन्छ

तब त जो एक महान् राजाको जीवन बदलिएर
महाभिनिष्क्रमण प्रवर्जित भिक्षुको कहानी बन्यो।

बुद्ध हुनुको परिणाम
दुनियाँभन्दा अलग र बेगल त्यस्तो त केही नहुनुपर्ने हो
तथापि यही त भयो दुनियाँ र बुद्धबीचको अन्तर
दुनियाँ बिम्बिसारको दरबारमा आम्रपालीको अपमान गर्छ
बुद्ध अपमानित आम्रपालीलाई हृदयमा राखेर सबभन्दा धेरै प्रेम गर्छ।

यदि कसैलाई आफ्नै महाराजभन्दा अधिक माथि
बोधिसत्त्व लाग्छ भने
यदि कसैलाई आफ्नो साम्राज्यभन्दा अधिक माथि
आफ्ना श्रद्धालु भक्तजन लाग्छ भने
त्यो दरबार अनि साम्राज्य कसको होला
त्यो प्रेम अनि प्रेमकहानी कसको होला
बुद्ध अनि आम्रपाली कसको होला?

आगत र विगतलाई भुलेर तथागतमा नियन्त्रित म
माथिमाथि महासिनमा हाँसिरहेको बेला
तलतल साङ्केकी तोङ्पामा म रोइरहेको बेला
कसरीकसरी अचानक भेट भयो आम्रपालीसँग
तब आफै जागेर आयो मेरो बुद्धत्व
जागेर आयो मेरेन्जना नदीको किनार
जागेर आयो तुषित देवलोक
जागेर आयो जम्बुद्वीप
जागेर आयो आम्रपालीको सम्झना
जागेर आयो आम्रपालीको प्रेम।

प्रारब्ध हुन् कि आरब्ध हुन्
काया हुन् कि माया हुन्
एक हुन् कि अनेक हुन्

आखिर को हुन् त आम्रपाली
यदि आम्रपाली फगत एक नाम मात्र होइन भने
उनको सुन्दर तस्बिर
मेरो बायाँ हत्केलाको ऐनामा धपधप बलिरहेको छ
जसको परम हार्दिकतामा पग्लिएर
आज म स्वयम् बुद्ध भइसकेको छु।

*

**कल्पना काफ्ले**

# परदेशी बुबालाई पत्र!



बारीका रसिला टिपी फलहरू खाँदा मिठो हुन्न र!
आफ्नै आँगनमा फुले मखमली को पो खुसी हुन्न र!
के जान्छौ परदेशमा घर भुली, बाबा नजानू अब
आए साहु भने म तिर्छु, रिनको भारी म बोकूँ सब।

ढुङ्गो दर्सनमा रगड्छु बलले, के अग्नि बल्दैन र?
बाँझो खेत म जोत्न थाल्दछु भने के रत्न फल्दैन र?
खाडीमा कति मूल्य आउँछ बुबा, के चल्छ खै जिन्दगी
आफ्नै ढाँड गरा अजस्र पसिना फल्छन् म बेचूँ जति।

अग्ला पर्वतमा पुगी गगनका तारा गनूँ सक्छु म
पौडी सागरमा पुगेर पिँधमा मोती चुमी टिप्छु म
भर्ने शिल्प, कला र कौशल हुँदा औँला बने सुन्दर
औँला पाँच वटा समान नहुँदा के हात चल्दैन र?

बाबा, हाँक्छु, म थाप्छु काँध बलियो, चिन्ता नगर्नू कति
के बस्छौ परदेशमा घर भुली छाडी सबै सन्तति
खम्बा एक भएर थाम्छु, घरको छानो म नै छाउँछु
तिम्रा ओठ खुलून् अनेक सुखले, आशा लिई आउँछु।

फल्ने वृक्ष कतै त्यहाँ छ र कुनै पैसा बनी पातमा
एक्लो व्यक्ति बसी विदेश घरमा निद्रा कहाँ रातमा?
बाबा, साथ बसौँ, ढिँडो बरु टिपौँ यो सागको झोलमा
त्योभन्दा सुखशान्ति मिल्दछ यहीँ के बाँच्नु अन्योलमा?

✲

**कला अनुरागी**

## यादको सहर



पछिल्लो पटक हामी
छुट्टिएका थियौँ जहाँबाट
त्यहीँ छु अहिले पनि म।

मलाई नै थाहा छैन
तिमीसँग छुटेपछि
म यो सहरको
कुनकुन गल्लीमा भौँतारिएँ
कुनकुन चोक चहारेँ
तिमीलाई खोज्न।

यहाँ सडकमा बस होइन
हामीले गरेका
अनगन्ती यात्राका याद गुड्छन्
बसपार्क पुग्छु
त्यहाँ हाम्रा भेटका याद
उत्साहपूर्वक ओर्लिन्छन्
फेरि अनेकन् याद बसमा उक्लिन्छन्।

तिमीलाई पर्खिरहेको याद
कतै उभिइरहेको छ

तिमीलाई भेटेर चङ्गा भएको मन
हात उठाएर मुस्कुराउँदै छ
ओहो, त्यो मिलनको न्यानो याद
गलबन्दी बनेर झुन्डिरहेको छ गलामा।

पार्कतिर पुग्छु
बेन्चमा तिम्रो पहिलो स्पर्शको याद
रातोपीरो भइरहेको छ
त्यहीँ बसिरहेको छ
तिम्रो पहिलो चुम्बनको याद।

गल्लीगल्लीमा
हात समाउँदै हिँडेका याद
त्यसरी नै हिँडिरहेछन्
एकअर्काको हात चपक्क समातेर
मन नलागीनलागी छुटेका याद
चोकचोकमा उभिएका छन्
अनि कति ठाउँमा त
हामीले गरेका नमीठा झगडाका
मीठा याद उभिइरहेका भेटिन्छन्
कतै रुँदै हिँडेका,
कतै छलिँदै कुदेका
कतै एकअर्कालाई गाली गर्दै हिँडेका,
अनि कतै मायाको आवेश पोखेका याद
यादैयादले भरिएछ यो सहर।

जुन सपना देखेर
थालेका थियौँ हामीले यात्रा
म त्यहीँ छु अहिले पनि
खोजिरहेको छु तिमीलाई
खोजिरहेको छु हामीले देखेका सपना।

झस्किएको छु कति पटक
तिमीझैँ लागेर
कैयन् गल्लीका मोडमा
अचानक भेटिन्छौ कि लाग्छ अझै,
झुक्किएको छु कति पटक
सपना पूरा भयो कि भनेर
आशाले बेरिएरै हिँडिरहेको छु अझै,
तर यहाँ त याद मात्र बाँकी छन्।

अब त यो सहर
यादको सहर बनिसकेछ।

✲

**कृसु क्षेत्री**

# म महादेव : सृष्टिकै पहिलो प्रेमी



दाह्री पालेको
नङ नकाटेको
नुहाइधुवाइ नगरेको
एउटा फोहोरी असभ्य
सृष्टिको पहिलो मान्छे म।

जटाधारी छु
खरानी घस्छु
नाङ्गैभुतुङ्गै बस्छु
खानाको कुनै टाइम छैन
लगाउने कुनै ढङ्ग छैन
जनावरको छाला बेरेको छु।

साथमा छन्–
विषालु सर्प
जुरावाल साँढे
भूतपिशाच सङ्गी छन्
एउटा असंस्कृत
सृष्टिको आदिम पुरुष म।

हरदिन
गाँजा, भाङ, धतुरोमा मस्त छु
बेलाबेला बजाउँछु डमरु
नाच्छु ताण्डव
तेस्रो आँखा खोलेर ओकल्छु आगो
पिइदिन्छु विष
धरतीको एउटा फक्कड
प्राचीन बौलाहा म।

हो, असभ्य छु
असंस्कृत, अपठित छु
सनकी पागल छु।

तर
प्रेमको पहिलो अध्याय हुँ यस धरतीको
प्रेमको अमर कथा हुँ यस ब्रह्माण्डको।

सतीदेवी
जब तिमी
मजस्तो नाकाम
मजस्तो हरफौनमौलाको अपमान सहन नसकेर
यज्ञकुण्डमा हाम फालेर जल्यौ
म
रोएँ

आत्तिएँ
बिथोलिएँ।

मेरा लागि तिमीबिनाको यो धरती
शून्यशून्य/खालीखालीजस्तो
मरुभूमितुल्य बन्जरबन्जर
सबै थोक हराएजस्तो
सबै सकिएजस्तो
आफै केही हैन जस्तो
अपुरोअपुरो, अधुरोअधुरो
अँध्यारैअँध्यारो।

(अनि सुरु भो
मेरो पागल प्रेम
मेरो आसक्ति)

असह्य भो तिम्रो अपमान
तिम्रो हत्या
र, पोलिदिएँ
हजारौँलाई बलिवेदीको अग्निकुण्डमा
काटिदिएँ
आफ्नै ससुराको टाउको।

तिम्रै लास काँधमा बोकेर
भोकै
नाङ्गै
खाली खुट्टै
धरतीका कुनाकुना दौडिरहेँ
एक्लै... एक्लै... एक्लै...!
तिमीलाई बचाउन
फोरेँ पहाड

बहाएँ गङ्गा
छेकिरहेँ घाम
पिइदिएँ समुद्र।

करोडौँ वर्ष
तिम्रो लास
दह्रोसँग अँगालेर
नखसोस् भनी च्याप्प समातेर
काँधमा बोकी
दौडिरहेँ, दौडिरहेँ...।

बेलाबेला हरायौ कि लाग्यो
छुट्यौ कि लाग्यो
चिच्याएँ बेस्सरी
र, हेरेँ तिम्रो शान्त आकृति
अनि मायाले द्रवित भई
अँगालो मारेँ
र चुमेँ तिम्रो आधा जलिसकेको ओठ।

चाहे ब्रह्माले
महादेव बहुलायो भनून्
या ब्रह्माण्डले भनून्
कुनै गुनासो छैन मलाई
हो नै म तिम्रो पागल प्रेमी
यो सृष्टिको पहिलो आसिक
पहिलो प्रेमको अध्याय।

म तिमीलाई प्रेम गर्छु
तिम्रो भौतिक वा अभौतिक शरीरको अर्थ छैन
तिमी बाँच्नु वा मर्नुले मेरो प्रेममा फरक पार्दैन
फैलियोस् मेरो शरीरको दुर्गन्ध

झरोस् कुहुँदै तिम्रो लास
यसैमा म प्रेमको अनुपम सुवास पाउँछु
र, यो सुवास फैलाउन चाहन्छु
यो धरतीमा
यो बह्माण्डमा।

म हुँ आदिप्रेमी
मैले नै सुरु गरेको हुँ ब्रह्माण्डमा प्रेम
प्रेम उमार्ने
प्रेम बचाउने
प्रेम फुलाउने
प्रेम फलाउने
पहिलो पागल प्रेमी म
सृष्टिको पहिलो प्रेमकाव्य
सङ्गीतको सुरम्य नाद हुँ म
सारेगमपधनिसा
डमड्डमड्डमड्डमन्निनादवड्डमर्वयम्!

✲

**कुमार नगरकोटी**

## चिम्नी, एस-ट्रे र यादहरूको खरानी



चिम्नीबाट
एकनासले धूवाँ
पुतपुताइरहेको छ–

त्यो घरमा बस्ने
बूढो कविको दुःखी मन
आज नराम्रोसँग जलेजस्तो छ।

●

यमदूत
मेरो ओछ्यानमा
मस्तसँग निदाइरहेको छ–

अचेल
तिम्रो सहरमा
उसलाई निद्रा लाग्न छाडेजस्तो छ।

●

यो लास
जो म चिरफार गरिरहेको छु
यसमा मुटुको नामोनिसान छैन–

यो लास
पक्कै पनि कुनै
राजा-महाराजाको हुनुपर्छ।

●

तिमी
मन्दिर जाऊ
म जान्छु मदिरालय–

तिमी
'खुदा'-मा लीन होऊ
'खुद'-मा म विलीन हुन्छु।

●

शववाहनहरू
शव उठाउन बिहानैदेखि
तिम्रो घरतिर गइरहेका छन्

सुन्छु,
तिम्रो उदास मनभित्र
यादहरूले सामूहिक आत्महत्या गरेका छन्।

\+ +

मान्छे
भूलचुक मर्छ
दुर्घटनामा मर्छ/कालगतिले मर्छ–

दोष
सदासदा
मृत्युले नै पाउँछ।

\+ +

तन्ना
तिम्रै मनझैँ
निकै खजमजिएको छ

यो ओछ्यानमा
कुनै परित्यक्त टुहुरो याद
रातभरि छटपटिँदै मरेको हुनुपर्छ।

\+ +

खाली सिसी
पुराना कागजहरूभन्दा पनि
सस्तो-गएगुज्रेको भएछु कि क्या हो–

आजकाल
कबाडीहरूले समेत
मरिगए, मेरो हालचाल सोध्दैनन्।

\+ +

सुनसान
क्याफेको कर्नर टेबलमा
आजकाल एक्लै बस्ने गर्छु–

म तिम्रा
यादहरूको खरानी हुँ
सिगरेटबाट एस-ट्रेमा खस्ने गर्छु।

✲

**लक्ष्मण गाम्नागे**

## आमाको चिठी



प्यारा छोराहरू, बुहारीहरू
छोरीहरू, ज्वाइँहरू
नातिनातिना, पनातिपनातिनाहरू
मलाई यहाँ सन्चै छ
तिमीहरूलाई कस्तो छ?

देशमा छौ, कोही परदेशमा छौ
तिमीहरू कस्तो परिवेशमा छौ
सम्झेर तिमीहरूलाई चिन्ता लागिरहन्छ
भोक र निद्रा भागिरहन्छ।

भोक र निद्रा भाग्नु,
त्यो पनि ठीकै पो लाग्छ–
भोक नलागे अनिकालबाट बचिन्छ
निद्रा नलागे चोरचकारबाट जोगिइन्छ
म त पहिलाभन्दा झन् दह्री भएकी छु
जति दाम्री पऱ्यो उति चाम्री भएकी छु
तिमीहरू ढुक्कले कीर्ति कमाउँदै जानू
दुनियाँका अगाडि धाक जमाउँदै जानू
मेरो कुनै सुर्ता गर्नुपर्दैन

भन्छन् माया ओरालो झर्छ–
झरोस्, फिर्ता गर्नुपर्दैन।

अहिलेसम्म खासै दुख्बिमार केही छैन
कहिलेकाहीँ अलिअलि कम्मर दुख्छ
दुख्दादुख्दैदुख्दादुख्दै हुरुक्क बनाउँछ
सासै जाला जस्तो गराउँछ
त्यस्तो बेला दाह्रा किटेर खप्नुपर्छ
भगवान्को नाम जप्नुपर्छ
तर पनि म कडै छु
लडखडाउँदैलडखडाउँदै चुलो सल्काउन खडै छु
मेरो पीर गर्नुपर्दैन, भर्खर नब्बेमा टेक्दै छु
इः, अहिले पनि अगेनामा सुन्निएका गोडा सेक्दै छु।

कान एकोहोरो कराइरहन्छ, बेलाबेला होस हराइरहन्छ
बाका बेसुरा कुरा सुनेर मन डराइरहन्छ
तर पनि केही छैन नानीहो,
आँखा नदेखे पनि बा अलिअलि कान सुन्नुहुन्छ
कान नसुने पनि म अलिअलि आँखा देख्छु
बालाई मेरो भर छ, मलाई बाको भर छ
यति भएपछि हामीलाई केको डर छ?
तिमीहरूले बेलाबेला सन्चोबिसन्चो बोले पुग्छ
मातातीर्थे-कुशे औँसीमा भिडियो खोले पुग्छ
भाडा पिटाएर यता आइरहनुपर्दैन
वृद्धभत्ता आएकै छ,
हामीलाई खर्च पठाइरहनुपर्दैन।

बरु बाको बिसन्चोले पो मलाई अलि सन्च हुँदैन
सम्झाउँछु, हाम्रो बिमार अब नमरी अन्त हुँदैन
पोहोरदेखि सुन्निन थालेका हातगोडा बस्न जानेका छैनन्
मुखमा बाँकी दुइटा दाँतका जरा अझै खस्न मानेका छैनन्
बूढो हड्डी हो, दुख्नु नौलो कुरा होइन भन्छु–सम्झाउँछु

पानी निख्रिएको शरीर हो–
कटकट खानु अचम्म होइन भन्छु, फकाउँछु
आफै रुनुहुन्छ, मलाई नरोऊ भन्नुहुन्छ
बेलाबेला मलाई नै 'तिमी को हौ?' भन्नुहुन्छ।

त्यता कस्तो छ, यता यस्तै छ
बिसन्चो भनौँ, बिसन्चो केही छैन
सन्चो भनौँ, सन्चो केही छैन
थाहा पनि पाउँदिनँ अचेल म–
मुटु दुखेको हो कि मन
छाला चाउरिएको कि सम्बन्ध
हाड मक्काएको हो कि सम्झना
आँखा धमिलिएको हो कि माया
कान कराएको हो कि शङ्ख!

शङ्खले सम्झाइरहन्छ तथ्य, सकिँदै गएका मेरा दौँतरीहरू
म मर्दा आउन भ्याउलान् कि नभ्याउलान्–
मेरा बबुरा सन्ततिहरू?

भ्यायौ भने आउनू, एक थुँगो फूल ल्याउनू
नभ्याए उतैबाट श्रद्धाञ्जली पठाउनू
लौ त,
चेतना अन्त नभई अन्त नहुने मनको तरङ्ग
भैँसी बराबरका अक्षरमा नअटाउने यो पत्र
कतै कसैलाई नपठाउने मनको खाम
रातरातभरि खोलिरहन्छु, पढिरहन्छु
तिमीहरूले जवाफ पठाए पनि नपठाए पनि
दिनरात म चिठी लेखिरहन्छु, लेखिरहन्छु।

*

**लक्ष्मी रुम्बा**

## जङ्गल : एक सपना

जङ्गलमा कोरिएका छन् विषादका धर्साहरू
कच्याककुचुक परेको छ समय पनि
वर्षौंदेखि विकासे डढेलो सल्किरहेछ



हरित संसारमा
खिइँदै छ जङ्गलको फोक्सो
निख्रिँदै छ पृथ्वीको सौन्दर्य।

उहिलेउहिले
प्रेम र युद्धको मिसाइल एकसाथ चपाएर हिँड्दा
रूखहरूको आदिवासी सपना निधारभरि फुल्दा
बोकेर हिँड्दा पृथ्वीजत्रै अत्यासहरू
उज्यालिएकै हुन्थ्यो एकनास जङ्गलको मुहार
अहिले कहाँ बिलायो– आदिवासी धुनहरूको मधुरता
ऋतुका अनेकन् लयमा नाचिहिँड्ने जीवनको पदचाप
हजारौँ माइलबाट आउने चराहरूको बथान
पोल्टाभरि लुकामारी खेल्ने वसन्त
कहाँ गयो पृथ्वी नै उजिल्याउने त्यो तागत?
अतीतको पाइलाबाट
जङ्गल आफैलाई प्रश्नप्रतिप्रश्न गरिबस्छ
र सधैँ उत्तर पर्खिरहेको निरीह प्रश्न बनिरहन्छ।

इतिहासको गल्छेडाबाट
नक्सा हराएको देशझैँ
बिलाउँदै छ जङ्गलको कथा
सुनिँदैन– रूखहरूको बाक्लो सुसाइ
पातहरूको सऱ्याकसुरुक
देखिँदैन रैथाने खुसीहरूको लर्को
सुनिन्छ केवल जङ्गलको चिच्याहट।

यस्तोमा चराहरू अलमलिइरहेछन्
गाउन नसकेर जीवन गीत,
हावाको अपरिचित गतिमा
हल्लिरहेछ गुराँसको बेमौसमी जोबन
बैँस नै नआई भरिलो भइरहेछ काफल
सुक्दै छ बीजहरूको जीवनदायी मूल
हराउँदै छ जङ्गलभित्र बिस्तारै जङ्गलकै जीवन-चित्र।

अस्तित्वका कुनाकाप्चा छाम्दै
जङ्गल स्वयम् बुझ्दैन
दूर देशको आयातित गह्रुँगो भाषा
जस्तो कि
प्रकृतिको निजीकरण
सहरको प्रस्थानबिन्दु
विश्व बजारको गन्जागोल रूप
मान्छेहरूको कस्मेटिक जीवन
आदिवासी धुनहरूको विलय
हरित गृहको मितेरी साइनो
कार्बनको लिलामी बजार...।

न जङ्गल आकाशलाई पक्रन सक्छ
न भुइँमुनिको जलाशयलाई,
कसरी भयो
जादुमयी जमिनसँगको बिछोड?
उखेलियो मनको जरा
कसरी हाँगाहाँगा छिमलियो बैँस
काटियो उमेरको पखेटा।
छामेर सुस्तरी आफैलाई
जङ्गल टोलाउँदै छ, मात्र टोलाउँदै छ
पूर्वस्मृतिका किनाराहरूमा झोक्राउँदै छ।

चुहिरहेछ जङ्गलको आँखाबाट
रूखहरूको उचाइ
नदीहरूको प्यास
र हिमालको आँसु।
मरुभूमिमा बालुवाका कण बराबर
छन् जङ्गलका बग्रेल्ती गुनासाहरू– बनमारा समयसँगै
आदिम युगका आफ्नै सन्तानसँग
र

पश्चिमी बाडुलीमा
टाउकैमाथि निर्बाध उडिरहेका परदेशी चिलहरूसित
छ कि त कसैसँग
यी गुनासाका धर्साहरू मेटाउने जीवनको लय?

✲

**लेकाली कान्छा 'मुक्कुम'**

# आशीर्वाद



हदै जाडो छ
आमा, मलाई मुकुट ओढ्ने वरदान नदिनुहोस्
देउताहरूको नाम नदिनुहोस्
हजुरको मुटु काटेर माम नदिनुहोस्
बरु एउटा बिहान बनाउने याम दिनुहोस्।

मेरो बिहानीको हात समाएर उठ्न सकोस् लङ्गडो सगरमाथा
मेरो बिहानीको प्वाँख सिउरेर
उड्न सकोस् घाइते परेवा
मेरो बिहानीले राष्ट्रगानभन्दा अग्लो विश्वगान गाउन सकोस्
हो, यहाँ साराले आफूलाई पाउन सकोस्
यो देखेर सधैँ झोक्रिबस्ने लुङदरले पनि खुसी पाउन सकोस्।


फूलहरूको लासले बनेको भ¬याङ उक्लेर
स्वर्ग पाउने चाहना छैन
खुनको रङले बनेको रातो मुकुट लगाउने चाहना छैन
म त मान्छे हुन चाहन्छु मान्छे
समान माया पस्कने भान्से हुन चाहन्छु भान्से
मलाई भान्सा पकाउने ठाम चाहिन्छ
मलाई बिहान बनाउने याम चाहिन्छ।

सक्नुहुन्छ भने मलाई यस्तो एउटा आशीर्वाद दिनुहोस् आमा
जुन आशीर्वादको शक्तिले
देउता हुनबाट टाढिइराख्न सकूँ
बनाएर बिहान बाँडिराख्न सकूँ
आफू अस्ताउँदा पनि झुल्काएर
घाम छाडिराख्न सकूँ।

*

**मञ्जुल**

# पोट्रेट



तिमीले मलाई हेर्दा
सोझै पर्छन् तिम्रा आँखाहरू मेरा आँखामा।

अनि तिमी मलाई हेर्छौ, हेरिरहन्छौ
अघिअघिका जुनीहरूदेखि नै चिनेजस्तो गरेर।

तिमी मलाई हेर्छौ, हेरिरहन्छौ
किनारले
अथाह सागरलाई हेरिरहेजस्तो।

रूखका हाँगाहरूले
सीमाहीन आकाशलाई हेरिरहेजस्तो।

बादलले
पहाडपछि पहाडका शृङ्खलाहरूलाई हेरिरहेजस्तो।

नदीले सपनाहरूलाई
र शून्यले सङ्गीतका श्रुतिहरूलाई हेरिरहेजस्तो।

हामी कुरा गर्छौं
हेराइको भाषामा, आँखाको भाषामा
संसारको सबभन्दा सशक्त र जीवन्त भाषामा।

गहिरागहिरा दु:खलाई तेल र बलियोभन्दा बलियो आशालाई सलेदो बनाएर
बालेको जीवन-बत्तीको किताब या अनुभूति-पुस्तक
तिमी पढ्छौ, पढिरहन्छौ
मलाई हेरेर, एकनासले मलाई हेरेर।

कुनै कला-दर्शकले
कुनै प्रतिभाशाली चित्रकारद्वारा निर्मित
पोट्रेटलाई हेरेजस्तो, हेरिरहेजस्तो।

*

**मञ्जु काँचुली तिवारी**

## देश जलिरहेछ



सहिदहरूको दनदनी जलिरहेको लासको
स्वप्निल उज्यालोको बीच हामी
अन्धकारको ब्ल्याकहोलभित्र बन्दी छौँ
र कहिल्यै पनि उम्किन खोजिरहेका छैनौँ।

जलेर टुक्रँदै खसेको जहाज
अनि भूकम्पले भत्केका घरको
अवशेष
छन् यत्रतत्र अझै!

उद्धार गर्नुपर्ने समयमा
सुरक्षाको विपरीत घरभित्रै लुट्न व्यस्त छौँ
अनि एकले अर्कालाई निहुँ पारेर
सोध्ने गर्छौं साङ्केतिक भाषामा–

कहिले हुन्छ बिहानी?!
कहिले हुन्छ उज्यालो?!
बिहानी भासिएर तल पुगिसक्यो
कालो रातको पहिरोले पुर्न लागिसक्यो।

खै, कसले उद्धार गर्ला यो समयलाई
छि: कस्तो गनाउने वर्तमान
हामी व्यस्त छौँ
हानथाप, षड्यन्त्र र लुछाचुँडीमा।

बास्ना आउने श्रीखण्ड र रक्तचन्दनका
काठरू त
आफ्ना लामा गोडाहरू टेक्दै
खै, कतातिर लम्किए उज्यालो खोज्न।

माछा मार्ने पोखरीहरू धमिला छन्
जिब्रो काटिएको वर्तमान विवश छ
भक्तराजको आवाजले बोलिरहेछ
देश जलिरहेछ!

*

**मानसाग्नि**

## यात्रा



भाग्य बोलाइरहन्थ्यो
रत्नपार्कको
गणेश मन्दिरको पेटबाट
मन र धन टेबलमा छितारेर।

पैताला कहिल्यै रोकिएनन्
अगाडि बढिरहे
शिखरको कलमले
माटोमा भाग्य लेख्न।

असनको पुरानो सडकमा
मलाई देख्नेबित्तिकै
पीपलको बोट हात समातेर
नयाँ सडकमा तान्न खोज्यो
नीतिका सूत्रभित्र
राजका रहस्यहरू पढाउन।

पैताला रोकिनै खोजेको बेला
आकाशले पाञ्चायन सूत्र पढायो
परम स्वतन्त्रताको।

हातका रेखाहरू
फिर्ता नमाग्ने गरी
दिएर उसैलाई
खाली हात र निधार लिएर
यात्रा– अलिखित गन्तव्यतिर।

काँधमा बोकेर आफैलाई
हृदयको उकालो यात्रा
कैलासको पवित्र चुचुरामा
पहिलो बीज रोप्नु थियो।

मानसरोवर
पसिनाको सुगन्ध बोकेर
शिरमा कमल फुल्दो रहेछ
डमरुको महामन्त्र

हिमाल र पहाडको प्रणयलीला
सौन्दर्यको गन्तव्य।

चित्त स्थिर भएको बेला
चिता पनि उत्सवमा
तीन फन्को नाच्दो रहेछ
र त आदियोगी
ताण्डवमा स्थिर नाच्छन्।

लयमा विलय भएर
मौनताका स्वरहरू
सङ्गीतको सङ्गतिमा
चुचुराको चौतारामा
गाइरहन्छन्
'अहं ब्रह्मास्मि।'

*

**महेश पौड्याल**

# केही सूक्ष्म कविता

## १. बिदाइ



जा जहाँ तेरो हृदयको गीत छ,
त्यसै वनमा जा!

बाटोमा नखसाउनू आँसुका मोती
तल जहाँजहाँ मान्छे छ त्यहीँ हाटबजार छ,
हत्केलामै थापी तेरो संसार बेच्ने हतार छ।

अचेल हाटबजारका आँखा आकाशमा हुन्छन्
छुटेपछि पैताला जमिनबाट
उच्छ्वासहरू दूरन्तका साँधतिर हुन्छन्।

जा, जहाँ तेरो पनि छ धरती-आकाश त्यहीँ जा!
रङ्गमञ्चबाट मान्छे घर फर्केपछि
फेरि पनि तेरो आगमन हुने नै छ।

## २. हाटबजारमा

घामले
लाखौँ योजन परबाट पठाएको उज्यालो र न्यानोपन
बाटैमा बेचेर खाएनन् त किरणहरूले!

बादलले माथिबाट पठाएको जलराशि
बाटैमा पिएनन् त वर्षाका धारहरूले!

दिएरै नदी सुकेको पनि सुनिनँ,
ओतेरै आकाश झुकेको पनि सुनिनँ।

को हुन् त्यो पर दरबारको ढोकैमा
आफ्नै छाया पनि पोको पारी गाजल भनेर बेच्नेहरू?
आफ्नो माया पनि कौडीको मोलमा
लिलाम गरेर बेच्नेहरू?

र दरबारपछाडि
आफ्नै भावी चिहानमा पनि तारबार लगाएर बेच्नेहरू?

## ३. सापट

सधैँ सापटमै त चलाएँ जिन्दगी!
अब लाज र मर्यादाका लाछी पर्खालहरू नाघेर म

अन्तिम अनुग्रहको भिक्षा माग्दै छु–
अलिकति थप सास पनि सापट देऊ धरती
म मान्छेले अविष्कार गरेका
सबैसबै रकमी बहीखाताबाट
आफ्नो नाम मेटेर जान चाहन्छु।

## ४. नदीगीता

रोएरै वा सहिदिएरै,
नदी बन्न सक्छु भन्थेँ!
आधा जुनी गाएपछि तादी किनारमा
अभाव, सन्तुष्टि र आक्रोशका गीत
बल्ल थाहा भो
नदी नै बन्न त हामीले
कि पानी बन्नुपर्दो रहेछ
कि खरानी।

## ५. सपना-बिपना

सपनामा–
एक पाउले आकाश नापेँ
अर्को पाउले धरती
तेस्रो पाउले आफ्नै शिर के नाप्न थालेको थिएँ
सपना टुट्यो।

बिपनामा–
आफ्नै अनुहारको दशांश पनि
नापिसकेको थिइनँ यतिका वर्षमा
खै, कसले खोल्यो समयको फाटक यति छिटो,
र बजायो पल्लो किनारबाट सिठी– सी...सिट!
सबैसबै सपनाहरू बिपनामा विलीन भए,
र बज्न थाले घडीको एकान्त गीतजस्तो– टिक, टिक, टिक।

*

**मणि लोहनी**

# डिलिट दु:ख



उसको आँखैमा छ त्यो सानो पिण्ड
जहाँबाट आएको नौलो जीवले शताब्दियौँ पहिले
अत्याधुनिक सफ्टवेयरसहितको
उसको ल्यापटप चोरेर लगेथ्यो।

निथ्रुक्क भिजेको छ आकाश,
जीवहरू हेर्न मङ्गल ग्रहबाट झरेको छ नयाँ रोबोट
पाठेघरभित्रको माइक्रोचिप्समा
रक सङ्गीत सुन्न नपाएर चिच्याइरहेछ भ्रूण
मुटुमा राखिएको
प्रेममापन सफ्टवेयर बिग्रिएको भन्दै
बौलाइरहेछ एउटा प्रेमी ठिटो।

हैरान र भयभीत छन् मानिसहरू
सम्बन्धको गहिरो घाउ छ सबैसँग
नयाँनयाँ आविष्कारसँगै बढ्दै गएको छ दु:खको आकार
आक्रान्त छन् मानिस
यही मानिस भनिने जीवको बीचमा
ऊ एक्लो छ र जुटिरहेको छ नयाँ आविष्कारमा।

ग्यालिलियोको सिद्धान्त च्यातेर
मुस्कुराइरहेको छ यो चेप्टो हुन नसकेको पृथ्वी
शरीरका प्रत्येक कोशिकामा
नयाँनयाँ सफ्टवेयर राख्न व्यस्त छ एक हूल किशोर वैज्ञानिक
न्युटनको तेस्रो नियमलाई गलत साबित गर्दै
ऊ साधनारत छ आविष्कारमा।

उसको आफ्नो भन्नु
यही मनिटर, यही माउस

र आफैभित्र जेलिएको प्रेमजस्तो
यिनै मसिना तारहरू मात्रै हुन्।

ऊ आविष्कारमा तल्लीन छ नयाँ यन्त्रको
एउटा यस्तो यन्त्र जसले
माउसको एक क्लिकमा
डिलिट गरोस् मानिसका सम्पूर्ण दुःखहरू।

*

**मीनकुमार नवोदित**

# ढोका



भित्र पस्दा होस् या बाहिर निस्कँदा
पालेझैँ ठिङ्ग उभिएको छ ढोका
हुन त उहिल्यै राजामहाराजको पनि
सुरक्षा गरेको थियो ढोकाले।

ढोका बन्द गरेर
ढुक्क हुन्छन् मान्छे
अनि हुन्छन् सर्वाङ्ग नाङ्गो
बाथरुम, बैठक कोठा र बेडरुमका
ढोका बन्द गरेर गर्छन्
गर्न हुने-नहुने!

जसरी
प्रधानमन्त्री र राजदूत
मन्त्री र ठेकेदार
न्यायाधीश र वकिल
प्रहरी र तस्कर
गोप्य कोठाको ढोका बन्द गरेरै
गर्छन् संवाद।

ढोकाले हेर्न हुनेनहुने सबै हेर्छ
सुन्न हुनेनहुने सुन्छ
देख्न हुनेनहुने देख्छ।

झुपडीमा होस् या महलमा
ढोका चुपचाप उभिइरहन्छ
भित्र हुँदा होस् या बाहिर जाँदा
ढोका थुनेपछि ढुक्क हुन्छन् मान्छेहरू।

साह्रै इमानदार छ ढोका
शासकले झैँ कुनै दिन
इमानदारी गुमायो भने ढोकाले
के म सुरक्षित रहुँला?

*

**मुनाराज शेर्मा**

## सहरमा गरिबहरू



सहर दृश्यमा जति भव्य, शालीन लाग्छ
त्यति नै कुरूप, निर्दयी र दयाहीन हुन सक्छ।

सहरको आफ्नै कुलीन नियमहरू हुन्छन्
सहर सुनको पिँजडाजस्तै हो
जो मालिकले पिँजडा मर्जीअनुसार बनाउँछ
निरीह, कमजोरहरूको स्वतन्त्रतासित उसको दैलो उघ्रँदैन
स्वतन्त्र पखेटा कुँजिनभन्दा प्वाँख काट्नु सहरको नियम हो
जति गाउँछौँ गीत मालिकको मर्जीमा हुन सक्छ
ए चरा! तिम्रो काम पिँजडामा गर्व गर्ने होइन, भत्काउने हो
पखेटाको अनन्त उडान भर्ने हो
कमजोरी त्यहाँ भयो, तिमी पिँजडामा रमायौ।

खुसी के हुनु चौडा सडक हेरेर, तिम्रो ठेला प्रतिबन्धित छ त्यहाँ
ए, कुनै गल्ली त होला सहरमा तिम्रा नागरिकको भोकको ठेला अडिने
भोकै हिँड भोकाहरू!
ठाँट पल्टेर सक्छौ भने
सहरको इज्जत जान्छ है
सहरले गरिबीप्रति अघोर घृणा गर्छ
सहर वैभवको उत्तेजित लिङ्ग हो जो पुँजीवादी आडम्बरले उन्मत्त छ
दुईचार आफन्तलाई छात्रवृत्ति मन्साएर भोगमा लिप्त छ सहर
तिम्रो आँसु र ढलको पानीमा भेद राख्दैन सहरले
तानाशाहहरू आँसुमा रमाउँछन्, आँसुमा उत्सव गर्छन्
आँसु झार्नु सहरको वैभव हो
तर हामीले लोकतन्त्रको पृथ्वी बनाउँदा
आँसुलाई समानताको हृदयले पुछ्ने भनेका थियौँ
पुतली पनि झुसिलकीराबाट बन्छ
अहिले झुसिलकीराको प्रकोप छ प्रिय ठेलावाल दिदी!

आलिसान महल जुवाघर, चम्किलो सडक, महँगो सपिङ मल, नग्न तस्बिरहरू
सहरको खास विशेषता हो
तिम्रो दुःखको कथा मात्र सिनेमालाई बेच्न सक्छौ सहरमा
जहाँ दुःख हेरेर आँसु झार्छ सहर
र दुःखलाई अझ गहिरो दुःखको इनारमा झार्छ
आँसुको कथा पुरस्कृत हुन्छ, आँसु पुछिँदैन
सहरको नियम हो दयाविहीन हुनु, नियम मान्नुपर्‍यो नि सागवाल्नी दिदी!
तिम्रो मिहिनेत, तिम्रो अकाल मृत्यु, तिम्रो भोक सहरको बडापत्रभित्र पर्दैन
इखले राख्नु हृदयको पत्थरभित्र
सहर ठान्छ– मानिसहरूका ज्यालादारी सडकछाप नानीहरू, बेवारिसे वृद्धहरू
यी सब सहरका कालो धब्बा हुन्
सहर फुत्त निर्माण भएको अजम्बरी चिज हो लाग्छ उनीहरूलाई
यो सफाचट दुरुस्त हिराजस्तो चम्किनुपर्छ ठान्छन् उनीहरू
सहर चम्किरहने निर्जीव धातु हुनुपर्छ सायद
हामीले सहर हाम्रो भनेर जीवनझैँ ठान्नु नै मूर्खता थिएछ आँसुका यात्रीहो!

प्याङ्याङमा भव्य सपिङ मल छ जहाँ छिर्न पाउँदैनन् मानिसहरू
हो, त्यस्तै हो सहर विपन्नका लागि
हेर त, सहर कसरी अघाएर जङ्गली साँढेजस्तो दौडमा छ
उसलाई फुर्सदै कहाँ छ अभावको कुरा सुन्ने
बेथिति निर्मूल गर्नु असल चिज हो
तर व्यवस्थापन आवश्यक हो कि होइन, सोध यो बहिरो सहरलाई
कुनै रोजगारीको चाँजो गर्नु उसको कर्तव्य हो कि होइन,
बयान गराऊ यो बहुला सहरलाई।

कुनै सिद्धान्त, वैचारिकीबिना उभिने सहरका निर्माणकर्ताहरू मात्र वैभवका पत्थर हुन्
कति करोड गरिबहरूको लासमाथि हाँसिरहेको छ सहर
कति टन मजदुरहरूको पसिनामा चम्केको छ सहर
कति हजार कमजोरहरूको रगतमा लतपतिएको छ सहर
हेर त, निषेध गरिरहेको छ सारा विपन्नहरूको आँलाई सहर
कति पातकी र आडम्बरी हुन सकेको हो यो सहर
मुन्धुम, वेद, त्रिपिटक, बाइबल, कुरान सबका सबको मानवतामाथि
खिल्ली उडाइरहेछ यो सहर
संविधानको मौलिक हकमाथि नृशंस छुरा घोपिरहेछ यो सहर
कम्तीमा दयालाई त पालन गर् ए निर्दयी सहर!

*

**मोहित जोशी**

## हिमयुग



एउटा फुटेको गुडिया
बिर्सिइएको छ बर्सातमा,
त्यसको अनुहार
मौन पीडाले सुन्निएको छ।

सुन्दरता लुप्त हुँदै गइरहेको,
न्यानोपन र स्नेहको स्पर्शका लागि भौँतारिइरहेको,
एउटा पलाँसको फूल
फुटपाथको चिरामा मुर्झाइरहेको छ।

आँसुले बगाएको गाजलको दाग
नमेटिएको अनुहार भएकी एउटी आमा,
रित्तो कोक्रो हल्लाउँदै
लोरी गुनगुनाइरहन्छे।

टाढाको कुहिरोको सौन्दर्य,
मनै चिस्याउने गरी
कुहिरोले अँगालिसकेपछि
कुहिँदो रहेछ।

हिजो न्यानो थियो
हिमपातको बेला झरेको
हिउँको पहिलो कण पग्लन्थ्यो
एउटा बालकको आँखाको परेलीमा।

त्यो बालक जो प्रेम गर्थ्यो घामकीरीलाई
आज ठूलो भइसक्यो, उसैको चिसो स्पर्शले
प्याट्ट फुटेका छन् घामकीरीका पखेटाहरू।

आज मानिसको स्पर्शले
फूलहरू जमेका छन्;
पुतलीहरू जमेका छन्;
जमेको छ यो समय नै!

जमेको यो समय जुनसुकै बेला प्याट्ट फुट्न सक्छ।

*

## मौन आवाज

# म तिम्रो पहिलो प्रेमी हुँ छोरी



म खरानी हुनुअघि
म तिम्रो अमरत्व चाहन्छु।

किनकि
म तिमीलाई चाहन्छु
तिम्रा हरेक चाहनाहरूलाई चाहन्छु!

तिमी मेरो पूर्वजन्म र पुनर्जन्म दुवै हौ
तिमी मेरो जीवनको गति र लय दुवै हौ
तिमी मेरो अस्तित्वको प्रारूप-स्वरूप र अन्तर्रूप सबै हौ!

तिम्रो कोमल ओठ मेरो वाक्य हो
तिम्रो कलिलो पाइताला मेरो यात्रा हो
तिम्रो हाँसो मेरो उज्यालो हो!

कहिलेकाहीँ मभित्र पस्ने अन्धकारलाई
कहिलेकाहीँ मसँग ठोक्किने आँधी र तुफानलाई
तिम्रो उपस्थितिको अर्थले परास्त गर्छ।

तिमी मेरो प्राप्ति– मोक्ष र निर्वाण हौ
तिमी मेरो खोज-अनुसन्धान र अविष्कार हौ!

तिमी मेरो स्वतन्त्र इच्छा हौ
मेरो कामना र कल्पना हौ
तिमी मेरो अविभाज्य अङ्ग हौ!

तिमी निरपेक्ष चेतना होइनौ
बरु
सापेक्ष चिन्तन हौ!

ढुङ्गा, माटो र बतासजस्तै
जल, वायु र आकाशजस्तै
तिमी प्रकृति हौ!

तिमी पनि मजस्तै
यो ब्रह्माण्डको आकस्मिकता-संयोग र आवश्यकता हौ!

तिमी पनि मजस्तै प्रदत्त हौ
हौ एक सूक्ष्म अनु-कण-आकार र व्याप्ति!

तर/तिमी मजस्तै एक यौनाङ्ग मात्र किञ्चित् होइनौ
तिमी बहुलिङ्गी हौ– सप्तरङ्गी हौ
र हौ बहुल अस्तित्वको साझा पुञ्ज!

मबाट तिमी भयौ
एक दिन तिमीबाट म हुने छु!

म खरानी हुनुअघि
म तिम्रो अमरत्व चाहन्छु!

कदाचित् तिमी नष्ट भयौ भने
सम्पूर्ण सम्भावना नष्ट हुने छ!

तिमी नष्ट भयौ भने
घाम नष्ट हुने छ, जून नष्ट हुने छ
यो जगत् नष्ट हुने छ
म नष्ट हुने छु
मेरो पहिलो प्रेम नष्ट हुने छ!

ममता र स्नेहको अन्तिम सीमासम्म
म तिमीलाई अपरिभाषित प्रेम गर्छु!

यो संसारका सबै सत्यहरू साक्षी राखेर
म दाबी गर्छु
म तिम्रो पहिलो प्रेमी हुँ!

किनकि
म तिम्रो बाबा हुँ छोरी!

✲

**महेश कार्की क्षितिज**

## हलीको मागल



निधारको लेकबाट नदी नबग्नु हो भने पसिनाका
असारको हरियो पहाड अडिने थिएन हत्केलामा।

छातीको टारीखेतमा तराई नझुल्नु हो भने सुन बोकेर
सँगिनी खेल्न मङ्सिर आउने थिएन पहाडको आँगनसम्म
मैले उघारेको छु र न पूर्वी धराको झ्यालढोका
सभ्यता बोकेर घाम एकाबिहानै छिर्छ राजधानीलाई उठाउन।

यो शिरको टोपीभरि खिपिएका छन् कर्खा, भारत, चैत र सबाई
हलगोरुले बुझेका छन् श्रीकृष्णको धमारी र लोखाडी मस्टको चैत
मेरो खेतका गराभरि छन् सोरठीको मिथ र घाटू नाचको चित्र।

मेरो पौरखमा वेदव्यास पनि फेल हुन्छन्
कृष्णद्वैपायनहरूलाई मैले गाइदिएको छु सुसेलीमा
यो शरीरभरि कटकटिएको माटोमा
भेट्नुभएन एक भूगोल मागल?
ओठभरि दाइँगीत छ, आँखा नै त हुन् सुनको खलो
मेरो हुलियाले देखाउँदैन र दयेरो?

खन्दा र जोत्दा ध्यान नै नाङ्गिन्छ
त्यति बेला च्यातिएर लुगाबाट देखिने
लाज, लाज होइन, किसानको गहना हो
माटो नाङ्गो नभए कसरी उम्रिन्छ र अन्न?

ढुङ्गाहरू मसँग यति धेरै आत्मीय बनेका छन् कि
तिनीहरूले घाउ बनाइदिएको मेरो शरीरमा
म देख्छु देश हेर्ने ऐना
श्रमगीत गाइरहेका मेरा ओठमा
तारकासुर दैत्य वधको लोकोक्ति पढिरहेको छ समाज
हलीहरू पनि जान्दछन् कुमारसम्भवको कथा।

यी औँलाका फेदैभरि
ठेलाका पर्वतमा फुलेका छन् आशाका गुराँस
कोदालोमा छन् उषासूक्त
सुमार्गको बाटोमा देशलाई लैजान सक्दैन र हलीले?

आबाद माटोसँग सहवास गरेर
धरतीलाई मातृत्वको बोध गराउने हलीलाई
मान्छेहरू किन गर्छन् उपेक्षा?
हलीहरू बर्बरीक बाँच्न सक्छन्
र सक्छन् हरिया पातलाई क्षति नपुऱ्याई
एकै तीरले सुकेका पात भस्म पार्न
विडम्बना, मेरो दिव्य शक्तिसँग डराएर
अहिलेका कृष्णहरू पनि मेरै शिर माग्छन्।

मलाई सार्वभौम हली मान्नुहुन्छ भने
स्वाभिमानको इतिहास लेख्ने मौका दिनोस्
म हलगोरु नारेर भए पनि
जन्मभूमिको लाज बचाएर
देशमा स्वाभिमानको मागल गाइदिन्छु
हलीले जति देश अरू कसैले चिनेको हुँदैन।

*

मुकुन्द प्रयास

# पृथ्वीका अर्कैअर्कै कुरा



अर्कैले जन्माइदिएर
म मेरो आयु बाँचिरहेछु,
अर्कैले निर्धारण गरिदिएको बाटो हिँडेर
पृथ्वी मेरो आयु घटाइरहेछ,
कुलो खनेर अर्कैले ल्याइदिएको पानी भेटेपछि मात्र
खेतमा हरियो भएको छ धान,
अर्कैअर्कैले सिकाएर पाएको प्रमाणपत्र देखाएर
महाज्ञानी भइटोपलेका छौँ
र अर्कैले निर्धारण गरेको सीमाले थिचेर दौडिन बिर्सिसक्यौँ।

अर्कैले चलाउँछ देश
अर्कैले विद्रोह गर्न सिकाउँछ
अर्कै पुग्छ सत्तामा र अर्कैमाथि शासन गर्छ
अर्कै हुन्छ रमिते।

अर्कैले निर्धारण गरेको बाटो नाघेर
हुत्तिँदैन अर्को ब्रह्माण्डतिर पृथ्वी
अर्कैले खाएको
अर्कैले देखेको
अर्कैले भनिदिएको
अर्कैले भत्काएको
अर्कै अप्ठ्यारो बाटैबाटो भएर
पृथ्वीलाई नाघ्छु भनेर पूर्वतिर हिँडिरहेछ एउटा
पृथ्वीबाट भाग्छु भनेर पश्चिमतिर हिँडिरहेछ अर्को।

ओ मान्छे!
अर्कैले बनाइदिएको यो पृथ्वीमा

जताबाट हिँडे पनि अर्कैले रोक्छ तिम्रो गति
अर्काको सबैसबै निर्धारण गर्नेलाई
निर्धारण गरिरहने निर्धारणले निर्धारण गर्छ समय
हेर त, समय पनि अर्कैको हो नि!
तिमी आफ्नो समय आफै बनाएर कहिले चल्यौ र?

अर्कैअर्कै समस्याहरू
अर्कैअर्कै विचारहरू
अर्कैअर्कै सम्झौताहरू
अर्कैअर्कै उपलब्धिहरू
अर्कैअर्कै खुसियालीहरू
अर्कैअर्कै भ्रमहरूले मातेर
अर्कैअर्कै भइरहनु
र सधैँसधैँ बिर्सिरहनु आफैलाई।

*

**मन्जिला अनिल**

## समय



जिन्दगीको सबैभन्दा
ठूलो गुरु हो समय
जुन समयले सिकाउँछ
अरू कसैले सिकाउनै सक्दैन।

जीवनका आरोह-अवरोह
समेट्दै जाँदा अप्ठ्यारो परिस्थितिमा
धैर्य गर्न सिकाउँछ समयले
रातलाई विसङ्गतिको सञ्ज्ञा दिँदै
विद्रोह ओकल्दै, मुस्कुराउँदो बिहानीलाई
प्रणयको आभासमा जटिलताको

रमरमलाई उज्यालो समेट्दै
उषाको स्वागत गर्छ समय!

एउटै गतिमा अनवरत उदाउँदै अस्ताउन जाने
दिव्य कोटि तेज बोकेर, जीव र जगत्को हितमा मुस्कुराउँदै,
कहिले खडेरीका पट्यारिला
बाटाहरू बनिदिन्छन् कहिले
कहिले कलिलो घाम बन्दै
पातहरू पल्लवित बनिदिन्छन्
यो रापले किसानलाई नपोल्दो हो त
भानु र घाँसीको अटुट सम्बन्धले
गुरुदक्षिणा थाप्दै, हामीले आदिकवि
कहाँ पाउँथ्यौँ र...!?

नदीले डुङ्गा तारेपछि बिर्सनेहरूलाई
चुर्लुम्मै जहाज डुबाइदिन्छ
धर्ती सेचन गर्दै हराभरा पार्छिन् गङ्गा
अविरल, अविराम बग्दै, प्रलय निम्त्याउँदै खेत, फाँट र बस्तीहरूमा
कहर बनी बर्सिदिन्छ
मानव सभ्यताको पाठ सिकाउँदै
संवेदना र सभ्यता सिकाउने गुरु बन्छ!

आऊ, पवन र आकाशको साउती सुनौँ!
आऊ, मानिसहरू ऐक्यबद्धता जनाउँदै
प्राकृत गुरुलाई नमन गरौँ
ज्ञानको महिमा बुझौँ
ध्यानलाई मनन गरौँ
तपस्यामा लीन बनौँ
साधनालाई अटुट बनाऊँ।

धर्तीको स्पर्शबाट शिक्षा ग्रहण गर्दै
दीक्षित बन्दै यस पुण्य धरालाई
नमन गर्दै मानव बन्ने कर्म गरौँ!

✲

**मोमिला**

# मौमितालाई आँसुको तर्पण!



संसारमा सबैभन्दा डरलाग्दो जनावर!?
➔ मान्छे!
मान्छेको सबैभन्दा डरलाग्दो जोखिम!?
➔ उसैको जिन्दगी!
जिन्दगीको सबैभन्दा डरलाग्दो पल!?
➔ बिहान हुनुअगावै अँध्यारोमा स्थगित अगस्ट ९!
अगस्ट ९ को महाडरलाग्दो सत्य!?
➔ यो संसारबाट मानवता सकिएको विश्वास!
यो विश्वासको साक्ष्य र साक्षी!?
डा. मौमिता देवनाथ र उनकी आमाको आँसु!

\+ +

प्रिय मौमिता!
तिम्री आमासँगसँगै रोइरहेकी म
अपरिचित यो दिदी मोमिलाबाट
परिचित आँसुको तर्पण तिमीलाई!

मौमिता..., तिम्रो पीडाको रापले यो मोम पग्लिएर
अचानक उल्टोतिर बाढी बग्यो
र झन्डै आधा शताब्दीअघि
रातको निमन्त्रण गर्दै गरेको साँझसम्म पुगेर
बल्दै गरेको सलेदो झ्याप्प निभ्यो...

मौमिता!
आज याद आयो–
त्यही साँझको अँध्यारो छिप्पिएर
आवाजप्रुफ घनघोर रात परेछ अगस्ट आठ!

र-त
रातको अन्धकारमा
मृत्यु पनि तर्सने तिम्रो चीत्कार
जिन्दगीले जिन्दगीलाई नै धिक्कारिरहेको तिम्रो चीत्कार
राक्षसको पनि दया पलाउने तिम्रो चीत्कार
पशु पनि आफ्नो लाचारीमा लजाउने तिम्रो चीत्कार
छत्तीस घण्टा ड्युटी बसेको
त्यही हस्पिटलका कुनै सदस्यले सुनेनन्
कुनै बिरामीले सुनेनन्
भएका झ्यालढोका र भित्ताहरूले पनि सुनेनन्
अहँ, कोही-कसैले सुनेनन्!
उल्टै सबै तिम्रो आवाज छेक्नपट्टि लागे कि!!
या तिम्रो आवाज जानीजानी नसुन्नका लागि
सबै कानमा ठेडी कोचेर बसे!!

मौमिता!
आज, अविरल तिम्रै दर्द बगिरहेकी
तिम्री आमाको आँसुको भेलसरि
मौमिता, ममता अनि निर्मलासमेतको प्लेकार्ड बोकी
हूलका हूल रहस्यहरू
मभित्र नारा लगाइरहेका छन्...

भीडको मसालले विद्रोहको उज्यालो छरिरहेछ...
तर, विवेकको आँखा बन्द रहेको महाअन्धकारमा
त्यो उज्यालो
कति बेर उज्यालिन सक्छ हँ!

मौमिता!
मानवता सकिएको त्यो अन्धकार रात
तिम्रो दर्दभरि आँसुको बाछिटाले म ब्युँझिएछु
तर, जिन्दगी खोजिरहेका

तिम्रो अन्तिम मुस्कान र दर्दसँग माफी माग्छु–
त्यसपछि सूर्य उदाउँदै उदाएन!
अहँ, आजसम्म उज्यालो हुँदै भएन!!

*

नवराज कार्की

# हिमाल भइसकेपछि



एक जना हिमाल भइसकेपछि
अब हिमाललाई त्योभन्दा बढी केही हुनु छैन।

केही भएर पनि केही फरक पर्दैन
केही नभएर पनि केही फरक पर्दैन।

न हुरीले हल्लाउन सक्छ
न भुइँचालोले ढलाउन सक्छ
जति पगालोस् न त्यो घामले हिउँ
कहाँ हिमाललाई नङ्ग्याउन सक्छ?

हिउँ थुप्रिए हिमाल झन् अग्लो हुन्छ
हिउँ पग्लिए हिमाल झन् हलुको हुन्छ
अब हिमाललाई यहाँभन्दा माथि कहीँ जानु छैन
अब हिमाललाई योभन्दा बढी केही हुनु छैन।

एक पल्ट हिमाल भइसकेपछि
अब हिमाललाई त्योभन्दा बढी केही हुनु छैन।

*

**नव सापकोटा**

# नन्दिनी तान बुन्दछे



नन्दिनी जब तान बुन्दछे
सबैभन्दा पहिले उसले
अलिकति भात बुन्छे, केही दाल बुन्छे
आफ्ना नानीहरूका निम्ति
आफ्ना जहानका निम्ति
नन्दिनी तान बुन्दछे।

नन्दिनी तान बुन्दछे–
उसले आफ्नो नामघरमा सदियौँदेखि
सजाइराखेको आस्थाको आसनका निम्ति
अनि केही छिमेकका मान्यजनका निम्ति
केही देशका सिमानामा जाडोले कठ्याङ्ग्रिएका
सैनिकहरूका निम्ति
अनि केही नाङ्गा बेसहाराका निम्ति
नन्दिनी तान बुन्दछे।

नन्दिनी जब तान बुन्दछे
त्यसमा उसले आफ्नो
समाज बुन्छे, संस्कृति बुन्छे,
छिमेकका पहाड बुन्छे, चर्दै गरेका हरिण बुन्छे
झिल बुन्छे, पौडिँदै गरेका हाँस बुन्छे
नन्दिनी तनमनले तान बुन्दछे।

नन्दिनी जब तान बुन्दछे
उसले बाघ बुन्दिन, बाग बुन्छे
दहाड बुन्दिन, बहार बुन्छे
युद्ध बुन्दिन, बुद्ध बुन्छे
नन्दिनी एकाग्र भई तान बुन्दछे।

नन्दिनी जब तान बुन्दछे
उसले त्यसमा प्रेम बुन्छे
थोरै माया बुन्छे, केही श्रद्धा बुन्छे
अलिकति भक्ति बुन्छे
अनि अन्तरमा सद्भाव बुन्छे।

नन्दिनी जब तान बुन्दछे
ऊ पुराण बुन्दिन, कुरान बुन्दिन
विभाजनको बीज बुन्दिन
नन्दिनी तन्मयताले तान बुन्दछे।

नन्दिनी जब तान बुन्दछे
उसले गाई बुन्छे, गोरु बुन्छे
खेत बुन्छे, शश्य बुन्छे
वसुधैव कुटुम्बकम् बुन्छे
नन्दिनी तान बुन्दछे।

नन्दिनी जब तान बुन्दछे
ऊ अक्षर बुन्छे, वेद बुन्छे
राम बुन्छे, रहिम बुन्छे
कृष्ण बुन्छे, क्राइस्ट बुन्छे
मान्छेभित्रको मानव बुन्छे
नन्दिनी यस्तो तान बुन्दछे
तन्मयतापूर्वक तान बुन्दछे
हो, नन्दिनी यसरी तान बुन्दछे।

*

## नरेन्द्रबहादुर श्रेष्ठ

# कर्तव्यबोध



मेरो देशको मझेरीमा
बल्छी थापेर बस्नेहरू
जाल फैलाएर ताक्नेहरू
एक हूल मान्छे!
बेसुर भाखामा, बेसुर तालमा
झ्याम्टा बजाउँदै अतिक्रमण गर्न
उक्साउँदै जानेहरू
आफ्नै नङ जुधाएर
अरूलाई जुधाउन सक्ने मान्छेहरू
खुल्ला सिमाना र खुल्ला आकाशको निहुँमा
आफ्नै वीरताझैँ ठान्ने मान्छेहरू
अभिमानी साँढेहरू आफै डुक्रिन्छन्
र अरूलाई नार्न चाहने मान्छेहरू
विदेशीलाई स्वदेशी बनाउन,
कमाइ गर्न सक्ने मान्छेहरू
ढकमक्क फुलेका भीर र पहरा
हिमाल र पहाडको सौन्दर्य देखेर
हाम्रै मझेरीमा जिन्दाबाद र मुर्दाबादमा दीक्षित गराउँदै यो अखण्डताभित्र
अस्मिता लुट्न सक्ने मान्छेहरू
यत्रतत्र-सर्वत्र!
त्यसैले,
होसियारीपूर्वक
एकत्रित भएर सुन
आफ्नै प्रतिबिम्बभित्र
उर्लिएर आउने हरेक आवाज
हाम्रो देश, हाम्रो माटो
तिमीले हैँसे गर्दा मेरो देश हाँस्छ

हामीले माटो कोरल्दा माटो हाँस्छ
त्यसैले आमाको वक्षस्थलमा हुर्केका हामी
उनले कुँदेका गोरेटाहरू
सक्छौ भने आक्रमण गर
सक्दैनौ भने अतिक्रमण नगर भन्ने
त्यो हुङ्कार छातीभित्र राख!
दूधको भारा तिर्न
एक पल्ट मात्र होइन
हजारौँ पल्ट मर्नुपरे पनि
तिम्रो अस्मिताका लागि
देशका लागि मर्न तयार होऔँ!

*

**नारायण तिवारी**

## न मुख मिठ्याउनुहोस्



न मुख मिठ्याउनुहोस्
झर्ला र खाउँलाको कुनै चान्स छैन!

म उफ्रिन्छु
कराउँछु
विरोध गर्छु
आवाज बुलन्द पार्छु
यसै कारणले तपाईं
खुसी नहुनुहोस्
उचाल्नका लागि हो भने
कृपया तपाईं मलाई नछुनुहोस्।

म त्यही मान्छे हुँ
अगाडिअगाडि, अझ अगाडि

हिँडिरहने
प्रतिगमनमा फर्किने होइन
अग्रगमनमा भिडिरहने।

म पीपलको पात होइन
कहिले यता
कहिले उता
म त उज्यालो जताजता
बहन्छु त्यतात्यता।

म तपाईंको 'थुनुवा' कैदबाट
आफै फुत्केको छु
नसोच्नुहोस्–
फेरि 'कैदी' हुन
स्वतन्त्र घामसित ठुस्केको छु।

न मुख मिठ्याउनुहोस्
झर्ला र खाउँलाको कुनै चान्स छैन...।

✲

**निमेष निखिल**

## समय : एक युटोपिया सपना



आँखामा लुकाएको मायालुको तस्बिर
सम्झनामा सजाएका अतीतका इतिवृत्त
छातीभरि बोकेर हिँडेको देश
र युगभरि बाँची आएको जीवनको निरपेक्ष आस्था
हराएपछि आँखैअघि अकस्मात्
म ठ्याक्कै त्यस्तै भएको छु
जस्तो कि एउटा असफल प्रेमी

या ठरठेगान नभएको एउटा जीवात्मा
अथवा एउटा त्यस्तो अभिशप्त अनागरिक
जो विचारविहीन समयमा हिँडिरहेछ
गन्तव्यविहीन यात्राका दिशाहीन गोरेटाहरूमा।

तपाईं प्रगतिशील चस्माको सिसाबाट
यसलाई घोर पलायन देख्नुहोला
देखिरहनुहोस्
अर्को चिच्याइरहला– विचारमा पहिरो
रमाइरहोस् ऊ पनि
तेस्रो आरोप लगाउला–
उज्याला सपनाको घोर विरोधी
सुकाइरहोस् घाँटी ऊ पनि
यावत् सम्भावना र चुनौतीहरूमाझ
धेरै पछि आज मैले
आफै भएर बाँच्ने सङ्कल्प लिएको छु।

तिम्रा हरिया सिद्धान्तहरूमा
अब चर्ने छन् मेरा कल्पनाका भेडाहरू
तिम्रा राता विचारहरूमा अब
पस्ने छ मेरो चेतनाको निक्खर कालो साँढे
तिम्रा पहेँला सोचहरूमा
म गर्ने छु खेती जैविक बेसारको
र खोस्रिने छु एउटा विचारहीन नयाँ विचार।

थाहा छ–
बगिरहेछ निरन्तर नूतन पानी
हरेक सानाठूला पुलहरूमुनिबाट
समयको कुनै एक झोक्कामा
म पनि बगी आएको थिएँ
त्यतैबाट

जसरी बग्ने गर्छ–
उमेरको एउटा अविचल नदी
शुभचिन्तनको खोल ओढेर
तिमीले सक्दो प्रयत्न गऱ्यौ यो प्रवाह रोक्न
म जानीनजानी
तिम्रो भ्रामक विश्वासको चेपुवामा
खसी परिरहेँ
बेगिन्ती हन्डर खाएपछि भन्छन् नि–
ब्युँझन्छ मान्छे
हो, म पनि ब्युँझेको छु आज।

तिमी मान या नमान
फेरि पनि कोर्दै छु तिम्रै तस्बिर
(कल्पनामै सही)
खोस्रँदै छु आफ्ना जराहरू
पर्दाहरू च्यातेर खोजिरहेछु
नेपथ्यमा हराएको देश
निर्माण गर्दै छु फेरि–
समयसँगै हिँड्न सक्ने जीवनसापेक्ष आस्थाहरू।

यस बेला म
च्यातेर अभिशप्त बादलका अवरोधहरू
भत्काएर प्रेमको चिहानमा उभिएका चौताराहरू
रोपिरहेछु आगो–
गन्तव्यतिरका गोरेटाहरूमा
र, रोपिरहेछु विचारको बीउ
समयले खोस्रेर छाडी गएका सियाहरूमा।

प्रिय मोर!
प्रिय थोमस मोर!
गाँस, वास, कपास नै युटोपिया बनेको

मेरो परिवेशमा
तिम्रो 'युटोपिया' पढेपछि
बढ्ता केही गरिरहेको छैन
मात्र यति बेला म–
कलिला पाइलाहरूका लागि
नयाँ विचारका विद्यालयसम्म पुग्ने
गोरेटा बाटा कोरिरहेछु कवितामा।

*

**निराला शाह**

## परिस्थिति



मार्बल, ग्रेनाइटले सजिएर
मन्दिरको गजुर स्टाइलमा
छाती तन्काएर खडा छन्
विशाल महलहरू
तर छैन ती महलमा
कुनै चहलपहल
केवल छन् वृद्धवृद्धा
भावशून्य मुद्रामा
हल्लिइरहेको हावासँगै।

रूखपातहरू
खेतका तमाम गराहरू
पानीबिनाको माछाझैँ
सुक्खा खडेरीयुक्त
पहाड र तराईका
ती बाँझा फाँटहरूमा
देखिँदैन सङ्केत कुनै
उर्वर र हराभरा हुने।

भोको पेट भर्न र
केही जोहो गर्न
हल्लाउँदै छ
यो देशको युवा जनशक्ति
कतार र दुबईमा बेल्चा
पचास-साठी डिग्री तापक्रममा नुहाउँदै
पसिनाको नदीमा।

केही उमेरले निम्त्याएका
शारीरिक पीडा
र केही आफन्त बिछोडको
एक्लोपनको त्रासमा
घिटीघिटी गर्दै
बाँचिरहेछन् वृद्धवृद्धा
बिछोडिएका आफन्तको
आगमनको आसमा।

*

नेत्र एटम

## नबिथोल मलाई !



आफ्नै विप्लवी हृदयबाट उडेर
परेलीको हाँगामा बसेको चरो हुँ म,
पलपल
नबिथोल मलाई !

गुम्फित धूवाँको नीलो कोलाहलले
जराहरू खोस्रिरहेको बेला
सिसाको भित्ताजस्तो
जता उडे पनि पखेटा ठोक्किइरहने


बर्फिलो वायुको यो कठोरताले
किन रगतपच्छे बनाउँछ मेरो सडकजस्तो फैलिरहेको पातलाई!
पहाडको ओठबाट उदाएको मट्याइलो घाम
किन आङभरि उखर्माउलो चिलाइरहन्छ!
गुलाफको चिहानबाट उम्रिरहेका तीखा आँखाहरू
किन पछ्याइरहन्छन्
धापमा गाडिएका यी अतृप्त पाइलालाई!
धाँजा फाटेको आवाज अँगालेर आफ्नै इतिहासको जमिनबाट
किन लखेटिरहेछ यसरी
मुकताको सम्भावित चीत्कारले!

ए!
नङमा आलपिन घोचिएका राता नैतिकताहरू...
ओ!
यात्रामा करेन्टको तारझैँ अल्झिरहेका सुकेनास दृश्यहरू...
पलपल
नबिथोल मलाई!
आफ्नै चिन्तनको रगतबाट निख्रेर
आँधीको सपनामा बसेको चरो हुँ म!

*

**निलुकृष्ण गिरी**

## शून्य!



के ल्याए, के लगे,
शून्यबाट आए, शून्यमा बिलाए।

तेरोमेरोको फेरमा परे,
मायामोहको घेरामा परे।

केके पाए, केके गुमाए,
शून्यबाट आए, शून्यमा बिलाए।

रुँदैरुँदै आए, रुवाएर गए,
हाँस्दै-हँसाउँदै जीवन बिताए।
शिशिरको घामझैँ भए,
शून्यबाट आए, शून्यमा बिलाए।

कहिले रामको पासमा रहे,
कहिले हरामको बाहुपाशमा परे,
उकाली-ओरालीमा जीवन बिताए
शून्यबाट आए, शून्यमा बिलाए।

*

**नीलम कार्की नीहारिका**

# भक्त र ईश्वर



हे ईश्वर! हे विधाता!
तिमीले थेग्ने छौ यो जगत्
तिमी मात्र सञ्चालन गर्न सबल छौ हाम्रो ब्रह्माण्ड भन्दै
अधिष्ठाता इष्टदेवको सिंहासनमा विराज गएका थिए।

उनीहरू हताश, निराश अनि आर्त थिए
उसको चमत्कारको महिमामयी ज्योतिपुञ्जले
पुनः टुसाएर झाँगिएको थियो आस्थाको अनन्य भक्तिभाव
त्यसैले त
हाम्रो उद्धार गर प्रभु! सिद्धिको बाटो देखाऊ भन्दै
आफू दास भएर उसलाई स्वामी मानेका थिए
उसैको सेवाटहलमा तैनाथ शरणागत ईश्वरमा प्रणिधान रहे
आफ्नो ईश्वर निकट बस्न पाउनुलाई भक्तको मोक्ष सम्झिए।

हामीमाथि शासन गर्ने
हे हाम्रा अधिपति! हे हाम्रा स्वामी! हे हाम्रा मालिक!
सबै तिम्रो अधीनमा छ प्रभु
यो सङ्कटको बखत उद्धार गर ए एकाधिपति भन्दै
अर्चना, धूपदीप गर्दै उसको माहात्म्यमा शङ्ख फुक्न
उसकै जयजयकारमा ताली बजाउन हरदम तम्तयार रहे
ऊ हिँड्ने बाटामा भजनकीर्तिनको पुष्पवृष्टि गरिरहे।

यो सत्य हो–
ईश्वरले उनीहरूको सृष्टि गरेको थिएन
विकल्पमा उनीहरूले एकपछि अर्को ईश्वर सिर्जना गरिरहेका थिए
हो, फेरि पनि उनीहरूका भ्रान्त हृदय छामेर अर्को ईश्वर जन्मन तम्तयार थियो
उनीहरूकै कारण
उनीहरूकै भरभरोसा टेकेर
ईश्वर धर्तीमा बाम्बार अवतार लिइरहेका।

हिजो पनि भक्तहरू अतीव इमानदार थिए
जसलाई ईश्वर सम्झिए बेहिसाब इमानसाथ
उसैमा समाधिस्थ भई आराधना गरे
उसलाई विकाररहित मान्दै आफ्नो श्रेयमार्ग बनाए
उसका चरणमा आफ्नो आश्रय देखे
उसैका निम्ति भक्त कर्तव्य निभाउँदै
आफै खरानी हुनुको बेपर्बाह उसको सङ्ग्राममा वैरी परास्तहेतु
वज्र बनेर बजारिए।

समर्पित भक्तालुका आसक्त भक्तिभाव
निष्ठाको शक्ति सञ्जीवनी पिएर
अभीष्टसिद्धिको वरदान पाएको भस्मासुरजस्तो उन्मत्त कथित ईश्वरले
भक्तलाई उसले चाहेको गन्तव्यमा हिँडाइरह्यो
माहुतेले हात्तीको टाउकामा कीलो ठोकेर आफ्नो लयमा हिँडाएझैँ।

मानेको अधिपतिबाट थकित-आजित भक्तहरूले
फेरि अर्को ईश्वरको कामनागत परिकल्पना गरे
फेरि अर्को ईश्वर प्रतिस्थापनतर्फ अग्रसर रहे।

त्यही औसर-अवसरमा
नववेशभूषा
आकर्षक स्वरूप, सुन्दर सपनासाथ
हुन सक्छ पालो पर्खिबसेको एक मायावी सामुन्ने प्रकट भयो
ईश्वर लीलामा शुद्ध निष्ठावान् उनीहरू
जसको कोही हुन्न उसका लागि ईश्वर हुन्छन्
र असत्यमाथि सत्यको जित अवश्यम्भावी छ भन्दै
अपरान्त हाम्रा उद्धारकर्ता इष्टदेवता तिमी नै हौ मान्दै
पुरानो ईश्वरलाई विस्थापित गरी
विश्वासको पाती अर्पण गरेर
अधिष्ठाताको सिंहासनमा नयाँ ईश्वर विराज गराए
भक्तलाई अन्धकारबाट प्रकाशको यात्रा गराऊ प्रभु भन्दै
कर्म समर्पण गरेर उसकै इसारालाई ईश्वर निर्देशन मान्दै
ऊर्जासाथ समर्पित रहे
अटल भक्तिभावमा उसलाई सर्वोपरि सत्य मान्दै
भक्त हृदयमा ईश्वरको वैभव घट्न, डगमगाउन नदिने प्रणमा
उसको नैतिकताको खडेरीलाई नजरअन्दाज गरिदिए
जालन्धर पत्नी वृन्दाको जस्तो चीरहरणमा पनि कल्याणकारी न्याय देखिदिए
असङ्गत कैयन् घटना परिवेशलाई पुरापुर धर्मसङ्गत मानिदिए
फलाकोमा भनिरहे एकस्वर गरी–
हाम्रो विश्वास, हाम्रो मन, हाम्रो प्रभुले अब कहिल्यै नहार्ने गरी जित्योजित्यो!

मनले मान्नु, हृदयले ठान्नु त रहेछ सबै
उनीहरूले भनिदिएको-मानिदिएको बलमा उभिएको थियो उनीहरूको ईश्वर
ईश्वरको अपार शक्ति– भक्तका अनन्त भक्ति!

उसलाई टेक्न आफ्ना हत्केला ओछ्याइदिएका थिए
बोक्ने काँध दिए

भक्तको मेरुदण्डको सिँढी बनाएर ऊ माथिमाथि, अझ माथि टाकुरामा पुग्यो
र त्यही गऱ्यो जे पहिलेका अवतारीले गरिसकेका थिए
उही, उस्तै उद्दण्ड निष्ठुरता।

भक्तहरू बलशाली भएर नै त
हत्केला टेकाएर, पिठ्यूँमा चढाएर हिँडाएका थिए
भक्त ज्ञानी थिए र त छद्मवेशी ईश्वरले
उनको भावनामा आफ्ना अस्त्रको साँध लगाएर रहेका थिए।

उसको धरातल– भक्तको भक्तिभाव
उसको अपार शक्ति– केवल भक्तको साथ
होइन भने को त्यो त्यस्तो दिव्य महापुरुष, पुरुष?
यो जगत्का पालनकर्ता, दु:खहरणकर्ता भनिदिएका पनि भक्तहरूले
परमात्मा, सत्यस्वरूप, साकार ईश्वरको चिनारी मानिदिएको पनि उनीहरूले हो
अवश्य–
स्थापित गर्ने सामर्थ्य राख्ने
बोकेर माथि स्वर्गमा चढाउने बलशाली भक्तले
एक झट्कामा तल पाताल बजार्न पनि सक्छन्
सत्य, धरोधर्म–
यो जगत्लाई कथित निर्गुण ईश्वरको होइन
सकल मानवको खाँचो छ।

✲

**नयन अधिकारी**

# हतार छैन



म लाइन बसेरै तिर्छु–
खानेपानी, बिजुलीको महसुल
बच्चाको स्कुलको मासिक शुल्क
धनीपुर्जा बोकेबापत सरकारलाई कर।

म पालो पर्खिएरै
चढाउँछु ईश्वरलाई फूलपाती
पालो आएपछि थाप्छु मन्दिरको प्रसाद
तपाईंलाई हतार छ?

घचेटेरै अघि बढ्नोस्
मलाई हतार छैन।

म दिनभर पर्खिएरै लिन्छु
सरकारी अस्पतालको टिकट,
दिनभर डाक्टर पर्खिएरै गराउँछु उपचार।

किनकि अझै पनि
मजस्तै पालो पर्खिएर लाइन बसिरहेको छ
केही कार्यालयमा मेरो योग्यताको प्रमाणपत्र।

तपाईंसँग पावर छ? छ भने लगाउनोस्
मलाई हतार छैन।

अलिकता हतार–
राहदानी बनाउने मात्र हो
नत्र हतार छैन
मलाई दस बजेभित्रमा पुग्नु छैन
र निस्कनु छैन पाँच बजेपछि
यो सहरको ट्राफिक जाम छिचोल्दै,
म झुन्डिएरै पुग्छु लोकल बसमा
तपाईं चढ्नोस् महँगो गाडी
मलाई हतार छैन।

अलिकता
हतार भनेको

मेरो देशजस्तै बिरामी आमालाई
खुवाउनु छ दालको झोल
पुग्नु छ दबाईभन्दा अगाडि
अस्पतालको कोठा नं. २९ को बेड नं. ३ मा।

सरकार हराएको देशमा
स्वाभाविक रूपमा हराउँदो रहेछ
नियम, कानुन र नैतिकता पनि
यहाँ दिउसै हराउँछन्, मारिन्छन् हजारौँ निर्मलाहरू...।

हतार छैन देशको प्रहरी प्रशासनलाई
र हतार छैन गृहमन्त्रीलाई।

सधैँ हतार नहुने मलाई पनि यो बेला हतार हुने रहेछ।

लगेजमा थोरै गुन्द्रुक, थोरै भटमास
एक थान–
बाआमाको तस्बिर
र पर्सको एक कुनामा मजस्तो हतारै नहुने मान्छेलाई
हतार गरेर मन सुम्पनेको तस्बिर राखेर
पखेटा काटिएका परेवाहरूजस्तै–
माथिमाथि, कतै माथि उड्ने हतार छ।

*

**नीलम गुरुङ**

# घर सरेको दिन

केही दस्तुरहरू उधारो राखेर
भित्ताभरि भाकल टाँसेका थियौँ
हामी घर सरेको दिन
कतै हुनका लागि कतै नभएका थियौँ।



थला परेका सपनाहरू
यही आँगनमा तङ्ग्रेका थिए
फूलहरूलाई पहिलो चोटि
महिनावारी भएको दिन
भाइको बुद्धिबङ्गारो पलाएको थियो।

जीवनमा पहिलो चोटि,
आफ्नो शिरमाथि
भाडा नलाग्ने छानो भयो
आफ्नै भुइँ, आफ्नै सिँढी
आफ्नै ढोका र झ्याल भयो।

तर यी ठूलठूला कोठाहरूमा
आफैलाई खोज्न थालिसकेँ
हामी घर सरेको दिन मैले अलिकति
आफैलाई पनि अन्तै कतै सारिराखेँ।


हामीले गाएका अजम्बरी गीतहरू
अझै पनि त्यहाँ सुनिँदा हुन्
सँगै हाँसेका र एक्लै रोएका
साँझहरू त्यही ताकमै टाँसिए
कुनै बेला कामबाट घर फर्किंदा
पुरानो घर नै पुगी पठाउँछु
नयाँ किरायादारले आफूलाई मालिक
बताउँदा म मुसुक्क हाँसी पठाउँछु।

हामी घर सरेको दिन
बार्दलीमै घाम पलाएको थियो
आमा साह्रै खुसी थिइन्
बालाई अब मात्र मेरो
बितेका सुर्ता थियो।

*

## पुष्कर लोहनी

# फुत्किन्छ आफ्नै हातबाट



जो आए पनि छेक्न खोज्दो रहेछ
आफ्नै सपना आफ्नै आँखा लिएर
आत्तिएको मन, लरबरिएको खुट्टा
केके खोज्छ खै
हतारिएर समाउन पुग्छ भित्ता।
भित्तो छामेर बाटो खोजेको हो कि
सपना चाहिँ हाँस्न थाल्छ
पाइला अलमलिँदा आफैले आफैलाई घुमाउँछ।
साँघुरिएर छिर्दै गएको अन्धकारको थुप्रो
उज्यालोको छेउ पुग्न नपाउँदै
तर्सेको मन चिच्याउन थाल्छ
ढोकामा बजारिएर आफै ढलेपछि।

साँझ ढल्यो आफ्नै ढङ्गले
खुट्टा दबाएर आफैलाई ढाल्यो
कसैले थाहा नपाओस् भनिठानेर होला
आँखा मिच्दामिच्दै गलेको हात
बिहानीले थाहा पाइहाल्यो।
बोल्दै नबोली तन्द्रामा रहेको आँखा
थुमथुमाउँदै आफै पल्ट्यो
कालो छाया हुत्तिँदा ढक्क भएको मुटु
लुलो हुँदै गएको शिथिल मन
निस्किन खोज्छ आफूभित्रको आवाज
खोल्न खोज्छ, आँखै खुल्दैन
तर्सेर सातो गएको बिहानी
माथि टाउको उठाएर गुनगुनाउँदै थचक्कै बस्छ।

मन हराउनु थियो, हरायो
कसैले चोरेर लगेको हो कि
कसैले अँध्यारो कोठामा थुनेर राखेको हो कि
कसैले बलात्कार गर्दागर्दै मारिदिएको हो कि
हुन सक्छ आफ्नै मनले खाएकोलाई सुम्पेको पनि
खोज्नुपर्नेले खोज्नुपर्ने थियो
खोजिएन, फालियो मात्र
सबैको आँखाले थुक्दाथुक्दै बनेको घृणाको पहाड।

नाप्ने कसरी जीवनलाई
छाम्छु छाया, चिप्लिन खोज्न हातबाट
हेर्छु धारिलो अनुहार साँध लगाएको।
रुन्छु, हाँस्छु, समाउन पुग्छु हाँस्दै देखा परेको छाया
देख्छु कहिल्यै नदेखेको डरलाग्दो अनुहार
बाँकी केही रहँदैन, निहुरिँदै आफ्नै छाया आफूमाथि नै।

अँध्यारो छाम्दा फुत्केको आफ्नै पाइला
झोक्रिन पुग्छ मन हात टेक्न थाल्दा
सम्झिन्छु तिमी एक्लै दौडेको
घचेटिदिन मन लाग्छ पानीभित्र डुब्ने गरेर
आफैले आफैलाई गिज्याएजस्तो लाग्छ
लट्ठी समाउँदै उक्लेको हेरिरहन्छु।

डर लागेर आउँछ
फुत्किन्छ लट्ठी आफ्नै हातलाई धोका दिएर।

*

**प्रमोद प्रधान**

# समुद्र



उकालो चढ्न थालेपछि
मानिस एक्लिँदा रहेछन्।

मलाई कुनै टाकुरा चढ्नु छैन
न त कुनै चुचुरोमा पुग्नु छ,
पद, पैसा र पहुँचको उकालोमा
चढ्दाचढ्दै मानिस एक्लिसकेका हुँदा रहेछन्।

मलाई एक्लै कतै पुग्नु छैन
चुचुरोमा एक्लै पुगेको खुसी कसलाई बाँड्नु?
मलाई त सबैको साथसाथ
हिँड्नु छ,
बग्न मन छ पानीझैँ–
ओराली-ओराली
बनाउनु छ गन्तव्य समुद्रलाई...
जहाँ पुग्दा पनि एक्लो भइन्न
जहाँ पुगेपछि खुसी पनि बाँड्न पाइन्छ।

उकालो चढ्न थालेपछि
मानिस एक्लिँदा रहेछन्।

*

प्रह्लाद पोखरेल

# सौहार्द सृष्टि



आफ्नो कर्तव्यलाई मन-वचन तथा कर्मभित्रै लगाई
अग्लो उद्देश्य भेट्ने सुदृढ लगनले मार्ग चौडा खनाई
आत्मामा देशलाई हरतरह सदा बस्न सक्ने गराई
मान्छे जीवन्त बन्छन् सकस पर गरी स्वार्थ-तृष्णा हराई।

चम्काई चेतनाको किरण चहकिलो छर्नुपर्ने प्रकाश
अप्ठ्यारो मार्ग रोजी सफल हुन सधैँ गर्नुपर्ने प्रयास
फाली थोत्रा प्रणाली अभिनव युगको गर्नुपर्ने विकास
ओजस्वी क्रान्तदर्शी ऋषिसरह हुने यत्न गर्नै छ खास!

गर्दै निःस्वार्थ सेवा सृजनरत हुँदा विश्वकल्याणहेतु
जल्ले स्थायी बनायो मनुज हृदयमा दिव्य सम्बन्ध-सेतु
त्यस्तो सम्बन्धलाई अब अझ दरिलो पार्नलाई जुटेर
खट्नैपर्ने छ योद्धासरह अघि सरी फेदबाटै उठेर!

बन्दै छन् योजनाका तहतह सपना सृष्टि उत्कृष्ट खासा
नौलो सौन्दर्य दृष्टिप्रति सजग रही पार्न आँखा चनाखा
आँखाका दूरदृष्टि प्रखरतम गरी हेर्नुपर्ने छ टाढा
खोजी सौहार्द सृष्टि प्रथम नजरमै पार्न सम्बन्ध गाढा।

नेपाली शूरताको गहन जतनमा सुम्पिई ज्यानलाई
पुर्खाले जे सिकाए सहजसित गरी प्राण उत्सर्ग हाइ!
यस्तो उत्सर्गलाई अपरिमित कलासाथ आफै सजाई
नेपाली वीरताको परिचय दिइयोस् सम्झिँदै देशलाई।

*

**प्रद्युम्न जोशी**

# शान्त भूमि देश नेपाल



मेरो देश नेपाल, मेरो गौरव
मेरो पहिचान, मेरो वैभव
सगरमाथाको भव्यतासँगै
चुलिएको छ मेरो आस्था।

देशका लागि धेरै सपूतले आहुति दिए
धेरै सपना बुनिए व्यर्थमा
अब त यही कामना छ मेरो
पतझडमा पनि कायाकल्प बनोस्
शान्त भूमिको देश नेपाल बनोस्।

अब नपरोस् कसैले व्यर्थमा रगत बगाउन
हरसमय नवनिर्माणको क्रान्ति गर्न
हरेक मान्छेमा चेतना जागोस्
नखनियोस् भेदभावको खाल्डो
हत्याहिंसादेखि अलग रहोस्।

अब मेरो देशमा
नपरोस् कहिल्यै उजुरी
प्रहरी प्रशासनमा कुनै अपराधको
सेनाले कोहीसँग लड्न नपरोस्,
हरेक नेपालीको अनुहार
उज्यालियोस् स्वाभिमानले
पतझडमा पनि कोपिला फुलोस्
शान्त भूमिको देश नेपाल बनोस्।

बेरोजगार नबनून् कोही श्रमकर्मीहरू
श्रम पोख्न नभौँतारियून्

कोही युवा जान नपरोस् खाडी मुलुक
भविष्य थुनिएर बाकसमा फर्कन,
सम्पूर्ण नेपालीको अनुहारमा
देख्न पाइयोस् श्रम र सिर्जनाको मुस्कान
समृद्धिको बगैँचामा फुलेका फूलहरू
आफूआफूमा आत्मीयता साट्न पाइयोस्
हो, अब त हाम्रो देश नेपाल
शान्त भूमि नेपाल देश भन्न पाइयोस्।

*

प्रतीक ढकाल

## बिस्तारैबिस्तारै



म अलिकति हाँसेको
वा थोरै मात्र पनि खुसी भएको देखे भने
उनीहरू दौडेर आउँछन् मेरो छेउमा
र, मैलाई सम्झाएर जान्छन्– मेरो आफ्नै उमेर
मानौँ कि मैले अब 'गन्ती' पनि बिर्सेको छु
र, उनीहरू नबिराईकन सयसम्म गन्न सक्छन्।

मलाई अहिल्यै थाहा छ–
मैले सास फेर्न छाडेको दिन
तिनीहरू नै सबैभन्दा बढी रुने छन्
जसले जिन्दगीभरि मलाई
सबैभन्दा बढी रुवाएका थिए
र, तिनीहरूले नै सबैभन्दा बढी
निश्छल माया देखाउने छन्
जसले मलाई 'वास' पनि छोडाएका थिए।

रुने छन्...
खुब रुने छन् ती सबै
कागजमा आफ्नै फोटो नटाँसिएसम्म,
अधिकार आफ्नै नाममा नआएसम्म,
अनि बिस्तारै फेरिने छ लालपुर्जा
बिस्तारै बन्ने छ पेन्सनपट्टाको नयाँ कागज
बिस्तारै सर्ने छ सबै सेयर आफ्नै डिम्याट खातामा
र, बिस्तारै सर्ने छ घर आफ्नै शुभनाममा
अनि बिस्तारैबिस्तारै म सकिँदै जाने छु सबैतिरबाट
र, बिस्तारैबिस्तारै सबैतिर
उनीहरू नै उनीहरू हुँदै जाने छन्
र, फेरि यथावत् फर्किने छ
तिनीहरूका ओठको उही वासन्ती मुस्कान...।

र, त्यो बेला पनि
उत्तिकै जीवन्त रहिरहने छ
मेरो मिहिनेतको मृदु मुस्कान
मेरै पसिनाले लेखेका किताबका पानाहरूमा
जसको कहिल्यै 'नामसारी' हुने छैन।

हो, तिनीहरूले
लालपुर्जा सुमसुम्याएको बेला
म अक्षर भएर मुस्कुराइरहने छु
कुनै किताबको पानाभित्र,
दर्शन भएर/विचार भएर,
तिनीहरूले पेन्सन बुझ्दा
म अङ्क भएर मुस्कुराइरहने छु
कुनै हिमालको उचाइजस्तै
अग्लोअग्लो ठहरिएर...।

हो, तिनीहरूले दिएको पीडामा
मैले आँसु मिसाएर फुलाइदिएँ– इन्द्रेनी


तिनीहरूलाई त्यही सह्य भएको छैन,
तिनीहरूले नपत्याएका अक्षरमा
मैले हाँसीहाँसी घोलिदिएँ– जीवन
तिनीहरूलाई त्यही सह्य भएको छैन,
तिनीहरूले बाँसको कप्टेरो मात्र ठानेको बाँसुरीमा
मैले भरिदिएँ सातै सुरको– सङ्गीत
हो, तिनीहरूलाई त्यही सह्य भएको छैन...।
म भीडमा मिसिएर हराइनँ
र, बनाइरहेँ आफ्नो परिचय आफै
हो, तिनीहरूलाई त्यही सह्य भइरहेको छैन...।

भोग्दै जाँदा थाहा पाएँ–
मैले जे कुरा गरे पनि
दुनियाँले अर्कै अर्थमा बुझ्दो रहेछ,
र, भीडले भीडभन्दा माथि टाउको उठाएको
कसैलाई पनि देख्न/सहन नसक्दो रहेछ।

*

**पुरुषोत्तम सुवेदी**

# कान्छीको सपना



घाँसदाउरा गर्दागर्दै
मुर्चुङ्गा बजाउँदाबजाउँदै
गीत गाउँदागाउँदै
आयो कान्छीको जीवनमा
एउटा लाहुरे
खाँदै मायाका अनेक कसम।

कान्छी एकनास सुसाइरही सल्लाघारीझैँ
गाइरही मुटु निचोरेर

पाखा, खेत, जङ्गल र मेलामा
बजिरह्यो मुर्चुङ्गा, मादल
र बगिरह्यो
उसको पवित्र सुकुमारी प्रेम।

अन्ततः कान्छीलाई
भगाएर लग्यो लाहुरेले
रेलमा चढाएर
मुगलानको अनकन्टार कुनामा
कामठीपुराको बीस तले जङ्गलमा
झुक्याएर, धोका दिएर
र साट्यो पैसासँग कान्छीलाई।

उसको पवित्र देहमा
एउटा राक्षसले हात हाल्यो
त्यसपछि क्रमशः
बलात्कार गरिरहे राक्षसहरूले।

आइरहे, आइरहे
अनेक सरकार, अनेक गैरसरकार
कान्छीको मुक्तिको मादल बजाउनेहरू
कान्छीको चोखो देह किन्न
वा बुन्न अनेक भ्रमका रुमालहरू।

अहिले पनि जब फुर्सद हुन्छ
राक्षसहरूको सङ्गतबाट
मुर्चुङ्गा बजाउँछे एकनाससँग
गाउँछे मुटु निचोरेर
खुलिरहन्छ स्वरलहरी
तर बगिरहन्छन् आँसुका धारा
बिटुलिएको छैन लोकभाका

बम्बइया भड्किला 'गाना'-को हमलाले पनि
र गढेका छन् मुटुमै
हाकपारे, लैबरी र पालमका तराना।

तन्द्रामै भए पनि
घाँसदाउरा जान्छे
खेताला, पर्म गर्छे
मेला, जात्रा, हाटबजार धाउँछे
धान नाच, मारुनी, सेलो
र चुड्का भजनमा गाउँछे, नाच्छे
पूजाआजामा जाग्राम बस्छे
र लुकीलुकी भेट्छे
पापी लाहुरेलाई।

ऊभित्र तारेभीरझैँ
बसेका छन् अटल
उसका आमा र बा
छरछिमेकी, साथीसँगी
रातो माटोले लिपेको सिकुवा
गोबरमाटोले लिपेको मझेरी
र कमेरो पोतेको ढुङ्गे घर।

अहिले पनि कान्छीको स्मृतिमा
गाउँ त्यसरी नै बसेको छ
खोला, जङ्गल, पाखापखेरा उस्तै छन्
दु:ख त्यस्तै छ
सुख त्यसरी नै आउँछ कहिलेकाहीँ
त्यसरी नै हाँस्छन् खिलखिलाएर साथीहरू
पीडा, भोक, धोका र सन्त्रास आउँछन्
तर कहिल्यै पनि आउँदैन
आफ्नो बिपनाको हत्याको कुरूप दृश्य।

एक भ्रान्ति, एक धोका
एक यथार्थ, एक दुःस्वप्न
मुटुमा खिलझैँ गढेर बसेको छ।

तर,
तर कान्छीको सपना अमर छ।

*

**पुष्कर विष्ट**

# धेरै कुरा छन् नमिलेका मसँग



धेरै कुरा छन् नमिलेका मसँग।

खुट्टा बजाउँदै हिँड्छु
जोडजोडले आवाज निकालेर हाँस्छु
सूर्यको दशा र दिशासँग कुनै पर्बाह छैन मलाई।

मेरो
– आफ्नै लय छ
– आफ्नै भाव छ
– आफ्नै आवाज छ
जो मिल्दैमिल्दैन तिम्रो उच्च स्तरको संस्कारसँग।

धेरै कुरा छन् मसँग नमिलेका।

म मध्यरातमा एक्लै हिँड्छु– घरबाहिर
मनोरञ्जनका लागि छिर्न सक्छु– डिस्को र पबहरूमा
झुम्म मन पराउँछु– ह्विस्की र सिग्रेटको नसामा!

तिमीले ओगटिरहेको
अलिकति स्थानमा पाइला टेकेको न हुँ मैले!

धेरै कुरा छन् मसँग नमिलेका।

लजाउँदिनँ– लज्जावती झारजस्तै
मुस्कुराउँदिनँ– फूलजस्तै
खिलखिलाउँदिनँ– पानीजस्तै।

छन्
मसँग धेरै कुरा छन् नमिलेका।

जस्तो कि समाजसँग छन्– मलाई नमिल्ने धेरै कुरा
– वधूशिक्षा छ
– आगोको पाठशाला छ
– रहरका पोकाहरू छन्
– नियमका पुलिन्दाहरू छन्।

हो,
मसँग धेरै कुरा छन् नमिलेका।

म भत्काउँदै हिँडिरहेको छु
तिम्रा आँखामा चट्ट मिलेको समाजको सौन्दर्यलाई।

✲

**फूलमान बल**

# बाटो



नसोध्नोस् बाबू मलाई–
यो बाटो कहाँ पुग्छ?
बरु भन्नोस्, तपाईं कहाँ जान चाहनुहुन्छ?
मलाई अचेल यो बाटो नै मन पर्न छाडेको छ।

यो?
बाटो त यहाँ जहाँ पनि पुग्छ
जस्तो कि मेरो छोरो यही बाटो अरब गयो
र फर्कियो अर्कै भएर
उः पर छिमेकीका सन्तान
यही बाटो अमेरिका गए
अस्ट्रेलिया गए
जापान गए
कहिल्यै फर्केनन्
अहँ, फर्केनन्
निस्तो बाटो हेरेर फगत
पर्खिरहेको छ अहिले इतिहासजस्तो एक्लो बूढो घर।

खै, किन हो कुन्नि
अचेल मलाई यो बाटै मन पर्न छाडेको छ
यो बाटो बिग्रिएको हो कि हिँड्नेहरू बिग्रिएको?
भ्रममा छु म
बाटोले हिँड्नेलाई बिगार्छ कि हिँड्नेहरूले बाटो बिगार्छन्?
भ्रममा छु म
धेरै वर्षअघि यही बाटो
केही थान सपनाहरू बोकेर
छापामारहरू गएका थिए

हत्यारा भएर निस्के उनीहरू
र, तरबार पखाल्न पसे सिंहदरबार
अचेल दलालहरू यही बाटो हिँड्छन्
मेयर बन्छन्, उपमेयर बन्छन्
ठेकेदारहरू यही बाटो हिँड्छन् ठमठम
सांसद बन्छन्, मन्त्री बन्छन्
फटाहाहरू यही बाटो हिँड्छन्
व्यापारी बन्छन्
चोरहरू यही बाटो हिँड्छन्
समाजसेवी बन्छन्
भन त बाबू!
मेरै छोरा मात्र यही बाटो हिँडेर कसरी अरब पुग्यो?
र, फर्क्यो अर्कै भएर
काठको बाकसमा
नबोल्ने भएर।

मेरो मन साह्है दुखिरहेको छ बाबू!
यस्तो बेला नसोध्नोस् मलाई–
यो बाटो कहाँ पुग्छ?
बरु तपाईं आफै भन्नोस्– कहाँ जान चाहनुहुन्छ?

*

**प्रकाश थाम्सुहाङ**

## म बिलाउने छु एक दिन

म बिलाउने छु एक दिन
जसरी पानीको प्रथम स्पर्शमा
बिलाई जान्छ अक्षरको गीत।

जसरी पतझडमा बिलाई जान्छ हरियाली
साँझमा दिग्दारीको कालो खास्टो ओढेर बिलाई जान्छ उज्यालो
जसरी समयको महासमुद्रमा
बिलाई जान्छ उमेरको नदी
इतिहास बिलाई जान्छ दन्त्यकथाको अनन्त सुरुङमा
जसरी
नगर बस्ती बिलाई जान्छ सभ्यताको गर्भमा
त्यसरी नै म बिलाउने छु एक दिन
जसरी समस्त पदार्थ समेटेर
पृथ्वी बिलाई जान्छ शून्यमा
सङ्गीत बिलाई जान्छ ब्रह्माण्डमा
ज्ञान बिलाई जान्छ चेतनाको अनन्त साम्राज्यमा
जसरी ध्यानस्थ ऋषिको अन्तर्हृदयमा
बिलाई जान्छ मन्त्र
कविता बिलाई जान्छ
मुन्धुम, वेद, कुरान र बाइबलका हरफहरूमा
त्यसरी नै म बिलाउने छु एक दिन
जसरी समस्त अर्थ समेटेर
शब्द बिलाई जान्छ आदिम गुफामा।



जसरी मौनतामा बिलाई जान्छ संवाद
जसरी तर्कहरूमा बिलाई जान्छ अन्तिम सत्य
विनम्रता बिलाई जान्छ अहङ्कारअघि
त्यसरी नै म बिलाउने छु एक दिन
जसरी अनेकौँ रहर समेटेर
सपना बिलाई जान्छ आँखैअघि।

म बिलाउने छु एक दिन
जसरी आँधीको प्रथम स्पर्शमा
बिलाई जान्छ फूलको सौन्र्दय।

✲

**प्रज्वल अधिकारी**

# पाठशाला



भनिदिनुहोस् बच्चाहरूलाई
कलिलो घामलाई पानी हाल्नुपर्छ
घाम जवान भएपछि
ऊ आफैले पानी पिउन सक्छ।

यो बच्चा घाम तिमीहरूको आँखाले जन्माउँछ
तिमीहरूकै आँखाको आँगनमा जवान हुन्छ
तिमीहरूकै आँखाको पिँढीमा बुढ्यौली कटाउँछ
र तिमीहरूसँगै निदाउँछ
भनिदिनुहोस्, केही फरक पर्दैन।

सिकाउँदा धर्मभन्दा पहिले आस्था सिकाउनुहोस्
पढाउँदा जातभन्दा पहिले मान्छे पढाउनुहोस्
भुलेर पनि
बच्चाहरूको अघिल्तिर देशलाई गाली नगरिदिनुहोस्।

बरु,
देशको नक्सा देखाइदिनुहोस्– ग्लोबभन्दा पहिले
उनीहरूलाई नलागोस् खोज्नुपर्ने रहेछ मेरो देश
उनीहरूले महसुस गरून् देश
आमाको पटुकाजस्तै आत्मीय।

सिकाइदिनुहोस्
राष्ट्रगान गाउँदा छातीमा हात राख्न नभुल्नू।

बिहानै उठेर गीत सुन्ने बानी बसालिदिनुहोस्
गाउँ जाऊँजाऊँ लागोस् उनीहरूलाई।

हिउँसँग खेल्ने
र, पहाड चढ्ने हौसला दिनुहोस्
तराईको गर्मीसँग परिचित गराइदिनुहोस्।

यदि
तपाईंले केही गर्नुभएन भने
हलो जुवा देख्दा हाँस्न सक्छन् उनीहरू
गुन्यूचोली लगाउन नजान्न सक्छन् उनीहरूले
बाआमा देख्दा तर्किन सक्छन् उनीहरू
उनीहरूले देशलाई घृणा गर्न सक्छन्।

बच्चाहरूले देश पढिरहेको बेला
कृपया हल्ला नगरिदिनुहोस्।

*

**प्रमोद सारङ**

## सत्यको मार्गमा



नदी हुन दिनरात बग्नुपर्छ
पहाड हुन मूर्तिझैँ अटल हुनुपर्छ
आफै जल्नुपर्छ–
आगोलाई आफ्नो रूप देखाउन!

सुन्दर गहना हुन सुनले पनि गालिनुपर्छ
कसी लाग्नुपर्छ, घोटिनुपर्छ!
काटिनुपर्छ, टुक्रिनुपर्छ!

यो सुन्दर संसार
एक अनौठो उदास उपासकजस्तो!
तरबारको धारमा बारम्बार रेटिनुपर्छ।

भ्रम के हो? विश्वास के हो?
रहरैरहरले चेपिएर
यति कमजोर भएको छ कि मान्छे
बूढो सपनाको लौरी टेक्दै
सत्यको मार्गमा निराशाको बुद्ध भएर
जीवनको युद्धमा
अखिर एक दिन आफैलाई त्याग्नुपर्छ!

*

**प्रतीक्षा प्रधान**

# हिमाल र म



नयनभित्रै अटाए हुन्थ्यो मेरो हिमाल
मुटुभित्रै बसे हुन्थ्यो मेरो नेपाल
स्वर्गजस्तो धर्तीमा जालीले गर्न थाले राज्य
उनीहरूको प्रपञ्चले सबै भए बिदेसिन बाध्य।

हिमालपारि गुराँसहरू फुले हाँसीहाँसी
त्यही फूलले प्रश्न गर्छ– तिमी किन भयौ अर्काकी दासी?
डाँफे चरी गीत गाउँछ पहाडी पाखामा
हामीलाई सन्देश दिँदै गाउँछ– नजाऊ परदेशमा।

तराईको समथर अन्न फल्ने ठाउँ
रोप्ने-गोड्ने दाजुभाइ छैनन्, रित्तिइसक्यो गाउँ
राजनीतिको भेलले देश डुब्न आँट्यो
कसले पार तारिदेला भन्ने इच्छा मनमा जाग्यो।

*

**पूर्ण ओली**

# देश यो मुस्कुराओस्



टारीबारी कलकल कुलो सर्वदा कल्कलाओस्
डाँडापाखा झलमल हुँदै देश नै झल्मलाओस्
कालोमैलो मुलुकभर सद्भावनाले धुलाओस्
होओस् निष्कण्टक अब सदा देश यो मुस्कुराओस्।१।

दङ्गा, आतङ्क, कल-कचिलोदेखि निकास पाओस्
हत्याहिंसा, जनदमनले आड कैले नपाओस्
पीडालाई मलहम दलोस्, सर्वदा शान्ति छाओस्
होओस् निष्कण्टक अब सदा देश यो मुस्कुराओस्।२।

दिन्मै छाम्छाम्-छुमछुम गरी बाँच्न को मन् पराओस्
कालो रात्री इतिशमन भै प्रातकाल् जग्मगाओस्
लोसे, अल्छी, कृपण, सुतुवा ब्यूँझिई सल्बलाओस्
होओस् निष्कण्टक अब सदा देश यो मुस्कुराओस्।३।

ताजा, न्यानो जल-पवनले सर्वसमृद्धि ल्याओस्
खस्रो माटो बुरबुर गरी खेतमा बुर्बुराओस्
वैलाएको प्रगति बिरुवा ठाडिँदै जुर्मुराओस्
होओस् निष्कण्टक अब सदा देश यो मुस्कुराओस्।४।

*

**प्रेमिला राई**

# मैले भर्खरै एउटा स्केच कोरेकी छु

कल्पनाको क्यानभासमा
भर्खरै एउटा स्केच कोरेकी छु
जसको छातीमा



गोर्कीकी आमाका साहसलाई
टाँसिदिएकी छु।

मान्छेहरूको मस्तिष्कबाट
मेटेर भिन्चीको मोनालिसा
टाँसेकी छु
ग्रामीण स्वास्नीमान्छेको निःस्वार्थ मुहार
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

अलिकति खन्याएकी छु बीपीको समाजवादी रङ
अलिकति मिसाएकी छु मार्क्सको साम्यवादी रङ।

मेरो घरको भित्तामा घरीघरी रङ फेरिरहने
छेपाराको रङ उतारिदिएकी छु उसको टाउकोबाट
राखिदिएकी छु एक थोपा हाकपारे धुन
घोलिदिएकी छु मुन्धुमी लय
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

हतारका संवेदनाहरू पोखेकी छु
आकृतिको कुनै एक छेउमा
चुहाइदिएकी छु कुमारी आमाको एक अँजुली आँसु
र छर्किदिएकी छु सुत्केरी आमाको रगतको सुगन्ध
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

घामको एक मुठी उज्यालो छरिदिएकी छु
जूनको एक हत्केला शीतलता पोखिदिएकी छु
बर्सातको झरी तप्काइदिएकी छु छानोबाट
उध्रिएको आकाश राखिदिएकी छु
मैले कल्पनाको क्यानभासमा एउटा स्केच कोरेकी छु।

हातमा किसानको पौरख टाँसिदिएकी छु
पाउमा मजदुरको पसिना चढाएकी छु

हृदयमा बुद्धको ज्ञान र विन्स्टन चर्चिलको आदत
एकैसाथ पस्किदिएकी छु
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

छालहरू छचल्काइदिएकी छु
आगोका ज्वालाहरू हुरहुराइदिएकी छु
ऋतुहरूको चक्र समेटेर
बतासको वेग पनि थपेकी छु
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

बिना कुनै कानुनको परिधि
बिना कुनै सर्तको बन्धन
बिना कुनै स्वार्थको सीमा
बिना कुनै मापदण्ड
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

यसरी समयका अतीतहरू छरेर
वर्तमानहरू बटुलेर
अस्तव्यस्त रेखाहरू तानेर
नियमहरूको बन्धन तोडेर
मैले भर्खरै एउटा स्केच कोरेकी छु।

हुन सक्छ यो स्केच प्राचीन मान्छेको आकृति
या एलियनको प्रतिबिम्ब
या त यो स्केच तपाईंको हुन सक्छ
या त स्वयम् मेरो प्रतिच्छाया
जे होस्, मैले भर्खरै एउटा स्केच कोरेकी छु।

*

राजेन्द्र शलभ

# सोध्न मन थियो



सोध्न मन थियो आमालाई
कति बेला उहाँ
आफ्ना बारेमा सोच्नुहुन्छ?

बिहा गरेर आएपछि
आजसम्म
खै! कति भागमा बाँड्नुभयो आफूलाई
श्रीमती, बुहारी, देउरानी, काकी
अनि कुन्नि कति नाताहरूमा
विभाजित हुनुभयो
र, सोचिरहनुभयो
ती नाताहरूको खुसी मात्र।

आमा बनेपछि त
झन् उहाँको आफ्नो कुनै
छुट्टै इच्छा र चाहना नै भएन
सधैँ अरूकै खुसी बाँच्दाबाँच्दा
साँच्चि, कहिल्यै पनि उहाँलाई
आफ्ना बारेमा सोच्न
फुर्सद भएन कि मन नै लागेन?

अरूका लागि सबै थोक गर्ने
गरेर कहिल्यै नथाक्ने
उहाँलाई कहिल्यै पनि
आफ्ना लागि केही गर्न मन लागेन?

यी सबै कुरा
एक्लै बसेर सोध्न मन थियो

तर आफ्ना बारेमा सोच्दासोच्दै
आमालाई सोध्ने फुर्सद नै भएन,
अहिले फुर्सदमा सोध्नलाई
आमा नै हुनुहुन्न।

✲

राजेश्वर कार्की

# सपनाको उडान



सपना देख्नु अपराध होइन!
सपना देख्नु भनेको
जिउँदो हुनुको प्रमाण हो...।

उसले पनि सपना देखेको छ
पहाडलाई कोतरेर कुरूप नबनाईकन
कमजोर नबनाईकन
चिटिक्क परेका रेलहरू
पहाडभित्रभित्रै कुद्छन्
कहिलेकाहीँ टुप्लुक्किन्छन् भन्ज्याङतिर
अनि आउनेजाने रेल र रेलका यात्रुहरू
एकआपसमा अभिवादन साट्छन्
फेरि कता हो कता धरतीकै गर्भगृहमा बिलाउँछन्
र अर्कै संसारजस्तो अत्याधुनिक सहरको स्टेसनमा ओर्लेर
कर्मशील खुट्टाहरू यताउता दगुर्छन्
कर्मशील हातहरू चलमलाउँछन्
तर ब्युँझँदा–
उसका हातले पेट बाँधिएको पटुकीको फेर समाएको हुन्छ
पटुकी फुक्दै जान्छ...
उसको भोकको ज्वाला
ह्वारह्वार्ती उँभोतिर बलेर अनुहार डढाउन खोज्छ

बल्ल उसलाई थाहा हुन्छ
ऊ त सिर्फ सपनाको उडान भर्ने देशमा छ।

हो, ऊ सपना देखिरहन्छ...
सपनामा ऊ
पश्चिमतिर फर्केर दायाँबायाँ पखेटा जोड्न थाल्छ
उत्तरतिरबाट दाहिने पाखुरामा र दक्षिणतिरबाट देब्रे पाखुरामा
जादूसरि पखेटा गाँसिदिन्छ
अन्ततः ऊ सपनामै हजार सपना कल्पेर
पश्चिमतिर उडान भर्न सफल हुन्छ
मानौँ–
मधुकरले आफ्नी मालतीलाई वायुपङ्खी घोडामा
सपनाकै संसार सयर गराउँदै छ...
तर ब्युँझँदा
हिजो मात्र शरणार्थीको किर्ते कसम तोडिएकाले
आजबाट घरखेत सदाका लागि छाड्नुपर्ने होसले सताउँछ
यसरी अचानक किर्ते कागजहरूको पहाड खसेर जिन्दगी किचिएपछि
घाइते उसलाई बल्ल थाहा हुन्छ–
ऊ त सिर्फ सपनाको उडान भर्ने देशमा छ।

ऊ जिउँदो छ
यसैले ऊ सपना त देखिरहन्छ...
सपनामा दाउराजति कटेरामा चाङ छ
अब दाउराको धूवाँ खप्नुपर्ने सकस छैन
किनकि अब त घरघरमा पाइपबाट ग्यास आउँछ
अब दाउरा बाल्न छिमेकीको घरबाट आगो ल्याउनुपर्दैन
बिना आगो झट्टै बल्छ ग्यासचुलो
धूवाँ खप्नु नपरेकाले श्रीमती मक्ख छे
श्रीमतीको मुस्कानले आफू पनि दङ्गदास छ
तर ब्युँझँदा
धूवाँको सकसले निमोनिया बल्झेर

माइत गएकी श्रीमतीले परलोकको बाटो समाएको सम्झन्छ
यसरी शून्यताले गम्लङ्ग छोप्दा
निसास्सिएको उसलाई बल्ल थाहा हुन्छ–
ऊ त सिर्फ सपनाको उडान भर्ने देशमा छ।

बेलाबेला ऊ आफैलाई चिमोट्छ
र आफ्नै 'ऐय्या' आवाज बाँच्नुका नाममा आफैलाई प्रिय लाग्छ
सपना देख्न थाल्छ...
सपनामा ऊ देश झोलामा बोकेर हिँड्छ
नेताजी बन्छ
मौका मिल्यो कि त
झोलाबाट देश निकालेर टेबलमा फिँजाउँछ
र विश्व मानचित्रमा सजाउँछ
मानचित्रमै एक देशबाट अर्को देशमा पानीजहाज चलाउँछ
बन्दरगाह बनाउँछ र व्यापार बढाउँछ
देश धनधान्य बनाउँछ र प्रिय नेता बन्छ
तर ब्युँझँदा
भूपरिवेष्ठित देशको धरतीमा पानीजहाजको त कुरै छाडौँ
आकाशको रुट पर्मिटसमेत लिन नसक्दा
विमानस्थल सन्नाटामा देखेपछि
बल्ल उसलाई थाहा हुन्छ–
ऊ त सिर्फ सपनाको उडान भर्ने देशमा छ।

कहिले ऊ सपनामा कठिन उचाइ चढिरहेको हुन्छ
उचाइमा सफलताको झन्डा पनि फहराउँछ
तर पसिनाले निथ्रुक्क ऊ
ब्युँझँदा–
पसिनाको चिसोसहित झन्डामाथि नै सुतिरहेको हुन्छ
चिसो झन्डा
सान खसेको झन्डा
मान मरेको झन्डा

आकाशमा स्वतन्त्र फहराउन कहाँ सक्छ र!
किनकि उसलाई राम्ररी थाहा छ–
ऊ त सिर्फ सपनाको उडान भर्ने देशमा छ।

*

**रमेश श्रेष्ठ**

# बुद्ध हराएको रातमा



मोटोमा रूख पल्टिएझैँ
पल्टिएँ म आमाको काखमा
बुद्ध हराएको रातमा।

अघिल्तिरको
आँखा ठोक्किने पहाडमा
आगो आफैसँग रिसाएर
हुरहुराइरहेका थिए,
नदीहरू
आफैले आफैलाई निचोरेर
वेदनामा नागबेली खेलिरहेका थिए,
हिजो राति नै भुइँमा खसेका ताराहरू
आफ्ना लागि जमिन नापिरहेका थिए,
सिमलको टुप्पामा
गुँड बनाएर बसेका गिद्धहरू
आज खस्ने ताराहरूका बारेमा सोच्दै
आकाशतिर उत्तानो फर्केर
तिर्खाइरहेका थिए,
आफ्नै आवाज नबुझेर
बुझिने मुख खोज्न
झ्याउँकिरीहरू
आवाजमै हराइरहेका थिए,

पखेटा भएका निशाचरहरू
जूनको रङले
जीवनको गीत लेख्ने रहरले
उडिरहेका थिए,
घरघरमा कतै
भोकको रङ उडेको बत्ती बलिरहेको थियो
कतै भोक निदाएर
शून्यता बलिरहेको थियो,
थाप्लाभरि पानी जमेर
बादलको छातीभरि
अधोकल्चो भएर बसेको थियो आकाश,
हिमालहरू बेपत्ता भएको खबर आफैसँग हराइरहेको थियो,
मुख थुनेर बसेको रातमा
अकस्मात्
आवाज नै नभएको हल्ला
मस्तिष्कमा चलिरहेको थियो।

म
मानचित्रमा झन्डा च्यापेर
बुद्ध जन्मिएको जमिन
कुरिरहेको थिएँ।

बुद्ध हराएको रातमा
रूखझैँ पल्टिएँ म
आमाको काखमा,
शब्द हराएको शीतको थोपामा
म नि:शब्द भएर पल्टिएँ
बुद्ध हराएको रातमा।

*

**राजबाबू श्रेष्ठ 'सागर'**

# बगर र किनार



बिना किनाराका नदी हुँदैनन्
तर पनि
बगर अंशमा पर्ने किनाराको
मुद्दा किन अझै सल्टिएका छैनन् सर्वोच्चबाट?
किन काटिएनन् थप पेसी उसको?
किन मौन छन् हँ अझै इजलास?
ए महोदय!
किन चुपचाप छन् हँ ती काला कोटहरू?

किन ज्यान हुँदैनन् अचेल न्यायका?
किन फुल्दैनन् जीवनका सयपत्री फूलहरू?
किन रोपिएनन् कहिल्यै प्रेमका गुलाफहरू?
किन सारिएनन्
कहिल्यै परिवर्तनका सुनाखरीका ती बोटहरू?

मलाई जवाफ देऊ
म कसरी भएँ नदीका दुई किनारा?
बगरै मेरो अंशमा पार्नु थियो भने
किन दियौ मलाई किनाराको संज्ञा?

मलाई जवाफ देऊ
के छ जवाफ तिमीसँग?

*

## रामगोपाल आशुतोष

# म बदमास छु, मलाई बदमास भन



म 'बदमास' छु
मलाई 'बदमास' भन न ज्यान!

तिमीले मलाई 'बदमास' भनेको औधी मन पर्छ!

तिमीले मलाई 'बदमास' भन्दै अँगालेको दिन
म मेरी आमालाई सम्झन्छु!

मैले जानी-नजानी
गल्तीले भूल गरेर केही बिगारेको दिन
मेरी आमाले
मेरो ढाडमा मायाले प्याट्ट पिट्नुहुन्थ्यो
र, सुमसुम्याउँदै भन्नुहुन्थ्यो–
'बदमास, कति सताउँछौ आमालाई हँ?'
अनि मायाले म्वाइँ खानुहुन्थ्यो निधारमा
बोक्नुहुन्थ्यो पिठ्यूँमा र कस्नुहुन्थ्यो पछ्यौरीले!
म आमासँगै हुन्थेँ– आमाको हरसुखदु:खको साक्षी!

आमा नभएको घर नि ज्यान
देउता नभएको मन्दिर हो!

साँच्चै, म बदमास हुँ
मलाई 'बदमास' भन न ज्यान!

जब तिमीले मलाई 'बदमास' भन्दै लखेट्छ्यौ
र म यताउति
तिमीले भ्याउन सक्ने गरी दौडेको अभिनय गर्छु
मलाई बडो आनन्द लाग्छ।

र, म मेरी दिदीलाई सम्झन्छु!
दिदी भन्नुहुन्छ– 'तैँले जस्तो दु:ख कसैले दिएन मलाई!'

दिदी नजिकै हुनुहुन्थ्यो रे जाडो याममा
आफूले तापिरहेको मकल घोप्टिएर मेरो काखी जल्दा
सबैभन्दा बढी रुनुभएको थियो रे– दिदी!

चकचक गर्ने म
पद्म हाइस्कुलको पोखरीमा खस्दा
पौडिन नजान्ने भर्खर १२ उमेरकी दिदी
हाम फालेकी थिइन् रे मलाई बचाउन!

दिदी भन्नुहुन्छ–
'बदमास! त्यो दिन तँलाई त मैले बचाएँ,
खै, कसले बचायो मलाई?
आँखा खुल्दा म बिस्तरामा थिएँ!'

एकैछिन गमेर मैले भनेको थिएँ–
'मेरो मायाले हो नि दिदी!'

दिदीले 'बदमास' भन्दै अँगाल्नुभयो
र, निधार र आँखामा म्वाइँ खानुभयो!

जुन घरमा दिदी हुन्छिन् नि ज्यान
त्यहाँ शिक्षा, संस्कार र सुरक्षा हुन्छ।

एक दिन
लायकू दरबार हुँदै विद्यालयबाट फर्किरहेकी मेरी 'सानू'-लाई
एक युवाले जिस्क्यायो
भोलिपल्ट
मेरी प्यारी 'सानू' विद्यालय जान मानिरहेकी थिइनन्
ठूल्दाइलाई भनेकी थिइन्– 'दाइ, फलानोले जिस्क्याउँछ!'

१० कक्षा पढिरहेको मैले
भेट्टाएँ लफङ्गोलाई र दिएँ एक मुक्का र हानेँ एक लात
पच्चिकियो नाक र बग्यो रगत
र, माफी माग्दै भाग्यो केटो!

त्यो दिनदेखि बहिनीको
सबैभन्दा प्यारो बनेँ म– 'बदमास'!

ज्यान, यो समाजमा
फलामलाई सिधा पार्न पनि फलाम बन्नुपर्छ।

एक दिन
जाजरकोटको खलङ्गास्थित एक होटलमा
मध्यरात
हामी सुतेको कोठामा अनधिकृत छिरेर
मेरा ठुल्दाइको कठालो समातेर
मुक्का प्रहार गर्न लागेको अपरिचितलाई
'एक पन्च' र 'एक लात'-ले ढालेर
दाइको सुरक्षा गरेको थिएँ।

भोलिपल्ट देखेँ
मुख फुलेको र आँखा सुन्निएको यामानको
मभन्दा दोब्बर तौल र उमेरको हट्टाकट्टा नौजवान।

प्रेम बिकलाई
हत्यापछि फालेको भेरी पुल तर्नै लाग्दा
ठुल्दाइले भन्नुभएको थियो–
'मार्सल आर्ट सिक्नैपर्ने रहेछ है काइँला?'

प्रतिकार र प्रतिरोध नगरी बस्दा
अन्याय र अत्याचारले आकाश उचाल्छ ज्यान!

बाङ्गाटिङ्गा र असुहाउँदा हाँगाबिँगा छाँट्न
वा घरको निदाल, दलिन आदि बनाउन
या घर सजाउने फर्निचर आदिका लागि
रूख काट्न पनि त
हँसिया, आरी वा बन्चरो चाहिन्छ नि हैन?

तिमीले एक दिन सोधेकी थियौ पनि–
मेरो 'बदमास' ज्यान,
किन यति धेरै 'बदमास' हजुर?

मैले तिमीलाई भनेको थिएँ–
बच्चा नरोएसम्म आमाले दूध ख्वाउँदिनन्
रोइकराइ, उधुम नगर्ने सन्तानलाई
'ज्ञानी' उपाधि दिँदै खासै ध्यान दिँदैनन्।

दिएको खाने र पाएको लाउने,
आफ्नो हक-अधिकारका लागि नलड्ने नागरिकले
नियमकानुनको पालन गर्दै
देशको हितका लागि, समाजको शान्तिका लागि भन्दै
चुपचाप अन्याय-अत्याचार सहनेमाथि
शासन गर्नेको जात,
अन्याय-अत्याचार गर्ने वर्गको अनुहार देखेकी छ्यौ।

सहेर बसेकालाई मिलेर बसेको भनेर
आफू र आफ्नाको शासन र सत्ता कायम राख्न
धर्म, विचार, दल वा सङ्गठनको नाममा
विभिन्न विभेद, दमन र शोषणको शृङ्खला भोगेकी छ्यौ।

तिमीले नै भनेकी थियौ–
'सहनु आफैमा अन्यायको स्वीकृति हो
अन्याय विरुद्ध लड, तिमीलाई युद्ध सुहाउँछ।'

मलाई ज्ञानी बन्नु छैन ज्यान
मलाई 'बदमास' बन्नु छ
मलाई 'बदमास' भन!

*

## राधिका कल्पित

# यात्राहीन यात्रा



यौगिक मिश्रणको एउटा अनमेल अणुजस्तो– तिमी
रासायनिक प्रतिक्रियाको बाइप्रडक्ट पदार्थजस्तो– म
खरानीबाट पुनः कोइला हुन खोजिरहेको
अस्तित्वको जिद्दी अस्तु– तिमी
जलेर भस्म हुन तत्पर अहम्‌को अँगार– म
यो सम्बन्ध कस्तोकस्तो
यात्राहीन यात्राको
भविष्यहीन भविष्यजस्तो।

आग्रहभन्दा अलि खुकुलो
बाध्यताभन्दा अलि सजिलो
वाचा/कसमभन्दा अलि बलियो
कर्तव्यभन्दा अलि हलुङ्गो
हावामा मच्चिँदामच्चिँदै
गाँसिन पुगेका दुई चङ्गाजस्तो
बगरमा बग्दाबग्दै
मिसिन पुगेका दुई नदीजस्तो
यो सम्बन्ध कस्तोकस्तो
सम्बन्धहीन सम्बन्धको
बन्धनहीन बन्धनजस्तो।

न सँगै हिँड्नैपर्ने कुनै यात्रा छ
न सँगै सक्नैपर्ने कुनै मेलो छ
न सँगै बाँच्नैपर्ने कुनै अध्याय छ
न सँगै भोग्नैपर्ने कुनै भवितव्य छ
नाता नभईकनै सम्बन्धित हुनु
सम्बोधन नगरीकनै सम्बोधित हुनु
यो सम्बन्ध कस्तोकस्तो
परिभाषाहीन परिभाषाको
अभिलाषाहीन अभिलाषाजस्तो।

न सम्बन्ध टिकाउनैपर्ने तनाव छ
न मान राख्नु र मन राख्नुको झमेला छ
न भय छ छुट्नु या टुट्नुको
न आकाङ्क्षा र आसक्ति छ हुनु र नहुनुको
न विगतको बीजबाट अङ्कुरित वर्तमान छ हामीसँग
न भोलि अवसान हुने भयकारक भविष्य नै छ
न आत्महत्या गरेका सपनाहरूको चिहान छ हामीभित्र
न संस्कारका भारले पिल्सिएको प्रेमको अस्थिपञ्जर नै छ
न अभीष्ट छ प्राप्तिको, न छ मोह मोक्षको
यो सम्बन्ध कस्तोकस्तो
आदिविहीन अन्त्यको
आग्रहहीन आग्रहजस्तो।

तिमीलाई भेटेपछि
यस्तो लाग्दै छ
सम्बन्ध नुहुनु पनि
एउटा अद्भुत सम्बन्ध हुनु रहेछ।

*

## रीता खत्री

# अक्षर



जब प्रेम गरेँ
प्रेमी बनाएर पठाइदिएँ
जब घृणा गरेँ
हतियार बनाएर चलाइदिएँ।

लेखक भएर
लेखिरहेँ तिमीलाई
नेता भएर खेलाइरहेँ
कहिले आकाशतिर पुऱ्याइदिएँ
कहिले पातालतिर धसाइदिएँ।

पूजामा भजनभेदी बनाइदिएँ
दु:खमा समवेदना बनाइदिएँ।

बनाइदिएँ
बनाउन मिल्नेजति सबैसबै।

कहिले अलग्याइदिएँ
कहिले होच्याइदिएँ
र गरिदिएँ
जथाभाबी प्रयोग।

तिम्रो प्रयोगमा
म यति स्वेच्छाचारी भइदिएँ कि
लिइदिएँ तिमीलाई नै
नियन्त्रणमा।

प्रिय अक्षर!
म आफै नियन्त्रण विरोधी।

तिमीलाई नियन्त्रणमा लिएर
यतिबिघ्न प्रयोग गरेबापत
म विरुद्ध बयान लिन
त्यो हृदयको कठघरामा
कहिले उभ्याउँछौ हँ मलाई?

*

**रसिकराज**

## हावा



मुलायम हुनु त हावाजस्तो
जसको स्पर्शले उठ्न सकून् कपासका फूलहरू।

फैलिनैपरे हावाजस्तो फैलिनु
जिन्दगीको सुरुवातदेखि अन्तिम बिन्दुसम्म
सासदेखि लाससम्म।

बहुलाउनु त हावाजस्तो
जुन बहुलट्टीपनले उडाउन सकोस् अहङ्कारका भित्ता
ऐठन पनि बनोस् आँधी
उसैलाई प्रदूषित गर्नेहरूलाई पनि चाहियोस् उही।

सुस्केरा पनि बनोस् सुन्नेका निम्ति सुसेली
जिस्केर यताउता दगुर्दा–
साटियून् पराग
लागोस् बोटहरूमा अन्न।

हिँड्दाहिँड्दै ठोक्किँदा पनि
नाचून् उमङ्गले ठोक्किनेहरू
जसरी हावासँग ठोक्किन पाउँदा नाच्छन्
सल्लाका रूखहरू।

हुनु त हावाजस्तो हुनु
जसले
उडाउन सकोस्
आफैलाई कैद गर्ने बेलुनलाई पनि
स्वतन्त्रताको उडान।

हुनु त हावाजस्तो हुनु
जो नदेखिनु, नहुनु नहोस्
जो हुनलाई छु भन्नै नपरोस्।

*

रञ्जना निरौला

## निर्भरताको वधशाला



सानो गमला
थोरै माटो
निश्चित परिवेश
एक कुनो ठाउँ र एक टुक्रा आकाश
धर्तीको विशाल छातीबाट
उखेलेर ल्याई गमलामा खुम्च्याइएको स्वतन्त्रता
तौलिएको मल, जल, घाम र हावामा
बाँचेका गमलामा फूलहरू।

यी फूलहरू खोजिरहन्छन् मसँग
जरा फैलने माटो
सोधिरहन्छन् मलाई
भूगोलको सार्वभौम
र पटकपटक सुनाइरहन्छन्
विशाल जङ्गलको बिरासतबाट
उखेलिएर ल्याइनुको पीडा

गमलाको माटोमा खुम्चिएर
परनिर्भर भइरहनुको गाथा।

अरूकै इच्छा र आवश्यकतामा
मनलागी दिएको खाद र पानीमा
रोपिएका गमलाका फूलहरू
निर्भीकतासँग
सहजतासँग
अपनत्वसँग
स्वतन्त्रतासँग
पलायन भएर
बाँचिरहेछन् निर्भरताको वधशालामा
बाध्यताको जीवन
सुन्दर तर कति कठिन फूलको जीवन!

*

**रमा अधिकारी पौडयाल**

# मुस्कान



नचिन्दै तिमीले गुणाभाग के हो
नबुझ्दै बजारु रतिराग के हो
ती तिम्रा अधरमा चमकदार फुल्थ्यो
बिनासर्त मुस्कान मीठो प्रभाको।

जहाँ बल्छ मुस्कानको दिव्य बत्ती
त्यहीँ झुल्छ मान्छे बिना लाज कत्ति
निका ओठ तिम्रा गगनका किनारा
त्यहाँ फुल्ने हाँसो शशी वा सितारा।

भए धुम्म कालो त्यो मण्डल झुकेको
भए ती अधरमा कुनै छल लुकेको

के सारले धाउनु व्यर्थ मान्छे
त्यो हो बिना चेतन मूढ मान्छे।

कति छन्, कति छन् व्यथा फुल्ने ठाउँ
बरु छैन कत्ति प्रभा झुल्ने गाउँ
त्यो दैवको मुफ्त दसी उज्यालो
के थुन्नु मुस्कानको मार्ग प्यारो?

✲

**रीता सिंह 'सिर्जना'**

# पीडा



जति म
माया गर्छु पीडालाई
त्यतित्यति ऊ
फक्रन थाल्छ
मेरो मुटुभित्र
म सुमसुम्याउँछु
ऊ लुरुक्क पर्छ
वेदनाहरू
तीव्रताले बढ्न थाल्छन्
ऊ रमाउँछ
मेरो असह्य पीडामाथि
अनि
खित्का छाडेर ऊ हाँस्छ
उसलाई मज्जा आउँछ
मेरो पीडाको हारमा
ऊ मुस्काउँछ
म रुन्छु, रिसाउँछु, कोस्छु
वेदनाले घायल हुन्छु।

मायाको विनिमयमा
म चोट मात्र पाउँछु
घाइते मन छटपटाउँछ
पीडाबाट मुक्त हुन चाहन्छ
पीडा र मायाबीच अब
अविरल द्वन्द्व चल्न थाल्छ
जहाँ
मेरो सहनशीलताको अघि
आखिर पीडा हारेर जान्छ
म सुस्ताउँछु
अनि फेरि हाँस्छु।

*

**रोशन परियार**

# रातो बालक



बौलाहा हुरी
ढोकाको आग्लो भत्काएर पस्यो
एक थान गुलाबी नारी
गुलाफको निद्रा निदाइरहेकी थिइन्।

अँध्यारोमा पड्किएको बन्दुक
सायद भोको हुनुपर्छ
सन्नाटामा लतपतिएको खुकुरी
सायद प्यासी हुनुपर्छ
कि त घरका भित्ताहरू
रगतका बाछिटाले पोतिएको दृश्य झूटो हुनुपर्छ
हैन भने
मलाई बचाउने ईश्वर पागल हुनुपर्छ।

चुसिरहेको स्तनबाट रस नआएपछि
मैले निदाइरहेको छातीमाथि छामेको थिएँ
टाउको थिएन
म ब्युँझिँदा मसँग उठ्ने गुलाबी नारीको घाँटी
चुँडाएर कसले लगेको थियो?

एउटा रातो बालक
जुत्तामा इज्जत हुन्छ भन्नेहरूको खुट्टा समातेर
पालिस दलिरहन्थ्यो, ज्याला थापिरहन्थ्यो
उसलाई कुन भीडले भनिदिएछ
'पैसा भएपछि सब थोक किन्न पाइन्छ' भनेर
ऊ पटकपटक भनिरहन्थ्यो मलाई–
'धेरै पैसा कमाउनु छ'
मैले उसकै छेउमा बसेर
हरेक दिन चुरोट पिएको पनि वर्षौं भइसकेछ।

आज
रेड लाइट एरियामा
रेड लाइटहरूको बाध्यता नियाल्दै
उही रातो बालक
मेरो रातो कोठाभित्र आएको छ।

उसकै तृप्तिका लागि नाङ्गिएर बसेकी मलाई
आफूसँग भएजति जम्मै रुपियाँ थमाउँछ
र मफ्लरले मेरो नाङ्गो शरीर ढाकिदिँदै भन्छ–
म आमा किन्न आएको हुँ।

*

**सरुभक्त**

# पृथ्वीगाथा



अनि
सम्भावित सम्भावनामा
परमाणु युद्ध विकिरणले आच्छादित धरतीमा
अँध्यारो गुफावासी मन लिएर
म अधमरो पञ्चमहाभूत अस्तित्व
सम्बोधित छु– बुख्याँचाझैँ।

फर्रफर्र पाना पल्टिरहेछन्
विषालु हावाले
पृथ्वीसूक्तका अनमोल पानाहरू।

पर अँध्यारो क्षितिजभरि
भस्मासुर अहङ्कारका ब्ल्याकहोल लालिमा
चलायमान छन् सङ्घनित गुरुत्वाकर्षणमा
मृत भोरकालमा
अबोध, निर्मल शिशु शीतहरू जन्मँदैनन्
खडेरीग्रस्त धरतीमा
वर्तमान– अमेजनको जङ्गलदेखि
अतीत– नेपालको हरियो वनसम्म
कुन चिताग्निले डढिसके।

हरे! बोधिवृक्ष उमार्ने वनहरू डढ्दा
वनहरू मात्र डढ्दैनन्
जीवनका असङ्ख्य सपना डढ्छन्
जीवनका असङ्ख्य बिपना डढ्छन्
र, डढ्छन् जीवनका असङ्ख्य सम्भावनाहरू।

सूर्य पिता
पृथ्वी माता
बन्धुबान्धव किरण समूहहरू
म पञ्चमहाभूत– वैदिक ऋतयन्त्रमा
शान्तिपाठ गर्न खोज्दै छु... 'शान्ता द्योः
शान्ता पृथ्वी शान्त मिद्मुर्वन्तरिक्षम्।'

स्थावर/जङ्गम
प्राणी/वनस्पति
अस्तित्वका लागि सङ्घर्ष
क्षमिष्ठका बाँच्ने अधिकार
डार्विनको प्रकृति विज्ञानबाट अघि लागेको समय
किन हाराकिरी गर्छ– ब्ल्याकहोल
लालिमाभित्र?

के त्यस्तो समय जन्मन सक्दैन
जहाँ अस्तित्वका लागि सङ्घर्ष होइन
उत्सर्गका लागि सङ्घर्ष होस्?
के त्यस्तो समय जन्मन सक्दैन
जहाँ क्षमिष्ठको बाँच्ने अधिकारको कुरा होइन
निर्बलहरूको बाँच्ने अधिकारको कुरा होस्?

टेथिस सागरको अवसानपछि
जन्मेका धवल हिमालहरू
हरिया पहाडहरू
सुरम्य समथर तराई फाँटहरू
जब कीटाणु मानवताले ग्रसित हुन्छन्
हिमालहरू काला पत्थरमा परिणत हुन्छन्
ढुङ्गामाटाका गाँठा फुस्किएर
पहाडहरू खस्छन्
र, तराई फाँटहरू
तप्त मरुभूमिमा रूपान्तरित हुन्छन्।

त्यो मानवता बलात्कारी हो
जसले मातृबलात्कार गरेर शक्ति प्रदर्शन गर्छ
अनि कुटिल मनले भट्याउँछ :
'या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः।'

कृष्ण, बुद्ध, मोहम्मद, जिजस
विक्षिप्त भजनेहरू देवताका भजन गाएर
राक्षस बन्छन्
मस्तिष्क क्षयको समय
कोचाकोच छन् प्रदूषित आत्माका पुनर्जन्महरू।

ओजनपत्र च्यातिँदै छन्
तापक्रम बढ्दै छन्
ध्रुवीय हिउँहरू पग्लिँदै छन्
समुद्रका सतह चढ्दै छन्
विषाक्त ग्यासहरूले वायुमण्डल भरिँदै छन्
सभ्यताका उत्खनन होइनन्
धरतीको छाती चिरिने गरी स्वार्थहरूको
उत्खनन हुँदै छन्।

तिमी धरतीको मुटु, कलेजो, फोक्सो लुछ,
कोपर, चिथोर
अनि भनिठान– म/हामी एकएक हातमा
परमाणु आयुध बोकेर
विनाशयुद्ध लड्न सक्ने
धरतीको श्रेष्ठ सन्तान हुँ/हौँ।

समयको आयतनभरि
ब्रह्माण्डको जन्ममृत्यु प्रक्रिया अनुभूत गरी
म अर्बौं मनले भन्छु– 'तिमी जीवनका

लागि धरतीबाट जति लिन्छौ त्यसभन्दा बढी
धरतीलाई देऊ।'
तर सुन्छ कसले?

लालसापीडित मानवता
क्षुद्र लालसाका लागि सन्तानको भविष्यको
हत्या गर्छ
अनि सपना देख्छ अन्तरिक्ष पिण्डमा
बसाइँसराइको
तिनलाई कसले सम्झाउने
तिमी जहाँ सरे पनि तिमीसित टेक्ने
धरती सर्छ
तिमी बाँच्ने पृथ्वी सर्छ।

अलिकति ठुटो चुरोटको धूवाँ
अलिकति चुलोको धूवाँले
छातीमा रोग बिसाएकी अबोध आमाझैँ
धरती आमाको उपचार
कुन ब्रह्माण्डीय अस्पतालमा होला?

अद्यापि प्रदूषित मानवताको उत्तापले
झ्वार्रझ्वार्र जलिरहेछन्
पृथ्वीसूक्तका पानाहरू।

✲

**श्यामल**

# गाजापट्टीको धूलोभित्र



गाजापट्टीमा रुनु व्यर्थ छ
यही कुरा बुझेर
गाजापट्टीका मानिसहरू हाँस्छन्
आफूमाथि उडिरहेको
अमेरिकी बमवर्षकलाई देखेर।

जीउभरि दुखिरहेको छ, दुखिरहेको छ
कति रुनु भनेर
गाजापट्टीका मानिसहरू हाँस्छन्
तिनीहरू हाँसेको देखेर
तिनका समकक्षी हाकिमहरू झन् रिसाइरहेका छन्
अनि अलिअलि
युद्धविरामको चास्नीमा विस्फोटक मिसाइरहेका छन्
गाजापट्टीका मानिसहरू हाँस्छन्
कति कमजोर आत्मा उडिरहेको छ उनीहरूमाथि भनेर
कति कमजोर देवताले
तिनको कमजोर टाउकोलाई
ढुङ्गाको पर्खालमा ठोकिरहेको छ भनेर!

आकाशको बाटो चिलगाडीमा बसेर
युद्धविरामको खोलभित्र बम आइरहेको छ
कूटनीतिक मुस्कानको खल्तीभित्र बसेर
हमासको धमास निस्तेज गर्न
गर्भे बालकको हत्या गर्छ इजरायली बन्दुक
डर पनि कतिकति!
छेउमै बसेकी घाइते बालिकासँग डराएर
युद्धविरामको कुरा गर्न उसको एक दूत

वासिङ्गटन गइरहेको छ,
अर्को एक नेतान्याहूको समरङ्गी अमेरिकी टाईसुट
युद्धविरामको सूत्र खोज्न दोहामा व्यस्त छ
अर्को एक घन्टाउके सुनको हवाइजहाजमा बसेर
कायरो घुम्दै छ
यसै बेला एक प्यालेस्टाइनी पत्रकार ढल्छ
महान् प्रजातन्त्रको गोलीले
उसलाई ढालिन्छ गाजापट्टीको खबर लेखिदेला भनेर।


गाजापट्टी धूलोले कुइरीमण्डल छ
मानिसको सुगन्ध मिसिएको प्यालेस्टाइनको धूलो
जहवा अराफातले खेल्ने जमिनको धूलो!
तेर्सिएका अलजजिरा, बीबीसी र सीएनएनका बुमहरू!
झुन्डिएका एएफपी, एपी, क्योदो र सिन्ह्वाका हाइटेक रिकर्डरहरू!
फोटो खिचिरहेका शक्तिशाली क्यामरा जडित ड्रोनहरू!
हिसाब गर
कति खर्ब डलरको मृत्यु बिक्यो साथीहो?
यो महान् शक्तिशाली हतियारधारी
प्यालेस्टाइनी महिलाको पेटसँग डराउँछ
यी जर्साबहरू
बच्चाहरूको तोतेबोलीसँग डराउँछन्
सायद उनीहरूले आफू एकै चिहान भएको इतिहास बिर्सिदिएजस्तो छ
सायद आस्विजका जुत्ताहरू र टोपहरूको दु:ख सकियो जस्तो छ
सायद अब त इजरायलले
प्यालेस्टाइनका आना फ्याङ्कहरूलाई चिन्दैन जस्तो छ
किन कोही सुन्दैन
गाजापट्टीको अस्पतालमा बसेको
घाइते आइन्स्टाइनमाथि बम खसेको?

गाजापट्टीमा रुनु व्यर्थ छ
यही कुरा बुझेर
गाजापट्टीका मानिसहरू हाँस्छन्।

*

**एस्पी कोइराला**

# मेरो प्यारो सिंहदरबार!



भन्नुहुन्थ्यो आमा बारम्बार
तीन वटा कुरादेखि रहनू सधैँ होसियार
तरबार, घरबार र दरबार!

तरबार देख्यो भने चलाऊँ-चलाऊँ लाग्छ
घरबार देख्यो भने बसाऊँ-बसाऊँ लाग्छ
दरबार देख्यो भने उपद्रो मच्चाऊँ-मच्चाऊँ लाग्छ
उसमाथि पऱ्यो यो त झन्
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा जसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

बाहिरबाट हेर्दा त खुलाजस्तो देखिन्छ
बडेमानको त्यो मूल ढोका
भित्र छिरेपछि देखिन्छन्
भूलभुलैया भवनका जस्ता ढोकैढोका
थाहा हुन्न कुन ढोकाबाट पस्ने हो
र कुन ढोका हुँदै कुनबाट निस्कने हो
सकल्तीसँग
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा जसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

अझै भित्र पसेपछि देखिन्छन्
ढङ्गबेढङ्गका ऐय्यासी कोठाहरू

जहाँ सृष्टिको नियम बिगारिन्छ
दिनलाई रात र रातलाई दिन बनाइन्छ
अझै त्यसभित्र पनि घुसेपछि देखिन्छ
अनेकन् आकारप्रकार र रूपरङ्गका
राता पटुकी बाँधेका फाइलका बहुरूपी पोकैपोका
जहाँ जनताजनार्दनको भाग्य केरमेट गरिन्छ
र उसैको नाममा सुन्दर दन्त्यकथा रचिन्छ
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा जसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

कोठाभित्र उभिएर हेर्दा
फाइलले छोपिएको
मयलपोसमा सजिएको
देखिन्छ एउटा मानव आकार
मानौँ
चर्न आउने बस्तुभाउको सिकार कतिखेर फस्ला
र तात्तातो आलो रगत चुसूँ भनेर
मैयूँको लेकमा साउने झरीको मौसममा
आँ गरेर घाँसमा लुकेर ढुकिबसेका छन्
भोका खरीजुकाहरू
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा यसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

देखिन्छन् कौसीबाट नियाल्दा
यत्रतत्र-सर्वत्र
भटमासबारीका झुसिलकीराजस्ता भाइभारदारको झुन्ड
जजमाने लालमोहरिया पण्डितहरूको जमात

काला माकुराजस्ता पुस्तौनी पदेन विज्ञहरूको जुलुस
मुखमा मह राखेर बसेका रकमी बिचौलियाहरूको सभा
भव्य कक्षमा चियाउँदा देखिन्छ
हल्लिरहेको हाकिमको हात
तिनै चिरपरिचित जम्ल्याहा हातहरू
जसले चुनावमा गाउँलेसित भोट माग्छन्
र सिंहदरबार टेकेपछि तिनै हातले गाउँलेको घाँटी ङ्याक्छन्
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा जसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

जहाँ
खुला राख्नुपर्ने कुरालाई
बन्द राखिन्छ
जस्तो कलम, कान र तेस्रो आँखा
र बन्द राख्नुपर्ने कुरालाई
खुला राखिन्छ
जस्तो षड्यन्त्र, स्वार्थ, बेइमानी
जहाँ दाउखुट्टी लगाएर आसन जमाइन्छ
भाषणको भरमा शासन चलाइन्छ
र आँखा चिम्म गरेर सद्देलाई मूर्ख बनाइन्छ
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा जसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

सिंहजस्तै गर्जिन्छ सिंहदरबार
हुँदा खानेमाथि
रुझेको बिरालोझैँ बन्दिन्छ सिंहदरबार
हुनेखानेमाथि

कानुन आफै बोल्दैन
कलम आफै चल्दैन
फाइल आफै सर्दैन
'कर्म'-बाहेक सबै थोक गरिरहेका हुन्छन् 'कर्मचारीहरू'
घाम ताप्नेदेखि गफ जोत्नेसम्म
काम बिगार्नेदेखि कुरा सपार्नेसम्म
कुरा लगाउनेदेखि सिकार फसाउनेसम्म
शोक मनाउनेदेखि देश बनाउनेसम्म
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा यसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

छिर्नेबित्तिकै सिंहदरबार
परिणत हुन्छ मान्छेको अवतार
पलाउँछ चार पाउ, सिङ, पुच्छर
यस्तो लाग्छ, कुर्सीमाथि उफ्रिरहेछ
पशुपतिमा घुसेको स्वयम्भूको एउटा चकचके बाँदर
जसले सिंह बन्न आएकालाई स्याल बनाइदिन्छ
स्याल बनेर छिरेकालाई बाघ बनाइदिन्छ
दरबारको पनि दरबार
सरकारको पनि सरकार
महिमा यसको अपरम्पार
मेरो प्यारो सिंहदरबार!

*

## सुलोचना मानन्धर

# फूल र मान्छे



जतातत्तै सुनिन्छ बखान
तिम्रो सुन्दरताको
तिम्रो सुवासको
कोमलताको।

कतै छैन कुनै चर्चा
तिम्रो व्यथाको
दोहोरिइरहने
दुःखान्त कथाको।

कहिले
फक्रिन खोजेकै बेला
कहिले
भर्खरै फक्रिएर हाँसेको बेला
बतासमा झुलिरहेको बेला
पुतलीसँग भुलिरहेको बेला।

टिपिन्छौ
सियोमा उनिन्छौ
र माला भएर सजिन्छौ
मानिसका गलामा
देवताका मूर्तिमा।

च्यातिन्छौ
र छरिन्छौ
यज्ञस्थलमा
बलिवेदीमा।


मूर्ति त मूर्ति नै भइगए
मान्छेले बनाएका
        के बोल्न सक्थे ती?

हेर न
यी निर्लज्ज मानिसहरूलाई!
        गजक्क पहिरिएर मालामा
        तिम्रो मौन चीत्कार
        पालिरहेछन्, पोसिरहेछन्
        आफ्नै तुच्छ अहङ्कार!

*

**शरद् प्रधान**

# वीरेको सपना



भालेको डाँकमा
वीरे उर्फ वीरबहादुर
आङ तन्काउँदै उठ्छ
नेताहरूले देखाएको
सिङ्गापुरको सपना
काँधमा बोकेर
खेतमा जान्छ सधैँ।
बाटाभरि घण्टी र शङ्ख
नसुनेको पनि धेरै भयो उसले
आजकाल गितारको तालमा
सुन्छ हनेलुलू उसले।
दौँतरी खोज्न वीर खाडी जानुपर्छ अहिले
अनि जोई खोज्न सहर।
खेतालाहरू अरबमा
जोत्दै छन् अरूको खेत

गाउँ श्मशान भएको छ अहिले।
बुहारीहरू पाठशाला र खेताला
खोज्दै सहर पसे
उमेर गएकाहरू यमराज कुरेर
घाम तापिरहेछन् भीरपाखाभरि
चुरोटको सर्को तान्दै।
आजकाल रातभरि वीरे चोरबाटोबाट अमेरिका
पुगेको सपना देख्छ।
सायद उसलाई पनि
साथी खोज्न अमेरिका
जाने रहरले घोचेको छ।

*

**सोझो गाउँले**

## म मान्छे हुँ



किन कसैले मेरो टाउकामा ढुङ्गाले हिर्काउँदैन!
खालि खुराफाती कुरा आउँछ दिमागमा
आर्थिक वर्षको अन्त्यतिर टालेको सडकजस्तो
कमजोर सम्बन्धको समेत सदुपयोग गरेर
स्वार्थको दुनो सोझ्याउने बुद्धि
कहाँकहाँबाट आउँछ मस्तिष्कमा
हरबखत विषाक्त विचारको फणा फिँजाइरहने
गोमन सर्पजस्तो यो खोपडीमा
किन तातो झिर रोप्दैन कसैले!

डाँका डाल्न दाउ ढुकिरहने
नामुद डाँकूजस्ता यी आँखामा
सुइराले घोचेर नानी नफुटाएसम्म
जसलाई पनि सिकार देख्न सक्छु

जसको पनि बाटो ढुक्न सक्छु
जसको पिठ्यूँमा पनि छुरी घोप्न सक्छु
कोखामा दाँत भएको मानिस हुँ म
अँगालो मार्ने बहानामा
तपाईंलाई पनि दरफर्‍याउन सक्छु।

विवाहका लागि केटी हेर्न गएको केटाजस्तो
भलादमी बनेर
चुनावमा भोट माग्न आएको नेताजस्तो
विनम्र भएर
वा कुनै कमसल सामानको विज्ञापनमा देखिएकी
महँगी नायिकाको जस्तो व्यावसायिक मुस्कान छरेर
तपाईंको अगाडि आएँ भने म
सम्झिनोस्, तपाईंबाट कुनै न कुनै
मतलब फुत्काउनु छ मैले।

औँलो समातेर जसले उभिन सिकायो
हिँड्न थालेपछि उसैलाई छाडेर जाने
काँध थापेर जसले खुट्किलो चढायो
टुप्पामा पुगेपछि उसैलाई लात हान्ने
बैगुनी मानिस हुँ म
खोलो तरेपछि लौरो बिर्सिन्छु
शिखर चढेपछि भुइँ भुलिदिन्छु।

कमिलाको ताँतीझैँ अरूको खुट्टा नतानीकन
सरासर हिँड्न सक्दिनँ म
पुतलीको पङ्क्तिझैँ अरूलाई नपछारीकन
अगाडि बढ्न सक्दिनँ म
चराको बथानझैँ अरूको बाटो नछेकीकन
गन्तव्यमा पुग्न सक्दिनँ म।

कुनै अव्यवस्थित सहरको डम्पिङ साइटजस्तो लाग्छ
मलाई मेरो फोहोरी मन
कुहिने-नकुहिने सबै एकै ठाउँमा थुप्रिएर
डुङडुङ्ती गनाउने भएको छ
यसबाट निस्केको अतिशय दुर्गन्धले
जीवनको सुगन्ध सब सिध्याएको छ।

आफूभित्रै उम्रिएको लालचको लहराले
छपक्कै छोपेर आफूलाई
आफैलाई नदेख्ने भइसकेछु
आफैलाई नचिन्ने भइसकेछु
हुँदाहुँदा...
सात समुद्र पिएर पनि
नअघाउने अगस्ती भइसकेको रहेछु।

घरी अर्काको आँगनलाई आफ्नै मझेरी देख्छु
घरी अर्काको भकारीलाई आफ्नै ढुकुटी सम्झन्छु
अर्काको नासोलाई झन् आफ्नै पेवाजस्तो ठान्छु
यति मात्र कहाँ हो र!
घरीघरी सिङ्गो पृथ्वी नै मलाई
मेरै बाउको बिर्ताजस्तो लाग्छ।

अर्काको गाँस खोसेर खाँदा
खुब स्वाद मान्ने
अजिबको जिब्रो छ मेरो
अर्काको वास हडप्न पाउँदा
बडो प्रफुल्ल हुने
गजबको चित्त छ मेरो
मलाई माफ गर भगवान्!
पापको भारी बोकेर मनभरि
धार्मिक यात्रामा हिँडिरहेको

स्वघोषित सर्वश्रेष्ठ प्राणी
मान्छे हुँ म...।

*

## शेखर गिरी

### ऊ



ऊ सखारै आँखा मिच्दै उठ्छ
आङ तान्दै हाई काढ्छ
पसल खोल्छ।

न बेच्नेले लिन मिल्छ
न त किन्नेले लाउन हुन्छ
महँगो किन किन्ने?
जेजस्तो सस्तो भए पनि हुन्छ।

थानबाट कोरा कपडा
गजले नाप्छ, च्यात्छ
तीन गज भए पुग्छ भन्छ।

उसलाई को, कहाँ, किन
सोध्ने के चासो?
जो मरे पनि ठीकै छ
व्यापार भए पुग्छ।

हृदयविहीन, संवेदनाहीन
ऊ त कात्रो बेच्ने व्यापारी रहेछ।

*

**सुमन पोखरेल**

# आमा र मान्छे



एउटी गर्भिणी स्त्रीले
कति संवाद गर्छिन् गर्भको बच्चासँग
थाहा छैन मलाई।

के कुरा गर्छिन्
ती हुन लागेकी आमाले
आफ्नो गर्भस्थ शिशुसँग पनि थाहा छैन,
कसरी बोल्छिन् र
कतिकति बेला बोल्छिन् पनि थाहा छैन।

तर
जन्मिएको नबोल्ने शिशुसँग
जति कुरा गर्छिन् एउटी आमाले
त्यति कुरा सम्भवतः संसारमा कसैले कसैसँग गर्दैन।

बोल्न नसक्ने शिशुसँग
अनवरत नबोली रहँदी हुन् यदि आमा
भने
संसारको कुनै मान्छे पनि
कहिल्यै बोल्न जान्ने हुने थिएन।

*

# सुधा भट्टराई

## जिउँदो लास



तेल सकिँदै गरेको
धमिलो दियोको उज्यालोसँगै
धिपधिप गर्दै बत्ती नै
आफै बल्दै छ
एउटा भावहीन मलिन अनुहार
पल्टिएको छ ओछ्यानमा
तेल नभएको बत्ती बलेझैँ
निर्निमेष एकोहोरिएका आँखा
माथि कताकता शून्यमा टोलाइरहेका
स्मृति बिम्ब झल्किन्छ अनुहारमा
रुग्ण शरीर यताउता छटपटिन्छ
आफ्नो पति बितेको पनि दुई बीस
नाघिसकेछ,
सोच्थिन्– म भर्खरै ३० वर्षकी त थिएँ
हुर्काएँ मैले कसरी यी छोराछोरी?
यी सबै लागिसके लाखापाखा
छोरीहरू आफ्नै गृहस्थी सँभाल्न थाले
दस वर्षअघि मुगलान भासिएको
जेठो छोरो छैन अझै फर्किएको
छ कान्छो त आफ्नै साथमा
भर परेकी थिएँ,
लाग्यो ऊ पनि कतार कि दुबई कता हो
बर्ख दिन भयो अत्तोपत्तो छैन
थलिएकी छु म रोगाएर
कोही छैन तातो पानी दिनेसम्म पनि
उठेर यताउता लरखरिन्छु
बिहे गरेर कान्छो छोराको

ढुक्क हुने मेरो इच्छा/चाहना
सेलाएर गएको छ त्यत्तिकै
म जीर्ण हुँदै छु दिनदिनै
बिताउने हो कसरी यो जीवन
लाग्छ बेलाबेलै
के म बाँचेकै हुँ त?
के मेरो जीवन यति नै हो?
यतिका छोराछोरी भएर पनि
भोग्नैपर्ने हो त यो बुढेसकालमा
अलपत्र
कोही नभएको निर्धोझैँ?
घरको दलिनतिर हेर्दै
उनी खुइय्य गर्छिन्
म बाँचेकी छु फगत
एउटा जिउँदो लास।

*

**सीताराम अधिकारी**

# गरिबीप्रति



गरिबप्रति होइन
मेरो मनमा
गरिबीप्रति नै द्वेष थियो
जसले मलाई
एउटा विरोधी बनायो
कसैले अपराधी पनि
मान्ने गर्छन्
अहिले पनि।

तर के मेरो अपराध
अपराध नै हो त?

मैले प्रश्न गरेको थिएँ
आफैलाई
'तँ ठीकै छस्
अझै धेरै समय लाग्छ
तैँले अघि बढ्नुपर्छ
सफलता छिटै पाइँदैन।'
मानेँ,
अघि बढ्ने अठोट गरेँ।
'के म एक्लै यो काम
पूरा गर्न सक्छु?'
'सक्दिनँ।'
भित्री मनले उत्तर दियो।

साथीहरूलाई भनेँ
सबैले आआफ्नै दुखेसो सुनाए
'सकिँदैन है साथी
गर्नेहरू कति आए, गए
कसैले सकेन
हामीजस्ताले कसरी सक्ने?'
म अलमल्ल परेँ
एक पल्ट फेरि बल जुटाएर
एक्लै अघि बढेँ
खेदे कतिले
गर्छ कि केही भनेर
पछि पनि लागे
अहिंसाको सहाराले भएन
कसैले सुनेन
अब हिंसा अपनाउनुपर्छ
तोडफोड गरेँ
चुसाहाहरू सखाप पार्ने
प्रयास गरेँ

खान पाउन्जेल साथीहरू
साथ दिने भएकै थिए
समय आयो
समरमा म एक्लै परेँ
थुनामा परेँ
साथीहो!
अझै पनि तर मेरो मनमा
गरिबप्रति होइन
गरिबीप्रति नै द्वेष छ।

✲

**सुदीप पाख्रिन**

## बोध



बडो उदास छ पृथ्वी...।

बरको रूखमा थिए एक जोडी ढुकुर
छैनन् अचेल
थिए आधा दर्जनजस्ता न्याउरी पनि
बाँकी छन् मात्रै एक जोडीजस्तो।

छेउकै काभ्रा पनि त
थियो हिजोसम्म
छैन अहिले।

बूढो बर खोक्दै
छेउको तन्नेरी नरिवलको बोटसँग भन्छ,
'हेर भाइ,
मलाई त रहन दिन्नन् होला धेरै दिन
केही रुप्पीका बचेराहरू छन्,

बचाउनू!
यी मान्छेहरू नै छन्
तिनीहरूको पनि ख्याल गर्नू।"

साँच्चै, उदास छ पृथ्वी!

*

**शशी लुमुम्बू**

# तिमीलाई मान्छे भएर बाँचेको देख्नु छ!



तिम्रो आँसुको गहिरो दहमा
चोबेर आयातित कलमको निब
लेख्नु छैन मलाई
तिम्रो दु:खको कविता!

टिपेर तिम्रो पसिनाको गन्ध
घोलेर आफ्नो स्वार्थको रङ
रच्नु छैन मलाई
तिम्रो श्रमको गीत!

युगौँदेखि तिमीले भोगिरहेको
अव्यक्त पीडाको कथा/कहानी लेखेर
बन्नु छैन मलाई महान् आख्यानकार
थाप्नु छैन मलाई कुनै प्रख्यात पुरस्कार!

बरु–
पुछ्नु छ सधैँका लागि
तिम्रा आँखाको आँसु
फुलाउनु छ तिम्रा ओठमा
मुस्कानको जोरथुँगा फूल!

यो एक बारको जुनीमा तिमीलाई
मान्छे भएर बाँचेको देख्नु छ
यो सुन्दर पृथ्वीमा
तिमी प्रफुल्ल भई हाँसेको हेर्नु छ।

✲

**सुमन घिमिरे अग्रिम**

## तिमी आउँदै नआउनू



पोखिएन जून र घाम बलेसीमा भने
तिमी आउँदै नआउनू!

तिम्रो गर्भले
एउटा उज्यालो जन्माएको हेरूँहेरूँ लाग्छ मलाई
तिमीलाई स्पर्श गरी बहने प्रेमिल बतासले
अँध्यारा बादलहरू फारेको हेर्न मन छ मलाई,
मेरो कल्पनालाई तिमी परैबाट स्पर्श गर
त्यसैले तिमी
समीप नआऊ,
मैले प्याला समाएको छु।

सधैँ होसहरू वशमा हुन्नन्
बेहोसीमा
प्रत्येक रातमा घुम्टो खोलेको कुनै अर्थ रहने छैन
मैले टेकेको धर्ती
र मैले छोएको आकाश
मैले पिएको एक मुठी बतास
र प्यालामा घोलिएर बनेका बीजहरूले
कुनै चमत्कार गर्ने छैनन्,
त्यसैले
तिमी आउँदै नआउनू!

✲

## सुरेन्द्र अस्तफल

# तिमी नै त हौ नि?



सम्भवतः
दुई बीसे छ साल हुनुपर्छ
पातलोपातलो शरीर
भाषण गर्दा निकै चलमलाउँथे नसाहरू
निक्लिरहन्थे स्वाभिमानका पसिनाहरू
रुद्रघण्टी उफ्रन्थ्यो बुद्रुकबुद्रुक
पातलो कमिजभित्र
देखिन्थ्यो अस्थिपञ्जरको साम्राज्य
कच्याककुचुक परेको प्यान्टले
देखाइरहन्थ्यो
नेपाली गरिबीको दुष्चक्र
घेरा फाटेको टोपीभित्रबाट
अटेसमटेस भएर
हावाको स्वाद चाख्न
बाहिरिएका कपालका रौँहरू
अनि बेफिक्रीसँग मौलाएको
जुँगामा ताउ लगाउँदै
र मुसार्दै दाह्रीरूपी जङ्गल
साइकलमा चहार्दै
साटिरहन्थ्यौ सुख र दुःखहरू
जनताजस्तै तिमी
च्याखुरे थियौ
र थियौ
आफ्नै रागले पिल्सिएको मरीच
र पनि सिकाइरहन्थ्यौ निरन्तर
आदर्शका कखराहरू।

चार बीसे एक साल हो अहिले
शरीर मोटाएको
बँदेल भएछ
नसाहरू पुरिएछन्
मांसका छपनीले
पुरानो रुद्रघण्टी खोज्न
एक्स-रे चाहिने भएछ
कोट, प्यान्ट र टाईको प्रदेशमा
जेलले साम्राज्य बनाएछ
जुँगा र दाह्री सफाचट भएछ
अत्तरको सुगन्धले
मोहनी लगाएछ तिमीलाई
डुबेछौ
पजेरो संस्कृतिको चास्नीमा
बिरानिएछन्
ती च्याखुरे जनहरू
ती गाउँले, ती स्याउलेहरू
र फेरिएछन्
आदर्शका कखराहरू।

तिरमिरतिरमिर भएका छन्
मेरा आँखाहरू यति बेला
मन दोधारदोधारमा
दोधार बाँचिरहेको छ
के दुई बीसे छ सालमा
मैले देखेको
त्यो सपनाको नवयुवक
र अहिले देखिरहेको
बहुरूपी कायाधारी
यो बिपनाको प्रौढ शरीर
तिमी नै त हो नि?

*

सुरेन्द्र लिम्बू परदेशी

# युद्धको सौन्दर्य



आँखाको डिलबाट लडी झर्ने
जीवन खुसीका डल्लाहरूलाई
गालामा लिपेका मसिना औँलाहरू
लुगामा पुछ्दै हेर्छे लोजिमा
चैते आँधीले उडाएको झुप्रोजस्तै
युद्धपछि भयको तुवाँलोभित्र छ
आफ्नै घर, आँगन र बस्तीहरू।

हिजो बेलुका अबेर मात्रै आएका हुन्
केही हतियारधारी अज्ञात मान्छेहरू
मिरमिरे नखस्दै सुरु भएको हो भिडन्त
सुरक्षा फौजसँग उनीहरूको
जहाँ धेरैको अवसान भइसकेको छ
भाग्यले हो वा दुर्भाग्यले
बाँचेकी छ घरकी सानी छोरी।

उसका आँखामा अटाउँदैन
युद्धको कुरूप सौन्दर्य
भय र सन्त्रासको चट्याङ
उसका कलिला हातहरू
उसका कलिला खुट्टाहरू
थलैमा धराशायी हुन्छन्
बोक्न नसकेर आफ्नै शरीर
देखेर बीभत्स लासहरूको पिरामिड।

उसको बालमस्तिष्कलाई लाग्ला
कति भयानक र कुरूप छ युद्ध

तर कुरूप हुनु नै युद्धको सौन्दर्य होला
युद्धको आफ्नो धर्म होला
ऊ बुझ्दिन बमको बाछिटा
बन्दुक र गोलीको उच्छेदन
पेट्रोलिङ र एम्बुसको लुकामारी
दोहोरो भिडन्तको वारदात
मृत्युको अकल्पनीय क्रूरता
जीवन ढल्नुको विवशता
र युद्ध हुनुको अर्थ।

ऊसँग थियो
कलिलो चेतनाको आँगन
जीवन हिँडाउने घुमैलो रहरको बाटो
आमा र परिवारको एउटा सुन्दर संसार
जुन आज धूवाँ र खरानीमा परिणत भएको छ।

जब परिस्थितिले
उसका आँखाको पर्दा च्यातेर
पीडाको आँसु थाप्ने थाङ्नो बनाउँछ
झरेको पातझैँ उसको अबोध वर्तमान
हावाको हात समातेर आकाशतिर उड्छ
तब सत्य र भ्रमको अन्योलभित्र
ऊ पटक्कै बुझ्न सक्दिन
युद्धको सौन्दर्य कस्तो हुन्छ।

*

**सुनीता खनाल**

# म हिटलर जन्माउँदै छु



ओ हिटलर!
तिमी त यो पृथ्वीबाट
उहिल्यै विलीन भएका थियौ
थुप्रैथुप्रै तड्पिएका आत्माहरूले
गिज्याइरहेथे तिमीलाई
तर तिमी चिहानमा पनि
निर्दोष सिउँदोहरू चिथोरिरहेथ्यौ
कैयौँ जिउँदा सपनाहरूको हत्या गरिरहेथ्यौ!

तिमी बिलाएको वर्षौंपछि
आज मेरो राज्यमा उदय भएको छ तिम्रो प्रतिबिम्ब
ठ्याक्कै तिम्रै चित्रसँग मिल्छ उसको अनुहार
ठ्याक्कै तिम्रै आवाजसँग मिल्छ उसको बोली
ठ्याक्कै तिम्रै शासनसँग मिल्छ उसको निर्देशन
जो आदेश दिन्छ
तर सुन्दैन कसैको आवाज
कानुन बनाउँछ
तर मान्दैन आफू
र, एकतमासले घुरिरहन्छ ऊ
आफ्नै देशको अङ्गअङ्गमा!

म त्यही राज्यको अमुक नागरिक
थुनिएजस्तै छ मेरो आवाज
खोसिएको छ सब थोक
चारैतिर काँडेतार लगाएर
लुटिएको छ मबाट म हुनुको अस्तित्व!

ओ हिटलर!
अब सह्य हुने छैन तिम्रो हिटलरगिरी
त्यो युगमा जसरी सहने छैनन् तिम्रा क्रूर प्रहार
अक्षम्य छन् तिम्रा अपराधका शृङ्खलाहरू
असह्य छ तिम्रो प्रतिगमन!

कृपया पर्ख केही समय
तिमीभन्दा शक्तिशाली अर्को हिटलर जन्माउन
यति बेला म
मौनमौन गर्भधारण गरिरहेकी छु,
जसबाट हुने छ तिम्रा कुनियतहरूको हत्या
र फेरिने छ मेरो देशको मुहार!

✲

**सुशीला पौडयाल**

## श्वेत राजकुमारी



मेरो कल्पनाको क्यानभासमा
वर्षौंदेखि कोर्दै आएकी छु
मेरो स्वप्न राजकुमारको तस्बिर।

खै, कुन बेला मन एकोहोरिएछ
कुची चलाउँदाचलाउँदै
रङ खेलाउँदाखेलाउँदै
मैले नै बनाइदिएका उसका आँखासँग
यी आँखाको मन बसेछ।

'ऊ' ऊजस्तै छ
कुनै लेकसँग नमिल्ने
कुनै बेँसीले नछोएको

यावत् भौतिकताबाट पर
न ऊ सागर हो न कुनै क्षितिज नै
न ऊ देउराली हो न कुनै देव नै
मेरै आँखा छलेर मैले नै बनाइदिएका
उसैका ओठको अलिकति मुस्कान चोरेर
मेरो चेतना मुस्कुराइरहेछ।

म नियालिरहेछु मेरै क्यानभासमा...
मलाई यस्तो लाग्छ–
ऊ त्यहाँबाट बाहिर आओस्
मेरा रहरसँग रमाओस्
मेरो लालिमा मुस्कुराएको यौवनसँग
मस्तमस्त भई मात्तियोस्
जिस्क्याओस्, घुर्की लाओस्, सताओस्...
मन एकाएक लालायित हुन्छ
आँखा उसैउसै उन्मत्त बन्छन्
अहो! त्यो पराजयभित्रको विजय उत्सव!

सपनाझैँ क्रमशः
क्यानभासबाट मेरो राजकुमार
मेरै अगाडि मूर्त भएर उभिँदै थियो
जुन पलको आराधनामा
रङ र कुचीसँगै मैले सिङ्गो एक जुनी बिताएकी छु!

मैले जस्तै उसले पनि सिङ्गै जुनी कुरेरै बिताएको हुनुपर्छ
उसैका आँखामा उनिएकी उसैकी श्वेत राजकुमारीलाई!

उसैका आँखाको भाकाले
प्रेमका नाममा म–
उसैकी श्वेत राजकुमारी बनेर
क्यानभासमा युगौँयुग कैद हुन मन्जुर भएँ

र, चुपचाप शान्त म–
बाहिर रफ्तारको दुनियाँमा उसैलाई हेरेर मुस्कुराइरहेँ...!

*

**सुधा एम. राई**

## तन्मय यात्रा



एउटी वृद्धा
सडकको किनारमा
दिनरात झुम्राहरू बटुल्छिन्
मैलो-थोत्रो पुतलीलाई सजाउँछिन्
अनि हेर्दै खुब हाँस्छिन्।

गल्लीको कुनै पाटीमा ओत लागेर
रुन्छन् डाँको छाडेर भुस्याहा कुकुरहरू
हेर्दै निन्याउरो जूनतिर
भवितामय सङ्केतझैँ
अनि जून पौडिँदै झर्छ
उज्यालोमा टाँसिएर तल
निकै तल
टाढा क्षितिजमा
रातो घण्ट प्रज्वलित हुन्छ
मरणासन्न मुजुरका नेत्रमा जीवन नाचेझैँ।

अस्पष्ट अँध्यारामा मैले सुनेकी छु
हावाको भीषण गहिराइबीच
ती प्रतिध्वनिहरू घण्टौँसम्म...।

आखिर मान्छे
दुःस्वप्नले आक्रमित

खुनको कात्रोमा लपेटिएर स्वयम्
रच्छन् बेसुरा एपिटाफहरू
अनि रातको शून्यतामा प्रतीक्षारत
जहाँ लाग्छ अडेसा एउटा अनुहार
अरूका अनुहारमा
अनुभूतिका नेत्रहरूमा अनुहार तैरिन्छ केवल
तर देखिँदैन अनुहार आपस्तमा कहिल्यै
कहाँ भेट्टाइन्छ
पदचिह्न तिनीहरूको?

यो अतीव मौन, नि:स्तब्ध र एकाग्र मनस्थितिमा
उसले चुहाउँछ
गूढ अन्तर्ज्ञानको थोपा
मेरो अन्त:करणीय पोखरीमा
तप
तपतप
तपतप-तप।

तब मेरा इन्द्रिय, चैतन्य र अनुरागहरू विस्थापित भएर
मात्र गुन्जिरहन्छ कानमा मेरो
यो दिव्य घण्ट
एकोहोरो...।

*

**शान्ति प्रियवन्दना**

## रातो : सत्ताको रङ



कस्तो?
सधैँ रातै मात्र
एक साँझ
हजुरबाले ल्याइदिएको फरियामा
आमाले विमति जनाइन्।

नजिकै उभिएका बाले
अनुहार रातो बनाउँदै भने–
म जिउँदै छु।

आमा मन्दिर जान्थिन्, रातो लगाउँथिन्
मेलापात जान्थिन्, रातो लगाउँथिन्
भातभान्छामा हुन्थिन्, रातै लगाउँथिन्
घरभित्र रातै, घरबाहिर रातै।

भर्खरभर्खर रङसँग जानकार म
सोच्थेँ, मेरी आमाले किन लगाउँदिनन्?
राईनी, गुरुङ्सिनी, अन्तर्नी आमाहरूले जस्तै
नीलो, हरियो, बैजनी, गुलाफी रङका
थरीथरी फरियाहरू।

बाहरूलाई लाग्थ्यो
रातो रङ मन्दिरमा सुहाउँछ
रातो रङ देवीहरूलाई सुहाउँछ
रातो रङ आमाहरूलाई नै सुहाउँछ
मान्छे बन्न नसकेका आमाहरूलाई
रातो रङको मजेत्रो ओढाएर
बाहरूले देवी भनिरहे।

म ठोकुवाका साथ भन्न सक्छु
रङका व्याख्याताहरूले
रङहरूको अपव्याख्या गरे
रातो रङ, धर्म र संस्कारको नाममा
कहिले महिलाको भागमा पारिदिए
कहिले उनीहरूसँगै खोसिदिए।

र, भनिदिए
रातो जीवन्त रङ हो

शौर्य हो
जोस हो
उल्लास हो
धन र तेजको प्रतीक हो।

तर किन?
सधैँ रातो रङ्मा
सजिने आमाहरू
लाचार, विवश र कमाजोर बन्न बाध्य भए।

मलाई सम्झना छ
बा रहेसम्म
आफूले कहिल्यै लगाएनन्
रातो पहिरन।

बा रहेसम्म
आमाले कहिल्यै, छाड्नै पाइनन्
रातो पहिरन।

बा अस्ताएपछि
गुलाबमा भएको रातो रङ्लाई
प्रेमको प्रतीक मान्दै गर्दा
किन?
मेरी आमाको फरियाको रातो रङ
त्यति बेला प्रेमको प्रतीक बन्न सकेन।

हुन त
घाम रातो हुन्छ, आगो रातो हुन्छ
सबैले ताप्छन्
सबैको शरीरमा बग्छ रातो रगत
झन्डा रातो हुन्छ, सबैले उठाउँछन्।

आज रीत भत्काउँदै छन् आमाहरू
यतिका वर्षसम्म
अन्योलमा थिए
च्यात्न थालेका छन् संस्कारका दस्ताबेजहरू।

बा छाड्न विवश मेरी आमाले
छाडिनन् रातो रङ
बरु सजाएपछि आफूलाई
आफूखुसीका बहुरङ्ले
उनी झनै साहसी बनेकी छन्।

खोलिएको छ आज
छोरीहरूका लागि मनग्गे बाटाहरू
म हाम्रा आमाहरूको विद्रोहलाई सलाम गर्छु
र, प्रश्न गर्छु
रङ्का व्याख्याताहरूलाई
किन प्रकृतिको उपहारमा समेत
समता हुन सकेन?

*

**सविता गौतम दाहाल**

# झूट



कहिले सहृदयी साझेदारको भूमिका
निर्वाह गरेजसरी जित्छ मनमुटु
कहिले काम खोजिदिने बहानामा
बन्छ विश्वास विजेता!

बोकेर मन छुने अनेक तत्त्व
आउँछ सच्चा प्रेमी बनेर
जुन पूरा गर्नु छैन,

छक्याउँछ त्यस्तो सस्तो वाचा गरेर
दिएर अनुवादको प्रलोभन
धाउँछ मनको पुस्तकालय
नपढी पढेँ भन्छ, किन्दै नकिनी
गर्छ किनेको तर्क र छलफल
सेतो कुरा गरेर प्रस्ट्याउँछ हरपल!

झूटको थप एउटा नयाँ शैली,
फरक पर्दैन कतै उसलाई
मस्तिष्करूपी पुलिस प्रशासन
सबैलाई चक्मा दिँदै आउँछ दिनदहाडै
गिज्याउँछ संस्कारलाई, होच्याउँछ प्रथालाई
बनाउँछ द्रोणाचार्यलाई झैँ भ्रमित
निभाउँछ आफ्नो सुनियोजित आगो
र चापाकलको पानीलाई,
उसकी साथी सानीलाई
नानाभाँति दिएर उपमा
बनाउँछ मर्नुजस्तो!

अहो! यो कलियुगी झूट,
आउँछ लिएर कतिकति रङ र रूप
नआओस् जसरी दिन्छ निम्ता
न अनुभूत हुन्छ कुनै आत्मीयता,
न साँचो अर्थमा मित्रता!

बरु कानले नसुनेको वा
आँखाले नदेखेको भए,
मनले 'वसुधैव कुटुम्बकम्' नबुझेको भए,
'हुँदैन' भन्न सकेको भए
बुझेपछि, चिनेपछि, जानेपछि
नखोलेको भए मनको ढोका
झूट, यसरी हुने थिएन साँढे!

ए झूट!
जा, तँ गइहाल्! यति टाढा कि
नदेखोस्, नचिनोस् कसैले तँलाई
कहिल्यै नआउनू यता,
तेरो नामको वारेन्ट भएको छ जारी
पर्छस् थुनामा, जा कुनै कुना पस्
र बस् शब्दकोशको पानामा चुपचाप
त्यहाँ लेखिएको छ सही पहिचान तेरो!

✲

**सामना पहाड**

## समय, रङ र मान्छे



समयसमयका रङ
समयसमयका उत्सव
समय रँगिइरहन्छ
कहिले रङ्गीन बनेर
कहिले रङहीन बनेर।

तैपनि मान्छे
तम्सिन्छ आफै
विचार र संवेदनाको रङ बोकेर
आग्रह र पूर्वाग्रहको रङ पोतेर
प्रयास र दूषणको रङ्गीन खोल ओढेर
समय र प्रकृतिको प्रवेगलाई
रँगाउन र खुइल्याउन
कतिन्जेल नबुझेर सुख छ
आखिर मान्छेलाई?


अन्ततः मान्छे विवश छ जीवनलाई
समयकै रङमा भोग्न

समयअनुकूल र प्रतिकूलका
सबैसबै रङहरूसँग
समायोजन हुन
अन्तर्घुलन हुन
र
समयसँगै शरणागत हुन।

*

**साम्ब ढकाल**

# फूल हेरेर लेखेको कविता होइन
# कविता फूल हेरेर लेखेको!



फूलहरूको कविता गर्न बस्दा
हरदम काँडाको पनि याद आउँछ
फूलको महक मात्र होइन
फूलको मादकताले पनि
कस्तोकस्तो अर्कै बनाउँछ।

सकेसम्म वसन्तोत्सवलाई कोइलीले, काफल पाक्योले डाकेजस्तै
मलाई पनि फूलैफूलले नै स्वागत गर्न मन छ हरदम
वा फूलले अवश्यम्भावी मानेर बेलैमा बोलाएको हुन्छ वसन्तलाई
फूलले वसन्त आगमनको जुनसुकै पदचाप सुनी बस्छ क्यार
खुल्ला हृदय वसन्तको नाममा ओछ्याएर बस्ने गरेको छ
रङ्गीबिरङ्गी फूलका हाँगाहाँगा/पातपात/काँडाकाँडा।

फूलका पात पहेँलो हुँदा मृत्योत्सव मनाउँदाको चूडान्त सम्झेको हुन्छु
कहिल्यैदेखि सुन्दै आएको छु– पतझडले नै नयाँ पालुवालाई बोलाउँछ
फूल फक्रक्क फक्रँदा जीवनै उमङ्गित र उन्मुक्त भई बाँचेको सम्झन्छु
काँडा तिखारिएर फूललाई जोगाएको देख्दा जिम्मेवारीको उत्कर्ष यस्तै होला ठान्छु

फूलैफूल भएर यो बाँच्नु भएको हो कि
बाँच्दाबाँच्दै यी फूलहरू भएका हुन्
भएकै हुन्, भएकै हुन् जे भए पनि भएकै हुन्
फूल हुन जीवन भएका हुन् कि जीवन भएर फूल भएका हुन्।

आप्त मन फूलहरूमा कसरी झ्याम्मिए हुनन्
समयको एउटा सिङ्गो फर्लाङबिना फूलका बितेबिते
बगैँचाविहीन बाँचेर आएकामा पछुतोले पनि पछुतो मानिसकेको छ
फेरि बगैँचाको मग्नमस्त कल्पन किन नपाउनू?
बगैँचा नै रैमट्ट पार्नेहरू अहिले माली बनेर निस्केका छन्
फूलैफूल मात्र पनि होइन रैछ जीवन
काँडाबीच फुल्ने फूल रैछ जीवन
भीम विरागले जीवनपर्यन्त फलाको हालिरहे, हालिरहे
हामी फूललाई काँडा र काँडालाई फूल भनाइरहेछौँ।

थाहा छैन, फूलको आयु के र कति हो?
कोही नकोपिलाउँदै टिपिन्छन्
कुनै आफै झर्छ/टिप्नुपर्दैन
कुनै वर्षामा रुँदै झरी सहेका हुन्छन्/सडेका हुन्छन्
कुनै घाममा ओइलाउँदै क्लेश खपेका हुन्छन्/ओइलाउँछन्
कहिले फूल बनेर पनि फूल बन्न सक्दैनन्
कहिले काँडै बनेर पनि फूल बन्छन्
फूल हुन अभिशप्त फूलहरू
फूल भएको आफै थाहा पाउँछन् कि थाहा पाउँदैनन् कुन्नि?
हेर्नू न तथानाममा छिनछिनै मरिरहेका फूलहरूको
कविता कसले भनिदिने होला
कसकसका नाममा अनायासै चुँडिनुको पीडा कसलाई भन्छन् होला
बढी भन्यो नभनिदिनुहोला कोपिलाउँदै चुँडालिएका फूलहरू देख्दा
बलात्कारमा परेका अबोलाहरूले झैँ चित्कार्छन् पनि होला हगि?
यत्ति त नभन्नु न नभन्नु– फुलेका फूलको हाँगै लुछ्दा भ्रूणहत्या गराएकाहरूको
आदिम अत्यास कल्पन्छु/भाउन्निन्छु।

प्रायशः लाग्ने गर्छ– कसले भर्ला पत्रदलमा यत्राबिधी प्रकारेण रङ र सुगन्ध
रङ र सुगन्धको जोडबलले वासन्ती हावाको झोक्का हृदयान्तर हुँदै मस्तिष्कमा रोपिन्छ
'फूलको आँखामा फूलै संसार
काँडाको आँखामा काँडै संसार'
दुर्गालाल जीवनकै सार खिच्छन्
आनी भित्रैदेखि शब्दलाई जीवन्त अभ्यस्त बनाउँछिन्।

*

**शकुन्तला जोशी**

# अनि जङ्गल पसिन् आमा



हरधुपमा, रापमा
ठिहीमा, तुसारोमा
खोँचमा, पहरामा
लहरमा, लहरामा
देउरालीमा, भन्ज्याङमा
नदीमा, समुद्रमा
शीतमा, आगोमा
म सिर्फ एउटा अनुहार देख्छु–
बतासजस्तै बिस्तारै आएर चुपचाप फर्किजाने
एउटा मुस्कान देख्छु
मान्छेहरूले भनिदिए र उनी नदीजस्तै बाँच्दै आइन्
मान्छेहरूले भनिदिए र उनी फूलजस्तै बाँच्दै आइन्
खासमा उनी लाभा थिइछन्
खासमा उनी आगो थिइछन्
जब चुलामा दाउरा सकिन्छ
जब गाग्रीमा पानी रित्तिन्छ
जब गोठमा घाँस निखिन्छ
पँधेरो, कुवा, पोखरी, ताल वा खोलो एक्लै धाउँछिन् उनी

जङ्गलको बाटो एक्लै हिँड्छिन् उनी
उनी हिँड्नु त जङ्गलको पनि सातो हल्लिनु रहेछ
उनी बोल्नु त पतझडको सरसराहट पनि रोकिनु रहेछ
उनी हाँस्नु त आँधीको पनि वेग थामिनु रहेछ
तीहरूले पनि झिकेका रहेछन् उनका आँखाबाट आगोका लप्काहरू
र देखिएकी रहिछन् जबर्जस्त सुष्क र शान्त तलाउ
खासमा उनलाई गाउनु थिएछ आफ्नै यात्राको गीत
बजाउनु थिएछ आफ्नै पदचापको सङ्गीत
निभ्दै गएको सृष्टिलाई जगाउन
बिर्सिगएको प्रेमलाई फर्काउन
बाल्नु थिएछ आफ्नै आँखाको आगो झिकेर
नाच्नु थिएछ फुकँसिक न्हापागु म्हेय (सृष्टिको पहिलो गीत)
नाच्नु थिएछ सृष्टिको पहिलो साकेलासिली
नाच्नु थिएछ फुकँसिक न्हापागु प्याखँ (सृष्टिको पहिलो नृत्य)
सत्तेमा !
उनलाई सोध्नु थिएछ मुन्धुमसँग आफ्नै हराएको नामको कथा
खोज्नु थिएछ नेवा देवतासँग आफ्नै हराएको अनुहारको कथा
ए माङ!
ए नेवा सृष्टि देवी (अजिमा– देवीहरूकी देवी) !
सत्तेमा उनी यो सभ्यताले खोसेको
आफ्नै अस्तित्वको दाबी गर्न निस्किएकी छन्
उनी आफ्नै अनुहार खोज्न निस्किएकी छन्।

✲

## शान्ति शर्मा

# तिमी यति सुनिराख, म पनि लेख्छु



हो,
प्रकृतिको सुन्दर उपहारबाट
झिकेर एक जोर पखेटा
उड्न मन छ मलाई
धर्तीको यथार्थबाट सुदूर आकाशमा
मुटुबाट आँखा बटुलेर कल्पनाका
मनोहर अक्षर-महल बनाएर
नब्युँझिन मन छ
आनन्दको भावभरि निद्रा र सपनाबाट,
तर
वर्तमानले पाइलामा आँखा जोडिदिएर
सम्साँझै अनकन्टार वनजीवनमा दौडाउँछ,
अनि त विवेक छानामा सिउरिएर
बजारे टेप रिकर्डझैँ सुन्छु र बुन्छु
तिनले चाहेजस्तै
तिनकै स्वार्थका भोटा र जामाहरू।

हो,
तिमी लेख भन्छौ
र लेख्न बस्छु,
केही भाव गुन्छु, लेख्न थाल्छु
उता बच्चा रुन्छ, डाइपर फेर्छु
फेरि लेख्न बस्छु
'एक कप चिया बनाऊ!' आदेश पतिदेवको,
चिया दिन्छु र लेख्न बस्छु
उति बेलै फोहोर लिन आउनेले सिठी बजाउँछ
फोहोर पुऱ्याएर लेख्न बस्छु

तरकारी डढेको गन्ध आउँछ
खत्तम भएछ भन्छ मन
केही भाव फुर्छ, फेरि लेख्न बस्छु
कुकरको सिठी बज्छ, साइरन पेटयुद्धको
र
जम्मै कुरा कुकरको सिठीसँगै बाफ
भएर उड्छ।

बारीमा लुकिरहेको फूलको मुस्कानमा
आँखा र मन भुल्छन्,
नयाँ कुरा जन्मिन्छ, लेख्न बस्छु
हत्तेरिका
बच्चा स्कुल पठाउन बितिसकेछ
श्रीमान् अफिसको तयारीमा
सर्ट, टाई, कोट र जुत्तामा छरिन्छु,
जुराफ ठाउँमा नभेटिँदा
छन्द, भाव र शब्द छोपिन्छन्
आवाजको पहिरोमा,
तै बरु एकान्तमा अब बिर्सेर सबै थोक
लेख्न बस्छु,
आज वजनदार कविता जन्माउनु छ
तिमीले भनेजस्तै।

टक-टक-टक आवाजसँगै
टुप्लुक्क पाहुना आउँछन्
परिवार, वंशावली, पुस्ता, मोबाइलपछि
तामाको अचारसम्मको कैरन सुन्दै भन्दै
घाम भुतुक्क भएर बाटा लाग्छन्
पाहुनालाई लिएर,
तिनकै सत्कार जन्मिए भावका कपना,
पानी नपाएर साथको वैलिए, मरे
शब्द र शून्यतामै हराउँछ मन।

श्रीमान् पल्लो कोठामा बन्द ढोकाभित्र
आनन्दले लेख्छन्
उनी पूर्ण लेखक भएर लेख्छन्
घरमा डिस्टर्ब हुने भो भने कतै बाहिर
बसेर पनि लेख्छन्
उनी मनले लेख्छन् र वाहवाही कमाउँछन्
तर महिला लेखक?
एउटी गृहिणी अर्थात् म र महरू!
बिहानदेखि साँझसम्म केही न केहीमा
व्यस्तै हुन्छन्
श्रीमतीले जम्मै कुराको व्यवस्थापन
गर्दिएर अफिस पठाएका श्रीमान्
साँझ आएर भन्छन्– दिनभरि के काम गर्‍यौ?
त्यति बेला उनलाई फेरि लेख्न मन लाग्छ
ए पुरुष!
दिनभरि तिम्रो घरव्यवहार
सँभाल्दैमा फुर्सद हुँदैन
साँझ पर्दै गएपछि गलित मन र थकित शरीर कति बेला
ओछ्यान भेटौँ हुन्छ
ओछ्यान भेट्नेबित्तिकै
पत्तै नपाई निद्रादेवीले आफ्नो
खोकिलामा मीठो गरी चापेर सुताउँछिन्
बाँकी रहेका जिन्दगीका थुप्रै सपनाको
संसारमा हराउन थालेको बेला
तिमीले पेटिकोट हुत्याइदिँदा झल्याँस्स हुन्छु
र चुपचाप तिम्रो खेल मैदान भइदिन्छु
मनोमानी ढङ्गले खेल्छौ र
अर्कोपट्टि फर्केर
मीठो सपनामा हराउन थाल्छौ,
मेरो निद्रा र सपना भताभुङ्ग हुन्छ
तिमी यो सोच्दैनौ कि ऊ पनि मान्छे हो
उसका पनि इच्छा-आकाङ्क्षा हुन्छन्।

अनि म लेख्न बस्छु
के लेखौँ, आफ्नै असन्तुष्टि
वा तिमी पुरुषको कथा?
बाटामा दायाँबायाँ विभिन्न होर्डिङ बोर्ड
झुन्ड्याइएका हुन्छन्
प्रायः होर्डिङ बोर्डमा महिलाका
खुला अङ्गहरूमा ठोक्काइएका
रक्सी-चुरोटका विज्ञापन देख्छु
हरेक विज्ञापनमा महिला नै हुनुपर्ने
त्यो पनि अर्धनग्न, अनि फेरि लेख्न बस्छु।

अधिकांश मदिरा सेवन पुरुषले गर्छ
तर विज्ञापनमा किन महिला?
महिला त घरपरिवारको सुन्दर गहना
हो, उसको लाज छोपिनुपर्नेमा
किन उदाङ्ग बनाइन्छ विज्ञापनको नाममा?
महिलाको शरीर देखाएर
विज्ञापन बनाउँछ पुरुष,
चेलीबेटी बेचबिखन गर्छ पुरुष,
बलात्कार गर्छ पुरुष,
महिलालाई खेलौना ठान्छ र
अघाउन्जेल खेलेर छाडिदिन्छ पुरुष
महिलालाई दोस्रो दर्जाको नागरिक
बनाउँछ पुरुष,
अगाडि बढेका महिला मन पराउँदैन पुरुष, उही पुरुष
लेख्छ महिला हकहितका कुरा,
नारी अधिकारका कुरा,
शब्दमा पुजिन्छ नारीलाई र
व्याख्या गरिन्छ ओठमा
महिलाको संवेदनामा छताछुल्ल
पोखिन्छ

र देखाउँछ उसले समाजलाई,
महिलाका विषयमा ऊ मात्रै संवेदनशील छ
ओहो, कस्तो उल्टो दुनियाँ यो पुरुषको!

फेरि लेख्न बस्छु
म महिला यसै भावुक कोमल
मभित्र प्रेम नै प्रेम छ
आफ्नो परिवार, सामाज, देश र प्रकृतिप्रति
म पनि छताछुल्ल पोखिएर लेख्न चाहन्छु
फेरि सोच्छु, महिलाले जे लेखे पनि
त्यो उसको आफ्नै कथा ठान्छ यो समाजले, पुरुषले प्रेमकथा लेख्दा
समाजको कथा भन्ने समाजले
महिलाले पनि यही समाजको कथा
लेखेकी हुन् किन भन्दैन?
हो, ऊ ठान्छ,
महिलाले मायाप्रेमका कथा लेख्न सक्दैनन् किनकि
यो समाजले पचाउँदैन।

फेरि लेख्न बस्छु, चिच्याएर भन्छ मन
ए पुरुष! महिला त प्रेमकी प्रतिमूर्ति हो
उसले प्रेम लेख्न पाउनुपर्छ,
भित्र मुस्कुराइरहेको
शिष्ट स्वतन्त्रताको आकाश देख्न पाउनुपर्छ।

*

सन्ध्या पहाडी

# म कहिल्यै उजाड हुन्नँ



जीवनको नयाँ अध्यायको
सँघारमा उभिएर
सम्झनाको क्षितिज नियालिरहेछु
सुरुङजस्ता अँध्यारा रातहरूपछि
झुल्केको सुनौलो बिहानीमा
कलिलो घामले नुहाउँदाको मादकता
नयाँ घाँघर र चोलीले नछोपिएका लाजहरू
सबैसबै यति बेला म सम्झिरहेछु।
तरल भएर बगेँ म आफूभित्र
सृष्टि मुस्कुरायो मसँगै
यो हरियाली
जीवनको खुसियाली
मेरै स्पर्शले भिजेको हो माटो
मेरै गतिले अगाडि बढेको हो समय
बाटो त्यही, दोबाटो त्यही
नाता–सम्बन्ध त्यही
फरक यत्ति हो–
पत्तै नपाई उक्लिएको
त्यही बाटोबाटै
अब झर्नु छ
बिस्तारैबिस्तारै
होसपूर्वक।
मनको नाङ्लोमा
निफनेर उभाएको
एक मुठी नोस्टाल्जियामा
घरी डुबिरहेकी हुन्छु
घरी उत्रन्छु।

मन कहिले भावुक भएर बहकिन खोज्छ
कहिले आफै मुडी भइदिन्छ
र जीवनसँग खेल्न थाल्छ।
अब मस्त रहने छु
आफैसँग व्यस्त रहने छु।
विगत न आगत
केवल वर्तमानमा हुने छु।
ढल्किने जोबन हो कि मन!
उमेरको अङ्कगणित घोक्नु छैन मलाई
परिवर्तन प्रकृतिको नियम रहेछ
म त अहिले आफ्नै शरीरलाई
नियालिरहेछु र रोमाञ्चित भइरहेछु।
जस्तो कि
पसिनाले निथ्रुक्क भिज्नु
भिजेर ओभाउनु
हल्का रिसाउनु
रिसाएर खुसी हुनु।
भीडमा एकान्त खोज्नु
एकान्तमा डराउनु
र हावामा हल्लिएको पातझैँ
मुटु धड्किनु, धड्किरहनु।
मन लागे धित मारेर रुनु, रोइरहनु
र रोएर हाँसिदिनु।
मन लागे ऐनाअगाडि बसेर
फुलेका केशहरू मेहन्दीले छोप्नु
मन नलागे त्यसै छाडिदिनु।
आफैसँग कुरा गर्नु
कुरा गरेर मुस्कुराउनु।
निद्रामा जाग्नु
जागेरै निदाउनु
तर फूलपात

जीवजगत्को भने
औधी माया लाग्नु, लागिरहनु।
यी सबबीच लाग्छ
सृष्टिको विराट्ता छ मभित्र
निरन्तरताको स्रोत हुँ
म सर्जक हुँ
प्रकाशको पुञ्ज हुँ
सम्भावनाको कुञ्ज हुँ
माया हुँ, प्रेम हुँ
भाषा हुँ
भाषाभित्रको कोमल शब्द हुँ
संवाद हुँ, आदि होइन पूर्ण अस्तित्व हुँ, सम्पूर्ण हुँ
त्यसैले म कहिल्यै उजाड हुन्नँ।

*

**समदर्शी काइँला**

## विचारको मृत्युको घोषणा



ऐन्द्रिक संवेदन/ विसङ्घटन/ बहुलार्थक
चिद्वैषम्य/ म/ बहुरङ्गवाद
लस्करै उभिएका छन् मलामीहरू विचारको
असामयिक अवसानमा।

यी मलामीहरूले औपचारिक घोषणा गर्छन्–
प्रतिविचारको जन्म!

घोषणापत्रको प्रस्तावना–
विचारमाथि विचार गरेपछि
प्रतिविचार जन्मन्छ
तरै पनि प्रतिविचार क्वान्टमजस्तै

अन्तिम सत्य भएन/हुँदैन
कि प्रतिविचार भनेको
आफ्नै फेदमा नयाँ पाइतो पलाएर
क्रमशः मर्दै जाने शिशिर यामको भन्ज्याङेली बूढो रूख हो।

हुन सक्छ, ईश्वरले थुकेर छाड्यो
नित्से काइँलालाई
र अचेल मनमा ईश्वरको लास बोकेर
चुपचाप हिँड्छ
देवीथान कुल्चेर अधिडिस्कोर्स रातो खुट्टाले
जीवनको देउराली उकालैउकालो
'म अमेजन उकालो बग्छु'-सित।

सिसिफस काइँला– भूतदेखिन् वर्तमान हुँदै
भविष्यतिरको लामो यात्रामा
अजङ्गको चट्टान ठेल्दै तारेभीरको जङ्गलमा
भेडाबाख्रा चराउँछ
आँसु, पसिना र रगतको ककटेल पिउँदै
प्रतिदिवस
अर्वाचीन समय र इलियटको 'खोक्रो मान्छे' (The Hollow Man)
ईश्वरको नाम जप्छन्–
गुराँस! गुराँस! गुराँस!

ससुर काइँला– 'खानेपानी योजना'-को ठाउँमा
'पिउने पानी योजना' लेख्छ
बहुरङ्गवादको व्याकरणशास्त्रले वैयक्तिक वाक्/व्यवस्था
प्रतिविचारको सावयव मेल र खेल।

डेरिडा काइँला उद्घोष गर्छ–
ऐन्द्रिक संवेदन र चिद्वैषम्यले
राम्रो र नराम्रोको बीचमा अर्थोक छ

अँध्यारो र उज्यालोको बीचमा अर्थोक छ
त्यो अर्थोक भनेको बहुरङ्ग हो,
ऊ विचारको डेराबाट छुट्टी लिएर घर आइपुगेको छ।

पर विचारको चिहानबाट जुरुक्क उठेर
स्वर्गीय कवि ईश्वरवल्लभ रुन्छन्–
'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्'
जवाफ दिन्छु– म समदर्शी काइँला हुँ,
म समदर्शी काइँला हुइनँ पनि हुँ
कि प्रतिविचार भनेको
आफ्नै फेदमा नयाँ पाइटा पलाएर
क्रमशः मर्दै जाने शिशिर यामको भन्ज्याङेली बूढो रूख हो।

नित्से काइँला + सिसिफस काइँला + ससुर काइँला + डेरिडा काइँला = समदर्शी काइँला
लस्करै उभिएका छन् मलामीहरू विचारको
असामयिक अवसानमा–
ऐन्द्रिक संवेदन/विसङ्गटन/बहुलार्थक
चिद्वैषम्य/म/बहुरङ्गवाद।

*

**सानु शर्मा**

## अनुहारहरू



छोपिएका छन्
मेरो वरिपरिका अनुहारहरू
उद्धरण चिह्नभित्र लुकेका वाक्यांशझैँ,
केही अंशलाई बाहिर कतै राखेर
केही अंशलाई देखिने गरी लुकाएर।

कुनै अनुहारले निर्लज्जतालाई
त कुनैले आफ्नो हिंसकतालाई छोपेका छन्
कुनैले ईर्ष्यालाई
र, कुनैले अहङ्कारलाई लुकाएका छन्।

कुनैले मुस्कानको हँसिलो आवरणभित्र
अनगन्ती पीडालाई लुकाएका छन्
त कुनैले उमङ्गको भरिलो चित्रपछाडि
अपरिमित रिक्ततालाई छोपेका छन्
कुनैले अपूर्णतालाई
र, कुनैले लगभग आफ्नो सम्पूर्णतालाई नै लुकाएका छन्।

कुनै न कुनै मुखुन्डोभित्र लुकेकै छन्
हरेक अनुहारहरू
तर बुझिन्छन् तिनीहरू बहिरबाटै
जसरी बुझिन्छन्
उद्धरण चिह्नभित्र लुकेका वाक्यांशहरू।

एउटा प्रश्नले सोधिरहन्छ मलाई–
यी अनुहारहरू कुनै दिन
आफै मुखुन्डोबाहिर निस्केलान् या
यसरी नै सधैँ कुनै आवरणभित्रै लुकिरहन खोज्लान्?

*

**सर्वज्ञ वाग्ले**

## सीमा हुँदैन स्रष्टाको

कलमको निबको
अनि
स्रष्टाको भावको
कुनै सीमा हुँदैन



र हुनु पनि हुँदैन
स्रष्टाको
न जात
न धरा
न सीमा
केही हुँदैन
सर्वव्यापी हुन्छ
ऊ त एक स्वतन्त्र उड्ने पन्छी हो
आकाशमा निर्भीक निरन्तर
पवनजस्तै; बादल, चन्द्रमा र सूर्यजस्तै
स्वतन्त्र छ, खुल्ला अनि निर्भय छ
ऊ सत्ताको मोहमा फस्दैन
न कुनै दलविशेषको
झोला बोक्छ
देवकोटा मन्त्री थिए
उनी सत्ता, समय र शासकको
दास हुन सकेनन्।
उनी पिँजडामा थुनेको सुगा बन्न चाहेनन्
बरु पिँजडाको सुगाकै लेखनाथको मीठो
कविता उनले पढे र
र त्यसैले आज उनी
मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिभन्दा माथि छन्!
निकै माथि
उनको कलममा विद्रोह थियो
उनका कवितामा अन्याय, अत्याचार र
भ्रष्टाचारको खिलाफ ज्वालामुखी थियो
उनको कलममा प्रतिपक्ष थियो!
हो
कविको कलममा
स्रष्टाको कलममा
पीडित जनताको आवाज बोल्नुपर्छ

अन्याय र अत्याचारको खिलाफ
वकालत गर्नुपर्छ
स्रष्टा युगको आवाज हो
स्रष्टालाई कसैले बाँधेर बाँधिन्न
स्रष्टालाई कसैले थुनेर थुनिन्न
स्रष्टाको कलम मध्यरातका
निशाचरलाई चिर्ने तरबार हो
स्रष्टा विधि र विधान बिगार्ने शासकको
सशक्त प्रतिपक्ष हो!
स्रष्टा हुनु व्यास हुनु हो
स्रष्टा हुनु निर्भीक-निर्भय
आफ्ना कुरा राख्न सक्ने स्वतन्त्र व्यक्तित्व हो
जो पक्ष, विपक्ष, लोभी, लालची र आडम्बरी हुँदैन
ऊ त संसार हेरेर लेख्छ
संसारको पक्षमा लेख्छ
समान दृष्टि र समान भावले
युगको आवाज बोल्छ
किनकि
पद, पावर, पैसा र दम्भलाई
कलमको निबले कुल्चेर
चेतनाको रङ्गीन
संसारको निर्माण आफैँ गर्छ
उसको कलमको निबलाई
जातपात, रङ्गबिरङ्ग
कुनै चिजले छुनै सक्दैन
स्रष्टा त फूलको सुगन्ध हो
स्रष्टा त ईश्वरको वरदान हो
स्रष्टा त देशदेशान्तरभन्दा माथि उठेर
लेख्ने एक महान् आत्मा
जुन आत्मालाई परमात्माले चिन्नुहुन्छ
स्रष्टा आत्मा र परमात्माको

मेल हो
व्यास स्रष्टा थिए
पुराण जन्माए
श्रीकृष्ण स्रष्टा थिए
महाभातमा गीतामार्फत
आफूले आफैलाई जन्माए
त्यसैले त भनिन्छ
जहाँ पुग्दैन रवि
त्यहाँ पुग्छ कवि...!

*

**शुभलक्ष्मी लम्साल**

## हाम्रो भेट अवश्य हुने छ



ए निष्ठुरी मायालु!
सँगै छौ र पनि
नदेखेझैँ गर्छौ
सोध्दैनौ हालखबर
सोध्दैनौ सन्चोबिसन्चो
कतिकति दिन भएछ नबोलेको।

अहिले त नजर लुकाएर हिँड्छौ
शिर झुकाएर हिँड्छौ
छेउमै छौ र पनि
नदेखेझैँ गरी नबोली हिँड्छौ
कोही कसरी
बोलिरहेको मान्छेसित बोल्न छाड्छ?
म सोचिरहेछु
बस, सोचिरहेछु।

खुसी हुँदैनौ मेरो जितमा
दुःखी पनि हुँदैनौ हारमा
सायद
तिमी ढुङ्गामा रूपान्तरण भयौ कि?

मेरो उपस्थिति अहिले तिमीलाई
अदृश्य लाग्छ
मेरो सान्निध्य अप्रिय लाग्छ
तर याद गर, एक दिन
जब मबाट छुट्टिएर टाढा जाने छौ
सायद अर्कै दुनियाँमा जाने छौ
केही गर्दा एकान्तमा बस्दा
केके सम्झी बस्दा
एक दिन तिमीलाई
बेस्सरी आउने छ मेरो याद।

जति मनबाट निकाल्न खोजे पनि
बसिरहेकी हुने छु दिलको एउटा कुनामा
तिमी एक दिन उदास हुने छौ
आकाशतिर फर्केर हेर्ने छौ
बादलमा देख्ने छौ मेरै अनुहार
अनि सम्झिने छौ मलाई।

जब किताब पढ्न बस्छौ
अक्षरमा देख्ने छौ मेरै अनुहार
अनि बन्द गर्ने छौ त्यो किताब
बाहिर पनि मलाई नै देख्ने छौ।

फनफनी चक्कर लाग्ने छ तिमीलाई
मलाई नै सम्झेर
बस, तिमी फेरि भुल्न खोज्छौ

तर कहाँ सक्छौ र?
म त आइरहन्छु तिम्रो हृदयमा।

प्रार्थना गर्न मूर्तिअगाडि
जब हात जोडेर आँखा चिम्लन्छौ
मै प्रतिमा बनेर अगाडि उभिन्छु
जब उच्चारण गर्न खोज्छौ मन्त्रहरू
मन्त्रको साटो मेरो नाम उच्चारण गर्न सक्छौ
तिमी हतपत आँखा खोल्ने छौ
मूर्तिबाट मलाई नै फुत्त निस्किएको देख्ने छौ
चारैतिर हेर्ने छौ
आफूलाई छाम्ने छौ
म नै म देख्ने छौ।

दौडेर घरतिर जाने छौ
कताकता तड्पाउने छ मेरो यादले
माया लाग्ने छ मेरो
अनि खोजी गर्ने छौ ठेगाना
सायद पत्ता लाउन सक्छौ या सक्दैनौ।

तर मलाई विश्वास छ
कतै चौराहामा
कतै मन्दिरमा
कतै दोकानमा
कुनै समारोहमा
कुनै प्रेक्षालयमा
कतै पुस्तकालयमा
हाम्रो भेट अवश्य हुने छ
म सोच्दै छु
त्यतिखेर तिमी बोल्छौ कि बोल्दैनौ?

*

**सुरेश ह्राचेकाली**

# शमीको चौतारो



शमीका पुराना हाँगामा
मनचोरुवा प्रेमीको नाम
र प्रेमगीतको अधुरो अन्तरा लेखेर
एउटा अक्षरप्रेमी चिडिया
दक्षिणी आकाशतिर उडेको थियो होला
उसकी निसर्त प्रेमिकाले
वरपरका उकालीओरालीमा
झझल्को भरिएका आँखा ओछ्याउँदै
हृदयमा घडीफूलको माला उनेर
पट्यारलादो समय गुजारिन् होला।

शङ्खको एकोहोरो नादसँगै
खाली खुट्टा हिँड्ने मलामीहरूले
बाजेबोजूहरूको मरणोपरान्त शरीर
एक युगभरि
उलिन्काठमा बोक्दै बिसाउँदै गरे होलान्
शमीको यो भूतपूर्व चौतारोमा।

शमीको सियाँलमुनि
वाग्देवीका भावकहरू
बन्चरोधारी देख्नासाथ
रूखलाई अङ्कमाल गर्न जाने
सुन्दरलाल बहुगुणाको जीवनी पढिरहेका थिए होलान्
जति बेला
गाउँ पालिकाको सडकप्रेमी डोजरले
हाम्रा बराजुको समवयी वृक्षलाई
जरैदेखि उखेलेर उत्तानेटाङ लगाइदियो।

मेरा युवक हजुरबुबाले
बैँस छचल्किरहेकी युवती हजुरआमालाई
पहिलो पटक यही चौतारीको
एक छेउबाट अर्को छेउमा कर्के नजर हानेर
हाम्रो खानदानको शिलान्यास गरेका थिए होलान्।

बरियाती फर्किंदै गरेका
हजारौँ बेहुलाबेहुली
आसन्न रातको मधुर कल्पनामा डुबिरहँदा
सहनाईको स्वरले सयौँ डिग्री झस्किए होलान्
शमीको यो घुमाउने चौतारोमा।

खयरको दाउरा बलिरहेको अगेनोछेउ
कपासको सोह्रसुते बत्ती कात्दै
हजुरआमाले सुनाउनुभएको दन्त्यकथामा
ओल्लो गाउँ, पल्लो गाउँका बोक्सीहरूले
रातभरि सात भन्ज्याङ घुमाएर
भाले बास्दाबास्दै बिसाएको शमीको रूख
अलिकति पूर्व ढल्किएको थियो।

वरपरका दर्जनौँ गाउँबाट देखिने
शमीको झ्याम्म सौन्दर्य ढल्यो
हजारौँ मस्तिष्कभित्रको प्रतीक ढल्यो
सिलोक र सँगिनी गुनगुनाउँदै
छपनी ढुङ्गामा बाघचाल खेलेर
समय कटनी गर्ने बूढाबूढीको
सर्वप्रिय छहारी ढल्यो।

थाप्लामा जीविकोपार्जनको नाम्लो बोकेर
एक खिली सुर्ती लेनदेन गर्दै
एक छिमलका ठिटाठिटीले

दसौँ लाख पिरती साटे होलान्
जति बेला शमीको यो चौतारो
सुखदु:ख बिसाउने सामाजिक सञ्जाल थियो।

बैँसी खेतमा दिनभरि आली ताछेर
हत्तुहैरान घर फर्किरहेका खेतालाहरूले
लाखौँलाख पटक थकाइ बिसाएको
शमीको मित्रवत् चौतारो ढल्यो
अब यो चौताराको चिहानमाथिबाट
अन्तर्राष्ट्रिय कम्पनीका चिल्ला गाडीहरूको
शङ्कास्पद सवारी चलिरहने छ।

शमीको छहारीमय चौतारो सम्झेर
अतीत अनुरागको आँसुले
सहरमा तकिया भिजाइरहेका
ए अन्तर्मुखी प्रेमीहरू!
अब यो गाउँको चौतारो सभ्यता
शमी-पीपलको वनस्पति युगबाट
ढलान र धातुको
निर्जीवन युगमा प्रवेश गरिसकेको छ।

शमीको दिवङ्गत चौतारालाई
भावपूर्ण श्रद्धासुमन!

*

**सरस्वती प्रतीक्षा**

# आई हेट पिङ्क कलर



बडो स्नेहले
छोरालाई गुलाबी रङको टिसर्ट उपहार के दिएथेँ
उसले भन्यो–
'मामू, आई हेट पिङ्क कलर
पिङ्क कलर त केटीहरूले लगाउने रङ हो।'

आठ वर्षे छोराको दिमागभित्र
विभेदको पहिलो अङ्कुरण देखेर झसङ्ग भएँ
एउटा बालक नहुर्कंदै
ऊभित्र पुरुषको अहङ्कार हुर्काउन उद्यत
यो पुरातन कालो समाजशास्त्रको रचनाकार को होला?

रङको कुनै लिङ्ग हुँदैन
तर लिङ्गको रणनीति बनाउँदा रङलाई कसरी मोहरा बनाइन्छ?
सोचेर एकैछिन ताज्जुब भएँ र स्तब्ध पनि!

पिङ्क कलर अर्थात् गुलाबी रङ
गुलाबी ओठको तारिफमा लेखिने प्रेम कविता
अचानक
भाले कविताको 'कुखुरी काँ'-जस्तो लाग्नु
गुलाबी गालाहरूको व्याख्यामा सिङ्गै अध्याय खर्चने
प्रेमीको प्रेमशास्त्र
गुलाबी चर्मशास्त्रको कूटनीतिजस्तो लाग्नु
यो घनचक्करका बीच
रङको जाँतोमा पनि
स्वास्नीमान्छे नै पिसिनुपर्दो रहेछ जान्दा उदेक नमान्नु!
स्वास्नीमान्छेको परिचयपत्रसमेत

गुलाबी रङ्कै हुनुपर्छ भनेर
कसैले उर्दी जारी गरे कोही अचम्भित नहुनु!

‘डोनाल्ड ट्रम्पको अन्तर्राष्ट्रिय चकचक
रोहिङ्ग्या शरणार्थीहरू र आङसाङ सुकीको पुत्ला दहन
उत्तर कोरिया विरुद्ध राष्ट्रसङ्घको थप नाकाबन्दी
पत्रकार गौरी लङ्केशको हत्या
नेपाल आइडलका प्रतिस्पर्धीहरूबीच घम्साघम्सी
कुरा गर्नलाई कत्राकत्रा असामान्य विषयहरू बग्रेल्ती हुँदाहुँदै
जाबो सामान्य रङको के कुरा गर्छौ तिमी?’
भन्न सक्छ मेरो परम प्रिय क्रान्तिकारी मित्र!

माफ पाऊँ मित्र,
मेरो दिमागले रङलाई अचानक असामान्य तत्त्व देख्दै छ
रङको आडमा
चेतनालाई बाँदर बनाएर डमरु नाच नचाउने षड्यन्त्र रचिँदै छ
हतियार थमाएर रङको कसरी शासन गर्ने सिकाइँदै छ
मान्नोस्, नमान्नोस्
रङको नाममा यहाँ बडो दोग्ला राजनीति गरिँदै छ।

आफूलाई मन पर्ने रङ कहिले छान्न पाउँछन् विधवा विद्यादेवीहरू?
बिहेको दिन मन परेको खरानी वा पहेलो रङको
साडी लगाउनबाट किन वञ्चित छन् वन्दना वा कमलाहरू?

नारी सशक्तीकरणका लागि भनेर निकालिएका
नारीप्रधान राष्ट्रिय पत्रिकाहरूले
पिङ्क कलरको लिपस्टिक र लुगा लगाएर
प्रेमी वा लोग्नेको मुड कसरी अन गर्ने तरिका किन सिकाउँछन्?

रङको होली खेलिन्छ–सम्म थाहा थियो
रङको गोटी चलाएर कसरी शोषण गरिन्छ? बल्ल बुझ्दै छु।

सुन त छोरा!
स्वास्नीमान्छे हुँ, तर आजकाल
मलाई पनि पिङ्क कलर बिलकुल मन पर्दैन
आई अल्सो हेट पिङ्क कलर।

निधारको बीचोबीच, आफ्नो तेस्रो नेत्रको अगलबगल
यसै लगाएकी होइन मैले ठूलो कालो टीका!

*

**तीर्थ श्रेष्ठ**

## म मरेको रात



म मरेको रात
तिम्रो सपनाको नदी हुनहुनाउँदै
प्रलयको गीत गाउने छ
रूखका हाँगाहरू भाँचिने छन्
र छिरल्लिने छन् सपनाका गुँडहरू
आकाशमा प्वाल पर्ने छ
र त्यही प्वालबाट
अदृश्य हुने छ मेरो देह
साँझ पर्दानपर्दै
चुक घोप्टिने छ आकाशमा
सम्भावनाका सबै जूनतारा
त्यही चुक घोप्टिएको आकाशको दहमा डुब्ने छन्
तिमी देख्ने छौ मलाई आँसुमा
र खोज्ने छौ सुस्केरामा।

मलाई तिमी मेरो
अनुपस्थितिमा पनि माया गर्छौ भने
कृपा गर

तिमीसँग बचेको मेरो माया जो छ
सबैमा बाँडिदिनू
र म सबैमा फैलिएको अनुभूति गर्नू
योभन्दा अजम्बरी माया
मेरा लागि कुनै हुने छैन
फेरि तिम्रो मनको रूखका हाँगाहरूमा
नयाँ पालुवा पलाउने छन्
नयाँ फूलहरू फुल्ने छन्
सुदूर कतैबाट आउने छन्
सपनाका चराहरू
र गुँड लाउने छन्
मलाई त्यतै खोज्नू
म हुने छु त्यतै कतै।

*

**टङ्क उप्रेती**

## पेन्सिल १



सायद
मेरो पनातिले चिन्दैन सिसाकलम
ऊ स्टाइलस बाँचिरहेछ।

म बन्दा लामो थिएँ
मेरो शिरमा चम्किलो धातुका पातामा
अड्याएर राखिएको थियो इरेजर।

म पाउलाई तिखारेर लेख्थेँ
अक्षर, वाक्य र जीवनका सुन्दर धर्साहरू
र

मेट्थेँ पनि
लेखिएका बाङ्गाटिङ्गा र कुरूप धर्साहरू।

बुझ्दै छु
उमेरसँगै मेरो आकार पनि छोटो हुँदै छ
शिरको इरेजर पनि घोटिएर सकिँदै छ।

घोत्लिरहेछु
मैले लेखेका र मेटेका धर्साहरूले
यो ब्रह्माण्डलाई सुन्दर बनाउन कति सघाए?

*

**टीकाराम उदासी**

## कचेरा समय



अचानक
मेरा आँखामा
भरिएको छ समय
विषालु कचेरा भएर
र, वरिपरिका दृश्यहरू
देखिँदै छन्
सबै धूमिलधूमिल
यस्तो बेलामा
सबैभन्दा पहिले
फाल्नु छ मैले यो कचेरा समय।

हामी हिँडिरहेको यो बाटो भएर
पुगिन्छ कुनै भव्य सुन्दर मैदान
अथवा छिचोल्नै नसकिने अनकन्टार भीर
हामी हिँडिरहेको यो बाटो भएर
भेटिन्छ कुनै सपनाको झिलिमिली सहर


अथवा कुनै अँध्यारो डरलाग्दो सुरुङ
हामी हिँडिरहेको यो बाटो भएर
देखिन्छ कुनै मुस्कुराइरहेको विश्वास
अथवा कुनै अविश्वासको शुष्क मरुभूमि
हामी हिँडिरहेको यो बाटो भएर
सुनिन्छ भोलि कुनै मीठो जीवनगीत
अथवा कुनै भयावह मृत्युसङ्गीत
हामी हिँडिरहेको यो बाटो भएर
फैलिन्छ कुनै आवाजको शक्तिशाली आँधी
अथवा मौनताको अर्थहीन जुलुस
सबैभन्दा ठूलो कुरो त
हामी यो बाटो भएर हिँड्दै गर्दा
भोलि बन्छ यो सारा भूगोल
कुनै घामको अजम्बरी मुस्कानजस्तो
अथवा सधैँ निदाइरहेको कुनै मुर्दाघर?
हामी यो बाटो भएर हिँड्दै गर्दा
भोलि हामी पुग्ने गन्तव्य
बन्छ रङ्गीबिरङ्गी फूलहरूको बगैँचा
अथवा सधैँ विश्वासको अनिकाल भोगिरहने
कुनै सन्त्रासको बादलमुनि छोपिएको बस्ती?

अचानक
मेरा आँखामा
भरिएको छ समय
विषालु कचेरा भएर
र, वरिपरिका दृश्यहरू
देखिँदै छन्
सबै धूमिलधूमिल
यस्तो बेलामा
सबैभन्दा पहिले
फाल्नु छ मैले यो कचेरा समय।

*

**त्रिभुवनचन्द्र वाग्ले**

# छोरीलाई हेरेर, आफूलाई हेरेर



आमाले
दुनामा, टपरीमा, बत्तीमा
छोरीलाई पढाउनुहुन्थ्यो जीवन।

सिन्का खुटेर
छोरीले दुनाटपरीमा जीवन भर्दै गर्दा
मैले सोधिनँ–
'छोरी, यी दुनाटपरी किन फालिन्छन्
पूजापछि, भोजन र भुजापछि?'

आमाले कुन बत्तीको उज्यालोले संसार हेर्नै हुन्?

ढुकुर र गौँथलीले
किन टिप्दै छन् सिन्का?
पातपातमा कसरी खुट्ने हुन् सपना
अघोर आँटीको सामुन्ने
भोलि बिहानका समाचारपत्रमा
समवेदनाको कस्तो विज्ञापन छापिन्छ?

सपना खुट्न पात चाहिन्छ
पात खुट्न सपना चाहिन्छ।

कङ्क्रिटको दलिनमा भँगेरीले
चार प्रहरका गीत गाउँछे
अथाह प्रहारको स्वरमा
चार प्रहरका गीत गाउनुअघि
मैले भँगेरीलाई सोध्नु थियो–
'प्रहार नभएको प्रहर देखाऊ।'

आमाले कस्तो लयमा गीत गाउने हुन्?

छोरी हिँड्ने बाटामा
छ्यापिएको अलकत्रा टेकेर
स्निग्ध यात्राको कलश कसरी दाहिने पार्नु?
सहर पसेका यी अलकत्रा
छोरीको पाइतालामा टाँसिएर
उसको यात्रा अवरुद्ध गर्छन्
लिसो थापेर सिकार गर्नेको कथा!

दुनाटपरीका पातमा
हस्तरेखा कुँदिएका छन्–
शङ्ख, चक्र, त्रिभुज, पर्वत
छोरीको हात हेर्नुअघि
मैले सोधिनँ–
'छोरी, किन झुसिलकीराले
छियाछिया काट्छन् यी पात।'

किन पात झर्छन्
आमाको पटुका फुस्केझैँ,
किन पात हाँस्दै उदाउँछन्
फेरिफेरि झर्नुपर्ने जूनजस्तै?

*

**ठाकुर बेलबासे**

## सत्यको अनुहार

सत्य श्वेतश्याम थियो
उसको अनुहार निकै टाढाबाट चिनिन्थ्यो
मानिसहरूले आआफ्नो मनको रङ पोतिदिए
अनि सत्य



रङ्गीचङ्गी भयो
अहिले उसको अनुहार
नजिकैबाट पनि चिनिँदैन।

सत्य आकृतिविहीन थियो
मानिसका मनमनमा
अड्डा-अदालतका कोठाकोठामा
मानिसको श्वासश्वासमा सत्य थियो
सत्य ज्युँदो थियो
सत्य आगोजस्तो थियो
असत्यहरू आगोवरिपरि उड्ने पुतलीजस्ता थिए
कोसौँ टाढाबाट सत्यको रूप देखिन्थ्यो
मानिसहरूले आफूखुसी सत्यको अनुहार बनाउन थाले
सत्यको अनुहारमा
आफ्ना आँखा राखेर संसार हेर्न थाले
आफ्नो नाक राखेर संसारको गन्ध सुँघ्न थाले
आफ्नो गिदी राखेर
संसारलाई बिचार्न थाले
अहिले नजिकै सत्यको ढुकढुकीसम्म पुग्दा पनि
सत्यको स्वरूप देखिँदैन
सत्यको आत्माको चाल सुनिँदैन।

सत्य भावशून्य थियो
सत्य सम्बन्ध शून्य थियो
र उससँग
बाटो अनि पहिरो छुट्ट्याउन सक्ने
विवेकी चेतना थियो।

मान्छेले
आफ्नो नितान्त निजी भावनाले
सत्यको मगज भरिदिए

मोतीबिन्दुग्रस्त आफ्ना आँखा लगेर
उसका आँखा छोपिदिए
त्यसपछि सत्य
विवेकहीन
आँखाविहीन बन्यो।

मान्छेले
सत्यलाई
अदालतमा लगेर कैदी बनाए
अनि सत्यहीन सत्यलाई
पूर्वाग्रहको आरनमा पिट्दापिट्दै
विश्वास मार्ने हतियार बनाए
र आगलागीमा परेको गरिब बस्तीजस्तो
न्यायालयमा न्याय खोज्न थाले
अन्यायको धूवाँको बाढीमा सत्य हरायो
न्यायाधीशहरू असत्यको आत्मा बोल्न थाले
यसपछि
मानिसहरूले
अन्यायका काला खुट्टा ढोगेर
भविष्यलाई जुत्ताको तलुवा बनाउन थाले।

बिहान सत्य खोज्न भन्दै
घरबाट हिँडेको समय
साँझ आफै
असत्य बनेर घर फर्किन थालेपछि
समय आफै समय हो कि होइन
मान्छे आफै मान्छे हो कि होइन
ईश्वर आफै ईश्वर हो कि होइन
सत्य आफै सत्य हो कि होइन
भन्ने एउटा कालो प्रश्नले
हरेकलाई लखेटिरहेको छ।

✲

**तारा सुनुवार**

# परिवर्तन



चरचर फाटेका तिम्रा पैतालाले
उबडखाबड बाटामा
आफैलाई खोजिहिँड्दा परेका डोबहरू
अझै पुरिएका छैनन्!

आफैसँग डराएर ओल्टोकोल्टो फेरेको
हारगुहारका ती चीत्कार पनि
रातहरूले अझै भुलेको छैन!

अभावको भुमरीमा भौँतारिँदै
हातेमालोको झीनो आशा बोकी
मलिन मुहारको मुस्कानले
सिँगारिएको आवरण पनि
पसिनाले पटक्कै भुलेको छैन!

परिवर्तनको फड्को फड्किन के बेर है!
विगतका ती सबै रङ बदलेछौ
विचारमा, सोचमा, व्यवहारमा!

अभावको भकारी भरिएपछि
पीडाको चीत्कार बन्द भएपछि
अप्ठ्याराको साथ सबै मधुरो मान्न थालेछौ!

तिम्रा कुर्कुच्चाले मुलायम गलैँचा छामेपछि
भावहरूले कोल्टो फेरेपछि
तिमी तिमीबाटै भँगालो छुट्टिएर गएछौ
चिन्नै नसक्ने गरी तिमी परिवर्तन भएछौ!

आमा भन्नुहुन्थ्यो–
तिम्रो 'स्व' त गाउँमै छुटेको छ रे!

*

## उषा शेरचन

# बा!



बा, तिमी छौ र त
यो आकाश मेरो छ
बा, तिमी छौ रत
यो धरती सबै मेरो छ
तिम्रो पसिनाले
हाम्रो घरको चुलो बल्छ
तिम्रो रगतले
हाम्रो आवश्यकता पूरा हुन्छ
बा,
तिमी घरको मूल खम्बा बनेका छौ
र त
हाम्रो घर ढल्नबाट बचेको छ
हामी गल्नबाट बनेका छौँ
हामीलाई बाँधमा बोक्दैमा
घर्किन्छ तिम्रो जीवन
हाम्रो चाहना पूरा गर्दैमा
व्यतीत हुन्छ तिम्रो जीवन
हाम्रो सपना पूरा गर्नमा
समर्पित हुन्छ तिम्रो जीवन
हामीले पहिलो पाइला चाल्दा
समाउने हात तिम्रै थियो
हामीले चाहेको खेलौना माग्दा
दिलाउने भाग तिम्रै थियो

हामी लडखडाउँदा थाम्ने
तिम्रै बलियो साथ थियो
हामीलाई पीर पर्दा
मन बिसाउने चौतारी
तिम्रै चौडा छाती थियो
हुन त बाको कथा कमैले लेखे
हुन त बाको व्यथा कमैले देखे
बा, तिमी
चुपचाप-चुपचाप घाम सहन्छौ
चुपचाप-चुपचाप पानी सहन्छौ
चुपचा-चुपचाप आँधीहुरी सहन्छौ
चुपचाप-चुपचाप चट्याङ सहन्छौ
अर्थात् सबैसबै सहेर
घरको छत बनेर
हामीलाई ओत दिन्छौ
बा,
जाडोमा न्यानो ऊन बन्छौ
गर्मीमा शीतल रूख बन्छौ
बा,
तिमी छौ र त म छु
तिमी छौ र त मेरो अस्तित्व छ
तिमी छौ र पो सब थोक छ
अर्थात्
बा,
तिमी छौ र त यो संसार मेरो छ!
तिमी छौ र त यो संसार मेरो छ!!

✲

## उदय निरौला

# प्रिय कवि!



प्रिय कवि! तपाईं त ईश्वरको उसै नजिक हुनुहुन्छ
किन चढाउनु यो सिङ्गै शरीर?
कविता नै फूल
कविता नै अक्षता र प्रसाद
पर्दैन शरीर चढाउन
हेर्नु त! कवितामा के तपाईंको अन्तर्मनको सितारको धुन छैन
आत्माको बाजाको नाद छैन?

फूल बासी हुन सक्छ
तर कविता किमार्थ बासी हुँदैन
हिँड्नुहोस् सरासर कविताको सडकमा
गोरेटोमा
घोडेटोमा
पुग्नुहुन्छ सजिलोसँग ईश्वरको वासस्थान।

छाडिदिनुहोस्
मन्दिर
मन्दिर तपाईंसितै छ
प्रतिमा तपाईंसितै छ।

प्रिय कवि! मात्र एक पटक उठ्नुहोस्
मात्र एक पटक उठेर हिँड्नुहोस्
ईश्वर तपाईंसित छन्
ईश्वर तपाईंको कवितामा छन्
बस, उठेर वाचन गर्नुहोस्।

र, पुनः निदाउने कोसिस गर्नुहोस्
चढाउनुपर्दैन शरीर

डढाउनुपर्दैन कविता
कविता डढ्दैन, किनकि त्यो तपाईंको आत्मा हो
आत्मा फूल हो
उसै महकाँउछ
मात्र उठ्नुहोस्
कविता उसै बोल्छ
बाजा बनेर
उसै नाच्छ रङ्गमञ्च बनेर
उसै नाच्छ ताल बनेर।

*

**उमेश अकिञ्चन**

# डिजिटल समय र कोविद



बाउहरू किन भौँतारिइरहेछन् यसरी
कि
खोज्दै छन् 'प्रकाश कोविद'
अर्थात्
हराएको एक सर्जकलाई।

नानीहरू पब 'जी'-मा छन्
छैनन् भने त्यहाँ
क्यान्डी क्रसमा घोप्टिएका छन्
वा
'मायसा एन्ड बियर' हेरिरहेटन् टिभीमा।

उमेर आएका मानिसहरू व्यस्त, अति व्यस्त छन्
फेसबुकको सिरानी हालेर।

पहिले त
घाउहरू पनि घामजस्ता हुन्थे
ठूला, अति ठूला।

यादहरू आकाशजस्तो
फराकिलो, अति फराकिलो
अक्षर?

अक्षर त झन् आँखाजस्तो
दिउसै देखाउँथ्यो सपना प्रेमको।

यसरी
तलाउ मनहरूमा
बहन्थे सानाठूला डुङ्गाहरू जीवनका।

आजकाल बाउहरू
दिग्दार छन्
छोराहरूसँग/छोरीहरूसँग
आफ्नै घाउहरूसँग।

पहिले
दार्जिलिङ, कालिम्पोङ, काठमाडौँतिर
कलिलो दूबो टेकेर अक्षरको
उभिन्थ्यो समय
अहिले
निकोटिन समयले लती बनाउँदै लगेको छ।

किनारामा छन्
प्रकाश कोविदहरू
'डिजिटल डिभाइड'-को।

ओ!
समय बाँचेको छु भन्नेहरू
हाम्रै अगाडि युग मरिसक्यो।

आत्माहीन रोबोट मान्छे
घरबस्ती पसिसक्यो।

बाँचेको छु भन्नलाई पनि यहाँ प्रमाण चाहिन्छ
मर्छु भन्ने बुझ्नलाई घाटको साक्षात्कार चाहिन्छ।

बाउहरू भौँतारिइरहेछन् यसरी
कि
खोज्दै छन् 'प्रकाश कोविद'
अर्थात्
हराएको एक सर्जकलाई।

मानौँ
खोज्दै छन् मान्छे बाँचेका समयहरूलाई।

✲

**विप्लव प्रतीक**

## सहर र सपना



यही सहर हो
जहाँ मेरा उमङ्गका रूख उम्रिएका थिए
मेरो आशाको हिमाल उभिएको थियो
र इन्द्रधनुषी सपनाहरूको सडक सञ्जाल ओछिएको थियो।

आज म हेरिरहेछु
कैयौँ वर्षपछि

यो पुरानो सहर
झन्झन् रङ्गीन भएको छ,
झन् भड्कलिो र नक्कले पनि।

यही सहरमा
सपिङ कम्प्लेक्स र भव्य भवनहरूले लखेटेर भाग्दाभाग्दा
माकुराको जालोजस्तो सडकको किनारामा ज्यान जोगाएको
एउटा साँघुरो पार्क छ जहाँ एउटा बेन्च पनि छ।

म खुसीको पसलअघिल्तिर 'विन्डो सपिङ' गर्दागर्दै थाक्छु,
र पार्कको त्यही बेन्चमा
खुइलिएको कालो भादगाउँले टोपी छेउमा राखेर,
सपना टकटकिएर न्यास्रिएको कुनै वृक्षझैँ
पसारिन्छु।

बस्न पाएको छैन, पाले पार्कमा आएर भन्छ–
'ए बूढा मान्छे, उठ,
ब्युँझ सपनाबाट,
पार्कको ढोका बन्द हुन लाग्यो।'

*

**विप्लव ढकाल**

## तिनीहरू कहाँ गए?



स्कुल बसहरू कहाँ गए?
सपना कुल्चेर घाटमा उभिएका
कलिला नानीहरू कहाँ गए?
अस्पतालबाहिर–
एम्बुलेन्सको साइरन मात्र रुँदै छ,
बिरामीहरू कहाँ गए?

मसानघाटतिर–
रित्तै दौडिँदै छन् शववाहनहरू,
मलामीहरू कहाँ गए?

निःशब्द मृत्युशय्यामा
आफै हिँडेर पुगेका छन् लासहरू!
आफ्नै चितामा दागबत्ती दिएर
बिदा भएका छन् इतिहासहरू!
श्रद्धाका फूल चढाउने
अँजुलीहरू कहाँ गए?

तिमीले जुनीभर खोजेका
बिहानीहरू कहाँ गए?
निर्जन बस्ती जलेका
खरानीहरू कहाँ गए?
तिम्रो आँखामा बलेका
साँझबत्तीहरू कहाँ गए?

दुश्मन जस्ता छन् प्रियजनहरू!
प्रियजन जस्ता छन् दुश्मनहरू!
सिङको श्रीपेच पहिरिएका
यमराज जस्ता छन् शासकहरू!
हिजो सँगसँगै हिँडेका–
सहयात्रीहरू कहाँ गए?

धर्तीको धमनीभित्र
रक्तकण जमेको हेर!
अक्सिजन सिलिन्डरभित्र
अश्रुग्याँस भरेको हेर!
ज्ञानीहरू कहाँ गए? विज्ञानीहरू कहाँ गए?
मृत्युको परेला पुछ्ने अज्ञानीहरू कहाँ गए?

(सन्दर्भ : कोभिड आतङ्क)

*

समालोचना

प्रा. डा. लक्ष्मणप्रसाद गौतम

# उत्तरवर्ती नेपाली नारीकविता लेखनको स्वरूप

## १. विषयारम्भ



उत्तरवर्ती नेपाली कविता भनेर सामान्यतया गणतन्त्रोत्तर नेपाली कविता भन्ने बुझिन्छ र यसै अवधिका नारीकविता लेखनलाई उत्तरवर्ती नेपाली नारीकविताका रूपमा मानिन्छ। नारीस्रष्टाका कविता केवल नारीलाई केन्द्र मानेर मात्र लेखिएका छैनन्, बरु उत्तरवर्ती युगजीवनका साझा भोगाइ, अनुभूति, विचार, दृष्टिकोण र युगीन चेतनाबाट पनि उत्तरवर्ती नेपाली नारीकविता निकै प्रभावित देखिन्छ। उत्तरवर्ती नारीकविता लेखनको पृष्ठभूमि भनेको सामान्यतया सालाखाला रूपमा सिङ्गो नेपाली कविताकै पृष्ठभूमि हो तापनि राष्ट्रवादी चेतना, सामाजिक यथार्थ, नारीसंवेदना, विसङ्गतिप्रतिको व्यङ्ग्यजस्ता स्वरहरूका पृष्ठभूमिमा उत्तरवर्ती नेपाली नारीकविता लेखनको आधारभूमि खडा भएको देखिन्छ। यस अवधिका नारीस्रष्टाहरूका कवितामा नारीवादी चेतना, नारीका भोगाइ, अनुभूति, पीडा, प्रेम, सौन्दर्य आदिको पनि स्पष्ट अभिव्यक्ति पाइन्छ। पुरुष केन्द्रवादलाई भङ्ग गर्न खोज्दै आफ्नो नारीकेन्द्रको स्थापनाको उद्देश्यबाट अभिप्रेरित भएर पछिल्लो समयमा केही कविता लेखिएका छन्। उत्तरवर्ती नेपाली नारीकवितामा पुरुषविद्वेषी स्वरभन्दा पनि नारी अस्तित्व र नारीपीडाबोधका स्वरहरू बढी मुखरित भएको पाइन्छ। नारीवादी दृष्टिकोण भएका यस्ता कविताको मूलभूत उद्देश्य लैङ्गिक समानताका पक्षमा आवाज उठाउनु नै हो र यसले समान अधिकारको अपेक्षा पनि गरेको देखिन्छ। कतिपय उत्तरवर्ती नेपाली नारीकवितामा नारीसंवेदनाको प्रभावपूर्ण प्रस्तुति पाइन्छ र यसक्रममा पुरुषप्रधान समाज तथा परिवारबाट नारीले पाएका पीडा, यन्त्रणा एवम् सामाजिक-पारिवारिक शोषणको पीडाबोध अभिव्यक्त भएको देखिन्छ। यस्ता कवितामा देखिने अर्को सशक्त प्रवृत्ति नारीले भोग्नुपरेको बलात्कारजन्य पीडा पनि हो। चेलीबेटी बेचबिखनबाट उत्पन्न समस्या, आर्थिक अभावका कारण वेश्यावृत्ति गर्नुपर्ने विवशताजन्य पीडा र नारीहरूले बलात्कृत भएर आफ्नो अस्मिता गुमाउनुपरेको पीडा आदिका स्वरहरू पनि पाइन्छन्।

यसै सन्दर्भमा पुरुषप्रधान समाजका दुष्प्रवृत्तिको विरोध र नारी अधिकारको खोजी गरिएको भाव व्यक्त भएका कविता पनि लेखिएको पाइन्छ।

## २. उत्तरवर्ती नेपाली नारीकविता लेखनमा अन्तर्वस्तुको विविधता

उत्तरवर्ती नेपाली कवितामा नारीस्रष्टाका कविताहरूले उत्तरवर्ती चेतनालाई केही भिन्नै, संवेदनात्मक र विशिष्ट किसिमले अभिव्यक्त गरेको देखिन्छ र एउटा मात्र विषय, प्रवृत्ति, विचार, दृष्टिकोण, चिन्तन र विशेषता पाइँदैन; बहुलता उत्तरवर्ती नारीकविता लेखनको सौन्दर्य हो। विशेषतः उत्तरवर्ती नारीकविता लेखनमा नारी अस्तित्व, नारीजीवनका भोगाइ, पीडा, अनुभूति, प्रेम, वात्सल्य आदिको अभिव्यक्ति पनि पाइन्छ। युगीन परिवर्तित समयले ल्याएका विभिन्न घटनावलीको प्रभाव उत्तरवर्ती नारीकविता लेखनमा पनि पर्ने भएकाले नारीकविता लेखनलाई उत्तरवर्ती प्रवृत्तिकै रूपमा मान्नुपर्छ। उत्तरवर्ती नेपाली नारीकविता प्रवृत्तिगत दृष्टिले विविधतामय, बढी संवेदनात्मक, प्रस्तुतिका दृष्टिले बढी सरल, आस्तित्विक दृष्टिले बढी तीव्र र भोगाइका दृष्टिले बढी यथार्थपरक भएको पाइन्छ। यिनै विशेषताहरूले उत्तरवर्ती नेपाली नारीकवितालाई पृथक् तुल्याउँछन्। तिनका विशेषतालाई यस प्रकार बुँदाबद्ध गर्न सकिन्छ–

१. उत्तरवर्ती नारीकवितामा विषय र भावलाई बढी संवेदनात्मक रूपमा अभिव्यक्त गरिएको पाइन्छ।

२. उत्तरवर्ती नारीकवितामा प्रायः एउटा-एउटा मात्र चिन्तन बढी पाइने भएकाले ती बढी गम्भीर देखिन्छन्।

३. उत्तरवर्ती नारीकवितामा युगीन जीवनका भोगाइ र पीडाहरू बढी अभिव्यक्त भएको पाइन्छ।

४. उत्तरवर्ती नारीकवितामा नारी अस्तित्व र लैङ्गिक पहिचानको मूल्यचेतना बढी पाइन्छ।

५. उत्तरवर्ती नारीकवितामा भोगाइको यथार्थ तीव्र भएर पनि बढी सरल रूपमा अभिव्यक्त भएको पाइन्छ आदि।

यसबाट उत्तरवर्ती नारीकविता लेखनमा विषयगत विविधता, प्रवृत्तिगत विविधता र भाव एवम् विचारलाई गम्भीरताका साथ प्रस्तुत गर्नु आदि विशेषता पाइन्छन्। विविध प्रवृत्ति र स्वरलाई अभिव्यञ्जित गर्ने उत्तरवर्ती नेपाली नारीकविता लेखनमा पनि नेपालको राजनीतिक परिवेश, आर्थिक अनुशासनहीनता, सामाजिक विकृति र विसङ्गति, दिशाहीनता, युद्ध, हिंसा, अशान्ति, भय, संस्कृतिभञ्जनको पीडा,

बिरानोपन, यान्त्रिक जडता, कामुकता, सन्त्रास, विद्रोह, क्रान्तिचेतना आदिको पनि राम्रो अभिव्यक्ति पाइन्छ।

## ३. विमर्श र परिणाम– उत्तरवर्ती नेपाली नारीकविता : अन्तर्वस्तुगत साक्ष्य

उत्तरवर्ती नारीकविता लेखनमा विषयगत र प्रवृत्तिगत विविधता पाइन्छ भन्ने कुरा यस अवधिका नारीस्रष्टाका कविताको अध्ययनबाट स्पष्ट हुन्छ। सङ्गतिहीन यथार्थ र अस्तित्वचेतना, लैङ्गिक समानता, नारी अस्तित्वको खोजी र नारीका भूमिका, नारी अस्मिता, नारीपीडाबोधको अभिव्यक्ति, पुरुषप्रधान समाजप्रतिको विरोध र नारी अधिकारको खोजी आदि अनेक विषयको सङ्कुल वृत्तबाट उत्तरवर्ती नारीकविताहरू लेखिएका छन्। उत्तरवर्ती नारीकवितालाई नारीस्रष्टाहरूका केही उत्तरवर्ती कवितामा पाइने नारीचेतनाका प्रवृत्तिलाई यस प्रकार विश्लेषण गर्नु उपयुक्त देखिन्छ–

### (क) सङ्गतिहीन यथार्थ र अस्तित्वचेतना

नेपाली समाजमा व्याप्त राजनीतिक, आर्थिक, सामाजिक, लैङ्गिक आदि क्षेत्रमा देखिएका अनेक सङ्गतिहीन यथार्थ र अस्तित्वबोधी चेतना उत्तरवर्ती नारीष्टाका कवितामा मूल स्वर भएर आएको छ। यस्तो स्वर वैयक्तिक रूपमा भन्दा पनि सामूहिक स्वर बनेर आएको देखिन्छ। नारीका विविध जीवनयात्रा र नारीजीवनले भोग्नुपरेका नियतिहरूलाई पनि अभिव्यक्त गर्नाका साथै जीवनको आस्तित्विक खोजी गरिएको भाव पनि अभिव्यक्त गरिएको छ। पुरुषप्रधान समाजमा नारीको विशिष्ट र अहम् भूमिकालाई स्वीकार नगरिएको र नारीहरूद्वारा नारी अस्तित्वको खोजी गरिएको भाव पनि उत्तरवर्ती नेपाली कवितामा पाइन्छ। यसरी नारी अस्तित्वको खोजी गर्दै नारीका विविध भूमिकाको महिमाको प्रस्तुति पनि उत्तरवर्ती नेपाली कविताको एउटा प्रवृत्ति हो। यस प्रवृत्तिलाई अभिव्यञ्जित गर्ने तथ्याङ्कहरूलाई तल प्रस्तुत गरिन्छ–

१. मान्छे यहाँ सधैँभरि बे-मान्छे भएर बाँचिदिन्छ
मान्छेको यहाँ सधैँभरि बे-मृत्युमै मृत्यु हुन्छ...
दुर्लभ छ यहाँ मान्छेकै भेषमा – मान्छेलाई पाउन
मुस्किल छ यहाँ मान्छेकै भीडमा – मान्छेलाई खोज्न
गाह्रो छ यहाँ मान्छेकै बीचमा – मान्छे भएर जिउन
मान्छे नै यहाँ सधैँभरि वर्तमान र भविष्यको दोसाँधमा
पेन्डुलम भएर झुन्डिरहन्छ।

उषा शेरचन

('मान्छेमान्छेकै रूप-प्रारूप', **नजन्मेका आस्थाहरू**, पृ. ४४)

प्रस्तुत कवितांशमा वर्तमानमा मान्छेको स्व-अस्तित्व गुम्न थालेको र

आत्मपरिचयहीन भएर विसङ्गतिपूर्ण जीवन बाँच्न विवश भएको यथार्थलाई मूल कथ्य बनाइएको छ। आजको मान्छे वास्तविक रूपमा मान्छे भएर बाँच्न नपाएको, मृत्युको त्रासमा बाँच्नुपरेको, मान्छे दुर्लभ भएको, मान्छेलाई खोज्न मुस्किल भएको, मान्छे भएर जिउन गाह्रो भएको आदि विविध सन्दर्भले मान्छेको परिचयहीनता र परिचयको खोजीलाई देखाएका छन्। कवितांशमा प्रयुक्त उपर्युक्त सन्दर्भहरूका माध्यमबाट आजको मान्छेले मूल्यहीन र संवेदनाशून्य जीवन बाँचेको र मान्छेको जीवन सङ्गतिहीन भएको पनि यस कवितांशमा देखाइएको छ। मान्छेको जीवन व्यर्थ, निःसार, शून्य र निष्प्रयोजन तथा परिचयहीन भएको कुरा सङ्केत गर्नका लागि आजको मान्छेलाई पेन्डुलमसँग समरूपता प्रदान गरिएको छ।

२. म जर्जर हातहरूबाट बन्दी पानी
किचिएर बसेकी छु, थिचिएर बसेकी छु...
मबाट जन्मिएका शक्तिहरूले मलाई नै रन्केर पोल्न आउँछन्...
म वेगका साथ बग्न चाहन्छु
बडेबडे चट्टानको कापबाट भए पनि निकास चाहन्छु
भलभली उम्लेर बग्न चाहन्छु।

नीलम कार्की नीहारिका

('बन्दी पानी', **कविता**, ७१, पृ. १६९–१७०)

उद्धृत कवितांशमा नारी अस्तित्वको खोजी गरेको भाव अभिव्यक्त गरेर पुरुषप्रधान समाजको परतन्त्रतामा किचिएर रहेकी नारीले उन्मुक्तिको चाहना गरेको कुरा अभिव्यक्त गरिएको छ। कवितांशमा प्रयुक्त 'म' पुरुषप्रधान समाजद्वारा थिचिएर बसेकी र नारी अस्तित्वका लागि विद्रोही बनेर स्वतन्त्रता खोजेकी नारीकी प्रतिनिधि चरित्र हो। आफूभित्रको शक्तिले रन्केर पोल्नु, चट्टानको कापबाट निकास खोज्नु र भलभली उम्लेर बग्न चाहनुजस्ता कवितांशमा प्रयुक्त प्रसङ्गहरूले नारी अस्तित्व र नारीस्वतन्त्रताको खोजीलाई सङ्केत गरेको देखिन्छ। यस प्रकार नारीलाई विद्रोही रूपमा प्रस्तुत गरेर नारीवादी दृष्टिकोणलाई यस कवितांशमा अभिव्यक्त गरिएको पाइन्छ।

३. तिमीले पानी खन्याउँदैमा पातलिँदैन मेरो रङ्ग
तिमीले पानी नखन्याउँदैमा सुक्दैन मेरो रङ्ग
कसैले दिएर रङ्गिएको मेरो रङ्ग होइन
कसैसँग मागेर रङ्गिएको मेरो रङ्ग होइन।

भागीरथी श्रेष्ठ

('पक्का रङ्ग', **कविता**, ७६, पृ. ५३)

यस कवितांशमा कुनै पुरुषको साहचर्यबाट नारीको अस्तित्वमा परिवर्तन नआउने

र कुनै पुरुषसँगको संसर्गमा एउटी नारी पुरुषमय हुन नसक्ने भाव देखाई नारीवादी चेतना अभिव्यक्त गरिएको छ र यसका माध्यमबाट नारी अस्मिता र अस्तित्व कहिल्यै परिवर्तित नहुने कुरा व्यक्त गरिएको छ। कवितांशमा प्रयुक्त 'रङ्ग' नारी अस्तित्वको प्रतीक हो र यो पुरुषसँगको सम्बन्ध र साहचर्यबाट परिवर्तित हुँदैन भन्ने कुरालाई प्रस्तुत गरिएको छ। व्यञ्जनार्थमा पतिको मृत्युपछि शृङ्गार परिधान त्यागेर वैधव्य वेशभूषा धारण गर्नुपर्ने नारीबाध्यताप्रति साङ्केतिक रूपमा विमति प्रकट गरिएको छ। यसरी उद्धृत कवितांशमा नारी अस्तित्व वा नारी अस्मितालाई उच्च रूपमा देखाइएको पाइन्छ।

४. असुरक्षित आकाशमुनि
मान्छेहरू-मान्छेको खति गरिरहेछन्
म/जिन्दगीको भूमध्यरेखामा उभिएर
यस बखत शान्तिको कविता लेखिरहेछु।

विमला तुम्खेवा

('मैले बाँचेको वर्तमानमा मान्छेहरू उदास छन्', **कविता**, पूर्णाङ्क ७६, पृ. १६३)

उपर्युक्त कवितांशमा असुरक्षित र सन्त्रासमय परिवेशलाई देखाएर युगीन यथार्थको चित्र उतारिएको छ। मान्छेले मान्छेकै खती गरिरहेको वर्तमान सन्दर्भमा शान्तिको कामना गर्नुपर्ने भाव देखाएर आजको आम मान्छेलाई संहार होइन, सम्भार चाहिएको कुरा सङ्केत गरी शान्तिकामी अस्तित्वचेतना व्यक्त गरिएको छ।

५. हो, म आइमाई हुँ
आईको अर्थ आमा अनि माई माने देवी
देवी र माताको उच्च ओहदाबाट
पदच्युत गरेर मलाई बनायौ अहिलेसम्म
'आई' 'माई' अर्थात् म र मेरी मात्रै।

राधिका कल्पित

('आईमाई', **बरफको कोइला**, पृ. २७)

उपर्युक्त कवितांशमा नारी अस्तित्वचेतना व्यक्त गरिएको छ र यसै केन्द्रीय कथ्यका सन्दर्भसँग जोडेर आइमाई अर्थात् नारी हुनुको गौरवबोध पनि प्रस्तुत भएको छ। शाब्दिक अर्थका रूपमा आइमाई आमा र देवीको समानार्थी शब्द भए पनि नेपाली समाजमा यस शब्दलाई पदच्युत गरेर हेय अर्थमा प्रयोग गरिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै पुरुषसत्ताले महिलालाई आफ्नो सम्पत्तिजस्तै ठानेर वस्तुकरण गरेको कुरा अभिव्यक्त गरी त्यसप्रति विमति प्रकट गरेर आइमाई हुनुको गौरवबोध र अस्तित्वचेतना

अभिव्यक्त गरिएको छ। यो देवीसमान मानिएकी नारीको वस्तुकरणप्रतिको व्यङ्ग्य पनि हो।

**(ख) लैङ्गिक समता, भोगाइ र नारीत्व**

लैङ्गिक समताको आग्रह राखी कविता लेख्नु नारीकविहरूको विशेषता हो र लैङ्गिक दृष्टिले नारीपुरुषका बीचको विभेद अन्त्य हुन नसकेको र नारीहरूले पुरुषसमान अधिकार प्राप्त गर्न नसकेको विषयलाई लिएर पनि प्रशस्त कविता लेखिएको पाइन्छ र लैङ्गिक समानताको भाव अभिव्यक्त गरिएका कविताहरू पनि प्रशस्त देखिएका छन्। नारीप्रतिको सम्मान भावको प्रस्तुति, लैङ्गिक असमानता, पुरुषप्रधान समाजका परतन्त्रता र बन्धन, नारीविद्रोह, समानताको खोजी आदि विविध भावलाई यस्ता कविताले अभिव्यक्त गरेका हुन्छन्। कतिपय नारीकविता लेखनमा नारी अस्तित्व वा अस्मिताको खोजी र नारीका विविध भूमिकाको महिमा प्रस्तुत गरी नारीलाई उच्च सम्मान दिएको पनि पाइन्छ। यस क्रममा नारीलाई विद्रोहिणीका रूपमा, आदर्श चेतनाकी प्रतिमूर्तिका रूपमा, महिमामय चरित्रका रूपमा र मातृत्वकी सजीव प्रतिमूर्ति आदिका रूपमा चित्रण गरिएको पाइन्छ। नारीवादी दृष्टिकोण र लैङ्गिक समानताको भाव अभिव्यञ्जित गर्ने उत्तरवर्ती नेपाली कविताका केही तथ्याङ्क यस प्रकार छन्–

१. प्रिय!
तिम्रा दुनियाँका जूनताराहरू उपहार त दियौ
कपीराइट तिमीसँगै रह्यो
बादलका अमूर्त चित्रहरू यी आँखामा सजायौ
बदलामा आँसु बर्सेर
ऐनाको भ्रमजस्तो आनन्द दियौ
आफ्नो शौर्य पौरुषको प्रयोगभूमि त बनायौ
तर मलाई पानीको घामबाहेक
सिङ्गो सूर्य नै समर्पण गर्न खै कहाँ सक्यौ र!
उज्यालोका सारा सहुलियत आफैसँग राखेर
मनलागी अँध्यारो दियौ।

मोमिला

('आकाशलाई धर्तीको सम्बोधन', **उत्तरवर्ती प्रतिनिधि नारीकविता**, पृ. १४४)

प्रस्तुत कवितांशमा आकाश र धर्तीको प्रतीकविधान र अन्य विभिन्न बिम्बविधानद्वारा पुरुषसत्ताले सानासाना भूलभुलैयामा पारेर शक्तिजति आफ्नो हातमा लिई नारीलाई शक्तिविहीन, अधिकारविहीन र स्वतन्त्रताविहीन बनाएको कुरा अत्यन्त कलात्मक रूपमा अभिव्यक्त गरिएको छ। कवितांशमा प्रयुक्त आकाश र धर्ती क्रमशः

पुरुष र नारीका प्रतीक हुन् भने ‘तिमी’ सम्बोधित पुरुष आलम्बन सत्ताले वक्ता वा सम्बोधक ‘म’ नारी आलम्बन सत्तालाई जूनताराहरू उपहार त दिएर कपीराइट आफूसँग राख्नु, आँखामा बादलका अमूर्त चित्रहरू सजाएर बदलामा आँसु र ऐनाको भ्रमजस्तो आनन्द दिनु, ‘म’ नारी आलम्बनलाई आफ्नो शौर्य पौरुषको प्रयोगभूमि बनाउनु र ‘म’-लाई पानीको घामबाहेक सिङ्गो सूर्य नै समर्पण गर्न नसक्नु तथा उज्यालोजति आफैसँग राखेर अँध्यारो मात्र दिनुजस्ता बिम्बात्मक पद, पदावली, वाक्य र सन्दर्भहरूले पुरुषसत्ताको वर्चस्वशाली रूप र प्रवृत्तिलाई अभिव्यक्त गरेका छन्। कवितांशको केन्द्रीय कथ्यलाई प्रतीकविधान र बिम्बविधानका माध्यमबाट कलात्मक तरिकाले प्रस्तुत गर्ने कविको विशिष्ट कला यसमा देख्न सकिन्छ।

२. तिमी भेल भएर मलाई भत्काइरह्यौ,
म तिम्रो भत्काइलाई नहर भएर सहिरहेँ
तिम्रो प्रशंसामा गीत पनि गाइरहेँ
अनि भयले ग्रस्त भएर तिम्रो त्यो विनाशलीला हेर्दै
तिमीबाट आफूलाई ध्वस्त नहुन
ईश्वरसँग प्रार्थना गर्दै हरेक क्षण जोगाइरहेँ।

सन्ध्या पहाडी

(‘तिमी र म’, **घामका अक्षर**, पृ. ४७–४८)

प्रस्तुत कवितांशमा पुरुषले नारीशरीरको मनलाग्दी उपभोग गरेको शरीरराजनीतिको विषयलाई मूल कथ्य बनाइएको छ। यहाँ ‘तिमी र म’-को प्रतीकविधानद्वारा ‘तिमी’ पुरुषसत्ताले भेल भएर ‘म’ नारीलाई दैहिक रूपमा भत्काइरहेको र नारी शक्तिविहीन भएर त्यस भत्काइलाई नहर भएर सहिरहेको र भयले ग्रस्त भएर ‘तिमी’ सत्ताको त्यो विनाशलीला हेरिरहेको तथा ‘तिमी’ पुरुषसत्ताबाट ‘म’-ले आफूलाई ध्वस्त नहुन ईश्वरसँग प्रार्थना गर्दै हरेक क्षण जोगाइरहेको कुरा प्रस्तुत गरिएको छ। यसबाट ‘तिमी’ पुरुषसत्ताले ‘म’ नारीको शरीरलाई खेलौनाजस्तै बनाएर उपभोग गरिरहेको र नारीले पुरुषको ध्वस्त बनाउने आक्रमणबाट बच्न ईश्वरसँग प्रार्थना गरिरहेको कुरा देखाएर शरीरराजनीतिको विषयलाई अभिव्यक्त गरिएको छ। कवितांशमा प्रयुक्त ‘तिमी’ सम्बोधित पुरुषसत्ताले वक्ता वा सम्बोधक ‘म’ नारीलाई वस्तुकरण गरेको दृष्टिकोण यहाँ व्यक्त भएको छ।

३. त्यस दिन पनि... हात जोडेर पहिलेजस्तै उभिएकी थिई।
पण्डितले भने– ‘नानी! तिमी अलग्गै बस
माइतीको गोत्रमा मिसिएर तिमीले पूजा गर्न मिल्दैन’

पूजाका निम्ति भोकै बसेकी ऊ
अकस्मात् फुके उसका जोडिएका हत्केलाहरू
खसे फूल र अक्षताहरू
यति अन्यमनस्क भएर त कहिल्यै हेरेकी थिइन उसले मलाई।

गीता त्रिपाठी

('गोत्रको हतियार', **अन्नपूर्णा पोस्ट**, ६ कार्तिक २०७३, पृ. ग)

प्रस्तुत कवितांशमा धर्म, संस्कृति र परम्पराका कारण नारीहरूले भोग्नुपरेको विभेद तथा लैङ्गिक अस्तित्व र पहिचानलाई केन्द्रीय विषयवस्तु बनाइएको छ। विवाह नगर्दैदेखि पूजामा सरिक भइरहेकी युवतीले माइतीमा भएको पूजामा पण्डितले अलग्गै बस्न र माइतीको गोत्रमा मिसिएर पूजा नगर्न भनेपछि उसका जोडिएका हात फुकेका र फूल-अक्षता खसेका बिम्बहरूको सृजना गरी गोत्रको हतियारले नारीको पहिचान, अस्तित्व आदि सबै काटेको र विभेदको सृजना गरेको कुरा पनि यहाँ व्यक्त गरिएको छ। कवितांशको अन्तिम पङ्क्तिले विभेदजन्य परिस्थितिका कारण उत्पन्न संवेदनालाई पनि अभिव्यञ्जित गरेको देखिन्छ।

४. स्त्रीत्वले स्नान गर्दै
प्रत्येक मास नव अवतार जन्मन्छु/आफ्नै शरीरबाट
...म स्त्री अर्थात् आइमाई
अनेकौँ प्रेमावतारको अप्रतिम अवतार हुँ म
अब रच्नु छ एउटा अलौकिक सभ्यता
प्रेमले ललकारिएको ब्रह्मारूप धारण गराएर
स्नेहबोधका खातिर केवल एक पटक
यही जुनीमा स्त्री नै भएर जन्मनु छ पुरुषगर्भबाट।

सीमा आभास

('म स्त्री अर्थात् आइमाई', **म स्त्री अर्थात् आइमाई**, पृ. ११)

नारी हुनुप्रतिको गौरवबोध यस कवितांशमा निकै कलात्मक, सशक्त र प्रभावपूर्ण रूपमा आएको छ भने जैविक रूपमा स्त्रीत्व भाव पुरुषका लागि दुर्लभ भएको अभिव्यक्ति पनि प्रस्तुत गरिएको छ। प्रत्येक स्त्रीत्वले स्नान गर्दै आफ्नै शरीरबाट नव अवतार जन्मनु नारी हुनुको स्वत्व र गौरव हो। यहाँ 'म' समाख्याता नारीद्वारा आफूलाई प्रेमावतारको अप्रतिम अवतार मानेर अलौकिक सभ्यता रच्ने र ब्रह्माको रूप धारण गरेर एक पटक यसै जन्ममा पुरुषगर्भबाट स्त्री नै भएर जन्मने अभीप्सा प्रकट हुनुजस्ता सन्दर्भले स्त्रीत्वप्रतिको गौरवानुभूतिको भाव पनि यहाँ अभिव्यञ्जित भएको छ।

सन्तान जन्माउने सृजनसामर्थ्य पुरुषमा नहुने र त्यो स्त्रीमा मात्र हुने कुरालाई देखाएर पुरुषगर्भबाट स्त्री भएर जन्मने इच्छा प्रकट गरी पुरुषसत्तालाई व्यङ्ग्यात्मक रूपमा चुनौती पनि यहाँ दिइएको छ।

५. जहिल्यै,
बगलामुखीको द्वारअघि जब उभिन्थेँ म
एक किशोरी सधैँ फूलमाला बेचिरहेकी हुन्थिन्
जब फर्कन्थेँ गन्तव्य बदलेर
अन्त कतै घुम्तीमा
दुरुस्तै उही अनुहारकी अर्की किशोरी
मासु जोखिरहेकी हुन्थिन्।

गीता कार्की

('अनुत्तरित प्रश्न', **आमा किरणहरूका छालमा**, पृ. १२६)

प्रस्तुत कवितांशमा काठमाडौँको दैनन्दिन यथार्थका रूपमा एउटी किशोरीको दिनचर्यालाई आधार बनाएर नारीजीवनका भोगाइ, सङ्घर्ष र उसका जीवनशैलीप्रति कविका अनुभूति, संवेदना र दृष्टिकोणलाई अभिव्यक्त गरिएको छ। कवितांशमा आएका फूलमाला बेचिरहेकी किशोरी, अर्को ठाउँमा मासु जोखिरहेकी दुरुस्तै उही अनुहारकी अर्की किशोरी सङ्घर्षका कथा बोकेका प्रतिनिधि नारीपात्र हुन् र तिनमा देखिएको अनुहार र अनुहारको भावको समानतालाई कविले पाठ मानेर पढेको बिम्ब यहाँ देखिन्छ। यसबाट नारी-किशोरीको भोगाइ र यथार्थ अभिव्यञ्जित भएको छ।

६. एउटा मीठो सृष्टिधुनको स्रोत मेरो पाठेघर
जूनको पेटले जति शीतल अनुभूति दिन्छ
त्योभन्दा मीठो आनन्द दिन्छ मेरो पाठेघरले
नदीको मुहानको शक्तिभन्दा उँचो वैभव छर्छ
उम्रन्छन्, बढ्छन्, फुल्छन्, खुल्छन्
र सजाउँछन् ब्रह्माण्ड बगैँचा।

बादल चामलिङ

('पाठेघर', **पाठेघर**, पृ. ३२)

यस कवितांशमा प्रतीकात्मक र साङ्केतिक रूपमा नारी हुनुको गौरवको अनुभूति प्रकट गरिएको छ र नारीको सृजनात्मकताप्रति पनि गौरवको भाव प्रस्तुत गरिएको छ। यहाँ नारीको पाठेघरलाई सृष्टिधुनको स्रोत, शीतलता र आनन्द दिने तत्त्व, नदीको मुहान,

शक्तिभन्दा माथिको उच्च वैभव, जून र फूलहरूको ब्याड आदिका रूपमा प्रस्तुत गरी यसबाट ब्रह्माण्ड बगैँचा सजाउने भावलाई व्यक्त गरिएको छ। यस्तो सृजनात्मकताको प्रतीक पाठेघर नारीसँग वा नारीमा मात्र हुने भएकाले यसका माध्यमबाट नारी हुनुको उच्चताबोध यहाँ प्रकट भएको छ।

### (ग) अस्मितामाथि बलात्कारजन्य प्रहार

उत्तरवर्ती नेपाली नारीवादी कवितामा नारी अस्मितामाथि बलात्कारजन्य प्रहार भइरहेको र नारी अस्मिता लुटिएको यथार्थलाई उत्तरवर्ती नेपाली कवितामा अभिव्यक्त गरिएको छ। पुरुषप्रधान समाजमा नारीहरूमाथि बलात्कार भइरहेको र नारीहरूले निरीह भई बाँच्नुपरेको, कमलरी आदि विविध रूपमा नारी अस्मिताकै बिक्री भइरहेको जस्ता विविध सन्दर्भलाई उत्तरवर्ती नेपाली कवितामा प्रस्तुत गरिएको पाइन्छ। यसबाट बलात्कृत नारी अस्मितामाथिको प्रहार पनि उत्तरवर्ती नेपाली कविताको एउटा प्रवृत्तिका रूपमा देखिन्छ। यस प्रवृत्तिलाई अभिव्यक्त गर्ने उत्तरवर्ती नेपाली कविताका केही तथ्याङ्कलाई यस प्रकार देखाइन्छ–

१. यति बेला,
तिम्रो योनिमा हाम फालेर
सारा लाजहरूले गरेका छन् आत्महत्या
र स्थापित भएको छ
मात्र पाँच इन्चको 'बर्बर' वस्तुको सत्ता
जहाँ आफ्नै छोरीमाथि घोप्टिएर तृप्त भएको बाउ
हरिया दाँत डिच्याएर गरिरहन्छ
यो फोहरी सत्ताको पहरेदारी।

सरिता तिवारी
('हे देवी!', **प्रश्नहरूको कारखाना**, पृ. ३६)

प्रस्तुत कवितांशमा आफ्नी छोरीलाई समेत बलात्कार गर्ने पितृसत्ताका यौनपिपासु चरित्र र प्रवृत्तिलाई केन्द्रीय विषयवस्तु बनाएर पितृसत्ताले नारीलाई 'योनि'-का रूपमा मात्र हेर्ने प्रवृत्तिप्रति तीव्र घृणाभाव प्रस्तुत गरिएको छ। पितृसत्ताको यस प्रवृत्तिलाई देखाउन पुरुष लिङ्गलाई 'बर्बर' वस्तुको सत्ता भनिएको छ र पुरुषसत्ताको योनिदृष्टिबाट लाजहरूले आत्महत्या गरेको व्यङ्ग्य भाव प्रस्तुत गरिएको छ। बलात्कृत नारीहरू सधैँ पीडाले आहत हुनुपर्ने र छोरीमाथि घोप्टिएर तृप्त भएको बाउ हरिया दाँत देखाएर हाँसिरहेको दृश्यबिम्बले घृणाबिम्बको उत्कर्ष रूप प्रस्तुत गरेको छ। यसरी प्रस्तुत कवितांशमा यौनपिपासु पुरुषसत्ताप्रति घृणा, आक्रोश, विरोध आदि भावलाई एकैसाथ

प्रस्तुत गरिएको छ।

२. आमाहरू!
जसरी तिलजौले चोख्याउँछौ मलामबाट फर्किंदा
त्यसै गरी
छोरालाई बलात्कार नगरेको कसम लिएर मात्र घरमा पस्न दिनू
तिम्रो पति होस् या छोरा
कुनै स्त्रीलाई हात लगाउँदा जिब्रो चबाएर नबस्नू
घृणा गर्नू, चरम विरोध गर्नू
तर चुपचाप आँसुले अनुहार धोएर
पियारी बन्न नखोज्नू।

ज्योति जङ्गल

('मुक्ति', **आधा शिर उचालेर**, पृ. ६४)

प्रस्तुत कवितांशमा वक्ता कविले आफ्नी आमालाई छोरो बाहिरबाट आउँदा कुनै नारीलाई बलात्कार नगरी आएको कसम खुवाएर मात्र घरभित्र पस्न दिन गरिएको आह्वान र आफ्नो पति या छोरो जो भए पनि ऊ बलात्कारी भए वा उसले कुनै स्त्रीलाई हात लगाएको फेला परे जिब्रो चबाएर नबस्नू, घृणा गर्नू, चरम विरोध गर्नू तर चुपचाप आँसुले अनुहार धोएर पियारी बन्न नखोज्नू भन्ने अनुरोधले कुनै पनि नारी पुरुषहरूबाट सुरक्षित हुन नसकेको अवस्थालाई प्रस्तुत गरी नारीहरूले आफ्नैबाट समेत बलात्कृत हुनुपर्ने दुर्नियतिलाई देखाइएको छ। कवितांशमा प्रयुक्त उपर्युक्त सन्दर्भहरूले बलात्कृत नारी अस्मिता तज्जन्य असुरक्षालाई प्रस्तुत गर्दै नारीहरूले सधैँ बलात्कारका सन्त्रासमा बाँच्नुपरेको यथार्थलाई अभिव्यक्त गरेका छन्।

३. जब साँझले आफूतिर आँखा सोझ्याउँछ
बाघ पसेको बस्तीझैँ त्रसित हुन्छे मभित्रकी कमलरी
बेलाबेलामा आउँछ बलात्कारी हुरी, ठोकिन्छ मेरै पहाडमा
थुप्रै पटक तरेँ आगाका खोलाहरू
पिल्सिएँ पटकपटक; बेचैन छु, अशान्त छु
चुसिएर खोस्टो भएकी छु आफ्नै भगवान्सँग।

तारा पराजुली

('म कमलरी', **अर्को राजमार्ग**, पृ. ५१)

यस कवितांशमा कमलरी भएर बस्न विवश नारीहरूले बलात्कृतसमेत हुनुपर्ने

दुर्नियतिलाई मूल विषय बनाइएको छ। साँझ परेपछि कमलरीको मन बाघ पसेको बस्तीजस्तै सन्त्रस्त हुनु, बेलाबेला बलात्कारी हुरी आएर कमलरीकै पहाडरूपी शरीरमा ठोक्किनु, थुप्रै पटक आगोका खोलाहरू तर्नु, पटकपटक बेचैन र अशान्त हुनु तथा आफूले भगवान्जस्तै ठानेको पालक वा आश्रयदाताबाट चुसिएर खोस्टो हुनु आदि सबै सन्दर्भले बलात्कृत नारी अस्मिता तज्जन्य पीडालाई प्रस्तुत गर्दै कमलरीहरूले सधैँ बलात्कारका सन्त्रासमा बाँच्नुपरेको यथार्थलाई अभिव्यक्त गरिएको छ।

## (घ) पीडा, विरोध र स्वातन्त्र्य

उत्तरवर्ती नेपाली कवितामा सबैभन्दा बढी नारीका भोगाइ, पीडा र विरोधको स्वर मुखरित भएको पाइन्छ। पुरुषप्रधान समाजमा नारीहरूले पुरुषसमान अधिकार नपाएको र सो प्राप्तिका लागि पुरुषप्रधान समाजप्रति उनीहरूको असन्तुष्टि रहेको एवम् नारीद्रोही पुरुषप्रधान समाजप्रति तीव्र विरोधको भावसमेत रहेको कुरालाई उत्तरवर्ती नेपाली कवितामा अभिव्यक्त गरिएको पाइन्छ। यस क्रममा पुरुषप्रधान समाजमा नारीहरूले यान्त्रिक जीवन भोग्नुपरेको, पुरुषले नै नारीप्रति दुर्व्यवहार गर्ने गरेको, पुरुषप्रधान समाजमा नारीस्वतन्त्रता र नारी अधिकार कुण्ठित भएको र पुरुषहरूद्वारा नै नारीहरू शोषित र पीडित हुनुपरेको यथार्थलाई प्रस्तुत गरेर उत्तरवर्ती नेपाली कवितामा पुरुषप्रधान समाजप्रतिको विरोध र नारी अधिकारको खोजी गरिएको भाव अभिव्यक्त गरेको पाइन्छ। यस भावलाई अभिव्यञ्जित गर्ने उत्तरवर्ती नेपाली कविताका केही तथ्याङ्कलाई यस प्रकार प्रस्तुत गरिन्छ–

१. चार किल्लाभित्रको परिधिभित्र, म खुब छटपटाएँ, रोएँ, कराएँ...
मेरो आवाज, मेरो सामर्थ्य, मेरो बलबुता
सम्पूर्णै बन्धित थियो...
आफैभित्रभित्र, प्रेसर कुकरभित्र पाकिरहँदा पनि
त्यहाँ सिठी बज्न मनाही थियो।

बेन्जू शर्मा
('बन्धित समय', **सम्बन्ध प्रदूषण**, पृ. १८)

पुरुषप्रधान समाजमा पुरुषहरूद्वारा नारीहरू प्रतिबन्धित भई परतन्त्र जीवन बाँच्न विवश भएको नारी पीडाबोधलाई यस कवितांशमा अभिव्यक्त गरिएको छ। कवितांशमा प्रयुक्त वक्ता प्रथम पुरुष 'म' नारीपात्र प्रतिबन्धित जीवन बाँच्न विवश सम्पूर्ण नारीहरूकी प्रतिनिधि पात्र हो र उसको परतन्त्रताको पीडा सम्पूर्ण नारीहरूको

पीडा हो। चार किल्लाको परिधिभित्र रुने-कराउने एक जना वक्ता 'म' पात्र मात्र नभई 'म'-का रूपमा सबै नारी हो। आवाज, सामर्थ्य, बलबुता सबै बन्धित हुनुजस्ता प्रसङ्गहरूले नारीलाई शक्तिहीन बनाइएको कुरा सङ्केत गरेको देखिन्छ भने प्रेसर कुकरभित्र पाकिरहनु र सिठी बज्न मनाही हुनुजस्ता प्रसङ्गहरूले नारीहरू आक्रोश र पीडा सहेर बस्न विवश भएको चरम यथार्थलाई अभिव्यक्त गरेको देखिन्छ।

२. एकाधिकार पुलिङ्गीय जालोमा फसेको
आइमाईहरूको पराधीन स्वतन्त्रता देख्दादेख्दै
मारुनीको करुण नृत्य पनि हेर्न मन पर्दैन
मलाई बाँसुरीको धुन सुन्न मन पर्दैन।

सम्झना असफल

('मलाई बाँसुरीको धुन मन पर्दैन', **इतर कविता**, पृ. ५१४)

उपर्युक्त कवितांशमा पितृसत्ता विरोधी चेत प्रखर रूपमा आएको छ र आइमाईहरूले पुरुषका अधीनमा रहेको पराधीन स्वतन्त्रतालाई वास्तविक स्वतन्त्रता ठानेकामा कविमा खिन्नताबोध भएको भाव पनि व्यक्त भएको छ। महिलाहरू पुरुषको एकाधिकार जालोमा फालेको र पराधीन स्वतन्त्रतामा रमाएको देख्दा मारुनीको करुण नृत्य र बाँसुरीको धुनमा पनि आफू रमाउन नसकेको कुरा व्यक्त गरी पुरुषसत्ता विरोधी स्वरका केन्द्रीयतामा नारीचेतनाको स्वर पनि यहा प्रस्तुत गरिएको छ।

३. आमा बन्ने रहरहरू
स्यानिटरी प्याडजस्तै फोहोरको डङ्गुरमा मिल्क्याएर
म एक्लै घर फर्केपछि अस्पतालबाट
निरन्तर बगिरहेछ्रु आँसु-नदी– आँखाबाट
पीडानदी-छटपटी र तीव्र वेगनदी– मनबाट
भय छ– नि:सन्तान भन्दै, बाँझी भन्दै
आफ्ना-पराया सबैसबैले डस्ने।

रीता खत्री

('बाँझो', **अक्कर गुञ्जन**, पृ. १०२)

यस कवितांशमा नारीपीडाबोधको चरम अभिव्यक्ति केन्द्रीय विषय बनेर आएको छ। पटकपटक गर्भपतन गर्न विवश र समाज तथा परिवारबाट नि:सन्तान एवम् बाँझी भनिन र बनाइन विवश नारीको पीडाबोधले वर्तमानमा नेपाली नारीका भोगाइलाई अभिव्यञ्जित गरिएको छ। गर्भपतनबाट भ्रूणलाई स्यानिटरी प्याडजस्तै

डङ्गुरमा मिल्काएर एक्लै अस्पतालबाट घर फर्केकी नारीका आँखा र मनबाट तीव्र छटपटी र पीडाको नदी बगिरहेको पीडाबोध एकातिर र परिवार एवम् समाजबाट लाग्ने लाञ्छना अर्कातिर गरी दोहोरो पीडानुभूतिका बीचबाट गुज्रिरहेका नारीहरूको नियति पनि यस कवितांशमा व्यक्त भएको छ।

## (ङ) विद्रोहको मुखर स्वर

उत्तरवर्ती नेपाली कवितामा लैङ्गिक उत्पीडनका विरुद्ध विद्रोहको स्वर पनि अर्को सबैभन्दा बढी सशक्त प्रवृत्तिका रूपमा अभिव्यक्त भएको पाइन्छ र यस्ता कवितामा नारीका भोगाइ, पीडाजन्य विद्रोहको स्वर बढी मुखरित भएको देख्न सकिन्छ। नारीलाई रन्डी बनाउने पुरुषसत्ता विरोध, वंशवृक्षलाई पुरुषसत्तामा मात्र केन्द्रित गर्ने पुरुषवादी प्रवृत्ति, पितृसत्ताले निर्माण गरेको कामको विभाजनको समाज-लैङ्गिक द्विचरविरोधको भाष्य र असह्य, कष्टकर एवम् तिक्त भोगाइहरूबाट आक्रान्त नारीहरूका आवाजलाई आजका नारीकविहरूले तिनकै भाषा बोलेर विद्रोहको मुखर स्वर प्रकट गरेका छन्। यो स्वर लैङ्गिक हिंसा वा उत्पीडनका विरुद्ध अभिव्यञ्जित भएको कवितात्मक विद्रोहका रूपमा देखिएको छ। यस्ता कवितांशका केही प्रतिनिधिमूलक साक्ष्यहरूलाई यस प्रकार देखाइन्छ–

१. युगौँदेखि रन्डी बनाउने रन्डोरूपी मेरा पिताका अस्तुहरू
सधैँ पर्दापछाडि छन् रन्डी फलाउने रन्डाहरू
जसरी रन्डाहरूले आफ्नो प्रयोग सकिएपछि
रन्डीसँग भोग्नु आनन्द भोगिसकेपछि
एउटी कुमारी कन्यालाई पनि अलिकति सङ्कोचै नमानी
रूपान्तरित गरिदिन्छन् रन्डीमा र त्यसपछि तिनै
नकच्चरा निर्लज्ज स्वार्थीहरू शिर उठाएर...
आफ्नै आमा, दिदीबहिनी र छोरीलाई नै साक्षी राखेर
रन्डी घोषणा गर्छन्।

इन्दिरा प्रसाई

('रन्डी', **धिपधिप**, पृ. ७०–७१)

उपर्युक्त कवितांशमा नारीलाई रन्डी बनाउने पुरुषसत्ता विरोधी स्वरलाई आक्रामक शैलीमा अभिव्यक्त गरिएको छ। नारीसत्ता रन्डीको निर्माता होइन र नारी रन्डी नारीका लागि बनाइएकी हुन्न। पुरुषको उपभोगका लागि रन्डी बनाइएकी नारी कसरी रन्डी घोषित हुन्छे र पुरुषसत्ताले नारीलाई कसरी रन्डी बनाउँछ भन्ने कुरा वर्णनात्मक

शैलीमा प्रस्तुत गरेर रन्डी निर्माता पुरुषसत्ताप्रति यहाँ आक्रोशपूर्ण व्यङ्ग्य गरिएको छ। पुरुषसत्ताबाट निर्मम प्रहार भोगिरहेका र रन्डीकृत भएका तमाम नारीहरूको विद्रोहको स्वरलाई यहाँ प्रतिनिधिमूलक रूपमा देखाइएको छ। पुरुषले रन्डीसँग आनन्द भोगेपछि कुमारी कन्यालाई पनि आफ्नै आमा, दिदीबहिनी र छोरीलाई साक्षी राखेर रन्डीमा रूपान्तरित गरी रन्डी घोषणा गर्छन् जस्ता वाक्यले पुरुषसत्ताप्रति चरण घृणाभावसमेत व्यक्त गर्दै रन्डीको निर्माता पुरुषसत्ता नै भएकाले त्यसप्रति आक्रोश व्यक्त गरेको देखाउँछन्।

२. अतीतका अग्निदाहका कठोर परीक्षादेखि
वर्तमानका असह्य कष्टकर अनि तिक्त भोगाइहरूसम्म
लामो यात्रा तय गरे पनि समयले
बाँडिएर युग, शताब्दी अनि सहस्राब्दीमा
भएको छैन खासै भिन्नता चिन्तनमा
आएको छैन ठूलै परिवर्तन सोचाइमा
स्वरूपहरू बेग्लै भए पनि समस्याहरू उस्तैउस्तै छन्
तर म थाकेको छैन किञ्चित् पनि
अविरल मोर्चामा डटिरहेछु, एउटा युद्ध लडिरहेछु।

कुन्ता शर्मा

('एउटा युद्ध लडिरहेछु', **युद्ध लडिरहेको म**, पृ. १३२)

उपर्युक्त कवितांशमा पुरुषसत्ताबाट नारीहरूले लगातार पीडा भोगिरहेका र यस्ता अनवरत पीडाहरूका विरुद्ध अविरल मोर्चामा डटिरहनुपरेको र कुनै न कुनै रूपमा एउटा-एउटा युद्ध लडिरहनुपरेको यथार्थ मूल स्वर बनेर आएको छ। यस्ता अनेक पीडा अग्निदाहका कठोर परीक्षाका रूपमा, वर्तमानका असह्य कष्टकर अनि तिक्त भोगाइहरूका रूपमा र अन्य विभिन्न स्वरूपमा युग, शताब्दी र सहस्राब्दीहरूदेखि नै भोग्नुपरेको हुनाले अब त्यो असह्य र सीमातीत भएको यथार्थ पनि यहाँ व्यक्त भएको छ। बाहिर जतिसुकै परिवर्तन आएको देखिए पनि चिन्तन र सोचाइमा खासै भिन्नता र परिवर्तन आउन नसकेको कुरा प्रस्तुत गर्दै हरेक नारीले पितृसत्ताका यस्ता बेथितिहरूका विरुद्ध नथाकीकन अविरल मोर्चामा डटिरहनुपरेको र एउटा युद्ध लडिरहनुपरेको कुरा पनि यस कवितांशमा प्रस्तुत गरिएको छ।

३. बाबा!
टपरी खुट्ने सीपले त मलाई

सधैँसधैँ घोप्ट्याइरहन्छ
गल्लीको चारकुने भकारोमा
छोपिरहन्छ भर्सेलीको कालो कुनामा
आधा बीस चेलकाल उतारेको
आमाको पुरानो पछ्यौराजस्तो
तिम्रो सभ्यताको जडाउरी बर्कोले
खोजिरहेछु म– बाजेको कक्कडको धूवाँले छेलिएको
मेरो धूमिल अनुहार।

बिन्दु शर्मा

('मेनिफेस्टो', **ओक्कल दोक्कल पीपल पात**, पृ. ८१)

घरपरिवार र समाजमा महिलाले गर्ने काम र पुरुषले गर्ने कामका बीच विभेदक सीमारेखा कोरिएको र यस्तै विभेदकताको निर्माणको आधार तथा प्रक्रियाको कारण पुरुषप्रधान समाज भएकाले यही समाजले महिलालाई घरधन्दाको सीमाबाट माथि उड्न नदिएको यथार्थ अभिव्यक्त छ। नारीलाई टपरी खुट्ने सीपमा मात्र सीमित गर्दा यसले नारीलाई घरधन्दामा मात्र सीमित गरेको यथार्थ देखाएको छ। सधैँ गल्लीको चारकुने भकारोमा घोप्ट्याइरहेको कुरा सम्बोधित बाबालाई भनेको सन्दर्भबाट नारीहरूको परिचय दुनाटपरी खुट्नेजस्ता कुरामा खुम्च्याएको पुरुषसत्ताप्रति व्यङ्ग्य पनि गरिएको छ। कवितांशमा प्रयुक्त भर्सेलीको कालो कुनो, आमाको पुरानो पछ्यौराजस्तो सभ्यताको जडाउरी बर्को, बाजेको कक्कडको धूवाँले छेलिएको 'म'-को धूमिल अनुहार आदि बिम्बात्मक पदपदावलीले लैङ्गिक विभेद र तज्जन्य कुरूपतालाई देखाउँदै साङ्केतिक रूपमा पितृसत्ताले निर्माण गरेको भाष्यप्रति विमति प्रकट गरेको कुरा देखाएका छन्।

४. प्रिय पिता!
तिम्रै कोखको सन्तान म
तिम्रो ढिकुरोको पुजारी हुनबाट वञ्चित छु बारम्बार
तिम्रो आँगनको छेउ टेक्नबाट वञ्चित छु लगातार
हुङ्कार मेरो पनि तिमीलाई
मेरा आदरणीय पितृहरू!
देखाइदेऊ न आमाको कोखबिनै सन्तान जन्माएर
मान्ने छु अनि म, तिम्रो वंशको वृक्ष कसले जोगाएको छ?
तिम्रो सत्तामा धैर्यको अग्निपरीक्षा कसले चलाएको छ।

उमा कार्की

('तिम्रो वंशको वृक्ष', **हिउँको पर्दा**, पृ. ९६)

उपर्युक्त कवितांशमा पितृसत्ता विरोधी स्वर तीव्र रूपमा आएको छ। पितालाई सम्बोधन गरेर छोरीको समाख्यानमा लेखिएको यस कवितांशमा पितामा मात्र वा पुरुषसत्तामा मात्र सर्दै जाने वंशवृक्षप्रति तीव्र विमति प्रकट गर्दै पितृसत्तालाई आमाको कोखबिना सन्तान जन्माउन चुनौतीसमेत दिइएको छ। छोरीलाई पिताको ढिकुरो पुज्नबाट वञ्चित गरिनु, आँगनमा टेक्नबाट वञ्चित गरिनु आदि पितृसत्ताले नारीमाथि गरेका विभेद हुन् भने वंशवृक्षलाई पुरुषसत्तामा मात्र केन्द्रित गर्नु यस सत्ताको एकाधिकार हो। यस्तो एकाधिकारको केन्द्रलाई भत्काएर नारीका नामबाट पनि वंशवृक्ष चल्नु-चलाउनुपर्ने अभिप्राय यस कवितांशमा प्रस्तुत गरिएको छ।

## ४. विषयान्त

पछिल्लो समयको समुच्च कविताप्रवृत्ति उत्तरवर्ती नेपाली कविताको मूल स्वरूप हो भने यसै अवधिको समष्टि नारीकविता लेखन उत्तरवर्ती नेपाली नारीकविताको पछिल्लो मूल प्रवाह हो। यस अवधिका नारीकवितामा वर्तमान युगजीवनका साझा भोगाइको प्रस्तुति, विविध संवेदना र अनुभूतिको अभिव्यक्ति, वैविध्यमय विचार र दृष्टिकोणको यथार्थपरक प्रकटीकरण र युगचेतनाको अभिव्यक्ति पाइन्छ भने कतिपय नारीस्रष्टाका कवितामा नारीका भोगाइ, पीडा आदि साझा द्रष्टा अनुभूति र भोक्ता अनुभूतिका रूपमा अभिव्यक्त भएको पाइन्छ। उत्तरवर्ती नेपाली नारीकवितामा वर्तमान समय र समाजलाई सम्बोधन गर्ने सन्दर्भमा र नारीका आस्तित्विक चेतनाका सन्दर्भमा सङ्गतिहीन यथार्थ र अस्तित्वचेतनाको अभिव्यक्ति देखिन्छ भने नारीहरूले नारी भएकै कारण भोग्नुपरेका विभेदलाई देखाउने सन्दर्भमा लैङ्गिक समता, भोगाइ र नारीत्वको प्रकटीकरण बढी सबल बनेर आएको छ। यसरी नै नारीले पुरुषसत्ताबाट भोग्नुपरेका आततायी व्यवहारलाई देखाउने सन्दर्भमा नारी अस्मितामाथिका बलात्कारजन्य प्रहार पनि कविताका विषय बनेर आएका छन्। लैङ्गिक हिंसाजन्य पीडा र त्यसको विरोधको स्वर पछिल्लो समयका नारीकविता-लेखनको मूल प्रवृत्ति हो र यसैसँग सन्दर्भित भएर स्वातन्त्र्य चेतनाको अभिव्यक्ति पनि प्रभावपूर्ण रूपमा आएको देखिन्छ। लैङ्गिक उत्पीडन तीव्र भएपछि त्यसको प्रतिरोध हुन्छ र त्यो प्रतिरोधको स्वर विद्रोहका रूपमा मुखर भएको कुरा आजका नारीकवितालेखनले स्पष्ट पारेका छन्। पुरुषकेन्द्रको एकाधिकारप्रतिको असहमति, पुरुषविद्वेषी स्वरभन्दा पनि नारी अस्तित्व र नारीपीडाबोधको अभिव्यक्ति, लैङ्गिक समानता र समान अधिकारको अपेक्षा, पुरुषप्रधान समाज तथा परिवारबाट नारीले पाएका यन्त्रणा एवम् सामाजिक-पारिवारिक शोषण, नारीहरूले बलात्कृत भएर आफ्नो अस्मिता गुमाउनुपरेको पीडा, पुरुषप्रधान समाजका दुष्प्रवृत्तिको विरोध, नारी अधिकारको खोजी आदि पछिल्लो समयका नारीकविता लेखनको मूल स्वर हो।

उत्तरवर्ती नेपाली नारीकविता अन्तर्वस्तुगत प्रवृत्तिका दृष्टिले विविधतामय, अनुभूतिका दृष्टिले संवेदनात्मक, प्रस्तुतिका दृष्टिले बढी तरल र सरल, अस्तित्वबोधी चेतनाका दृष्टिले बढी तीव्र र भोगाइका दृष्टिले बढी यथार्थपरक हुनु आजको नेपाली नारीकविता-लेखनको विशेषता हो।

## प्रमुख सन्दर्भसूची


असफल, सम्झना (२०७६), 'मलाई बाँसुरीको धुन मन पर्दैन', **इतर कविता**, सम्पा. पराजित पोमु, कोरिया : इतर कविता अभियान।

आभास, सीमा (२०७३), **म स्त्री अर्थात् आइमाई**, काठमाडौँ : मञ्जरी प्रकाशन।

कल्पित, राधिका (२०७७), **बरफको कोइला**, काठमाडौँ : बी. एन. पुस्तक।

कार्की, उमा (२०७३), **हिउँको पर्दा**, काठमाडौँ : नइ प्रकाशन।

कार्की, गीता (२०७२), **आमा किरणहरूका छालमा**, काठमाडौँ : नारी साहित्य प्रतिष्ठान।

खत्री, रीता (२०७७), **अक्कर गुञ्जन**, काठमाडौँ : वामदेव ओली।

गौतम, लक्ष्मणप्रसाद (२०८०), **समकालीन नेपाली कविताका प्रवृत्ति**, दोस्रो संस्क., काठमाडौँ : पैरवी प्रकाशन।

चामलिङ, बादल (२०७४), **पाठेघर**, मोरङ : स्रष्टा समाज।

जङ्गल, ज्योति (२०७९), **आधा शिर उचालेर**, काठमाडौँ : साङ्ग्रिला बुक्स।

तिवारी, सरिता (२०७२), **प्रश्नहरूको कारखाना**, काठमाडौँ : साङ्ग्रिला बुक्स।

तुम्खेवा, विमला, (२०६६), 'मैले बाँचेको वर्तमानमा मान्छेहरू उदास छन्', **कविता**, पूर्णाङ्क ७६, पृ. १६१।

त्रिपाठी, गीता (२०७३), 'गोत्रको हतियार', **अन्नपूर्णा पोस्ट**, ६ कार्तिक, पृ. ग।

नीहारिका, नीलम कार्की (२०६०), 'बन्दी पानी', **कविता**, ७१, पृ. १६९–१७०।

पराजुली, तारा (२०७४), **अर्को राजमार्ग**, काठमाडौँ : मञ्जरी प्रकाशन।

पहाडी, सन्ध्या (२०६८), **घामका अक्षर**, काठमाडौँ : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टर।

प्रसाई, इन्दिरा (२०७८), **धिपधिप**, काठमाडौँ : नइ प्रकाशन।

मोमिला (२०७४), 'आकाशलाई धर्तीको सम्बोधन', **प्रज्ञा समकालीन प्रतिनिधि नारीकविता**, सम्पा. नेत्र एटम, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

शर्मा, कुन्ता (२०८०), **युद्ध लडिरहेको म**, झापा : सिर्जन नेपाल।

शर्मा, बिन्दु (२०७५), **ओक्कल दोक्कल पीपल पात**, काठमाडौँ : शिखा बुक्स।

शर्मा, बेन्जू (२०५९), **सम्बन्ध प्रदूषण**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।
शेरचन, उषा (२०८०), **नजन्मेका आस्थाहरू**, उद्धृत, समकालीन नेपाली कविताका प्रवृत्ति, दोस्रो संस्क., काठमाडौँ : पैरवी प्रकाशन।
श्रेष्ठ, भागीरथी (२०६६), 'पक्का रङ्ग', **कविता**, पूर्णा७६, पृ. ५३।

*

**डा. नेत्र एटम**

# कविताको शिल्प

**प्रवेश**



अभिनेत्री मेरी लू कुकले ठीक भनेकी हुन्– सिर्जनात्मकता भनेको आविष्कार हो, प्रयोग हो, रूपान्तरण हो, चुनौतीको सामना हो, नियमको उल्लङ्घन हो, गल्ती गर्नु हो अनि ती सबैबाट मज्जा लिनु पनि हो। त्यसैले त सिर्जनामा विविधि विचार अटाउँछन्, अनेकौँ विकल्प तथा नयाँनयाँ सम्भावनाले सलबलाउने अवसर पाउँछन्। कविता पनि सिर्जनाको एउटा बलियो विधा हो र यसलाई प्रफुल्ल पार्ने सन्दर्भमा शिल्पले शब्दसिर्जनाको सौन्दर्य र घनत्वको ओजस्वी रूप प्रदर्शन गर्छ।

अराजक भाव र विचारहरूको आत्मशासित अभिव्यञ्जना नै कविता हो भन्ने म ठान्दछु। भाव र विचारको कुनै मूर्त आकार हुँदैन तर कवितामा कविले तिनलाई मूर्त बनाएर पाठकसमक्ष सम्प्रेषण गर्ने उपाय अवलम्बन गर्छ। त्यसै कारण चाहिन्छ कविलाई शिल्प; जसले काव्यिक इन्द्रियगत बिम्बमार्फत कवितालाई ग्रहणीय पनि तुल्याउँछ। अतः कवितालाई मैले स्रष्टा, द्रष्टा र सिर्जनाबीचको खुल्ला अन्तःक्रियाका रूपमा लिएको छु। शिल्पलाई यहाँ 'क्राफ्ट'-का अर्थमा प्रयोग गरिएको छ जसको निकटतम अर्थ दिने शब्दहरूमा प्रविधि (टेक्निक), युक्ति (डिभाइस), उपकरण (टुल) वा शैली (स्टाइल)-समेत प्रयुक्त हुन सक्छन् तर शिल्पभित्रै तिनलाई अन्तर्भूत गर्न पनि सकिन्छ। शिल्प अरूका कविता हेरेर सिक्न सकिन्छ किनभने यो कुनै अन्तर्ज्ञान (इन्ट्युसन)-भन्दा पनि एक प्रकारको शब्द र अर्थको व्यवस्थापकीय

निपुणता (म्यानेजमेन्ट स्किल) हो। उपयुक्त शब्दको उपयुक्त स्थानमा प्रयोग, भाव र विचारको पङ्क्तिगुच्छमा संयोजन, तर्कहरूको पुष्टि, चिन्तनको बिम्बमा रूपान्तरण आदि काव्यिक शिल्पका आधार हुन्।

शिल्पको सम्बन्ध काव्यशास्त्र (पोएटिक्स) र सौन्दर्यशास्त्र (एस्थिेटिक्स) दुवैसँग रहन्छ। काव्यशास्त्रले नवीन र अर्थयुक्त सिर्जनाको रूपान्तरणकारी सामर्थ्य हासिल गर्ने प्रविधि, उपकरण र युक्तिहरूको प्रयोगसित सम्बन्ध राख्छ भने सौन्दर्यशास्त्रले चाहिँ तिनको सुसंयोजनबाट हुने बाह्य प्रकटीकरण र उपयोगिताको मनोवैज्ञानिक पक्षलाई सम्बोधन गर्छ। एकातिर शिल्पको सम्बन्ध सिर्जनात्मक प्रक्रिया, कल्पना र संवेदनालाई जागरूक बनाएर गरिने भाव र विचारको परिष्कृत संवादसित हुन्छ भने अर्कातिर सुन्दर कविताले शिल्पको प्रयोगबाट हृदयको आह्वान र अर्थको प्रतिपादनबीच सन्तुलन सिर्जना गर्छ। उपर्युक्त वैचारिक आधारको आड लिएर काव्यिक शिल्पका बारेमा जति पनि विमर्श गर्न सकिन्छ।

## विमर्श

कवि आफ्नो विचारलाई पाठकसमक्ष तीक्ष्ण, संवेदी एवम् आलङ्कारिक ढङ्गले पस्किन चाहन्छ। ऊ चेतन वा अचेतन जुनै रूपमा भए पनि आफ्नो मनसाय दीर्घकालीन र प्रभावयुक्त रहोस् भनी अनेकौँ प्रयास गर्छ। यसका निम्ति उसले शिल्पगत आयाम प्रदर्शन गर्ने केही काव्यिक तत्त्वहरू उपयोग गर्छ; तिनले कवितालाई अर्थका रहस्यमय तहहरू प्रदान गर्छन् र पाठकको मनमा अद्भुत लहर सिर्जना हुन्छ। यस्ता शिल्पगत पक्षहरूलाई मोटामोटी रूपमा निम्नलिखित सात प्रकारमा बाँडेर विमर्श गर्न सकिन्छ– १. सम्बोधक-सम्बोध्य, २. सङ्गीत, ३. भावावेग, ४. बिम्बविधान, ५. परिभ्रमण, ६. रूपाकार र ७. प्रतिश्रुति। यिनको सही परिचालन, व्यवस्थापन र संयोजनबाट कविताको ग्रहणीय स्वरूप तयार हुन्छ र त्यही शिल्पले कवितालाई अर्थयुक्त तुल्याउँछ।

## कविता कथनको कला : सम्बोधक-सम्बोध्य

कविता भाषामा बुनिएको भावाभिव्यक्तिको कला हो। अभिव्यञ्जना प्रमुख हुने भएकाले कवितामा सम्बोधक र सम्बोध्य सक्रिय हुन्छन् अनि तिनले सञ्चार गर्ने उक्ति पनि त्यसमा समावेश हुन्छ। हरेक कवितामा स्वर हुन्छ र त्यो सम्बोधकमार्फत व्यक्त हुन्छ। कवितामा बोल्ने व्यक्ति नै सम्बोधक हो तर ऊ कवि नै हो भन्ने निश्चित हुँदैन। सम्बोधककै व्यक्तित्व, दृष्टिकोण, मनोभाव, सामाजिकता, सांस्कृतिक अवस्था, उमेर, संज्ञान, लैङ्गिकता आदि कवितामा प्रकट हुन्छन्। उसले आफ्नै अनुभूति, शिक्षा,

कार्यक्षेत्रअनुसारको भाषा प्रयोग गर्छ। आफ्नो विषय र परिघटनासँग सम्बोधक कि त सम्बद्ध हुन्छ कि त असम्बद्ध। उसले आफूलाई लुकाएर अर्कै पात्र, चरित्र, व्यक्तित्वको मुखुन्डो लगाएको पनि हुन सक्छ। उसको चरित्रले कवितामा कुनै प्रभाव पारेको छ कि छैन भन्ने कुराले कवितामा महत्त्व राख्छ। कवितामा मौन बसेर कथन सुनिरहने पात्र सम्बोध्य हो। अधिकांशतः सम्बोध्य भन्नु पाठक वा श्रोता हुन्छ तर उपासना कवितामा भने पात्र नै सम्बोध्य रहन्छ। यस्तो कवितामा सम्बोधक र सम्बोध्यबीचको सम्बन्ध, आसक्ति, समानुभूति र स्वीकारोक्तिले शिल्पमा भिन्नता देखाउँछ। कवितामा सम्बोधक-सम्बोध्यको सम्बन्ध आख्यानमा जस्तो अवलोकनकर्ता कमै प्रयुक्त हुन्छ किनभने अधिकांशतः कवि नै वेश बदलेर सम्बोधक बनेको देखिन्छ। सचेत कविले सुन्दर कविताको सिर्जना गर्दा सम्बोधक-सम्बोध्यको सम्बन्धलाई नाटकीय तरिकाले व्यवस्थापन गरेर आफूले चाहेको जस्तै प्रभाव भावकमा सिर्जना गर्न सक्षम बन्छ।

### ध्वनिको चञ्चलता : सङ्गीत

ध्वनिहरूको सुसंयोजनबाट सिर्जना हुने मधुर लयको सिर्जना हो सङ्गीत। यसले कानका माध्यमबाट मस्तिष्कलाई भौतिक विश्रान्ति र आनन्द दिन्छ अनि कविताको भावनात्मक अभिव्यक्तिलाई बलशाली बनाउँछ। कविता सुन्दा हामी शब्दशब्दमा ध्वनिका लहरहरू गुन्जिएको पाउँछौँ वा पढ्दा शब्दका नादहरू मनको तरेलीमा आरोह-अवरोह हुँदै बयेली खेलेको अनुभूत गर्छौं, त्यो सङ्गीतकै कारण हो। त्यसैले बाह्य उपकरणको ध्वनिलाई कविताको ध्वनिसँग तालमेल गर्न सक्दा कविताको वाचनले निकै गहिरो प्रभाव पार्न सक्छ। सङ्गीतलाई कवितामा सन्निवेश गर्नका निम्ति कविले ध्वनिका विभिन्न युक्तिहरूलाई चयन गरेको हुन्छ। तीमध्ये एउटा हो अनुप्रास। समान ध्वनिहरूलाई एउटै वा पृथक्पृथक् पङ्क्तिहरूमा पटकपटक आवृत्ति गरेर अनुप्रासले साङ्गीतिक माहौल तयार गर्छ र पाठकश्रोता आकर्षित हुन्छ। तर अत्यधिक पुनरावृत्तिले चाहिँ अर्थमा आघात पार्ने वा कृत्रिमताको आभास गराएर कविताबाट भावकलाई विकर्षित पार्न पनि सक्छ। एउटै पङ्क्ति गीतको ध्रुव वा स्थायी अंश जस्तो बनेर कवितामा प्रयुक्त हुँदा पनि सङ्गीतको तालमेलले कविता जम्न सक्छ। कवितामा तुकबन्दी गर्नु पुनरावृत्तिको परम्परागत आधार हो। ध्वनिको यस्तो आवृत्ति पङ्क्तिका प्रारम्भ, मध्य वा अन्त्य जहाँ पनि हुन सक्छ जसले कवितालाई आन्तरिक साङ्गीतिक आधार प्रदान गर्छ। अन्तःपाठीयताका रूपमा कवितामा लोकगीतका मीठा र लोकप्रिय पङ्क्तिहरू राखेर पनि साङ्गीतिक समृद्धि दिन सकिन्छ। अनुकरणात्मक शब्दको कुशल प्रयोगले प्राकृतिक लयसित कवितालाई जोड्न मदत गर्छ किनभने तिनले सांसारिक

गति, दृश्य र रीतिको अनुकरण गरेका हुन्छन्। छन्दमा कविता लेख्नेहरूले ह्रस्व, दीर्घ वर्ण, गण, पङ्क्तिगत समरूपता, आक्षरिक समूहको एकरूपता आदिको पालना गरेर नियमित सङ्गीत सिर्जना गरेका हुन्छन्। कविता वाचन गर्दा तिनको आरोह-अवरोहको परिपालना र स्वरको मधुरतामा मिलन हुन सक्यो भने सुन्दा त्यसले विशेष प्रभाव पार्छ।

## मानस संलाप : भावावेग

भावावेग भन्नु कविताले शरीरमा जागृत गर्ने अनुक्रिया हो। कविताको अर्थसित भावकले आफ्नो अनुभव, अनुभूति र परिकल्पनाको तादात्म्य राख्दा र त्यसको जीवन्तताले अझै गहिरिन प्रयास गर्दा यस्तो अनुक्रिया सिर्जना हुने हो। कविताका बिम्ब र विचारमा भावक अझै विमर्श गर्न तयार हुन्छ अनि आफूलाई त्यस यात्रामा विकसित पार्दै लैजान्छ। यसैका कारण कविताको लक्षणा र व्यञ्जना अर्थको ग्रहण उसका निम्ति सहज बन्न पुग्छ। हामी यस्तो भावकलाई काव्यिक संस्कारले युक्त भन्न सक्छौँ। काव्यिक रसको अनुभूतिमा सक्षम हुनाले ऊ कविताको सहृदयी हुन्छ अनि त्यस्तो सहज सम्प्रेषणशील भावक तयार पार्ने काम पनि कविताकै सामर्थ्यले हो। भावावेगकै कारण कविता व्यङ्ग्यात्मक बन्छ, विनोदले युक्त हुन्छ र कविले प्रहार गर्न खोजेको अर्थले सम्भावना पाउँछ। भावावेगले कविताको पूरा मनस्थिति सामान्यबाट असामान्य बन्न पुग्छ, आदिम मानवका अनुकल्पना जस्ता लाग्ने मिथकहरू पनि समकालीन परिस्थिति उद्घाटन गर्न समर्थ हुन्छन्। यसले कवितालाई दु:खान्तीय, आशावादी, रहस्यमय, उदास, प्रेरक, आनन्दी, रुग्ण, आमोदी, निन्दापूर्ण, अवसादपूर्ण, अनिष्टकारक आदि अनेकौँ मनोदशाबाट आच्छादित बनाउन सक्छ। भावकलाई संवेगले पूर्ण बनाएर उत्तेजित पार्ने, कविताको अनुरागी वा उग्र प्रशंसक बनाउने काम पनि भावावेगको संयोजनकै हो। भावुकताको अस्तव्यस्तता रह्यो भने यसले कविताको विचारलाई नै परिवर्तन गरिदिन वा त्यसलाई प्रभावहीन बनाइदिन पनि सक्छ।

## साकार अभिव्यञ्जना : बिम्बविधान

बिम्बविधान काव्यिक शिल्पको मूल आधार हो। शब्दशब्दले मनमा दृश्य सिर्जना गर्नु र तिनको घनत्व, सङ्क्षिप्तता, काल्पनिक शब्दावली, विपर्यास वा शब्दसंयोजनबाट अद्भुत परिदृश्य तयार हुनु नै प्रभावकारी बिम्बविधान हो। यसका निम्ति कविमा आलङ्कारिक भाषाप्रयोगमा दक्षता हुनुपर्छ। तुलनाको सामर्थ्यबाट कविको परीक्षण हुन्छ किनभने बिम्बविधानको विशिष्टता नै सादृश्यको योजना हो। उपमाको उपयोग गरेर भिन्न वस्तुको साधा तुलना गर्नु वा रूपक प्रयोग गरेर तुलनात्मकताले चक्मा खुवाएर भावकलाई चिन्तनका निम्ति प्रेरित गर्नु पनि बिम्बसिर्जना हो। एउटा भावलाई साङ्केतिकता दिन अर्कै वस्तु, पात्र, घटनाले प्रतिनिधित्व गराउनु प्रतीकको प्रयोग हो। सबै प्रतीक

पृथक् अर्थयुक्त बिम्ब नै हुन्। सामान्य कुरालाई पनि विपरिचितीकरण गरेर भन्नु वा असामान्य बनाएर अतिशयोक्तिपूर्ण चित्रण गर्नुले बिम्बविधानलाई नाटकीयता दिएका हुन्छन्। त्यसै गरी महान् ठानिरहेका वस्तु, चरित्र, घटना वा प्रभावलाई क्षुद्रीकरण गरेर लघु रूपमा देखाउनु पनि बिम्बविधानको एउटा युक्ति हो। यसले कवितामा विडम्बनाको तिरस्कारपूर्ण वातावरण तयार पार्छ। निर्जीव वस्तु र भावलाई पनि मानवीकरण गर्नु अनि जीवन्त चरित्र दिनुले पनि कवितामा नयाँपन आउँछ किनभने त्यसले कवितामा मानवीय जटिल मनोभावको प्रतिनिधित्व गरेको हुन्छ। समग्रमा बिम्बविधानले हाम्रा पाँच ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिब्रो र छाला)-बाट ग्रहण गरिने संवेदनालाई जागृत गर्छ र शब्दसमूहमा प्रकटित दृश्य, ध्वनि, घ्राण, स्वाद र स्पर्शका प्रभावलाई पाठकले पनि आफ्ना इन्द्रियबाट बोध गर्न सक्छ। त्यसै कारण कवितामा एउटा मात्र पनि सम्झिनलायक बिम्ब सिर्जना गर्न सक्यो भने कविको जीवन सार्थक हुन्छ भनेर बिम्बवादका प्रवर्तक एज्रा पाउन्डले भनेका हुन्।

**स्थानिक अन्तराल : परिभ्रमण**

परिभ्रमणको अर्थ हो यात्रा। कविताले भावकलाई नयाँ स्थान, दृश्य वा बुझाइतिर हिँडाउँछ र उसलाई यात्राको आनन्द प्राप्त हुन्छ। यो शब्दबाट सिर्जित एक प्रकारको आन्तरिक, आत्मिक र आत्मीय भ्रमण हो जसलाई हामी 'मेडिटेसन' भन्छौँ। सुन्दर कविताको अन्तर्वस्तुले ध्यानस्थ अवस्थाको नाद आभास गराउन सक्नुपर्छ जसले पाठकलाई त्यस्तै यात्रामा पटकपटक अनुभव लिन मन लागोस्। हरेक कविताको हृदयमा आविष्कारमय यात्रा हुन्छ जसले एउटा नयाँ संसारको सिर्जना गर्छ र वक्ता, श्रोता, विषय त्यसैमा अन्तःक्रिया गर्छन्। यस्तो यात्रा केवल प्राविधिक वा स्थापत्यको मात्र पनि हुन सक्छ, शब्दको अप्रतिम रूप, छन्दबन्धको यान्त्रिकता वा अराजक खेल। त्यो स्थानिक पनि हुन सक्छ जसले विशेष स्थानसित सम्बन्धित जीवन्त मान्छे र भाषासंस्कृतिको गहन खोज गरेको होस्। काव्यिक यात्रा त घाम र कुहिरोको लुकामारीमा देखिँदै र छोपिँदै गर्ने बाटोको जस्तो आकर्षक हुनुपर्छ। त्यसले जीवनको दर्शन प्रस्ताव गर्छ वा मानवीय ग्रन्थिहरूमा अल्झिएको गूढ अर्थ उद्घाटन गर्छ। अरूले खासै महत्त्व नदिएको यथार्थको अवलोकन मात्र पनि हुन सक्छ त्यो अनि मनको ऐनामा टल्किने चिन्तनको परावर्तन पनि हुन सक्छ। कविता अन्त्य भएपछि पनि भूकम्पको पराकम्पन जस्तो मनमा विचारका तरङ्गका लहरहरू लहराइरहने अवस्था आउनुपर्छ। भावकले पढ्नासाथ 'वा!' भनेर उसको मस्तिष्कबाट बिलाइजाने शब्दको कौशलले खास महत्त्व राख्दैन; जति उसको संज्ञानलाई चुनौती दिने, उसको सोचको क्षितिजलाई विस्तार गर्ने अनि उसको सुषुप्त आकाङ्क्षालाई प्रेरित गर्ने चिन्तनको बिम्बले

दीर्घकालीन प्रभाव पार्छ। पढेको बिम्ब पुनःपुनः झझल्कोमा आइराखोस्, मानवीय अवस्थाले भुमरीमा अल्झाइराखोस्, अलिअलि बुझेको अनि केही नबुझेको भएर फेरिफेरि पढ्न मन लागोस्– यिनै हुन् सुन्दर कविताको यात्राले सिर्जना गर्ने मार्गचित्रका पृथक् आयामहरू। कविताको यस्तै विशेषतालाई बुझेर कवि बासोले भनेका होलान्– मन्दिरको घण्टी त थामियो तर झङ्कार निरन्तर सुनिइरहेछ; सायद त्यो फूलको होला! कवितामा भन्दा सुन्दर र रहस्यमय तरिकाले परिभ्रमण गराउने अन्तर्यात्रा अरू कुनै विधामा पाइएला र?

**आकृत स्थापत्य : रूपाकार**

रूपाकार भनेको शब्दको क्रमनिर्धारणबाट सिर्जित आकार हो। यसलाई कविताको मनसायअनुरूप तयार भएको स्वरूप भन्न सकिन्छ। कविताका शब्दहरू पङ्क्तिहरूमा विभाजित हुन्छन् र तिनले काव्यिक अर्थ र प्रभावलाई बढाउँछन्। अतः रूपाकारले संरचनाको बलियो अनुबन्धनलाई बुझाउँछ। कविताको बन्धन दुई प्रकारका शक्तिले एकीकृत भएको हुन्छ– (क) वाक्यतात्त्विक र (ख) तार्किक। वाक्यतात्त्विक बन्धन व्याकरणिक र कोशीय संशक्तिमा देखिन्छ भने तार्किक बन्धन प्रमाणको प्रस्तावना, तिनको पुष्टि गर्ने युक्तिहरू र निष्कर्षणमा देखिन्छ। यिनै दुई प्रकारका क्रमबद्धताले कविताका अराजक शब्दबिम्बहरूलाई अर्थको सङ्केततिर धकेलेर लैजान्छन्। तर पनि शक्तिशाली कवितामा बिम्बहरू हनुमान्ले आफूलाई बाँधेको डोरी फुकाएर फुक्काफाल भई पुच्छरले लङ्कामा आगो लगाउँदै दौडेझैँ भावकको मनमा सुनामीझैँ सामयिक विमर्शको दबाव र तनाव छाड्दै अघि बढ्छन्। यसै कारण शब्दहरूले दिने सामान्य अर्थभन्दा कवितामा शब्द र पङ्क्तिहरूबीच पाइने खाली स्थानमा अर्थहरू खचाखच बसेका हुन्छन्; संस्कारित र सिद्धहस्त भावकले मात्र ती अर्थको भेउ पाउँछ र चराले पाकेका फलहरू छानीछानी झारेझैँ कविताको अर्थरस छताछुल्ल पारेर अरू भावकलाई पनि त्यसको आस्वादन गराउन सक्छ। यस्तो सिद्ध भावक नै कविताको वास्तविक समालोचक बन्न समर्थ पनि हुन्छ। कविताको अर्थमा खेल्न नसक्ने अनि कवितालाई सुदृढ आन्तरिक व्यक्तित्व दिन नसक्ने कविहरू शब्दका बाह्य आकारमा अल्झिएर ज्यामितीय शब्दरूपका चित्रकविता सिर्जना गर्न पुग्छन् र ठोस कविताको जन्म हुन्छ। रूपाकारकै कारण अनुभूतिको सीमित यान्त्रिक बन्धन स्वीकार गर्दा १४ हरफे कविता, हाइकू, सेदोका, दोहा, रुबाई मुक्तक, गद्य कविता, छन्दकविता, गजल, गीत आदि अनेकौँ अन्तर्विधाको प्रयोग हुन पुग्छ। तिनले नियमित वा अनियमित वर्णक्रम वा ध्वनिक्रमलाई अवलम्बन गरेका हुन्छन्। कविताभित्र पनि गति, यति, नाटकीयता, समयान्तराल, लेख्य चिह्न आदिको आयोजना गरेर कवितामा तात्क्षणिक अनुभूति समात्न प्रयास गरिएको हुन्छ। यसकै निम्ति कवितामा पङ्क्तिगुच्छको प्रयोग गरिन्छ

र भावकलाई काव्यिक मोडको सूचना दिने र अतिरिक्त बलाघात दिने काम पनि हुन्छ। यस्तो रूपाकारले नयाँ अर्थ सिर्जना नगरे पनि स्थापित गर्न खोजिएको अर्थलाई सहयोगात्मक रूपले प्रबल बनाउने विशेष प्रयोजन पूरा गर्छ।

**सम्पर्क-सञ्चरण : प्रतिश्रुति**

प्रतिश्रुतिले कवितामा समाख्यानको अभिव्यञ्जनामा तन्मयता सिर्जना गरेको हुन्छ। कवितामा कविले छाडेको गहिरो सत्यको संवेदनाको सम्प्रेषण भावकमा हुनुपर्छ जसका निम्ति लेखनमा प्रभावकारी संवादको सीप रहनुपर्छ। कवितामा सरलता हुनुपर्छ भन्नुको अर्थ त्यो एक पटक पढेपछि अर्को पटक हेर्नै नपर्ने हुनु होइन; त्यसो भयो भने त कविता वस्तुको व्याख्या बन्छ र त्यो शाब्दिक चलाखीमा मात्र सीमित हुन्छ। भावकमा अनावश्यक भावुकता सिर्जना गर्ने र चिन्तनका विश्रामस्थलहरू नभएका कविता सर्कसका डोरीमा पशुलाई हिँडाए जस्ता केवल सपाट शब्दरेखा मात्र बन्न पुग्छन्। त्यसैले कवितामा प्रतिश्रुति हुनुको अर्थ त्यसको निर्मिति निर्मल हुनु हो जसलाई आलङ्कारिक रूपले प्रस्तुत गरिएको होस् र बिम्बमय आधारले त्यसमा निहित मिठास अनुभूत होस्। यस्तो कविताको गहन अर्थले भावकलाई अतीतको नोस्टाल्जियामा डुबाउँछ, नवीन ज्ञान अनुभूत गराउँछ अनि चिन्तनको यात्रामा अघि बढाउँछ। गद्य कवितामा परम्पर ागत अर्थलाई नाघेर यसरी नयाँ गोलार्द्धमा पुऱ्याउने क्षमता अधिक हुन्छ। प्रकृतिको कवितामा दाँतेले भने जस्तो कवितामा शाब्दिक, साङ्केतिक, नैतिक र दार्शनिक अर्थका तहहरू सहजै खोज्न सकिन्छ। यसले भावकलाई घटनाप्रति घत लाग्ने बनाउँछ, नयाँ स्वाद दिन्छ अनि अभिव्यक्तिमा एकाग्र भएर एक्लै मुस्कुराउन बाध्य पार्छ। प्रतिश्रुतिले नै कवितामा भावकको मानसिक क्रियाशीलताका निम्ति निमन्त्रणा दिन्छ र विषयसित खुल्ला रूपले सुसंवाद गर्छ। यस्ता शिल्पले सज्जित कविता कतिपय स्थानमा तर्क र नियमका सीमा नाघेर हिँड्छन् र सांसारिक अर्थले तिनमा कामै गर्दैनन्। कहिलेकाहीँ कवितामा चिन्तनका घटनाशृङ्खला स्वतन्त्र साहचर्यका कारण एकअर्कामा जोडिँदैनन्, कविका मौलिक मिथकका कारण जटिल प्रतीकात्मक बन्न पुग्छन् अनि दक्ष पाठकलाई तिनमा अर्थका अपारदर्शी चित्र वा अमूर्त स्ट्रोकहरू मात्र प्राप्त हुन्छन्। विशेष गरी चेतनाप्रवाह पद्धति प्रयुक्त कवितामा यस्तो प्रतिश्रुति योजना पाइन्छ किनभने त्यसमा मनको तीव्रगामी चिन्तन र अपरिपक्व बिम्बलाई अपूर्ण तरिकाले टिपिएको हुन्छ। यस्तो अवस्थामा भावकले अर्थ निष्पन्न गर्न छाडेर कविता नै पन्छाइदिने सम्भावना पनि रहन्छ। भावकलाई कवितामा जीवन अनुभवको चित्रणबाट निरन्तर आकर्षित गरिरहनु तथा आलोचनात्मक एवम् सङ्घर्षशील बनाइरहन सक्नु नै सफल प्रतिश्रुति योजना हो।

**परिणाम**

शिल्प भन्नु कविताको अन्तर्यलाई जीवन्त र सुन्दर बनाउने कलात्मक तत्त्व हो। यसले गर्दा कवितामा सन्तुलन कायम हुन्छ, गतिशीलता आउँछ, प्रभावकारिता बढ्छ र

त्यसले सुनिश्चित आकार प्राप्त गर्छ। शिल्पकै कारण कविताको आकर्षक विन्यास तयार हुने हो र कविताले प्रदर्शनात्मक गौरव पनि हासिल गर्ने हो। शिल्पसिर्जनाका क्रममा शब्दका तीन प्रकृति (ध्वनि, बिम्ब र आस्वाद)-को मानक तरिकाले एकीकरण हुन पुग्छ। यसै एकीकृत शक्तिका कारण कविताले विशिष्ट सङ्गीत वा चित्रकारी वा चिन्तनको स्वरूप लिन्छ। अतः सुन्दर कविताले मानसमा ध्वनि, दृश्य र विचारधाराको एउटा आनन्ददायी प्रवाह सिर्जना गर्छ जसले संवेदनालाई जागरूक पार्छ र मान्छेको अनन्त अभिलाषा पूरा हुन पुग्छ। भिन्नभिन्न भावहरूको तीव्र र अन्तर्विरोधपूर्ण संयोजनका कारण महान् कवितामा बिम्बको जटिलता हुन्छहुन्छ। त्यही जटिलताले नै कवितालाई तागत दिन्छ, भावकलाई विमर्शमा सक्रिय बनाउँछ अनि लयको अन्तर्यात्रातिर आकर्षित पनि गर्छ तर त्यही जटिलता कहिलेकाहीँ कविताको कमजोरी पनि बन्न सक्छ र सामान्य पाठकबाट कविता उपेक्षित हुन पुग्छ। कवितामा शिल्पको अर्थलाई सन्तुलनको कला भनेर स्वीकार गर्दा कविताको अभिप्राय केन्द्रमा भएको बेला शब्दको ध्वनिले त्यसलाई समुचित सहारा दिनुपर्छ, आशय संवेगात्मक भएको बेला शब्दको सङ्गीत पनि त्यसको रोदनसँगै अनुगुञ्जित हुनुपर्छ अनि बिम्बले विद्रोह गरेको बेला त्यसको तात्पर्यले कवितालाई मातृवत् समेट्नुपर्छ। अतः कविताको शिल्प भन्नु चिन्तनलाई सङ्गीत र बिम्बसँग सम्मिलन एवम् संलयन गराउने प्राविधिक एवम् सौन्दर्यशास्त्रीय तत्त्व हो।

राल्फ वाल्डो इमर्सनले भनेका छन्– बाटो भएकै दिशातिर लुरुलुरु नहिँड, बाटो नभएको ठाउँबाट आफ्नो पदचिह्न छाड्दै अघि बढ! कविताको शिल्प पनि तयारी राजमार्ग होइन, आफैले रचना गरेको अपूर्ण र मधुरो गोरेटो हो। यत्तिको जोखिम त कविले मोल्नैपर्छ; आफ्ना सारा पूर्वप्रयासहरूको चिहानमा फुलेको फूल जस्तै ताजा काव्यिक शिल्पको नवप्रवर्तनका निम्ति कविको संस्कारजनित अहम्‌को बलिदान अपरिहार्य छ।


*

**मोमिला**

# कविताको गहनतम लतमा सशक्त प्रयोगवादी कवि द्वारिका श्रेष्ठ

*कवितामा कविको आफ्नो फरक अनुहारको प्रतिबिम्ब आउनुपर्छ!*

*– द्वारिका श्रेष्ठ*



*कवि द्वारिका श्रेष्ठ*

['जीवन एउटा प्रयोग हो' भन्ने दृष्टिका साथ नेपाली कवितासाहित्यमा अत्यन्त बलियो हस्तक्षेपसहित प्रवेश गरेका कवि द्वारिका श्रेष्ठ प्रयोगवादी धारका सशक्त एवम् मानक कवि हुन्। जीवनको हर एकाकीपनसँग डोरिइँदै, आफूलाई चिन्ने र स्वयम्तिर फर्कने प्रयासमा कतै अलमलमा हराएजस्तो भए पनि जीवनको निक्खुर एवम् गहन वैयक्तिक अभिव्यञ्जनासहितको आत्मरतिसँगै कविताको गहिराइमा डुबुल्की मार्दै/रमाउँदै उनै कविताको गहनतम लतमा परेका कवि श्रेष्ठ आफू बाँचेको समयसँग गहन संवाद गर्छन्। वि. सं. १९९२ मा बन्दीपुर, तनहूँमा जन्मिएका कवि श्रेष्ठको प्रथम कविताको प्रकाशन २०१२ सालतिर **शारदा** पत्रिकामा भएको हो। उनका **शीतको थोपा**, **द्वारिका श्रेष्ठका कविता** र **द्वारिका श्रेष्ठ समग्र कविता** नामक कवितासङ्ग्रहको प्रकाशन क्रमशः २०१५, २०३४ र २०७३ सालमा भएका छन्। कवितामा विद्रोह एवम् अराजकता मन पराउने कवि श्रेष्ठका कविताहरू जीवनका विसङ्गत सत्यका सुरुचिपूर्ण र कलात्मक अभिलेख हुन्। रहरलाग्दा बिम्बसंयोजनसहित कविताको अमूर्ततामा जीवनको आस्तित्विक रङ भर्नु कवि द्वारिका श्रेष्ठको काव्यिक निजत्व हो।

यस पटक **कलाश्री** वार्षिकको कविता विशेषाङ्कका लागि अन्तर्वार्ता लिन आदरणीय साहित्यिक पत्रकार रोचक घिमिरेको अभिनन्दन कार्यक्रमबाट कवि गीता कार्की, भाइ कृष्ण बोहरा यात्री र म सोझै कवि द्वारिका श्रेष्ठको निवासतिर लाग्यौँ। प्रस्तुत छ उनै कविसँगको साक्षात्कार शब्दचित्रमा।]

– *दाइ, नमस्ते!*

= नमस्ते।

– *स्वास्थ्य कस्तो छ दाइ?*

= ठीकै छ।

– *दाइले पछिल्लो समयमा कविता कत्तिको लेखिरहनुभएको छ?*

= म एक बसाइमा कविता पूरा गर्न सक्दिनँ। त्यसलाई पूरा गर्न धेरै समय लिन्छु। कुनैकुनै कविता लेख्न त एक वर्ष पनि लगाएको छु। पछिल्लो समयमा फिलिङ आउँदा नोट गर्छु। कहिले चार हरफ, कहिले पाँच हरफ त कहिले २० हरफ पनि लेखिरहेको हुन्छु। पाँच महिनाअघि एउटा कविता **मधुपर्क**मा छापियो। त्यो कविता धेरै वर्षपछि छापिएको थियो। त्यस कविताको पनि अगाडि पाँचसात लाइन लेखेँ। पछि मात्र त्यसको विकास गरेँ। म कविता लेखनमा साह्रै अल्छी छु। निकै समय लगाउँछु।

– *त्यसो भए धेरै लेख्ने मान्छे होइन हजुर?*

= हो, म तत्काल कविता पूर्ण गर्ने सम्बन्धमा धेरै सिरियस छैन। जे होस्, आफूलाई चित्त बुझ्ने गरी समय लगाएर कविता लेख्छु।

– *कुन त्यस्तो तत्त्व छ जसले दाइमा आजसम्म कविताप्रतिको प्रेम जगाइराखेको छ?*

= तत्त्व भन्ने कि के भन्ने! मेरो आफ्नै झुकाव र परिस्थितिले गर्दा हो। बुबा र आमा बितेपछि एक प्रकारको एकाकीपन अनुभव हुन थाल्यो। अरूले जतिसुकै माया गरे पनि त्यो लोन्लीनेसले मलाई सधैँ हन्ट गरिरह्यो। आजसम्म पनि मलाई हन्ट गरिरहन्छ। पहिले मेरा प्रेमिकाहरू थिए। त्यसपछि विवाह गरेँ। बच्चाहरू भए। साथीभाइ छन्। तर पनि लोन्लीनेसले जहिल्यै हन्ट गरिरह्यो। केके नपुगेजस्तो लागिरह्यो। एकाकीपन मेरो साथी हो, प्रतिच्छाया हो। भर्खरै मात्र छायासम्बन्धी एउटा कविता लेखेको छु। कुनै प्रेमीलाई भेट्न जाँदा छाया हुन्छ, तर फर्केर आउँदा हुँदैन। त्यो पनि त एउटा एम्टीनेस हो। र, त्यसको पूर्णता कवितामै खोजिइयो कि जस्तो लाग्छ।

– *भनेपछि दाइलाई जिन्दगीको प्यास जहिले पनि रहिरहेको अवस्थामा कविता त्यस्तो पानी बनेर जिन्दगीमा आएको हो?*

= जिन्दगी प्यास नै त कहिल्यै भएन। सचेत रूपमा कविता विशेष चाहत बनेर आएको पनि होइन। कविता यसै लेख्न आयो। कहाँबाट सुरु भयो, के भयो पनि थाहा छैन। तर अहिलेसम्म पनि कविताप्रतिको प्रेम र लगाव भने छँदै छ।

– *भनेपछि दाइलाई जिन्दगीको प्यास जहिले पनि रहिरहेको अवस्थामा कविता त्यस्तो पानी बनेर जिन्दगीमा आएको हो?*

= जिन्दगी प्यास नै त कहिल्यै भएन। सचेत रूपमा कविता विशेष चाहत बनेर आएको पनि होइन। कविता यसै लेख्न आयो। कहाँबाट सुरु भयो, के भयो पनि थाहा छैन। तर अहिलेसम्म पनि कविताप्रतिको प्रेम र लगाव भने छँदै छ।

– *जवानीमा सबै कवि हुन्छन् भन्छन्। के दाइलाई जवानीले नै कवि बनाएको हो त!?*

= त्यस्तो त होइन होला!

– *दाइको पहिलो कवितासङ्ग्रह कति सालमा प्रकाशित भयो?*

= १९९२ सालमा म जन्में। त्यस्तै २३ वर्षको उमेरमा मेरो पहिलो कवितासङ्ग्रह २०१५ सालमा प्रकाशित भएको हो।

– *दाइको पछिल्लो सम्पादित कृति द्वारिका श्रेष्ठ समग्र कविता निकै लामो समयको अन्तरालमा प्रकाशन भएको छ, यसबारे केही भनिदिनुहोस् न!*

= त्यो एउटा इमोसनल सफिसिएन्ट हो। मैले जे भोगेँ, जे अनुभव गरेँ त्यसमा त्यो रिफ्लेक्सन छैन। त्यसैले त्यो कविता त्यति पढून् भन्ने चाहँदिनथेँ। मेरी श्रीमतीले हाम्रो विवाहको वर्षगाँठमा एउटा समारोह गर्ने भनिन्। केही नजिकका साथीहरूलाई ल्याएर विमोचन गर्ने कुरा भयो। विमोचनमा कृष्णभक्त, मदन रेग्मी, पुरुषोत्तमहरू थिए। किताब हेरेको त मेरै कविता छन्। रोशनले सम्पादन गरेको रै'छ। मैले थाहा पाए प्रकाशित गर्न मान्दिनँ भनेर हतारमा गरे।

– *दाइ कविता निकै पढ्नुहुन्छ। के कविताप्रतिको प्रेम एक प्रकारले लत नै बनेको हो त?*

= हो, कताकताबाट अवचेतन रूपमा थाहै नपाई कवितामा लत लाग्यो। आजसम्म पनि त्यो लत छ। रक्सी र चुरोटको जस्तो अथवा माया गर्दाको जस्तो लत छ।

– *कविता एउटा लतका रूपमा आजसम्म रही आएको कुरा स्पष्ट भयो। यसमा दाइले प्रविधि, इन्टरनेटलाई कत्तिको उपयोग गर्नुहुन्छ? नेपालको पोएट आइडल संसारमै*

*पहिलो पटक हो भन्छन्; जसको पहिलो सिजन र दोस्रो सिजन पनि सकियो। त्यसबाट निकै राम्राराम्रा कविहरू जन्मिए। दाइले कत्तिको हेर्नुभयो?*

= पढ्न त एकदम पढिरहेको छु। आफूलाई अपडेट गर्न **कान्तिपुर**, **नयाँ पत्रिका**, **अन्नपूर्ण पोस्ट**जस्ता पत्रिकामा छापिएका कविता छाड्दिनँ। ती पढ्दा कसले कसरी लेखेको छ थाहा हुन्छ। म तीनचार महिनामा एक पटक रत्न पुस्तक जान्छु। १५–२० जति नयाँ कवितासङ्ग्रह किनेर ल्याउँछु। त्यसरी नयाँ पुस्ताका कविका कवितासँग आफूलाई अपडेट गर्छु। यद्यपि मैले पोएट आइडल हेरेको छैन। म इन्टरनेट धेरै हेर्दिनँ, तर युट्युब हेर्छु।

– *दाइ! यहाँले आफ्ना समयका कवितामा प्रयोगवादी धारलाई समेट्दै जानुभयो र दाइका कविताहरू एकदम अमूर्त छन्। अहिले पनि दाइको त्यो विशृङ्खलित भाषाले जीवनको विशृङ्खलतालाई समेट्दै आएको कुरा त कविताबाटै हामी महसुस गर्छौं, बुझ्छौँ। तर दाइले लेख्ने बेलाका कविता र अहिलेका कविताका भिन्नता चाहिँ केकस्ता रहेका छन्?*

= नितान्त त्यो व्यक्तिगत फिलिङको विषय हो। मलाई जहिले पनि के लागिरह्यो भने जसरी हरेक मान्छेको अनुहार फरक हुन्छ त्यसरी नै कविता पनि फरक हुनुपर्छ। कवितामा कविको आफ्नो बेग्लो अनुहारको रिफ्लेक्सन हुनुपर्छ। मेरो कविता पनि त्यस्तै होस् भन्ने चाहना हो। तपाईंले प्रयोगवादी कवि भन्नुभयो। अरूले नगरेको प्रयोग मैले गरेँ। मैले घमन्ड गरेको होइन, तर फिलिङ आएको हो। कवितामा मैले अङ्ग्रेजीका वर्डहरू जस्तै शेक्सपियरको राखेको छु, टीएस इलियटको राखेको छु, लोर्काको राखेको छु। लेख्दै जाँदा उनीहरूको फिलिङ मसँग गाँसियो।

अहिलेसम्म पनि मेरो प्रयास दुरूह लेखनमा नै छ। मेरो दुरूहतासम्बन्धी अर्को धारणा जीवन नै दुरूह छ भन्ने हो। लेखनमा जीवन भोगाइका विविध विसङ्गतिको रिफ्लेक्सन आउने गर्छ। त्यस कारण म कविता मनले भन्दा दिमागले लेख्छु भन्ने लाग्छ।

जहाँसम्म तपाईंले भन्नुभयो त्यति बेलाको कविता र अहिलेको कविताका बारेमा। म अलिकति असन्तुष्ट मान्छे छु। जस्तो मलाई थाल पनि बेग्लै चाहिने, खाना पनि आफ्नो रुचिको चाहिने। मेरा साथीहरू पनि आफ्नै रुचिका छन्। त्यसै गरेर कसैको कविता मन पर्छ, कसैको कविता मन पर्दैन। अहिलेको मेरो कम्प्लेन लिटरेरी साहित्य भएन भन्ने हो। अविनाश श्रेष्ठका पालामा साझा प्रकाशनबाट प्रकाशित हुने **गरिमा** साहित्यिक पत्रिकाले राम्रो गरेको थियो। त्यसपछि कुनै पनि साहित्यिक पत्रिकाले राम्रो गर्न सकेन।

– *भनेपछि अहिलेको युवा पुस्तामा तपाईंलाई अलिकति खड्केको कुरा साधनाको अभाव हो?*

= हो, साधना त गर्नुपर्छ नै तर उनीहरूले लेख्न बाँकी पनि छ। यस्तो लेखून् कि आफ्नो अनुहार अरूसँग नमिलोस्। एउटाको अनुहार अर्कोसँग नमिलोस्। आफूले बढी सिम्बोल, मेटाफर, प्रतीकको प्रयोग गरेकाले पनि मलाई त्यस्तो लागेको हुन सक्छ। जस्तो सरिता तिवारीको पहिलेपहिले राम्रो थियो, तर अहिले त खालि वाद छ। बुद्धिसागरका कविता राम्रा थिए। इट वज मार्वलस! तर किन उनले विधा चेन्ज गरे खोइ!

– *नयाँ पुस्ताले साधनासहित धेरै लेख्नुपर्छ र लेखनमा अरूभन्दा सर्वथा फरक अनुहार ल्याउनुपर्छ भन्ने दाइको धारणा रह्यो। दाइ पनि अहिलेसम्म यति धेरै प्रेम र समर्पणसहित कविताको गहिरो लत र सङ्गतमा रहनुभएको छ। विशेष राज बताइदिनुहोस् न अझै पनि!*

= मेरो प्रेरणा त लोन्लीनेस नै हो। मेरो लेखनको गूढ निर्देशक मेरो अनुभवको एकाकीपन नै हो; जसले कतै न कतै भित्रबाट कवितातिर पुस गरिरहेको हुन्छ। त्यसले एक प्रकारको पीडा दिन्छ। महिलाहरूले प्रसव पीडा भोगेको जस्तो खुसी र बोझ दुवै हुन्छ। कविता लेखन एक किसिमको मानसिक बोझ पनि हो। कन्ससनेस पनि बोझ हो। कविता लेखनमा एकाकीपनका साथै कन्ससनेसले प्रेम त त्यो पो हो भनेर निर्देश गरिरहन्छ। वास्तवमा त्यस्तो चेतना नभई कविता लेख्न पनि सकिँदैन। पोलिटिकली यत्रो करप्सन छ, भद्रगोल छ। जीवन पनि त एउटा भद्रगोल हो। एब्सट्र्याक्ट स्केचमा पनि रङ बोलिरहेको हुन्छ। पेन्टरको पनि आफ्नो भाषा बोलिरहेको हुन्छ। मान्छे जति सचेत हुन्छ त्यति नै कलाप्रतिको प्रेममा डुब्दै जान्छ। पीडा भए पनि त्यसबाट केही न केही त निकाल्नुपर्‍यो, व्यक्त हुनुपर्‍यो। त्यस्तो सिर्जना जीवन्त हुन्छ।

– *दाइले लेखनमा एकाकीपनको प्रसङ्ग बारबार भनिराख्नुभएको छ। त्यसले कुनै न कुनै रूपमा चेतनालाई निर्देश गरिरहने प्रसङ्गको पनि कुरा भयो। दाइलाई आफ्नो जीवनका प्रेम प्रसङ्गहरूले कत्तिको निर्देश गरे नि?*

= प्रेम पनि एउटा भावना रहेछ। प्रेम गरियो। त्यसले पनि थोरै एकाकीपन ल्यायो। फेरि प्रेममा कसैले सेक्रिफाइस गर्छन् भने कतिले बौद्धिक रूपमा शोषण पनि गर्छन्। एक अर्थमा प्रेम ठूलो कमजोरी पनि हो। मान्छे प्रेम गरेर हराउन चाहन्छ। प्रेम गर्नु हराउनु भनिए पनि तर वास्तवमा हराइन्न, बरु अलमलमा परिन्छ। यद्यपि प्रेमले कुनै न कुनै रूपमा कवितामा निर्देश त गरेकै हो।

– *दाइ, त्यसो भए प्रेम गर्नु या नगर्नु त!?*

= प्रेम गर्नुपर्छ। छोराछोरी र श्रीमतीलाई प्रेम गर्नैपर्‍यो। श्रीमतीले श्रीमान्‌लाई प्रेम गर्नैपर्‍यो। प्रेम नै भएन भने त्यो सम्बन्धको कडी भाँचिन्छ नि त! त्यो कडी जोडिन्न नि त!

– *त्यसो भए प्रेम के हो त?*

= प्रेम रहस्यपूर्ण छ। नभए पनि नहुने र भए पनि नहुने। प्रेमले मान्छेलाई अलमलमा पनि पार्छ। तर प्रेम एउटा यस्तो मानवीय संवेदन हो जुन जीवनमा नभई हुँदैन। निश्चित उमेरमा साथ दिने साथी चाहिने रहेछ। त्यसैले प्रेमलाई उमेरले पनि फरक पार्छ। प्रेम हुँदा भारी र नहुँदा एक्लोपन! प्रेम कुनै न कुनै रूपले अलमल नै हो भन्नुपर्‍यो...!

– *त्यसो हो भने दाइले भोगेको एक्लोपन प्रेमबिनाको एक्लोपन हो त? कि आफ्नो मस्तिष्कको उपज हो यो?*

= कहिले पाएर पनि एक्लो फिल हुने त कहिले नपाएर एक्लो फिल हुने मानसिक सोच वा ग्रन्थि हो प्रेम। प्रेम मानवीय संवेदनको विशिष्टता पनि हो।

– *दाइले भन्न खोज्नुभएको प्रेम अपोजिट आकर्षणको कुरा मात्रै त होइन नि?*

= डेफिनेट्‌ली प्रेममा सेक्सको भावना जोडिएको हुन्छ। प्रेम सेक्ससँग अन्योन्याश्रित छ। उमेरअनुसार सोचाइमा परिवर्तन भए पनि प्रेममा सेक्सको भावना हुन्छ। इमानदारीपूर्वक लेख्ने हो भने लेखनमा विविध तरिकाले प्रेमसँग सेक्स गाँसिएर त आउँछ नै।

– *प्रेममा दाइले उमेरको कुरा गर्नुभयो, फिजिकल कन्डिसनको कुरा गर्नुभयो, त्यो हुन्छ नै भन्नुभयो। त्यसो हो भने फिजिकल रूपमा बिलकुल फरक कन्डिसनमा रहेर प्रेम गर्नेहरू पनि छन्। तपाईं उनीहरूलाई के भन्नुहुन्छ? उनीहरूले गरेको प्रेम प्रेम हो कि होइन?*

= त्यो आदर्श प्रेम हो। सामान्यतया प्रेमको अन्तिम गन्तव्य सेक्स हो। तर मैले समग्रतामा हेर्दा प्रेमको गन्तव्य सेक्स भने पनि कतिपय सन्दर्भमा यो लागू हुँदैन। अर्थात् कतिपय प्रेम एक्सेप्सनल पनि हुन्छन्। मान्छे अनेक किसिमका हुन्छन्। जस्तो मीराको प्रेम, राधाको प्रेम, बुद्धकै कुरा गरौँ। उनी पनि त्यो उमेरमा यशोधरालाई छाडेर गए। त्यो एक्सेप्सनल हो। विवाह नगरीकन कोही बाउआमा हुन्छन्। त्यो पनि प्रेम हो। राधाले गरेको प्रेम एकातिर छ भने कृष्णको प्रेम अर्कातिर छ। १६ हजार गोपिनी राखेका छन्।

– *भनेपछि दाइको प्रेमको आकर्षण पहिलोजस्तो नै थियो?*

= हो, पहिलोजस्तो नै हो। इन जेनरल नै हो। म आदर्श प्रेममा विश्वास गर्दिनँ।

– *दाइ कवितामा आफ्नो र अरूको भोगाइलाई कत्तिको सामान्यीकरण गर्नुहुन्छ?*

= म बेसिकली आफूले भोगेको कुरा लेख्छु। अहिले आएर समाजको विसङ्गति, राजनीति, करप्सनका बारेमा पनि बुझ्नुपर्छ र लेख्नुपर्छ भन्ने लाग्छ। मैले बढी आफ्नै कुरा लेखेँ। सुरुसुरुमा मैले आफ्ना फिलिङहरू मात्र लेखेँ। अब बाहिरी विषयमा पनि लेख्नुपर्छ। देशमा भइरहेका घटनाहरूबाट हामी अलग बस्न सक्दैनौँ। हाम्रो जिन्दगी, सोच र दिमागलाई अनेक कुराले प्रभाव पारिरहेको छ। कविता लेख्नका लागि यति धेरै मटेरियलहरू छन्। तर ती अहिले आउनुपर्ने जसरी आइरहेका छैनन्। अझै पनि लेख्नुपर्ने जसरी लेखिराखेका छैनन्। केही वर्षअघिसम्म लेखिरहेका क्षेत्रप्रताप अधिकारीका कविता बडो चोटिला हुन्थे। उनका कविता साप्ताहिकमा छापिन्थे। उनी समाजमा भइरहेको विषयलाई चोटिलो भाषामा लेख्थे।

देशमा विसङ्गति छ, करप्सन छ, देश कता जान्छ थाहा छैन। हाम्रा धेरै बच्चा बाहिर गइरहेका छन्। यहाँ बूढाबूढी मात्रै छन्। यी सम्पूर्ण विषयलाई फरकफरक कोणबाट गहिराइका साथ लेख्न सकिन्छ। लेखिएका छन्, तर अहिलेको कविता त्यति गहिराइमा आइरहेको छ जस्तो लाग्दैन।

– *दाइको विचारमा कविता के हो?*

= कविता जीवनको छायाजस्तो हो। त्यसलाई कसरी व्यक्त गर्ने भन्ने हो। अथवा कविता भाषाको माध्यमबाट व्यक्त हुने जीवनको इमानदारीको विशिष्ट रिफ्लेक्सन हो। आफूलाई परिभाषित गर्ने, आफूलाई अभिव्यक्त गर्ने एउटा माध्यम हो। कविले लेखनबाट गर्छ, चित्रकारले रङबाट गर्छ, सङ्गीतकारले सुरबाट गर्छ। कविताको प्रथम र अन्तिम सर्त भनेको नै इमानदारी हो। त्यही इमानदारीका आधारमा कविताले आफ्नो स्वरूप निर्धारण गर्छ।

– *कवितामा विषय महत्त्वपूर्ण हुन्छ कि विषयलाई व्यक्त गर्ने कला महत्त्वपूर्ण हुन्छ?*

= विषय पनि महत्त्वपूर्ण हुन्छ, भाषाशैली एवम् स्ट्रक्चर पनि चाहिन्छ। कवितामा आफ्नो विशिष्ट पहिचान हुनुपर्छ। विषयमा इमानदारीका साथ वर्तमान समय आउनुपर्छ। समयलाई व्यक्त गर्दा इमानदारीपूर्वक आफ्नो अनुहार पनि आउनुपर्छ। यसले कविताको ओजलाई गहन बनाउँछ। कविता पढ्दा यो रहेछ भन्ने बेग्लै फिलिङ र स्पष्ट चित्र आउँछ।

– *दाइले कवितामा इमानदारीपूर्वक आफ्नो अनुहार आउनुपर्छ भन्नुभयो। यसको अर्थ दाइले प्रयोगवादी कविता लेख्छु भनेर नै लेख्नुभयो कि आफ्नो विशिष्ट अनुहार तयार पार्ने क्रममा यो प्रयोगवादी धारको चेतना निर्माण भयो?*

= मैले कहिल्यै कवितामा प्रयोग गर्छु भनेर सोचिनँ, तर त्यस्तो हुन गयो। हाम्रा साथीहरूले त्यस्तो नलेखे पनि मैले लेखेँ। ट्रेडिसनल कविताभन्दा फरक तरिकाले लेख्दा मेरो एक्सप्रेसन अझ बलियो हुन्छ कि, अरूको दुईचार लाइन लेखेर आफूलाई पुष्टि गर्न सकिन्छ कि भनेर नै मैले लेखेको हो।

– *दाइलाई जिन्दगी अन द स्पट बाँचिन्छ कि सोचेरै बाँचिन्छ जस्तो लाग्छ?*

= खै, बाँच्नु नै एउटा घटनाजस्तो लाग्छ जुन आफ्नो हातमा हुँदैन, तर भइदिन्छ। मानिसको जन्म र उसको स्वाभाविक मृत्यु पनि एउटा-एउटा घटनाजस्तो लाग्छ। मेरै समकालीन कति जना मभन्दा अगाडि गए। उनीहरू गएको पनि एउटा घटना हो र म बाँचिरहेको पनि एउटा घटना नै हो। हाम्रो जीवन एउटा मोटरजस्तै हो। कहिले के पार्ट बिग्रन्छ, कहिले के पार्ट बिग्रन्छ। त्यसलाई हरेक पटक मर्मत गरिरहनुपर्छ। कहाँ गएर दुर्घटना हुन्छ र समाप्त हुन्छ थाहा हुँदैन। जीवन पनि त्यस्तै हो। न आफूले चाहेर बाँचिन्छ न त आफूले चाहेर नै मरिन्छ। जन्म र मृत्युको मझधारमा बाँचिरहनु वास्तवमा एउटा घटना नै त हो।

– *जन्म र मृत्यु आफैमा एउटा-एउटा घटना हो भने जीवन चाहिँ मात्र एउटा घटना होइन कि दाइ?*

= हो, जीवन त धेरै घटना घटित समष्टि घटनाको पुञ्ज हो! जन्मले हामीलाई जीवन दियो। जीवनमा पनि घटनाहरू छन् र मृत्यु अन्तिम घटना हो। त्यसपछि सबै समाप्त हुन्छ। त्यसैले त जिन्दगी प्रयोगजस्तो छ। हिजोलाई आज दोहोऱ्याउन नपाउनु र भोलिलाई आजै बाँच्न नपाउनु! अन द स्पट बाँच्नु नै रियालिटी हो। हामीले बाँच्नु भनेकै रियालिटीमा घटनाहरूको पुञ्जबीच पात्रता निर्वाह गर्दै जानु हो। कति बेला मर्ने हो, कति बेला के हुने हो भनेर भ्रम पालिरहेका छौँ। अनगिन्ती सम्भावित घटनाहरूसँगै जीवनमा जन्म र मृत्युको डिलेमा त उभिएकै छ। जिन्दगी विरोधाभासपूर्ण छ।

– ***दाइले आफ्नो पहिचानका रूपमा कवितामा आफ्नो अनुहार दिन सक्नुभयो। त्यो दाइको ठूलो सफलता हो। दाइले जीवनमा हात हालेको क्षेत्र साहित्य र व्यापार दुवैमा सफल हुनुमा भित्री तत्त्व के छ दाइ? अरूलाई पनि दिनुपऱ्यो नि कुञ्जी!***

= जेमा लागे पनि अत्यन्त अनेस्ट्ली लाग्ने बानी छ मेरो। मिहिनेत गर्छु। प्रोफेसनमा पनि सधैँ नौलो अभ्यास गरेँ। बाआमा नभए पनि परिवारप्रति केही गर्नुपर्छ भन्ने दायित्व थियो। त्यही दायित्वले नै केही नयाँ सोच्न बाध्य बनायो।

चितवनमा सबैभन्दा पहिले नयाँ मोडर्न राइस मिल ल्याएँ। त्यति बेला नेपालभरि सात वटा कि आठ वटा मात्र थिए। ४५ वर्षअघि प्रथम पटक चितवनमा मैले मात्र

भित्र्याएको थिएँ। चितवनमा त तहल्कै मच्चियो। हामीले थाम्नै नसक्ने गरी व्यापार भयो।

त्यसपछि एक जना मेरी अमेरिकी साथी नेपाल आइन्। उनले स्वस्थानीमा पीएचडी पनि गरिन्। उनलाई चितवनको सौराहा घुम्न आऊ भनेँ। मैले सौराहाका बारेमा सुनेको भए पनि त्यहाँका बारेमा त्यति जानकारी थिएन। उनी आएपछि चितवनको सौराहा घुमाउन लगेँ। त्यहाँ फाट्टफुट्ट टुरिस्ट देखिए पनि होटल देखिनँ। त्यसपछि त्यहाँ होटल खोल्नेबारे सोच्न थालेँ। केही नयाँ गरौँ सोचेर सौराहा घुम्न गएको दोस्रो वर्षदेखि सरकारसँग सम्झौता गरेर जङ्गलको बीचमा 'चितवन जङ्गल लज' नामको होटल सञ्चालनमा ल्याएँ।

आफू पनि कवि भएकाले कविताप्रतिको प्रेम जीवितै थियो। 'चितवन जङ्गल लज' खोलेपछि साहित्यकारहरू लगेर कार्यक्रम गर्ने सोच आउन थाल्यो। पहिलो पटक नजिकका साथी कृष्णभक्त, दिवसहरूलाई निम्तो गरेँ। दुई वर्ष लगातार साथीहरूलाई लगेपछि २०–२५ जनाजति त जम्मा गर्न सकिन्छ भन्ने लाग्यो। त्यसपछि औपचारिक रूपमा नै हामीले चितवन वन महोत्सव सुरु गर्‍यौँ।

म त्यसपछि निरन्तर साहित्यतिर पनि अपडेट हुन थालेँ। कार्यक्रममा पुराना र नयाँ लेखक, सङ्गीतकार, चित्रकार, म्युजिसियन मिलाएर लग्थ्यौँ। दुई रात कार्यक्रम हुन्थ्यो। बिहान र बेलुकी जङ्गल वाक गर्ने/सफारी गर्ने, दिनमा कविता पाठ र विविध कार्यक्रम गर्थ्यौं। यही कार्यक्रमले मेरी श्रीमती जलेश्वरीलाई पनि प्रेरणा मिल्यो र लेख्न थालिन्।

– ***दाइको जीवनको कुनै विशेष घटना जुन अहिलेसम्म पनि छायाजस्तै बनेर रहेको छ र जसले सिर्जनामा सपोर्ट र दुःख दुवै दिएको छ। दुई वटै पाटोका बारेमा भन्दिनुहोस् न दाइ!***

= अलि अप्ठ्यारो प्रश्न! कसैसँगको प्रेम नै हो। त्यसले पछ्याइरहन्छ। मायाजालमा फसियो। मानिसहरूको चरित्र पनि थाहा भयो। कतिपय मान्छे ढोँगी पनि हुने रहेछन्। आफूलाई नङ्ग्याउने तर होइन भन्ने। नाटक गर्ने। त्यो पनि जिन्दगीको एउटा पक्ष थियो। कहिलेकाहीँ आउँछ।

– ***त्यसले लेखनमा अहिले पनि प्रभाव पार्छ दाइलाई?***

= त्यसले पूरै प्रभाव त पार्दैन तर फिलिङहरू आउँछन्। मैले कतै एक्सप्रेस गरिरहेको हुन्छु। मेरो एक्सप्रेस अलिकति क्लिष्ट हुन्छ। जीवनका केही त्यस्ता घटनाहरूले अहिलेसम्म पनि प्रभाव पारेका छन्। यो मान्छेको कमजोरी पनि र महान्ता पनि

हो। मान्छेको बाध्यता पनि हुन्छ। त्यस्ता क्षण आउँदा बेमौसममा चट्याङ परेजसरी आउँछन् जसले जीवनमा धेरै कुरा बुझेको महसुस गराउँछन्। तर एक्सेप्ट गर्नुपर्छ। मेरो मात्रै होइन, धेरैको त्यस्तो हुन्छ जस्तो लाग्छ। कसैले व्यक्त गर्छन् त कसैले गर्दैनन्।

– *हजुरकी धर्मपत्नी जलेश्वरी श्रेष्ठज्यू पनि त्यत्तिकै सशक्त लेख्नुहुन्छ। तपाईं उहाँलाई कत्तिको सपोर्ट गर्नुहुन्छ?*

= सपोर्ट त गर्छु नि! उनको लेखाइमा म कुनै किसिमको डिस्टर्ब भने गर्दिनँ। उनले लेखेको कुरालाई म अप्रिसिएट गर्छु। महिलाको हकका बारेमा लेख्नु राम्रो कुरा हो।

– *उहाँलाई लेखनमा सल्लाह दिनुहुन्छ कि दिनुहुन्न?*

= म त्यो चाहिँ गर्दिनँ, किनभने उनको आफ्नो ओरिजिनालिटी आउनुपर्छ। उनको फिलिङ आउनुपर्छ। म उनको अनुहारमा मेरो अनुहार मिलाउन चाहँदिनँ। मेरो विचार र धारणाले उनलाई बोझ नपारोस्।

– *उहाँको लेखन तपाईंलाई कस्तो लाग्छ?*

= मलाई राम्रो लाग्छ। हाम्रो समाजमा हुने मूल रूपमा महिलासँग सम्बन्धित स्ट्रङ्ग चिजहरू दिएकी छन्।

– *भनेपछि उहाँको लेखनले तपाईंलाई प्राउड फिल गराउँछ?*

= अवश्य गराउँछ। वास्तवमा उनी पहिले त गृहिणी नै थिइन्। मैले ल्याउँदा उनलाई केही थाहा थिएन। हामी त संयुक्त परिवारमा थियौँ। खुसीको कुरा चितवन वन महोत्सवले उनलाई प्रेरणा दियो। उनले त्यहाँ राम्रो कार्यक्रम पनि गरिन्। लेखनमा पनि राम्रो गरिरहेकी छन्।

– *दाइ, अब साहित्यको क्षेत्रमा केही गर्ने विशेष सपनाहरू छन्?*

= अहिले खास त्यस्तो कुनै सपना सोचेको छैन।

– *अन्त्यमा, विशिष्ट र सुन्दर कविता लेख्नका लागि आजको पुस्तालाई के सल्लाह दिन चाहनुहुन्छ दाइ?*

= यसरी वा त्यसरी कविता लेख भन्दा पाखण्डजस्तो हुन्छ। कवितालाई कविताकै रूपमा रहन दिऔँ। लेख्ने मान्छेलाई स्वतन्त्र छाडौँ भन्ने लाग्छ। त्यसैले दिनैपर्ने त्यस्तो विशेष सल्लाह छैन। तर कविता स्वतःस्फूर्त आउनुपर्‍यो। कविले आफूले भोगेको कुरा कसरी एक्सप्रेसन गर्छ त्यो महत्त्वपूर्ण कुरा



*मोमिला*

हो। मैले अघि नै भनैँ, कवितामा कविको आफ्नो फरक अनुहारको प्रतिबिम्ब आउनुपर्छ...!

– *हवस् त, धन्यवाद दाइ!*

= धन्यवाद!

*(अन्तर्वार्ता सक्दा धरतीमा साँझ ओर्लिसकेको थियो। साँझ काव्यिक लागिरहेको थियो। एक किसिमले काव्यिक तृप्ति महसुस भइरहेको थियो। दाइकोमा जाँदा परिवेश र व्यवहार दुवै दृष्टिले कलाको एस्थेटिक ब्युटीले गम्लङ्ग अँगालो हालेको महसुस हुन्छ। बीचबीचमा दाइ सामुन्ने झुन्ड्याइएको किरण मानन्धरको पेन्टिङको प्रशंसा गर्नुहुन्थ्यो। फेरि भाउजू जलेश्वरी श्रेष्ठ पनि आफ्नो लेखनमा जस्तो सरल अनुहारमा देखिनुहुन्छ; व्यवहार पनि त्यस्तै निश्छल र सरल लाग्छ। त्यही व्यवहारको प्रियता र कलामयतामा झुम्दै बिदाबारी भई हिँड्यौँ। बाहिर भदौको झरीमय उष्ण मौसमलाई आत्मसात् गर्दा पनि सायद यो अनुहारमा अझ उज्यालो थपिएको हुनुपर्छ। त्यो फरक त देख्नेले महसुस गर्लान्। जे होस्, यो काव्यिक रमरमको महसुसमा भन्ने मन लागेको एउटा कुरा– जब कतै कवि र कविताको प्रसङ्ग उठ्छ; तब भीडबाट एउटा फरक अनुहार मेरो मानसपटलमा सलबलाउँछ। मेरा लागि त्यो अनुहार 'कवि द्वारिका श्रेष्ठ' हो भन्न मलाई कुनै हिचकिचाहट लाग्दैन। वास्तवमा जुनसुकै क्षेत्र होस्, फरक अनुहार निर्माण गर्नुपर्ने रहेछ भन्ने लागिरह्यो...!!!)*

✲




*गीता कार्की मोमिला, जलेश्वरी श्रेष्ठ, द्वारिका श्रेष्ठ र कृष्ण बोहरा यात्री*

## कृति परिचय

डा. कोमल फुयाल

# मोमिलाको 'प्रश्नहरू त बाँकी नै रहन्छन्...'




समकालीन नेपाली निबन्धमा स्थापित हस्ताक्षर मोमिलाको पछिल्लो कृति **प्रश्नहरू त बाँकी नै रहन्छन्...** (अस्तित्व उत्सवमा हार्दिक निमन्त्रणा!) पेज टर्नरले प्रकाशन गरेको छ। पुस्तकको शीर्षकबाट नै सुरु गर्दा मोमिलाले वर्तमानको जीवनमाथि गरेका विमर्श केके हुन्, उनी उत्तर आधुनिक समाजको खण्डीकरणको कुन प्रश्नको जवाफ खोजिरहेकी छन्, उनका कुनकुन प्रश्न अनुत्तरित रहेका छन्, किन उनले ती प्रश्नको जवाफ पाउन सकिनन् भन्नेजस्ता प्रश्नका शृङ्खला अगाडि आउँछन्। तर जति नै प्रश्नहरू अनुत्तरित भए पनि उनी प्रश्नहरूबाट भाग्ने किसिमको धातुले बनेकी चाहिँ होइनन्। उनी प्रश्नको सामना गर्छिन्, जीवनका भोगाइहरूप्रति गुनासोभन्दा पनि उनी सामान्यीकरणतर्फ लाग्छिन् र अस्तित्वको उत्सवमा आफूलाई समाहित गर्छिन्।

हो, उनका निबन्धहरू निरन्तर जीवनप्रति धनात्मक र ऋणात्मक आकर्षणको लीलामय लुकामारीका बीच मौलाउँछन्, झाँगिन्छन्। र आफूलाई कसैकी नायिका होइन, स्वयम् नायकका रूपमा स्थापित गरेर त्यहीँबाट अस्तित्वको गर्विलो चमकका साथ आफ्नो जीवनका रेखाङ्कित अनुभूतिहरूलाई त्यहीँ मिसाइदिन्छिन्।

हुन त निबन्ध विधालाई तर्कको विस्तार र वर्णनका रूपमा लिने गरिन्छ। मोमिला पनि निबन्धमा टेबलभरि जीवनको बिस्कुन छरेर लम्बाइ, चौडाइ र गहिराइ या उचाइबाट समेत तिनको विषयवस्तुगत एकमुस्ट परीक्षण गर्न रुचाउँछिन्।

यसमा निबन्धको मूल तर्क चाहिँ उनकै जीवनको भोगाइमा आधारित घटना नै देखिन्छ। यद्यपि निबन्धकारितामा मिहिन सामान्यीकरणले जीवन्त अनुभूतिका साथ पट्यारलाग्दो एकरसताबाट मुक्ति दिँदो रहेछ!

अत्यन्त अमूर्त लाग्ने भावनाको पिँधमा गएर हेर्ने हो भने यस्तो घटना भेटिन्छ; जसले उनको जीवनको गन्तव्य नै मोडिदिएको छ। उदाहरणका लागि उनी भन्छिन्– "पश्चात् अचानक उनलाई आफ्नो जिन्दगीमाथि कालो आकाश घोप्टिएर प्रेमपथमा

अवरुद्ध हुँदा अन्योलग्रस्त धुनमा बज्दै गरेको आफ्नो जीवनगीतको उदासीप्रति सारो दया जागेर आयो। आफ्नो सग्लो अनि निरपेक्ष पहिचान मुठीबाट झरेर पानीमा हल्लिरहेको स्वरूपप्रति एकाएक टिठ लागेर आयो। अनगिन्ती प्रश्न बनेर फैलिएका तरङ्गहरू भित्तामा ठोक्किएर झ्याम्म चकनाचुर भएपछि उनी झस्किन् र यथार्थमा उही ताजमहलअघि आफैप्रतिको प्रेममा निमग्न आफूलाई सग्लो भेटेर मुस्कुराइन्। उनको अस्तित्वको मुस्कुराहटले मलाई पनि मस्तसँग उजिल्यायो।" ('नायक भूमिकामा उनी', पृ. ४७)

जीवनका अवरोहबाट निसास्सिँदा पनि जुर्मुराएर उठ्ने साहस मोमिला राख्छिन्। आत्मनिरीक्षण गरेर उनी पीडाका काला बादलहरूबीच पनि कुन ज्योति पक्रिन्छिन्, थाहै हुन्न। सङ्ग्रहभरि नै आफ्ना निबन्धमा आफ्नै जीवनको बिस्कुन फिँजारेकी मोमिलालाई त्यतिमा मात्र सङ्कुचित चाहिँ गर्न सकिन्न। उत्तर आधुनिकताले अगाडि बढाउने बहुल सत्यको पक्षपाती निबन्धकार आआफ्ना ब्रह्माण्डको कल्पनामा मस्त छन्। उनी भन्छिन्– हरेक मानिस नै एउटा भीमकाय ब्रह्माण्ड हो, ऊ आफ्नो सत्यको आफै उत्पादन र उपभोग गर्छ। यसरी नै अस्तित्वका रङ्गहरूबीच पनि विविधताको खोजीमा निबन्धकारले आफ्नो अलग पहिचान स्थापित गरेकी छन्। आत्माको विनिर्माणमा उनको छायासँग विद्रोह सुरु हुन्छ। अस्तित्वको ओल्लो किनारमा बसेर मोमिला पल्लो किनारको कल्पना गर्छिन्, त्यसलाई बुझ्ने चेष्टा गर्छिन् र आफ्नै प्रकारको तर्क निर्माण गर्छिन्। छाया अनुपस्थित भए पनि छायासँग सघन अन्तःक्रिया गर्छिन्। उपस्थितिलाई पृष्ठभूमिमा राखेर अनुपस्थितिमाथि प्रकाश केन्द्रित गर्न सक्नु उनका निबन्धको सबैभन्दा ठूलो सफलता मात्रै होइन, यसले लुइङ्डी पिरान्डेलोको **छ पात्रहरू** कृतिबाट निस्केर आफ्नो सर्जकलाई खोज्न बाहिरी दुनियाँमा विचरण गरेको प्रसङ्ग याद गराउँछ। हो, ती पात्रहरू आफ्नो भूमिकाबाट सन्तुष्ट छैनन्। उनीहरूलाई सर्जकलाई व्यक्तिगत रूपमा भेटेर नै सो कुरा गराउनु छ। त्यस्तै मोमिलाको छाया पनि मूलभूत अस्तित्वसँग विद्रोह गर्छ। मोमिला लेख्छिन्– "मेरो चेतनाकै सर्वश्री सम्बोधन, ओ प्रिय छाया! छुट्टी मनाउन गएको मेरो मायावी बैँस तिम्रो अनुरोधमा पनि फर्कने छैन। यी र यस्तै जीवनका भव्य सुस्केराहरूमाझ अनुभूतिको समयान्तरमा सबभन्दा बढी प्रतिस्पर्धा आफैसित गर्दै अनि बाह्य परिस्थितिसँग पनि मेरो हरकथन अनि हर अभिव्यक्तिको टकरावसहित कुनै ग्राहकले किन्न नसकेको मेरै चेतनाको मन्थनबाट तत्क्षण म त्यसै निष्कर्षित छु।" (मेरै छायाको विद्रोह र अस्वीकृत ग्रहण', पृ. ३६) मोमिलालाई थाहा छ, उनले त्यो विद्रोहलाई स्वीकार गर्नुपर्छ। त्यस्तै उनलाई थाहा छ, उनको छायाको अस्तित्व उनीमाथि नै आश्रित छ।

उनका निबन्धमा आफूभन्दा अगाडिका लेखकहरू झुल्किन्छन्। यसले उनको आफ्नो दृष्टि निर्माणको कथा भन्छ। देवकोटालाई उनी आफूमा समाहित भएको देख्छिन्। देवकोटाका कृतिमा आफ्ना सुखदुःखका आवाज भेट्ने मोमिला आफ्ना पीडालाई लेखनमार्फत फिका बनाउँदै आशाका दिनहरूतर्फ मोड्छिन्। झुसिलकीरा र पुतलीको रूपान्तरणको लीलाले उनलाई तान्छ। यो एउटा रूपकका रूपमा उनकै जीवनमा देखिन्छ। उनी जगत्लाई यहीँबाट हेर्छिन्, बुझ्छिन् र व्याख्या गर्छिन्। आत्मकथाको शैलीमा आफ्नै जीवनभित्रको खोजपड्ताल गर्दै मोमिला भन्छिन्– उनको जीवनको युद्धका लागि उनी आफैलाई नायकभन्दा कम मान्दिनन्। हुन त अहङ्कार बोल्यो भन्ने पनि लाग्न सक्छ तर आफ्नो जीवनको आत्मपरीक्षणबाट निस्केको खुल्ला प्रतिवेदन मान्छु म यी निबन्धहरूलाई।

उनी बेलाबेलामा दुख्छिन् अनि त्यो पीडाको तरङ्गलाई यसरी सरलीकृत गर्छिन् कि त्यो त युगको पीडा बनिदिन्छ। अनि बिस्तारै मुस्कुराउने बिन्दुमा उनी पुग्छिन्।

उनले इतिहास, मिथक, समकालीन परिवेश र आफ्नो भोगाइको एउटा क्याप्सुलका रूपमा पुस्तकलाई पाठकमाझ पस्किएकी छन्। त्यसैले उनी भन्छिन्– "कुरा अप्रसङ्ग होइन है! साँच्चै, यदि लोकले मजनूलाई ढुङ्गा नबर्साएको भए, यदि लोकले गर्भिणी सीतालाई बात लगाएर रामले पुनः वनतिरै नपठाएको भए वा मुनासँग बिछोडिएर भोटको यात्रामा रहँदा मदनको जीवनमा दुःखको पहिरो नखसेको भए सायद कहानी सुरुचिपूर्ण नभएर कति नीरस र पट्यारलाग्दो हुन्थ्यो होला नि!" (पृ. ४९)

पीडाको सामान्यीकरणको सन्दर्भसहित जीवनको आरोह-अवरोहलाई नै जीवनको सौन्दर्यका रूपमा बुझ्ने उनको चेष्टालाई उनको निबन्धसंसारभित्र प्रवेश गरेपछि हामीले हिँड्ने गरेका थुप्रै साँघुरा गल्लीहरू महसुस गर्न सक्छौँ।

यी निबन्धभित्र पाठकले अस्तित्वका रङहरूको बेजोड कोलाज भेट्टाउँछ। सबैभन्दा नीरस अवस्थाबाट जीवनलाई अगाडि बढाउँदै जाँदा सबैभन्दा सुन्दर ज्ञान प्राप्त भएको सुनिश्चित निबन्धकारले पटकपटक गरेकी छन्। उनको विश्वदृष्टि निर्माणमा सबैभन्दा भरपर्दो पर्खाल बनेर आफ्नै अनुभव उभिएका छन्। तर उनी आफ्नै अन्दाजमा ती भावनालाई प्रत्यक्ष रूपमा छर्छिन्। प्रकृति, रङ, दृष्टिकोणको पल्लो किनारमा बस्ने मृत्यु, छाया वा पुतलीका प्रतीकमार्फत विधालाई एकल रेखामा नलगेर वक्र बाटो हिँडाउँछिन्। त्यहीँबाट आफ्नो तर्क निर्माण गर्छिन्। आशालाई पीडाको बाहिरी जलपका रूपमा प्रयोग गर्छिन्।

लेखनको नवीन शैली छ। परम्परागत दृष्टिकोणलाई चुनौती दिइएको छ। बौद्धिक काउकुती छताछुल्ल छ। तथापि उनको प्रिय कालो रङ किताबको गातामा मात्रै होइन, निबन्धको अन्तर्यमा पनि पोतिएको छ। पढ्न सजिलो छ, तर तर्कलाई आफूसँग एकाकार गर्नका लागि कैयौँ दिन कुर्नुपर्ने हुन सक्छ। जीवनबाट मृत्युलाई हेर्दा डर लाग्छ। अस्तित्वले छायालाई हेर्दा रमाइलो लाग्छ। तर मोमिलाका निबन्धहरूले मृत्युतिरबाट जीवनलाई हेर, छायाको मायालाई बुझ भन्छन्। मन अतालिन्छ। दिमाग घुम्छ। अनि बिस्तारै उनी झुसिलकीरा र पुतलीलाई अगाडि सार्छिन्। भन्छिन्– पल्लो किनारबाट त हेर्नुपर्छ। जीवनको सार्थकता त्यसैमा रहन्छ।

हो, त्यसैले प्रश्नहरू त बाँकी रहन्छन्। तिनै प्रश्नहरूबीच अस्तित्वको उत्सव पनि हुन्छ। उनको प्रश्न सोध्ने तरिकाले नै नयाँ आयाम विकास गरिदिन्छ। तिनको उत्तर खोज्न आफ्नै इतिहास खोतल्ने, जगत्‌लाई हेर्ने, नपुगे राजनीति र मिथलाई एकै ठाउँमा भेला गर्ने उनको तरिका बेजोड छ। त्यसैले बामियाम बुद्धको मूर्ति ढल्दा उनलाई छुन्छ। उनी आत्मनिरीक्षणबाट उत्तर पत्ता लगाउँछिन्, तर अमूर्तजस्ता लाग्ने हरफहरूमा आफूलाई लुकाउन कीला र काँटा टाढाटाढा ठोक्छिन्। उनी आफ्नै अन्दाजमा हाँसेर आँसु लुकाउने यस युगकी आवाज हुन्। शैलीमा उनले अपनाएको नवीनता र निबन्धले उठाएका विषयवस्तुले उनलाई नेपाली निबन्धमा अग्रस्थानमा राख्ने मा कुनै शङ्का देख्दिनँ। उनको निजात्मक शैली बडो रोचक छ– प्रश्नहरू सोध्दै जाने, प्रश्नहरूको उत्तर पनि अत्य सूक्ष्म किसिमले पस्किने र उनको निजी शैलीमा हाँस्दै भनिदिने– केही प्रश्नहरू त बाँकी नै रहन्छन्...!




*डा. कोमल फुयाल*

✲

**डा. गीता त्रिपाठी**

# 'पृथ्वीको श्वेतपत्र'-मा अमर अभिव्यञ्जना

सहरका सुपरमार्केटहरूमा
थरीथरीका गुलाबका फूलहरूमा
चलेको छ प्रेमको किनबेच
चलेको छ कृत्रिम खुसीको व्यापार।




'सुपारमार्केट' संस्कृतिले तय गरेको उपभोक्तावादको चरम स्थितिमा छौँ हामी यतिखेर। हाम्रा आधुनिक आँखामा उत्तर आधुनिक चस्मा चढेको छ। जसरी सुन्दरताको अर्थ विस्तार भएर आएसँगै यसको जीवनीपरक मूल्यमा ह्रास हुँदै गएको छ त्यसरी नै विकासका नाममा हुने गरेका प्रकृति विपरीतका कर्मले आधुनिक जीवनपद्धतिलाई नै सङ्कटग्रस्त पार्दै लगेका छन्।

कवि अमरदीप सुनुवारका कविताहरू बजारवादले झ्याली पिटेको विघटित वर्तमानको चित्रमय अभिव्यञ्जना हुन्। ह्रासोन्मुख सांस्कृतिक मूल्यहरूमा निजत्व बिक्री गर्न आतुर मान्छेहरूबीच जगमगाइरहेको पुँजीवाद भुक्तिवादको मन्द विष छर्किरहेको छ। अतिशय रहरका रेसाभित्र इस्पात बन्दै गएको मानवता, जम्दै गएको सामाजिकता र स्वतन्त्रताका नाममा जेलिँदै गएकाहरूतर्फ कवि अमरदीप सचेतनताको दीप बाल्ने जिम्मेवारी उठाइरहेका छन्। यी कविता कथित 'सुपर' संस्कृतिको विकृतिबाट विचलनका व्याधि खेपिरहेका मानिसहरूलाई जीवनतिर फर्काउन उठेका चेतनशील पाइलाहरूको समूल प्रतिध्वनि हुन्।

समाजमा वर्गीय विभेदको सामन्तवादी स्वरूपले काँचुली फेरेर यो करेतबाट हर्‍यौ देखिएको मात्र हो। पुँजीवादले भित्रभित्रै निर्माण गरिरहेको मरुभूमिमा हामी विकासको 'लू'-सँगै लोलाइरहेका छौँ, तर हामीलाई ढल्न लागेको आफ्नो अस्तित्वबारे हुनुपर्ने चिन्ता र चासो व्यवहारतः हुन सकेको देखिँदैन। हाम्रा विकासका प्रभाव र योजनाहरू भर्चुअल छन्। हामीले हाम्रो संस्कृतिबाट झिक्नुपर्ने विरोधाभासहरूलाई नयाँ शैलीमा च्याप्न थाल्यौँ, तर 'सम्'-लाई आत्मसात् गर्न सकिरहेका छैनौँ भन्ने भावगत तथ्यलाई 'पृथ्वीको श्वेतपत्र'-का अधिकांश कविताले उद्घाटित गरेका छन्। केही कविता बाह्य प्रकृति र आन्तरिक प्रकृतिसँगको अन्तरङ्ग अनुभूतिले ब्युँझेका छन्। यस्तो ब्युँझाइको एउटा दृष्टान्त यहाँ विवेच्य छ–

जबजब आधुनिक चराहरूमा
स्वार्थका तीखा नङ्ग्रा, शक्तिका धारिला चुच्चा
अनि सत्ताका बडेमान पखेटा पलाउँदो रहेछ

आधुनिक चराहरूले
चराहरूकै अस्तित्वलाई चपाउँदा रहेछन्
चराकै जीवन सखाप पार्दा रहेछन्...।

उल्लिखित कवितांशमा वर्तमानको पर्यावरणलाई ध्वन्यात्मक संयोजन गरिएको छ। आधुनिक चेतलाई अचेत साबित गर्न लागिपरेका तीखा नङ्ग्राधारीहरूले शक्तिको आड पाएर धारिलो पारिएका चुच्चा र पखेटाका बिम्बहरूले कवितामा गहिरो भाव सम्प्रेषित गरेका छन्। सामान्यतः यी चिजहरू जीवन बचाइका निम्ति प्रकृतिप्रदत्त विशिष्ट उपकरण हुन्। जब तिनलाई बचाइका विरुद्ध प्रयोग गर्न थालिन्छ त्यस बखत कवि चेतना आन्दोलित भएर पग्लन थाल्छ। सजातीय दुखाइलाई उपेक्षा गरी स्टन्टबाजी गर्न खप्पिस स्वार्थमा आसक्त हुने मानव प्रवृत्तिप्रति यस कवितांशले व्यङ्ग्य गरेको छ। यान्त्रिकतातिर आकर्षित वर्तमानको आधुनिकतालाई कविले विनाशतिर उत्तेजित युद्धमा होमिएकाहरूतर्फ सङ्केत गरेका छन्। केही समययता चलिरहेको रुस-युक्रेन युद्ध होस् या इजरायल-प्यालेस्टाइन युद्ध, कविको लक्षित विषय चराझैँ आकाशमा उड्ने विध्वंसकारी उडानतिर रहेको छ, त्यस्तो उडान जसले प्रकृतिका स्वतन्त्र चराहरू (मानिस र प्राणीहरू)-लाई पनि बाँच्न दिएनन्। यति मात्र होइन, मानिस भएर मानिसलाई समेत बाँच्न नदिने आधुनिकताभित्र निर्मित आतङ्कलाई 'आधुनिक चरा' भनिदिएर कविले मानवताको पक्षमा चिन्तन गरेका छन्। यो चिन्तन श्वेतपत्रभित्रको मूल चिन्तन पनि हो।

श्वेतपत्रमा केही कविता छन् जुन अतीतसँग आगतको सम्बन्धको निरन्तरता जोगिनुपर्ने विचारको पक्षमा छन्। आलोचनात्मक चिन्तनबाट रूढि र अन्धविश्वास फालेर श्वेत बनेका आस्था र सम्बन्धहरूको औचित्य बुझाउने प्रयत्नमा रहेका यस्ता कविताले मानवतालाई केन्द्रमा राखेका छन्। सहरकेन्द्री हुँदै विदेश पलायन हुनाले रित्तिँदै गएको गाउँप्रति चिन्ता छ कवितामा। गाउँमा अन्धविश्वासले फस्टाउने मौका पाएका भए पनि त्यहाँ मानिसको अन्तर्विकासका निम्ति प्रशस्त सम्भावना बाँकी देखाइएको छ। ग्रामीणताको विकल्प नरहेको भाव 'गाउँका गीत'-जस्ता केही कवितामा प्रकट भएका छन्। सभ्यताको उद्गम हुन् नदीहरू। तिनै नदी आज आधुनिक घाउले दुखेका छन् अर्थात् संवेदनहीनताले सुकेका छन्। यस भावको मानवीकरण गरिएका 'लिखू नदी', 'वाग्मती'-लगायतका कवितामा पर्यावरणीय सङ्कटको स्थितितिर सङ्केत गरिएको छ। विकासको आधुनिक मोडलले प्राकृतिक जनजीवनलाई निमिट्यान्न पार्दै लगेकोप्रति कविताले प्रतिरोध प्रकट गरेको छ।

समाज परिवर्तनका निम्ति होस् वा अधिकारप्राप्तिका निम्ति, प्रश्न गर्नु आवश्यक छ। यो समय प्रश्नमार्फत कारणसम्म पुग्ने समय हो। परीक्षामुखी हाम्रो शिक्षाले प्रश्नप्रति न्याय गर्न सकेको छैन। हाम्रा केही आदर्शले अतीतमा अन्यायलाई चुपचाप सहन दबाव दिए र कतिपय सवालमा हामी कथित आदर्शहरूको खोलभित्र जीवनभन्दा ज्यादा विसङ्गति बाँच्न विवश बन्यौँ। शुद्धताका निम्ति पोलिनु सबैजसो क्षेत्रमा आवश्यक नहुन पनि सक्छ। तर प्रश्न नसोध्नुले हरेक क्षेत्र सच्चिनबाट बाहिरिन्छ। कविले 'सहिदगेट'-लगायतका केही कवितामा प्रश्न गर्न आह्वान गरेका छन्।

कवि आफू राष्ट्रसेवक भएकोमा गर्व गर्छन् भन्ने कुरा उनका 'राष्ट्रको तस्बिर'-जस्ता केही कविताले बोलेका छन्। आफू बाँचेको समयलाई आदिमताको सञ्ज्ञा दिँदै उनले 'आदिम देश' कवितामा देशभित्रका बेथितिप्रति विरोध बोलिरहेका छन्। यही देशका कुनाकन्दरालाई माया गरेर जीवनको उत्कर्ष भेट्न चाहने कवि अमरदीप सुनुवारका कवितामा भोगाइसापेक्ष परिभाषित शब्दहरू छन्, शब्दलाई कवि चेतनाको प्रवाहमा बग्न दिएर कतैकतै लयगत विचलन आएर पनि अर्थको तहमा यी कविताहरू कविता हेतुका वृत-वक्रताभित्र हिँडेका भेटिन्छन्। जसरी संस्कृतिका लयहरू मिलाउँदै जीवन अघि बढ्छ, यी कविताभित्रका आयामहरूले कवि अनुभूति र चेतनासँग लय मिलाउँछन्। 'आमाको महिमा' कविता शिशु अनुभूतिको वयस्क स्वरूप हो जहाँ आमाको महिमा कागजमा होइन, कविको जीवनमा छ भन्ने भाव सञ्चार हुन्छ। यस्तै महिमा पृथ्वीप्रति पनि छ। शीर्ष कविता 'श्वेतपत्र'-मा कविको हरियाली चिन्तन यसरी प्रवाहित भएको छ–

म नीलो ग्रह पृथ्वी हुँ
पृथ्वी नै हुन चाहन्छु
ब्रह्माण्डभरि शीतलता छर्न चाहन्छु...
मेरो आकार र आयु नाप्न सकौला
तर करुणा र प्रेम नाप्न सक्दैनौ
मेरो व्यास र तौल नाप्न सकौला
तर जीवन र जगत्को मूल्य मापन गर्न सक्दैनौ
मलाई पृथ्वी भएकोमा कुनै खेद छैन...।

'पञ्चतत्त्व हुन चाहन्छु' कवितामा कविको प्रबल इच्छाशक्ति देखिन्छ। जीवन र सृष्टिप्रति प्रेम र सद्भाव राखिएका कविताहरूमा कविले सकारात्मक सन्देश भरेका छन्। जति नै निराशा, अभाव, कुण्ठा र विसङ्गतिबीच बाँच्नुपरे पनि कवि आफ्नो

समयको गीतमा लय भर्न उद्धत देखिन्छन्। प्रकृतिका अनुपम उपहार, संस्कृतिका अत्युच्च धरोहर र जीवनदर्शनका अन्तःस्पर्शी विहारप्राप्त कवित्व चेतनामा **पृथ्वीको श्वेतपत्र** कोरिएकाले यी कविता कविको प्राथमिक चेतनाका किरणहरू हुन् जुन किरणको प्रियता नै कोमलतामाथि आरामले स्पर्श गर्नु हो। यी कविताको स्पर्शमा आवेगहरूको नृशंसतालाई निषेध गरिएको छ। यहाँ युद्धको मैदानबाट जीवन उमार्ने कामना छ, प्रकृतिका प्रवाह र सृष्टिको गीतमा सङ्गीत भर्ने भावना छ र छ आफूले बाँचेको समयको शत प्रतिशत अभिलेखन जहाँ हरेक विपर्यासबीचको अन्तरालमा एकएक जोर सद्भावका अनुप्रासहरू छन्। **पृथ्वीको श्वेतपत्र** प्रकृति र जीवनको अनुप्रास हो। यहाँ कतै लयहरूको विलय छ, फेरि कतै छ विलयहरूको उत्खनन।



*डा. गीता त्रिपाठी*

✲

**ज्ञानु अधिकारी**

# लैङ्गिक विषयका शक्तिशाली कथा 'बेग्लै म'

नेपाली साहित्यमा पछिल्लो समयमा निकै पठनीय आख्यानकृतिहरू आएका छन् र यस विधाले निकै व्यापकता प्राप्त गरिरहेको पनि छ। यस्तै आख्यानकृति लिएर आएको अर्को नाम हो उषा शेरचन। आख्यानलेखनको शृङ्खलामा वरिष्ठ स्रष्टा उषा शेरचनको उपस्थिति २०७० को दशकको आरम्भसँगै भएको हो। हालसम्म उनका तीन ओटा सशक्त आख्यानकृतिहरू नेपाली साहित्यका पाठकहरूले पाइसकेका छन्। नेपाली साहित्यका कविता, गीत, मुक्तक, उपन्यास र कथा गरी विविध विधामा कलम चलाएर स्थापित चर्चित भएकी उषा शेरचनले आफ्नो साहित्ययात्रा मुक्तक र कविताबाट आरम्भ गरेकी हुन्। मुक्तक र कविता विधामा ख्याति प्राप्त गरी पछिल्लो समयमा उनी आख्यानका क्षेत्रमा बढी



क्रियाशील देखिन्छिन्। २०३५ सालमा **मोदीबेनी** पत्रिकामा 'लोप' शीर्षकको लघुकथा प्रकाशित गरेपछि नै उनको आख्यानयात्रा थालिएको हो। उनका प्रशस्त मुक्तक र कविताकृतिका साथै **तेस्रो रङ** (२०७०) कथासङ्ग्रह र **आधि** (२०७६) उपन्यासपछि उनको प्रस्तुत कथासङ्ग्रह **बेग्लै म** (२०८१) प्रकाशनमा आएको हो।

लैङ्गिक विभेदका विविध दृष्टान्त, लैङ्गिक चेतना, समय र समाजको यथार्थ चित्र, मानवीय संवेदनाका सूक्ष्म पक्षहरूको जीवन्त प्रस्तुति, पछिल्लो समय बढ्दै गएका पारिवारिक तथा सामाजिक समस्याजस्ता विषयहरू कथाकार शेरचनका कथामा पाइने मूल अन्तर्वस्तु हुन्। यी सबै विषयलाई परम्परित सोचको फ्रेमभन्दा बाहिर निस्केर फरक कोणबाट हेर्ने सूक्ष्म दृष्टि उनका कथामा पाइन्छ। तेस्रोलिङ्गी र समलिङ्गी अर्थात् फरक लिङ्गीका विषयलाई पनि उनका कथाले राम्रोसँग उठाएका मात्र छैनन्, न्यायसमेत दिएका छन्। उनको कथा भन्ने शैली सामान्य वर्णनात्मक मात्र नभई यथार्थपरक छ र अझ त्यसभन्दा माथि वास्तविकतामा आधारित छ। अर्थात् यथार्थ (रियालिटी)-भन्दा बढी वास्तविक (फ्याक्ट) हुनु उनका कथाको विशेषता हो। आजका युवा समाज र युवा मनलाई भित्रैदेखि छामेर कथा लेख्ने पृथक् विशेषताका कारण उषा शेरचनले उत्तरवर्ती कथालेखनमा आफ्नो पृथक् पहिचान बनाएकी छन्।

आख्यानकार उषा शेरचनको **बेग्लै म** (२०८१) २१ ओटा कथाको सङ्ग्रह हो र यस सङ्ग्रहका कथाहरूले शीर्षकको नामजस्तै बेग्लै हुन रुचाउँछन् अर्थात् पृथक् परिचय दिन्छन्। यस सङ्ग्रहका कथामा पितृसत्तात्मक सोचाइ र त्यसबाट आक्रान्त नेपाली समाजका नारीहरूका विविध विडम्बनायुक्त परिघटनालाई विषयवस्तु बनाइएको छ। हैकमवादी पुरुषमनोवृत्ति र नारीमाथि गरिने अमानवीय व्यवहार, सामाजिक कुरीति, विकृति र विसङ्गति, मानवीय सम्बन्धका विविध पक्ष र तिनले सृजना गरेका समस्याहरू, मान्छेका मानसिक समस्या, लैङ्गिक अल्पसङ्ख्यकहरूका समस्या र तिनका पहिचानका सन्दर्भ आदि पनि उनको यस सङ्ग्रहका कथामा विषयवस्तु बनेका छन्।

प्रस्तुत **बेग्लै म** कथासङ्ग्रहका २१ ओटा कथाले नै भिन्नभिन्न विषय, पात्र वा चरित्र र केन्द्रीय भावलाई अभिव्यक्त गरेका छन् र सबै कथामा पाठकलाई आकर्षण गर्ने सम्मोहन शक्ति छ। 'कारको चाबी', 'लड्डू', 'बेग्लै म', 'अधिवास', फ्ल्याट नम्बर आठ', 'पारपाचुके', 'कथाभित्रका अनेक कथा', 'खेलौना' आदि कथा विशिष्ट र उल्लेखनीय छन्। लोग्नेबाट पीडित एउटी नारीको स्वतन्त्रताबोधलाई 'कारको चाबी' कथाले अभिव्यक्त गरेको छ भने 'पारपाचुके' कथामा आमा, छोरी र डाक्टरको समाख्यानका माध्यमबाट मानसिक हिंसामा परेकी आमा, पारिवारिक

किचलोका कारण अनेक उल्झन र मानसिक समस्यामा परेकी छोरी र पुरुष अहङ्कारले ग्रस्त जुवाग्डे बाबुका बीचको जटिल सम्बन्धलाई देखाइएको छ। लामो कथाको संरचनाभित्र रहेको यस कथाले सिङ्गो उपन्यासको परिवेशलाई ओगटेको देखिन्छ। 'लड्डू' कथामा एक्लो जीवनभित्रको स्वतन्त्रतालाई केन्द्रीय कथ्य बनाइएको छ भने 'बेग्लै म' कथामा एउटा पुरुषमा बालक र किशोर हुँदै युवावस्थासम्म आइपुग्दा कसरी उसभित्र नारीमन र नारीपन हुर्किरहेको रहेछ भन्ने कुरा देखाइएको छ। फरक यौनिकता र फरक लैङ्गिकतामा अत्यन्त असहज जीवन बाँचेको छोरालाई नारीमन र नारीपनका साथ बाँच्न बाबुआमाबाट स्वीकृति पाएको सन्दर्भ देखाएर भिन्न लैङ्गिकता समाजमा स्वीकार्य हुनुपर्छ भन्ने कुरा यस कथामा मूल सन्देश बनेर आएको छ।

यसरी नै 'फ्ल्याट नम्बर आठ' पुरुष यौनकर्मी युवकको कथा हो र काठमाडौँमा पुरुष यौनकर्मी युवकको भित्री रहस्य र उसका बाह्य-आन्तरिक मनोदशा, स्थिति आदिको चित्रणका दृष्टिले यो कथा विशिष्ट छ। 'अधिवास' यौनव्यवसाय गरेर जीवन धानेकी युवती र एउटा युवकको कथा हो। यस कथामा पुरुषहरू खराब मात्र हुँदैनन्, उनीहरूले नारीलाई भोग्याका रूपमा मात्र हेर्दैनन्, सम्मानका दृष्टिले पनि हेर्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ। 'कथाभित्रका अनेक कथा' अनेक घटनाको संयोजन गरेर लेखिएको प्रयोगशील कथा हो। यो सहरिया परिवेशको कथा हो भने 'खेलौना' कथा यौनलाई विषय बनाएर लेखिएको छ। संवादात्मक शैलीमा लेखिएको यस कथामा यौनलाई जैविक गुण र यौनेच्छालाई जैविक चाहनाका रूपमा चित्रण गरिएको छ। यस प्रकार यी कथाका अतिरिक्त यस सङ्ग्रहका अन्य कथाले पनि सहरिया परिवेशलाई आफ्नो कार्यपीठिका बनाएका छन्।

**बेग्लै म** सङ्ग्रहभित्रका धेरै कथा परम्परागत धारभन्दा फरक छन्। समाजमा रहेका विकृत मानसिकता र अनेक समस्याका सूक्ष्म तन्तुहरूलाई समाएर कथालाई समाधानमा लगेर टुङ्ग्याउनु कथाकारको विशेषता हो। वास्तवमा पुरुषसत्तावादी नेपाली समाजले द्विलिङ्गीय संरचनालाई मात्र स्वीकृति दिन्छ र तेस्रोलिङ्गी वा लैङ्गिक अल्पसङ्ख्यक वा यौनिक अल्पसङ्ख्यक, पुरुष समलिङ्गी, नारी समलिङ्गी, यौनकर्मी महिला र पुरुष आदिका विषयलाई लिएर कम कथा लेखिएका सन्दर्भमा उषा शेरचनको प्रस्तुत कथासङ्ग्रहले यिनै र यस्तै विषयवस्तु पस्केकाले यी कथा वास्तवमा बेग्लै बनेका छन्। यस सङ्ग्रहका कथाको अर्को पाटो पुरुषप्रधान समाजमा नारीले भोग्नुपरेका विभिन्न किसिमका लैङ्गिक हिंसालाई देखाउनु पनि हो। यस सङ्ग्रहका कथाहरूले पीडा भोगिरहेका नारीलाई पीडा सहेर र रुन्चे बनेर बस्न प्रेरित गर्दैनन्, बरु पुरुषसँग प्रतिरोध गरी आफ्नो अस्तित्व र हैसियत देखाएर चुनौती दिन प्रेरित गर्छन्।

त्यस कारण यस सङ्ग्रहका कथाहरूले सामान्य नेपाली जीवन भोगाइलाई भन्दा अलि फरक किसिमको जीवन भोगाइलाई विषय बनाएका छन्। त्यस कारण पनि यस सङ्ग्रहका कथालाई लैङ्गिक विषयका शक्तिशाली कथा मान्न सकिन्छ।

यस सङ्ग्रहका कथामा जीवन र जगत्बाट नै पात्रहरू टिपिएका छन् र घटनाहरू बुनिएका छन्। प्राय: हरेक पीडित महिला र लैङ्गिक अल्पसङ्ख्यकहरूले आफ्नै कथा लेखिएको अनुभूति गराउन सक्ने सामर्थ्य यी कथामा पाइन्छ। कथाहरूमा घटना, पात्र, परिवेश, तिनले बोल्ने संवाद र भाषाका बीच एक किसिमको सहसम्बन्ध र सन्तुलन नै पाइन्छ भने धेरैजसो कथा पूर्णतया सहरी परिवेशका भएकाले त्यसअनुरूपको परिवेश चित्रण र भाषाशैली यस सङ्ग्रहका कथामा प्राप्त गर्न सकिन्छ। आयामका दृष्टिले पनि यस सङ्ग्रहका कथा विविधतामय छन्। छोटोमा एक पृष्ठका कथादेखि लिएर लामोमा २५ पृष्ठसम्मको आयाममा विस्तारित कथाहरू यस सङ्ग्रहमा रहेका छन्।

प्रस्तुत **बेग्लै म** सङ्ग्रहका कथाहरू अधिकांशत: लैङ्गिक विषयका दृष्टिले अध्ययनीय छन् भने लैङ्गिक वा यौनिक अल्पसङ्ख्यक, पुरुष यौनकर्मी, नारी यौनकर्मी, पुरुष समलिङ्गी, नारी समलिङ्गी, पुरुषपन र पुरुषमनका नारीपात्र, नारीपन र नारीमनका पुरुषपात्र आदिलाई उभ्याएर कथा लेखिएकाले क्विअर थ्योरीका दृष्टिले पनि यस सङ्ग्रहका कथालाई लिन सकिन्छ। नारीलाई पुरुषको सहारा चाहिँदैन, ऊ एक्लै पनि स्वतन्त्र भएर अस्तित्वशील जीवन बाँच्न सक्छे भन्ने कुरा यस सङ्ग्रहका धेरै कथाले देखाएका छन् र त्यस्तै किसिमका पात्रहरू पनि सृजना गरिएका छन्। यस सङ्ग्रहका कथाहरूमा आजको सहरिया नेपाली समाजका प्रायजसो लुकेका पाटाहरू खोतलिएकाले त्यस्तो किसिमको समाज बुझ्नका लागि यस सङ्ग्रहका कथा पठनीय छन् र प्रस्तुत कृति सङ्ग्रहणीय छ।




*ज्ञानु अधिकारी*

*

**महेश पौड्याल**

# सुशीला देउजाको 'केही पाइला केही अनुभूति'




कथा, कविता, बालसाहित्य र यात्रासंस्मरणको लेखनमा साधनारत सर्जक सुशीला देउजाको नियात्रा **केही पाइला केही अनुभूति** वि. सं. २०७६ मा स्वदेश प्रकाशनबाट प्रकाशित नियात्राकृति हो। कृतिलाई 'विकसितदेखि द्वन्द्व प्रभावित मुलुकहरूको भ्रमणबाट' भनेर उपशीर्षक दिइएको छ। कृतिमा लेखकले आफूले यात्रा गरेका कम्बोडिया, स्विटजरल्यान्ड, फ्रान्स, केन्या, इटाली, अफगानिस्तान र किर्गिस्तानजस्ता देशका विविध अनुभूति समेटिएका छन्। यी संस्मरणहरूमा भौगोलिक परिवेश र दृश्यको वर्णन मात्रै छैन, यिनमा तत्तत् देशका सामाजिक, राजनीतिक र सांस्कृतिक पक्षको पनि राम्रो अभिलेख उतारिएको छ। त्यसैले यी संस्मरण पढ्ने जोकोही पाठकले पनि यिनीबाट उक्त देश र त्यहाँको जनजीवनबारे धेरै कुरा जान्ने मौका पाउँछन्।

आम संस्मरणका अधिकतम लक्षण यिनमा पाइए पनि यिनका विशेषता भनेका तीन बिन्दुमा उभिएका छन्। पहिलो यिनले अन्य सबै कुरासँग कतिपय देशका द्वन्द्वको दारुण चित्रण गरेकी छन् जुन मानव सभ्यताको इतिहासमा निकै कालो धब्बासहित उभिएको छ। यस्ता देशहरूमा कम्बोडिया र अफगानिस्तान पर्छन्। दोस्रो कुरा भनेको 'विकसित' भनिएका देशहरूमा देखिने विकासको रफ्तार र त्यस विकासको पछाडिका कारकहरूको सूक्ष्म दर्शन। र तेस्रो कुरा अति विकास र अति द्वन्द्वका बीच कहिले काहीँ अदृश्य बनेर रहने शाश्वत मानवीय मूल्य पनि हुन्छ। त्यसलाई सूक्ष्म दर्शनक्षमता भएका पर्यवेक्षकले मात्रै ठम्याउँछन् र सतहमा ल्याउँछन्। यो तेस्रो पाटो यस पुस्तकमा समेटिएका सातै वटा संस्मरणमा फैलिएको सुशीला देउजाको चेतनाको प्रवाह हो।

सर्जक देउजाले विषयको उठान कम्बोडियाको संस्मरणबाट गरेकी छन्। हुन त कम्बोडियाको पहिचान त्यहाँ चलेको क्रूर द्वन्द्व मात्रै होइन, प्रकृतिले यसलाई दिएका अनेकौँ दुर्लभ वरदानहरू पनि हुन्, तर द्वन्द्वको विकराल स्वरूपको अँध्यारोमा यस देशको आलोक छोपिन पुगेको छ। उदाहरणका लागि कम्बोडिया भन्नेबित्तिकै पोलपोट र उनको सेनाले सन् ७० को दशकमा मच्चाएको विध्वंस र नरसंहार मात्रै अगाडि आउँछ, तर यो त्यही देशको जहाँ विश्वको सबैभन्दा प्राचीन ठूलो हिन्दू मन्दिर छ, मनमोहक प्रकृति छ, भव्य संस्कृति छ र दिलदार मानिसहरू छन्। सन् १८६१ देखि नै फ्रान्सको उपनिवेशमा परेको यो देश पूर्वाधारको विकासमा पहिल्यैदेखि उन्नत थियो भन्ने संस्मरणले जनाउँछ र यहाँको अस्थिर राजनीति र क्रूर शासनव्यवस्था यसको इज्जतमा दाग बनेर बसिरह्यो।



*महेश पौड्याल*


✲

**मणि लोहनी**

# विसङ्गत वर्तमानमाथि प्रेमको जबर्जस्त दस्तखत

लीला अनमोल मेरो समयकी कवि हुन्।

**अन्तिम कुमारी रात** उनको नवीनतम कविताकृति हो। गजबगजबका ६४ वटा कविताले यो कृति भरिएको छ। जीवन सङ्घर्षले सुल्झिएकी लीला प्रेम र सम्बन्धबारे प्रस्ट छिन्। देश र जनताका खातिर भएका र हुन लागेका अनेकन् तिकडमबाजीप्रति क्रोधित छिन्। लोकतन्त्र र सङ्घीयताको ललिपपमा डुबेका नागरिकका सपना र फरक विचार बोकेकै कारण आफ्नै देशभित्र निरीह बाँचिरहेका नागरिकप्रति लीला संवेदित छिन्।




हो, **अन्तिम कुमारी रात** प्रेम, राजनीति र देशमाथि लेखिएका जबर्जस्त कविताहरूको सङ्ग्रह

हो। यसभित्र रहेका अधिकांश राजनीतिक कविताले विसङ्गत वर्तमानको फराकिलो क्यानभास बनाएका छन्। र, यहीभित्र रहेका केही प्रेम कविताले त्यही क्यानभासमा प्रेमको जबर्जस्त दस्तखत गरेका छन् जसका कारण यो पठनीय कवितासङ्ग्रह बनेको छ।

मैले सुरुमै भनेँ– लीला मेरो समयकी कवि हुन्। उनले र मैले बाँचेको समय एउटै छ। नेपाली कवितामा सङ्घर्ष गरिरहँदा उनी र म सँगै थियौँ। त्यही भएर हामीले हेर्ने, सोच्ने र बुझ्ने तरिका मिल्छ। त्यही भएर पनि लीलाको यो किताब पढिरहँदा म आफ्नै समयको कविता पढेको आभासले दङ्ग परेँ। मलाई लीलाका शब्दहरूले मोहित बनाए। उनको कविता लेख्ने तौरतरिकाले म उत्साहित बनेँ। एउटै समयमा कविता लेखिरहँदा पनि हाम्रा कवितामा कति धेरै भिन्नता? त्यसो त ५० को दशकको नेपाली कविताको सौन्दर्य के हो भने विविध अनुहारमा कविहरूले एउटै समयको तस्बिर खिचिरहे। र, हरेक तस्बिर भिन्नभिन्न दस्ताबेज साबित भए।

आखिर मान्छे रहेछ!
कसैले भरेको प्लास्टिकको बेलुन
जो हावा सकिएपछि खुम्चिएर बिस्तारै
समाप्त भएर जान्छ, जीवनको अस्तित्व। ('म मरेको दिन')

यो किताबभित्र रहेका 'यो विवाद किन प्रिय लाग्छ?', 'प्रेम', 'कैदी समय', 'म मरेको दिन', 'यो कस्तो रङ्गमञ्च हो?', 'झरी', 'र म पागल भएकी हुँ', 'खबरदारी', 'रहर', 'तिमी नभएको भए', 'कर्फ्यू', 'वनवास', 'भेन्टिलेटरमा किशोरी रहर', 'मलाई जन्मकैद हुन सक्छ' र 'अमृता विश्वकर्मा' उत्कृष्ट कविता हुन्। यी कविताले नेपाली कविताको अहिलेको अनुहारलाई उज्यालो पारेका छन्। यी कविताहरू नेपालका प्रतिनिधि कविता हुन्। आजका कविता हुन्। हाम्रो समयका कविता हुन्। हामीले बाँचिरहेको विसङ्गत समयका कविता हुन्। एक चोटि फेरि भनौँ, लीला अनमोलका यी कविता विसङ्गत वर्तमानमाथि प्रेमको जबर्जस्त दस्तखत हुन्।

लीलाले लकडाउनको बेला लेखेको एउटा कविता छ 'कैदी समय'–

...र यो कैदी समय
म तिम्रो प्रेमको तुफानी हावा फेरेर बाँचेकी छु।

लीला कविता अगाडि बढाउँछिन्–

सडक सुनसान भएर के भो?
मभित्र तिम्रो प्रेमको सहर छ।

यो कविता पढेर म रन्थनिन्छु। र, थप तरङ्गित हुन्छु 'झरी' कविताले। एउटा कवितामा उनी लेख्छिन्–

नपाउनु पाएपछि तिम्रो मायाको प्रसिद्धि
एउटा छुट्टै आनन्दीको लहर बहिरहेछ मभित्र
चर्चैचर्चाको दहबाट
तिम्रो प्रेमको गुभो पलाएर
मेरो संसार हरियो भएको छ। ('यो विवाद किन प्रिय लाग्छ?')

मैले लेखेको भए यो कविताको शीर्षक 'प्रेमको प्रसिद्धि' राख्थेँ। त्यसो त प्रेमसँग जोडिएका यहाँ धेरै कविता छन्– सबै एकसेएक।


*मणि लोहनी*

साङ्ग्रिला बुक्सले छापेको यस कवितासङ्ग्रहमा कमजोरी के छन्? म निकै चनाखो र सचेत बनेँ। केही कविता दोहोऱ्याएर पढेँ। र, मलाई लाग्यो, कुनैकुनै कविता विवरणात्मक छन्। तिनलाई सम्पादन गर्न सकिन्थ्यो। कुनैकुनै कविता लीलाले वैचारिकतासँग मिसमास गरेकी छन्। त्यसो नगरेको भए अझ सुन्दर हुन्थ्यो होला।

**अन्तिम कुमारी रात** पढेपछि मलाई लागेको के हो भने लीला प्रेमकी कवि हुन्। उनी जीवनलाई प्रेमिल बनाउन उद्धत छिन्।

*


**एलिशा ढुङ्गाना**

# 'प्रदीप्त मनभित्र' देखिएको उज्यालो संसारको कामना

**प्रदीप्त मन** कवि जुनू घिमिरेको दोस्रो कवितासङ्ग्रह हो। समसामियक विषयवस्तुमा लेखिएका जुनूका कविताले वर्तमान समयमा महिलाले बुझेको समाज पढ्न सकिन्छ। जीवनयापनका लागि विविध प्रसङ्ग र सन्दर्भमा अघि बढ्ने क्रममा कवि जुनूले जस्तो समाज र समय देखिन् त्यही लेखेकी छन्। सरल शब्दमा जीवनका जटिलताहरूलाई केलाउने उनको प्रयास राम्रो देखिन्छ।

मानिसको मन केले बनेको हुन्छ? किन यो हरविषय र प्रसङ्गमा चनाखो हुन्छ? किन यति धेरै संवेदनशील यो मन? यसको सही जवाफ सायद कोहीसँग पनि छैन। तर यही बुझ्न नसकिने मनले नै हो मान्छेलाई अन्य जीवभन्दा भिन्न र विशिष्ट

बनाएको जसका कारण मानिसले देख्ने र बुझ्ने तौरतरिका फरक छ। जीवनलाई हेर्ने दृष्टिकोण हरेक मानिसको भिन्नभिन्न हुन्छ। यही बुझाइको विविधता नै समाजको विशिष्टता पनि हो।




म जुनूका कविताले आह्लादित भएकी छु। उनका हरेक कविताले महिलाको मनस्थिति र अनुभवलाई उतारेका छन्। सरल र बोधगम्य उनका कविताले समयको स्वर बोलेका छन्। जीवनयापनका क्रममा भोगेका सन्दर्भ र विषयलाई सजिला शब्दहरूको सहयोगमा जुनूले कविता लेखेकी छन्। सकारात्मक सोच र उज्यालो समाजको कामना उनका कविताको ध्येय हो।

सङ्ग्रहको पहिलो कविता 'मान्छे हराएको गाउँ'-ले देशको पछिल्लो अवस्थालाई चित्रण गरेको छ। दुःखका पहाडहरूले भरिएको सुनसान गाउँको कथा भनेको छ–

बा भेटिए अनि बाहरूका जवानी भेटिए
जवानीमै छुट्नेहरू भेटिए!
भेटिएनन् त गाउँ बनाउने युवा
भेटिएनन् मलामी र
मसानघाट बस्ती नजिक सर्दै गरेका भेटिए! ('मान्छे हराएको गाउँ')

जुनूका कवितामा बदलिँदो समय र बिदेसिएका नेपालीका पीडाहरू छन्। विसङ्गति र बेथितिले भरिएको राजनीतिप्रतिको रोष कवितामा छ। चाहेर पनि आम मानिसले भेट्न नसकेको खुसीको खोजी नै जुनूका कविता हुन्। उनका कविताले शासकको भक्ति गाएका छैनन्। शक्तिको पूजा पनि गरेका छैनन्। समग्र चराचर जगत्‌को हित खोज्ने कविले उज्यालो संसारको कामना गरेकी छन्– **प्रदीप्त मन**मा।

सरलता जुनूको विशेषता हो। उनका हरेक कविता जोकोहीले पढ्न र बुझ्न सक्छन्। राम्रो बनाउने नाममा अस्पष्टता र क्लिष्टताको सहारा उनले लिएकी छैनन्। सजिलोसँग मानिसका भोगाइ र सङ्घर्ष उनले कवितामा लेखेकी छन्। उनलाई कवितामा बौद्धिकता छाँट्नु छैन। जटिल बनाउनु पनि छैन। सरल तरिकाले जीवनका दर्शन र वैशिष्ट्य भन्न सक्नु नै ठूलो कुरा हो। रमाइलो त के भने जुनूका कविता पढिरहँदा पाठकले अर्थबोधको हैरानी खेप्नुपर्दैन।

**प्रदीप्त मन**भित्रका कविता सबै राम्रा छैनन्। तर सङ्ग्रहभित्र रहेका ४३ कवितामध्ये पाँचसात वटा कविता निकै राम्रा छन्। बाँकी कविताले पनि कविताको धर्म छाडेका छैनन्, तर केही कविताले सम्पादन खोजेका भने छन्। भाषिक त्रुटिहरू यदाकदा भेटिन्छन्। तर पनि कविताको सार र त्यसले दिएको सन्देशका अघि यी सबै गौण बनेका छन्।



*एलिशा ढुङ्गाना*


दोस्रो कवितासङ्ग्रहसम्म आइपुग्दा जुनूले आफूलाई कविताप्रति प्रतिबद्ध साबित गरेकी छन्। कविताकर्ममा उनको निरन्तरताले नेपाली कविता समृद्ध बन्ने निश्चित छ।

जुपिटर पब्लिकेसन्सले बजारमा ल्याएको **प्रदीप्त मन** पछिल्लो समय आएका किताबहरूमा चर्चामा छ। यसले जुनूको काव्यिक स्तरलाई अग्ल्याएको मात्र छैन, कविताका पाठकको भोकलाई केही हदसम्म निर्मूल पनि पारेको छ। सजिला शब्दमा बोधगम्य कविता कसरी लेख्ने भन्नका लागि पनि यो किताब पढ्नैपर्छ।

*

**अनन्त लम्साल**

# विविध स्वाद र शैलीका पठनीय निबन्ध : 'संवेदनाको समायोग'




उत्तरवर्ती समयकी चर्चित समालोचक ज्ञानु अधिकारी (२०३५)-को सृजनात्मक सामर्थ्य पनि निकै सबल छ भन्ने कुरा उनका कविता र निबन्धले स्पष्ट पार्छन्। उनका दर्जनभन्दा धेरै समालोचनाका पुस्तक प्रकाशित छन्। नेपाली निबन्धको उत्तरवर्ती चरणमा देखा परेकी निबन्धकार अधिकारीको पहिलो निबन्धसङ्ग्रह **संवेदनाको समायोग** (२०८०)-मा लेखकका जीवनका अनुभव र अनुभूति कलात्मक तरिकाले प्रस्तुत गरिएको छ। निजात्मक वा अत्मपरक शैलीमा लेखिएका यस

सङ्ग्रहका ललित निबन्धका विषयवस्तुअन्तर्गत मूल रूपमा नारीसंवेदना, नारी अस्तित्वको खोजी, पितृसत्तात्मक दृष्टिकोण, लैङ्गिक विभेद, प्रेम, स्मृतिका अनेक संवेदना, वर्तमानका समस्या, लेखकीय सन्दर्भ आदि रहेका छन्। २२० पृष्ठ सङ्ख्या रहेको पुस्तकमा सङ्गृहीत ३७ निबन्धलाई सात खण्डमा विभाजन गरिएको छ।

'असम्यक् स्पर्श' खण्डमा रहेका छ वटा निबन्ध मुख्य रूपमा नारीसंवेदना, नारीभूमिका, नारीपुरुष सम्बन्ध, नारीचेतना, पितृसत्तात्मक समाज र सोच आदिलाई केन्द्र बनाएर यसकै वरिपरि घुमेका छन्। 'के म सफल आमा बन्न सकेँ?' निबन्धमा एकै समयमा एउटी नारीले पूर्ण रूपमा आमा र प्राज्ञिक तथा सार्वजनिक व्यक्तित्वका रूपमा आफूलाई उभ्याउन गरेको सङ्घर्ष संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ। निबन्धकार अधिकारीले नारीको जीवनमा यी दुवै भूमिकाको महत्त्वमाथि प्रकाश पार्दै आफ्ना वैयक्तिक अनुभव र अनुभूतिका माध्यमबाट नारीसंवेदना, मातृत्व र नारीचेतनाको साझा पक्ष निबन्धमा कलात्मक शैलीमा प्रस्तुत गरेकी छन्। 'शृङ्गार, सौन्दर्य र नारी' निबन्ध शिक्षित र सबल भएर पनि कठपुतलीको जस्तो जीवन बाँचिरहेका नारीहरूमा आधुनिक सोच तथा चेतनाको कुनै प्रभाव नपरेको तथ्यप्रति केन्द्रित छ। निबन्धमा नारीसौन्दर्य आवरणको शृङ्गारमा नभएर अन्तश्चेतना र प्रज्ञामा हुने कुरालाई जोड दिँदै आजका शिक्षित नारीहरूले पितृसत्ता र बोक्रे सुन्दरताको कैदी नभई आफ्नो स्वाभिमान तथा आत्मसम्मान उच्च राखेर बाँच्न सिक्नुपर्ने भाव अभिव्यक्त छ–

"आजको युगमा बाँचेका शिक्षित युवतीहरू नै यसरी पितृसत्ताको भक्त भएपछि उनीहरूका सन्तानले सिक्ने संस्कार कस्तो होला?" (पृ. २०)

आजका शिक्षित युवतीहरूको समेत मनोदशा र व्यवहारमा देखिने यो प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै यसो हुनुमा नारीहरू मात्र दोषी नभएर त्यो दोष हाम्रो शिक्षा, संस्कार या त सामाजिक सोचमा पनि रहेको निबन्धकारको तर्क छ। 'तिम्रो अनुपस्थिति' शीर्षक निबन्धमा नारीपुरुष सम्बन्धको सन्दर्भ उठाइएको छ। नारी र पुरुषबीचको सम्बन्धलाई जोगाउन सदैव नारीले बलि चढ्नुपर्ने परम्परा तथा मूल्यमान्यताप्रति प्रश्न गर्दै नारीलाई सबै कुरा दिन सक्ने पुरुषको नारीको प्रगति हेर्न नसक्ने, नारीको प्रशंसा सुन्न नसक्ने र साथ र सहयोगका लागि नारीको पछाडि उभिन नसक्ने मनोविज्ञानप्रति कटाक्ष गरिएको छ। निबन्धकार अधिकारी नारीरूप, सौन्दर्य र विनयशीलता मन पराउने पुरुषलाई नारीको अस्तित्व चेतना किन मन पर्दैन भन्दै प्रश्न गर्छिन्। यस निबन्धमा नारी आफै आफ्नो पहिचान, स्वत्व र आत्मसम्मानका लागि उठ्नुपर्ने भाव अभिव्यक्त भएको छ। 'मानव सभ्यताको यात्रामा नारी' निबन्धमा हजारौँ वर्षअघि लेखिएको वेदमा उच्च

स्थानमा राखेर पूजित तथा सम्मानित नारीलाई आजको समाजमा कमजोर र दोस्रो दर्जाको नागरिकसरह देखाइनु र व्यवहार गर्नु हाम्रा धार्मिक तथा सांस्कृतिक परम्पराको विरोधाभासपूर्ण पक्षका रूपमा चर्चा गरिएको छ। शास्त्रमा प्रकृति, शक्ति, सृष्टि, आदर्श, सिद्धि र सौन्दर्यको प्रतीकका रूपमा व्याख्या गरिएकी नारीलाई आज कमजोर देखाइनु पितृसत्ताको प्रायोजित षड्यन्त्रका रूपमा व्याख्या गर्दै समाजको नारीप्रतिको दृष्टिकोण परिवर्तन हुनुपर्ने मान्यता यस निबन्धमा अभिव्यक्त छ। 'नारीलेखनका चुनौती' निबन्धमा नारी लेखकहरूका अप्ठ्यारा पक्षहरूमाथि विमर्श गरिएको छ। एउटी नारीको भूमिका अनेक रहने अदृश्य सामाजिक बन्धनले नारीहरू बाँधिएको कुरा यहाँ अभिव्यक्त छ। त्यसै गरी 'साँच्ची नारीवादीहरूले पुरुषको ईर्ष्या गर्छन्?' निबन्धमा समाज तथा घरपरिवारदेखि विश्वविद्यालयमा समेत नारीवादी चेतनालाई नकारात्मक अर्थमा लिइने प्रसङ्ग उप्काइएको छ। नारीले आफ्नो अस्तित्वको बोध गर्नु तथा विभेद, असमानता, अन्याय र दमनका विरुद्ध बोल्नु-लेख्नु भनेको पुरुषको विरोध नभई नारीहरूका पक्षमा बोल्नु हो; पितृसत्तात्मक समाज संरचनाको विरोध हो भन्ने कुरा यस निबन्धमा अभिव्यक्त छ।

समग्रमा 'असम्यक् स्पर्श'-का छ ओटा निबन्धहरू नारीसंवेदना, नारीसमस्या, नारीको अवस्था, पितृसत्तात्मक समाज र यसका प्रभाव आदि विषयकै वरिपरि घुमेका छन्। 'असम्यक् स्पर्श' पदावलीले यस खण्डभित्र रहेका निबन्धका विषय र परिवेशलाई ध्वन्यात्मक तवरबाट सार्थक रूपमा समेटेको छ।

'कीर्तिपुर डायरी' खण्डमा समावेश चार ओटा निबन्धमा निबन्धकारले कीर्तिपुरको इतिहास, भूगोल, संस्कृति, संस्कार, विश्वविद्यालय तथा त्यहाँ अध्ययन गर्न बसेका विद्यार्थीहरूको समग्र स्थिति सूक्ष्म दृष्टिले हेरेकी छन्। पूर्वविद्यार्थी, स्थानीय तथा सरकार कसैले पनि फर्केर नहेरेको तथ्य प्रस्तुत गर्दै विश्वविद्यालयको टिठलाग्दो अवस्थाको पीडादायी वर्णन 'विश्वविद्यालय : सरोगेट मदर' निबन्धमा छ। त्यस्तै गरेर 'देशभित्रको एउटा डायस्पोरा' र 'देवढोकाको अन्तिम खुड्किलोमा उभिएर' निबन्धमा क्रमशः कीर्तिपुरको कथा, यससँगका सम्झना, विश्वविद्यालय निर्माणको सन्दर्भ तथा कीर्तिपुरवासी विद्यार्थीहरूका कथाव्यथाको काव्यात्मक प्रस्तुति रहेको छ। यसै खण्डको अन्तिम निबन्ध 'अविदित यात्रा'-मा लेखकले कीर्तिपुरसँग साक्षात्कार गरेको प्रथम अनुभव, यहाँ रहँदाबस्दाका अनुभूति र सुदूर गाउँबाट अज्ञाततर्फको यात्रामा हिँडेको अतीतको स्मृति कलात्मक बान्कीमा प्रस्तुत गरेकी छन्। समष्टिमा 'कीर्तिपुर डायरी' खण्डमा कीर्तिपुरसँगै सम्बन्धित विषय, प्रसङ्ग तथा अनुभूतिहरूको निजात्मक प्रस्तुति रहेको छ।

'भावका अनुगुञ्जन' खण्डमा सात ओटा निबन्ध रहेका छन्। यी निबन्धहरूमा प्रेम, सौन्दर्यचिन्तन, स्व-अस्तित्वको बोध, स्वतन्त्रता, जीवनका उकाली-ओराली र बाधाव्यवधान आदिबारेका गहन चिन्तन पाइन्छन्। प्रेम र आकर्षण फरकफरक कुरा रहेको तथ्य आख्यानात्मक शैलीमा 'तिम्रो प्रेमका नाममा' निबन्धमा प्रस्तुत गरिएको छ। त्यस्तै सौन्दर्य सापेक्ष हुन्छ, वस्तुको सौन्दर्य फरकफरक रूपमा देखिन सक्छ भन्ने चिन्तन विविध सन्दर्भसँग जोडेर प्रभावकारी रूपमा 'सौन्दर्यबोध' निबन्धमा प्रस्तुत गरिएको छ। 'आफैलाई भेटेपछि' निबन्धमा ४५ वर्षको जीवन काटेपछि बल्ल वास्तविक जीवनको सुरुवात भएको लेखकको अनुभूति साझा गरिएको छ। 'स्वतन्त्रता र जीवन'-मा जीवनलाई बन्धनका रूपमा हेरिए पनि यो व्यक्तिको बाँच्ने शैलीमा निर्भर रहने तथ्य केलाइएको छ। जीवनको असीम आनन्द र खुसी भौतिक सम्पन्नता, औपचारिकता र यान्त्रिकतामा नभई जीवनको बाङ्गोटिङ्गो यात्रा, भौतिक त्याग र स्वतन्त्रतामा रहेको हुन्छ भन्ने भाव यस निबन्धमा अभिव्यक्त छ। 'चिसा आँखा र भत्किएको आशा'-मा निबन्धकार २०७२ सालको भूकम्प र यसका प्रभावहरूको कारुणिक तस्बिर प्रस्तुत गर्छिन् र अन्त्यमा यो विनाश र कहरले हामीमा नयाँ शक्ति र आशाको सञ्चार गर्ने छ भन्ने विश्वास व्यक्त गर्छिन्। 'शान्ति नै सबै कुरा पनि त होइन रहेछ!' र 'मन दुखेको कुरा'-मा निबन्धकारले क्रमशः जीवनलाई चलायमान र ऊर्जाशील बनाउन साथै एकरसताबाट मुक्त गर्न बाधा, अवरोध, उन्नति, अवनति सबै पक्षको सम्मिलन हुनु आवश्यक रहेको तर्क गरेकी छन्। यसरी 'भावका अनुगुञ्जन' खण्डका निबन्धहरूमा जीवनका विविध पक्षमाथि भावात्मक चिन्तनको गहन अभिव्यक्ति रहेको छ।

'हृदयको क्यानभासबाट' खण्डमा रहेका पाँच ओटा निबन्धमा जीवनयात्राका क्रममा भेटिएर-भोगिएर हृदयमा अमिट छाप छाड्न सफल व्यक्ति तथा घटना जसले अलिकता रहर, अलिकता सपना र प्रेरणा दिएका छन् तिनका सम्झना र सन्दर्भहरू आख्यानात्मक शैलीमा प्रस्तुत गरिएको छ। 'नयाँ पुस्ताबाट बेखबर बन्दै गएको एउटा नाम' निबन्धमा लेखक तथा साहित्यकार शिव अधिकारीका लेखन तथा योगदानको चर्चा गर्दै मृत्युपछि उनको गुमनाम योगदानप्रति दुःख प्रकट गरिएको छ। कुनैकुनै अमुक समूह-गुटमा नलाग्ने र आफ्नो कर्ममा लीन कर्मयोगीहरूको अवस्था यस्तै गुमनाम हुने कटु यथार्थ व्यक्त गर्दै आजका दिनमा साहित्यिक क्षेत्रमा मौलाएको चाटुकारी प्रवृत्तिप्रति व्यङ्ग्य गर्न निबन्धकार सफल छिन्। 'मेरो पहिचानको धरोहर' निबन्धले सच्चा र इमानदार राजनीतिको बाटामा हिँड्नेहरूको दुर्दशाको चित्रण गरेको छ। निबन्धमा निबन्धकारका पितासँगका स्मृतिहरूको हृदयस्पर्शी सन्दर्भहरूले पाठकलाई द्रवित बनाउँछन्। त्यस्तै एउटा पाको उमेरका व्यस्त प्राध्यापकको आनीबानी, व्यवहार

र क्रियाशील जीवन 'वाह! डाक्टर साहेब!' निबन्धमा निकै प्रभावपूर्ण शैलीमा प्रस्तुत गरिएको छ भने 'एउटा फरक सत्यसँग साक्षात्कार' निबन्धमा कुनै एक व्यक्ति जो जीवनका सारा सामान्यता र औपचारिकता त्यागेर आफ्नो खुसी र आफ्नो बेग्लै संसारमा मग्न छ उनबाट निबन्धकारमा परेको प्रभावको वर्णन छ।

'छोडेर आएका पाइलाहरू' खण्डमा रहेका चार ओटा निबन्ध लेखकले भोगेर आएका जीवनका उकाली-ओरालीहरूका अनुभूति हुन्। 'हिउँदको एक रात'-मा आफू हुर्केको तराईको सानो गाउँ, त्यहाँको सामाजिक-सांस्कृतिक परिवेश, जीवनशैली, मनोरञ्जनका तौरतरिका आदि निबन्धकारले संस्मरणात्मक शैलीमा प्रस्तुत गरेकी छन्। 'नदी किनारामा बसेर कविता लेख्दै गरेकी केटी'-मा निबन्धकारले बाल्यकालको स्मरण गर्दै लेखन र पठनप्रतिको आफ्नो मोह र यससँग सन्दर्भित घटनाहरू कथात्मक शैलीमा व्यक्त गरेकी छन्। 'आँसु र पसिनाले लेखिएको कथा'-मा किसानको परिश्रम, स्वाभिमान र आत्मसम्मानपूर्वक बाँच्ने शैलीका बारेमा आफू र परिवारका घटना र सन्दर्भ आख्यानात्मक शैलीमा पस्किएकी छन्। 'मास्टर्नी हुँदा' शीर्षकको निबन्धमा प्रगतिका लागि मनमा दृढता, इख तथा सङ्कल्प हुनुपर्छ भन्ने भाव अभिव्यक्त छ। यस खण्डका सबै निबन्ध लेखकको अतीतका ऊहापोहमा केन्द्रित छन्।

'सीमाभन्दा पर फैलँदै' खण्डमा रहेका छ वटा निबन्धले नियात्राको झल्को दिन्छन्। 'हजारौँ लोकविश्वासले सिँगारिएको एउटा अद्भुत सहर' निबन्धकारको बनारस भ्रमण र त्यस भ्रमणसँगका अनुभूतिहरूको भावोच्छलन हो। 'समुद्र : यात्रानुभूति र आत्मानुभूति'-मा पहिलो पटक समुद्रसँगको साक्षात्कार हुँदाका मनोभावहरू कलात्मक शैलीमा पोखिएको छ। 'आँखामा कञ्चनजङ्घा' निबन्धभित्र दार्जिलिङ भ्रमण तथा त्यहाँका साहित्यिक व्यक्तित्वहरूसँगको भेट, नेपाल र नेपाली साहित्यको चर्चा, नेपाली आख्यानहरूमा वर्णित भूगोल, परिवेश तथा पात्रहरूको सम्झनाले लेखकका हृदयमा पैदा गरेको झङ्कारको सुरम्य ध्वनि पाइन्छ। यस खण्डभित्र रहेका निबन्धहरूमध्ये 'टिस्टा नदी मात्र होइन रहेछ' अर्को एउटा उत्कृष्ट निबन्धका रूपमा रहेको छ। टिस्टासँगै सम्झनामा आउने नेपाली जातिको वीरता, गौरव, कथाव्यथा, आँसु, रगत र पसिनाको समग्र मिश्रणले निबन्धकारको हृदयलाई द्रवित बनाएको प्रसङ्गले पाठक हृदय पग्लन्छ।

'शब्द र अक्षरहरूमा' खण्डका निबन्धहरू पठन र लेखनका परिधिमा घुमेका छन्। 'पठन एक आत्मिक यात्रा' निबन्धमा पठन के हो, पठन संस्कृति के हो, यो किन महत्त्वपूर्ण हुन्छ भन्ने सन्दर्भमा पूर्वका भरत मुनिदेखि पश्चिमका क्रोचे र रिचर्ड्ससम्मका साहित्यिक सिद्धान्तहरूको सङ्क्षिप्त चर्चा गरिएको छ। पठनका विधि तथा तरिकाले

कृतिको अर्थगाम्भीर्य र मूल्याङ्कनमा फरक पार्ने कुरा व्यक्त गर्दै फरक तरिकाबाट गरिने अध्ययनले एकै पाठबाट निकाल्ने सत्य, अर्थ र निष्कर्ष नै पनि फरक हुन सक्ने तथ्य यस निबन्धमा अभिव्यक्त छ। त्यसै गरी 'यथार्थभन्दा पर पनि' निबन्धमा साहित्यिक लेखनमा यथार्थतावाद र स्वैरकल्पनाको प्रयोग, आवश्यकता र औचित्यसम्बन्धी विमर्श गरिएको छ। 'विमोचनको अनुष्ठान' निबन्धमा पुस्तक विमोचनका नाममा हुने गरेका विकृति र विसङ्गतिप्रति कडा व्यङ्ग्य गरिएको छ। कमसल पुस्तकका बारेमा गरिने महिमामण्डन; एउटै पुस्तकको केन्द्र, जिल्ला, संस्था आदिबाट गरिने विमोचन; विमोचन कार्यक्रममा हुने उपस्थितिको पर्म आदि यावत् विकृतितर्फ लक्ष्य गर्दै निबन्धकारले आउँदा दिनमा लेखकको ध्यान पुस्तकको गुणवत्तामा भन्दा विमोचनको तामझाममा जान सक्ने सङ्केत गरेकी छन्। अन्तिम खण्डका अन्य निबन्धमा समकालीन लेखनमा आख्यान लेखनको अवस्था, यसका प्रभाव, कमजोरी, नेपाली साहित्यमा आख्यान लेखनको स्थिति र प्रभावकारिता आदिको चिन्तन रहेको छ। त्यस्तै समालोचना लेखन, यसको उद्देश्य, वर्तमान स्थिति र समालोचना लेखनका शैली तथा प्रकार आदिबारे चर्चा गरिएको छ।


**संवेदनाको समायोग**भित्र डुल्दा पाठकलाई कतै कथा पढिरहेको, कतै संस्मरणमा डुबिरहेको, कतै नियात्रासँगै घुमिरहेको त कतै काव्यात्मक भावगङ्गामा पौडिरहेको भान हुन्छ। फरक शिल्प, शैली तथा विषयको प्रस्तुतिले हरेक निबन्धलाई विशिष्टता प्रदान गरेको छ। लैङ्गिक विभेद, नारी अस्तित्वको खोजी, पितृसत्ताप्रतिको विरोध, सचेतना, आत्मसम्मान, देशप्रेमजस्ता विषय काव्यात्मक भाषाशैलीको प्रयोग गरी लेखनमा सूक्तिमाधुरी पस्कनु निबन्धकार ज्ञानु अधिकारीको भाषिक वैशिष्ट्य हो। समग्रमा **संवेदनाको समायोग** पृथक् विषय र शैलीमा लेखिएको आत्मपरक निबन्धहरूको सङ्ग्रह हो। समसामयिक सन्दर्भ, जीवन र जगत्प्रतिको दृष्टिकोण, वैयक्तिक जीवनका अनुभूति, सामाजिक-सांस्कृतिक तथा साहित्यिक परिदृश्यको सूक्ष्म विवेचन गरिएको यस सङ्ग्रहले नेपाली निबन्धको उत्तरवर्ती चरणमा एउटा महत्त्वपूर्ण प्रभाव छाड्ने छ भन्ने विश्वास गर्न सकिन्छ। वर्तमान नेपाली साहित्यमा निजात्मक निबन्ध अत्यन्त कम लेखिएका सन्दर्भमा विविध स्वाद र शैलीका ३७ ओटा निबन्धको यो निबन्धसङ्ग्रह पाठकका लागि बेग्लै छाप छाड्न सफल छ र यो कृति निकै पठनीय बनेर आएको छ।


*अनन्त लम्साल*

✲

## सावित्रा पाण्डे

# जीवन चिनाउने ‘जीवनको अभिनन्दन’




योजना त बाँच्नका लागि पो बन्नुपर्ने हो त! जिउँदैमा मर्नका लागि होइन, जिउँदोजस्तो जीवन जिउनका लागि पो योजना गर्ने हो त जीवनमा! जीवनको गति रोक्नलाई होइन, जीवनलाई सार्थक गति दिनका लागि बनाउने हो योजना जीवनमा।

(**जीवनको अभिनन्दन**, पृ. १६४)

जीवनको रङ कस्तो हुन्छ, प्रेमको गहिराइ कति हुन्छ, आफ्नै मनोलोकले निर्माण गरेको अमुक प्रेमी कसरी वाचाल बनिदिन्छ, जीवनयात्रामा विपत्ले कस्ता परीक्षा लिएर जान्छन् र कस्ता पाठ सिकाएर जान्छन्, साहित्यजगत्मा पाठकको सत्ता र मान्छेको मस्तिष्कमा बन्ने ईश्वरीय सत्ता कति शक्तिशाली हुन्छ आदि विविध प्रश्नको उत्तर लिएर निबन्धका माध्यमबाट उदाएकी छन् ज्ञानू पाण्डे।

नेपाली साहित्य समालोचनाका क्षेत्रमा चिनिएकी समालोचक ज्ञानू पाण्डे यति बेला आफ्नो पहिलो निबन्धसङ्ग्रह **जीवनको अभिनन्दन** लिएर उभिएकी छन् पाठकसामु। यस सङ्ग्रहभित्र ‘ऊ मेरो अमुक प्रेमी’, ‘विरोधाभासको मीठो तनाव’, ‘बन्दाबन्दीको उन्मुक्ति’, ‘भूकम्पको भयमा उच्छलित अनुभूतिका तरङ्गहरू’, ‘पाठकको सत्ता’, ‘सङ्क्रमणको प्रशिक्षा’, ‘स्मृतिबिम्बमा अमेरिका’, ‘निर्बन्ध नायिकाको महाप्रस्थान’, ‘त्यहाँ म केवल छोरी मात्र बाँकी रहन्छु’, ‘भगवान् : ?’ र ‘जीवनको अभिनन्दन’ गरी ११ ओटा निबन्ध सङ्कलित छन्। सङ्ग्रहका सबैजसो निबन्धमा जीवनप्रतिको सम्मोहन तथा जीवनको गहिराइलाई अन्तर्हृदयबाट छाम्ने कोसिस गरिएको छ। ‘ऊ मेरो अमुक प्रेमी’ शीर्षकको पहिलो निबन्धमा लेखकले आफ्नै मनोलोकमा निर्माण गरेको अमुक प्रेमीका माध्यमबाट प्रेमको आर्दश स्वरूप उतारेकी छन्। यहाँ प्रेम व्यक्तिसित नभई आफैभित्रको ‘स्व’ तत्त्व अर्थात् ‘म’-सित गरेको हुनाले त्यही ‘म’ नै व्यक्तिलाई प्रेरणा दिने तथा जीवनको उज्यालो बनेर बलिरहने प्रेमको शाश्वततालाई उजागर गरेकी छन्।

‘तिमी’-प्रति सम्बोधित ‘विरोधाभासको मीठो तनाव’ निबन्धमा लेखकले प्राध्यापन पेसाप्रति सम्मान गर्दै पाठकलाई दर्शनको गहिराइतर्फ डोऱ्याएकी छन्।

जीवनजस्तो अव्याख्येय विषयलाई काव्य र चिन्तनको गहिराइबाट व्याख्या गर्ने प्रयास गरेकी छन्। 'बन्दाबन्दीको उन्मुक्ति', 'भूकम्पको भयमा उच्छलित अनुभूतिका तरङ्गहरू' तथा 'सङ्क्रमणको प्रशिक्षा'-जस्ता निबन्धमा प्राकृतिक तथा अन्य कारणले मानवीय जीवनमा आइपर्ने कठिनाइ, बाँच्नका लागि गरेको सङ्घर्ष आदिलाई स्वानुभूतिका माध्यमबाट व्यक्त गरिएको छ। यी निबन्धहरूमा आम मानिसका भोगाइलाई लेखकले आफ्ना भोगाइका माध्यमबाट व्यक्त गर्दै यस्ता कठिनाइहरूले जीवनप्रतिको गहिराइलाई अझै बढी बोध गराउने र जीवनप्रतिको अनुराग अझै बढी हुने भाव व्यक्त गरेकी छन्। विपत् तथा अन्य सङ्कटले जीवनलाई अझै बुझ्न सहयोग गर्ने लेखकीय अनुभूति लेखकको मात्रै नभई पाठकको पनि साझा अनुभूति हो।

सम्बोधित पात्र 'तिमी' अर्थात् पाठकलाई सर्वोपरि महत्त्व दिएर लेखिएको निबन्ध हो 'पाठकको सत्ता'। यस निबन्धमा लेखकले पाठकको सिर्जनशीलता, बौद्धिकता तथा चिन्तनशीलताको उच्च सम्मान गर्दै पाठकीय सत्ताले नै लेखकीय सत्ता स्थापित गर्ने अडान राखेकी छन्। निबन्ध पढ्दा एउटा सचेत पाठकले लेखकको प्रध्यापकीय व्यक्तित्वले निबन्धकार व्यक्तित्वलाई दबाएको अनुभूति पनि गर्न सक्छन्।

अग्रज स्रष्टा वानिरा गिरिको स्मृतिमा रचित 'निर्बन्ध नायिकाको महाप्रस्थान' निबन्धमा वानिरा गिरिको व्यक्तिगत, लेखकीय तथा प्रध्यापकीय व्यक्तित्वलाई गहिरो गरी छाम्ने प्रयास गरिएको छ। निबन्धमा पाण्डेले आफ्नी गुरुसमेत रहेकी गिरिलाई एक हकी, निर्भीक र स्वाभिमानी स्रष्टाका रूपमा चिनाएकी छन्। 'त्यहाँ म केवल छोरी मात्र बाँकी रहन्छु'-मा आफ्नो जन्मदाता बुबाप्रतिको अगाध प्रेम र श्रद्धा व्यक्त भएको छ। व्यक्ति उमेर, शिक्षादीक्षा, ज्ञान र अनुभवले परिपक्व भए पनि आमाबुबाका अगाडि सधैँ अबोध तथा निर्दोष बालकै भएर बाँच्न चाहने भाव व्यक्त भएको छ। संसारमा धेरै चर्चापरिचर्चा गरिने, विचारविमर्श र बहस गरिने विषयमध्ये एक हो 'भगवान्'। 'भगवान् : ?' शीर्षकको निबन्धमा लेखक पुनः एक पटक यही अव्याख्येय तथा अवर्णित भगवान्का बारेमा व्याख्या तथा वर्णन गर्न उद्धत भएकी छन्। नौदस वर्षको कलिलो बाल्यावस्थामा आफ्ना बुबासँग गरेको भगवान्सम्बन्धी प्रश्नोत्तरले लेखकको बालमस्तिष्कदेखि नै भगवान्सम्बन्धी अवधारणा निर्माण भएको छ। लेखकका दृष्टिमा भगवान् अदृश्य, अगम्य, अगोचर तथा अज्ञेय छ। त्यस कारण भगवान्लाई आफ्नो अनुकूल पुज्नु तथा आफ्नो स्वार्थका लागि प्रयोग गर्नु मूर्खता हुने विचार राख्छिन् लेखक।

**जीवनको अभिनन्दन** सङ्ग्रहको अन्तिम निबन्ध हो। यसै निबन्धका नामबाट सङ्ग्रहको नामसमेत राखिएको छ। सहकर्मी साथीको आत्महत्याको प्रसङ्गबाट सुरु

भएको निबन्धको विषयवस्तुले दर्शनको गहिराइमा पुगेर जीवनप्रतिको महत्त्वबोध गराएको छ। जीवनलाई निराशाबाट आशातर्फ डोऱ्याउने, नयाँ सम्भावनाका ढोका उघार्न प्रेरित गर्ने निबन्ध हो 'जीवनको अभिनन्दन'। सपनाहरूले मानिसलाई जिउन तथा रमाउन प्रेरित गर्ने हुनाले जीवनलाई उत्सवका रूपमा मनाउनुपर्ने जीवनवादी दृष्टिकोण यस निबन्धमा व्यक्त भएको छ।



सावित्रा पाण्डे

जीवनका उज्याला पाटाहरूलाई देखाउँदै जीवनप्रति सकारात्मक भाव बोकेका जीवनको अभिनन्दन सङ्ग्रहका निबन्धहरू दर्शनको गहिराइमा डुब्न चाहने पाठकका लागि विशेष रुचिकर हुने छ। जीवन जिउनका लागि हो, त्यसैले यसलाई हामीले उत्सवका रूपमा स्वीकार गर्नुपर्छ, जीवनमा आइपरेका चुनौतीहरूले जीवनलाई अझै नजिकबाट बुझ्न प्रेरित गर्छन् भन्ने सन्देश बोकेका यस सङ्ग्रहभित्रका निबन्धले आशावादी र सकारात्मक सन्देश दिएको छ।

*

**रीता पौडेल**

# सामान्य मानिसको मनका सरल कविता

कथा, निबन्ध, समीक्षा लेखिरहेका छविरमण सिलवाल कविका रूपमा चर्चित छन्। विभिन्न सञ्चार माध्यममा साहित्यिक पत्रकारिता गरिरहेका उनलाई मजस्ता पाठकले कविका रूपमा बढी स्वीकार गरेका छौँ जस्तो मलाई लाग्छ। पाठकले आफूलाई कविका रूपमा बढी माया गरेको सिलवालले अनुभव गरेका छन् या छैनन्, त्यो थाहा भएन। उनको नयाँ कविताकृति **डोरम्याट** (२०८०) बजारमा आएपछि त उनका अन्य सिर्जनशील व्यक्तित्व पूरै ओझेलमा परेजस्तो ठान्छु। कुनै एक विधामा सर्वप्रिय बन्नु पनि निकै राम्रो हो एउटा लेखकका लागि। विविध विषयमा लेखेर एउटा विधामा मात्रै चर्चित बनेका थुप्रै नेपाली



स्रष्टा छन्। कवि ईश्वरवल्लभलाई म सम्झिन्छु। उनीसँग राम्रो चिनजान भएका कारण पनि मलाई यति बेला स्व. वल्लभलाई स्मरण गर्न सजिलो भयो। उनले कथा, निबन्ध, नाटकसमेत लेखे। उनका कविताजस्तै कथा र निबन्ध पनि उच्च कोटिका थिए, तर सबैले कविका रूपमा उनलाई सम्मान गरेको पाइयो। यस्तै कुरा कवि छविरमणमा पनि लागू भएको देख्छु।

अब चर्चा गरौँ कवि सिलवालको नयाँ कविताकृति **डोरम्याट**को। यो कविताकृतिको पहिलो कविता नै 'डोरम्याट' हो। डोरम्याट ढोकामा राख्ने चकटी अर्थात् फोहोर खुट्टा पुछ्ने साधन। कविले कृतिको पहिलो कविताबाटै सामान्य भुइँमान्छेको मन जितेका छन्। शासकको नजिक सबै हुन सक्दैनन्। शासक ठूलो सङ्ख्यालाई डोरम्याटजस्तो ठान्छ र आफूअनुकूल प्रयोग गरेर आफूलाई सुरक्षित राख्छ। यस कारण यो कविता शासकहरूका विरुद्धमा र जनताका पक्षमा देखिन्छ। डोरम्याट अङ्ग्रेजी शब्द। यसको नेपाली सजिलो छैन सायद, तर डोरम्याटको नेपालीकरण भइसकेको पनि छ। अर्थात् डोरम्याटको काम र उपयोगिताका बारेमा सामान्य जनता पनि परिचित छन्।

> महाराज!
> सदियौँदेखि मैले
> खाइरहेको छु हजुरको लात
> भन्नोस् न, अब कतिन्जेल चल्ने छ
> मेरो छातीमा हजुरको क्रीडा? ('डोरम्याट')

कवि सिलवाल सडकका मानिसलाई हेरेर कविता लेख्छन् भन्ने अनेकन् प्रमाण उनको कविताकृति **डोरम्याट**ले दिन्छ। वास्तवमा सडक अर्थात् भुइँमान्छेका बारेमा सिर्जना गर्ने स्रष्टा नै अमर हुन्छ, पाठकको मनमा सधैँ प्रिय बन्छ।

> पुरानो भएन साइकलको पाइडल घुमाउँदै
> ऊ
> एकाबिहानै
> हाम्रा घरघरमा पुग्छ
> र, हामीलाई सुनाउँदै
> चिच्याउँछ
> 'खाली सिसी, पुराना कागज,
> फलामका टुक्रा।'

सबैलाई काम लाग्ने
समान
उसको जीविकोपार्जनको साथी बनेको छ। ('काम लाग्ने समान')

कवि सिलवाल अत्यन्तै सरल कवि हुन् भन्ने कुरा यो कविताले प्रस्ट पार्छ। उनको यो नयाँ कवितासङ्ग्रहका सबै कविता सामान्य पाठकले बुझ्ने रहेका छन्। कविताको बनोटमा जेल्लुभन्दा भावमा गहिरिनु राम्रो लाग्छ पाठकलाई। यस्ता कविता सामान्य साक्षर पाठकका पनि प्रिय बन्न सक्छन्।

कृतिभित्रको अन्तिम कविता सिलवालको अर्को सुन्दर कविता हो। उनी कवितामा नजानिँदो शैलीको व्यङ्ग्य गर्छन्। 'अदृश्य ईश्वरको नाममा' शीर्षक यो कवितामा कविले ईश्वर र मानिस दुवैलाई मीठो गरी व्यङ्ग्य गरेका छन्।

तिमी अदृश्य छौ
हामीलाई थाहा छ
तिमी एकान्तप्रेमी छौ
हामीलाई थाहा छ
तर पनि तिमीलाई भेट्न
हूलका हूल मान्छे
तिम्रै पछिपछि
सधैँ दौडिरहेका छन्।

कवि सिलवाल मानवीय संवेदनाका कवि हुन् भन्ने कुरा यो कृतिले प्रमाणित गर्छ। उनी सामान्य कुरामा मानवीय चेत खोज्छन्, सामान्य विषयमा मानवीय सुखदुःख खोज्छन्।

कवि मान्छेभन्दा टाढा पक्कै पनि रहन सक्दैन। मानिसभन्दा पर रहेर कविता लेख्नुले के अर्थ राख्ला र? कवि सिलवाल मानिसको मनका भाव टिप्न सफल देखिन्छन्। यस कृतिभित्र ३० वटा कविता रहेका छन्। सबै कविताले मानवीय पक्ष बोकेका छन्। भाषा र शैलीको सरलताका कारण यस कृतिका पाठक सामान्य नागरिक पनि बन्न सक्छन्।



*रीता पौडेल*

सरल, सजिला र गहिरा कविता लेख्ने कवि छविरमण सिलवाललाई नयाँ कृतिका लागि हार्दिक बधाई!

✲

## महेश कार्की क्षितिज

# रोल्पाको अनुहार : 'युद्धले डामेको मन'




कसैको कृति पढेपछि कृतिभित्रका घटना आफैले भोगेजस्तो अनुभूत हुन्छ। हरेक पात्रको उपस्थितिमा आफू नै छु जस्तो लाग्छ। लेखकको कृति लेखकको मात्रै नभएर त्यो हरेक पाठकको हुन्छ। यसरी लेखकको अनुभूतिलाई पाठकले आफ्नो अनुभूति सोच्नु त्यो कृतिप्रतिको समानधर्मिता हो, विश्वदृष्टि हो।

लेख्ने विषय समाजमा थुप्रै छन्। समाजमा देखेका र भोगेका कुरालाई लेखकले आफ्नो कृतिको विषय बनाउँछ र त्यो कृति समाजकै लागि दिन्छ। साहित्यिक कृतिको पठन समाज चिन्ने एउटा बलियो आधार बन्न सक्छ। लेखक तारादेवी सुनुवारको निबन्धसङ्ग्रह **युद्धले डामेको मन** उनले जागिरे जीवनका क्रममा रोल्पा बस्दा त्यहाँ देखेभोगेका घटनालाई प्रमुख विषय बनाएर लेखिएको कृति हो। 'द्वन्द्वको चुरो कुरो' शीर्षकमा लेखकले यस्तो लेखेकी छन्–

"माओवादीको केन्द्र नै रोल्पा जिल्लामा युद्धलाई मत्थर पार्न सरकारको उपस्थिति कमजोर हुने कुरै भएन। रोल्पा र रोल्पालीहरूको कथा पढ्नजान्न मन नलाग्ने सायदै होलान्।" (पृ. १५)

कामको सिलसिलामा रोल्पा पुगेकी लेखक सुनुवारले रोल्पाली जनताको पीडाको कहानी मनमै दबाएर राख्न चाहिनन्। आफूले प्रत्यक्ष देखेका रोल्पाली जनताको पीडा र अभिघातलाई निबन्धमा समेटेर उनले रोल्पा चिनाउने प्रयास गरेकी छन्। लेखकले आफ्नो किताबमा एकातिर रोल्पाली जनताको जीवनको सुन्दरताको पाटोलाई आफ्ना अनुभूतिभित्र समेट्न सकेकी छन् भने अर्कातिर द्वन्द्वकालीन परिवेशको फोटो चित्रलाई उतार्ने प्रयास गरेकी छन्। उनी लेख्छिन्–

"प्रहरीले पनि दुःख दिनसम्म दिन्थे। माओवादीले काङ्ग्रेसको मान्छे भन्थे, प्रहरीले माओवादीको होस् भन्थे। प्रहरीले तेरा छोराबुहारी माओवादीमा गएका भनेर कति दुःख दिएदिए नानी, के भनूँ?" (पृ. २९)

द्वन्द्वकालमा सर्वसाधारण जनता स्वतन्त्र रूपमा बाँच्न कठिन थियो। राज्य पक्ष र विद्रोही माओवादी पक्षको चेपुवामा परेर कति सर्वसाधारण जनताले ज्यान गुमाउनुपऱ्यो त्यो कुरा यथार्थ हो जुन कुरालाई लेखक सुनुवारले यस कृतिमा समेट्ने प्रयास गरेको देखिन्छ। साहित्यिक कृति समाज चिन्ने आधार पनि हो। त्यसैले यो कृति पढेपछि रोल्पा चिन्न सकिन्छ।

३३ वटा लामाछोटा निबन्ध रहेको कृतिका माध्यमबाट रोल्पाली ग्रामीण जीवन बाँचिरहेका निर्दोष मान्छेहरूको आकृतिभित्र अनेक प्रकारका समस्याका पहाड, दु:खका कारुणिक चीत्कार, आर्थिक कठिनाइ अनि द्वन्द्वको घाउमा पाकेका घाइते मान्छेको चित्र देख्न सकिन्छ। लेखक लेख्छिन्–

"बाको कुरा सुनेर भगवतीले दिक्क मान्दै भनिन्– 'यस्तो हो बुबा! कसको घर बाँकी रह्यो र हाम्रो रोल्पामा? कसले सहयोग गरिएन युद्धका लागि? तपाईं हामीसबैले दु:ख पायौँ।'" (पृ. ११९)

निबन्धमा आएका हरेक घटनासँगै जोडिएका पात्रहरूको कार्यव्यापारले युद्धकालको अनुभूतिको सम्झना गराउँछ। युद्धले के दियो? युद्धपछिको वर्तमान समय हामीले चाहेकै जस्तो छ त? युद्धमा पाएको अभिघातलाई जनताले कहिले बिर्सिन्छन्? यस कृतिमा थुप्रै प्रश्न छन्। ती प्रश्नहरू लेखकका निजी होइनन्, हामी सर्वसाधारण जनताका हुन्, युद्धको आगोले डामिएका रोल्पालीहरूका हुन्।

युद्धको अभिघात सहेका पात्रको मनोविज्ञान बुझेर लेख्न सक्नु चुनौती हो। त्यो चुनौतीपूर्ण साहस लेखकले गरेको देखिन्छ। निबन्ध पढ्दै गर्दा आख्यान पढेको अनुभूति हुन्छ। द्वन्द्वले पिल्सिएका रोल्पाका गाउँगाउँको यथार्थ चित्रले यो कृतिमा रोल्पा बोलिरहेको महसुस हुने सन्दर्भ लेखक यसरी लेख्छिन्–

"मर्नेहरूलाई सहिद भनियो। घाइतेहरू अपाङ्ग भए। अभिभावक गुमाएका उति बेला सानै थिए। सकुशल केही नभएकाहरू पनि आजको अवस्थामा दक्ष जनशक्ति हुन सकेनन्।" (पृ. २८७)


*महेश कार्की क्षितिज*


कृतिका निबन्धहरूको विधातात्त्विक अध्ययन गर्दा यसभित्र थुप्रै पक्ष भेटिन सक्छन्। लेखकको निजात्मक अभिव्यक्तिमा दर्शनको गहिराइ खोतल्न सकिन्छ। सामाजिक यथार्थको टेकोमा ग्रामीण मान्छेको जीवनको सौन्दर्य खोज्न सकिन्छ। सबाल्टर्न वर्गको प्रतिरोधको आवाज चिन्न सकिन्छ। प्रभुत्वशाली वर्गले चलाएको संकृति पनि देख्न सकिन्छ। अझ यस कृतिमा

आख्यानको आँखीझ्यालबाट रोल्पाको सामाजिक एवम् सांस्कृतिक परिवेश देख्न सकिन्छ। कृतिमा आएका घटनाको सिलसिलामा प्रयुक्त पात्रअनुसारको क्रियापदमा कहीँकतै त्रुटि देखिए पनि लेखक तारादेवी सुनुवारद्वारा लिखित 'युद्धभूमिमा डामिएको मन' पठनीय कृति हो।

*

**निर्झरिणी बनर्जी जोशी**

# भोगाइहरूको आरोह-अवरोह : 'नोटको आगो'




पिता कटकबहादुर अधिकारीको जीवन अनुभवलाई छोरा इन्द्र अधिकारीद्वारा पुस्तकका रूपमा प्रकाशित गरिएको कृतिको नाम हो **नोटको आगो**। आफ्ना पिताको एकानब्बेऔँ जन्मदिनको उपहारका रूपमा पुस्तक प्रकाशन गरेको कुरा छोरा इन्द्रले पुस्तकको 'बुबाको यात्रामा छोराको प्रतिबिम्ब' नामक भूमिकामा उल्लेख गरेका छन्। वि. सं. २०८० मा जरा फाउन्डेसन नेपालद्वारा प्रकाशित पुस्तक **नोटको आगो**मा कटकबहादुर अधिकारीले आफ्ना जीवनभोगका विविध अनुभूति व्यक्त गरेका छन्।

तत्कालीन नेपालको पूर्वी पहाडको ३ नम्बर भनिने पहिले सोलुखुम्बू र पछि खोटाङको दिक्तेलमा परेको दूधकोशीको सेरोफेरोमा जन्मी हुर्केका कटकबहादुर हाल भने मोरङ जिल्लाको गोकुवामा बसोबास गरिरहेका छन्। पहाडी जीवनका अनेक सङ्घर्ष पार गर्दै २८ वर्षको उमेरमा भारतीय सेनामा भर्ती भएका कटकबहादुरको जीवनगाथा **नोटको आगो** पुस्तकका रूपमा नेपाली साहित्य बजारमा आएको छ। जम्माजम्मी १८४ पृष्ठको आयतनमा रहेको यसको मूल्य ३०० रुपियाँ राखिएको छ। साथै पुस्तकको बिक्रीबाट आएको सम्पूर्ण रकम ज्येष्ठ नागरिकहरूका लागि खर्च गरिने कुरा पनि पुस्तकमै उल्लेख गरिएको छ।

पुस्तकको नामकरणका सम्बन्धमा लेखक वा पुस्तकनायक कटकबहादुर अधिकारी भारतीय सेनामा कार्यरत रहँदा लडाइँका क्रममा ढाका पुग्दा त्यहाँ नोट

(पैसा)-को बोरा पाएको तर त्यो पैसा नचल्ने भनी अमेरिकी सरकारले घोषणा गरिसकेको कुरा थाहा पाएपछि उक्त नोटमा आफैले आगो लगाएको कुरा पुस्तकको शीर्ष लेख 'नोटको आगो'-मा उल्लेख गरेका छन्। बिम्बात्मक रूपमा हेर्दा पनि जीवन भन्नु आवश्यकता र ती आवश्यकता पूर्तिका निम्ति गरिने सङ्घर्षको समग्रता हो। यही आवश्यकता पूर्तिका निम्ति नोट वा पैसा आर्जनको चेष्टामा लाग्नुपर्छ र यो चेष्टा आगोजस्तै रापिलो र तापिलो हुने गर्छ। नोट आर्जनको यात्रा आगोको यात्राभन्दा कम हुँदैन भन्ने कतिपय प्रसङ्ग पुस्तकमा उल्लेख भएका छन्। त्यसैले प्रस्तुत पुस्तकको शीर्षक **नोटको आगो** राखिनु सान्दर्भिक देखिन्छ।

पुस्तकमा कटकबहादुरले आफ्ना अनुभव छुट्टाछुट्टै शीर्षक दिई जम्माजम्मी ३७ वटा लामाछोछा लेखमा प्रस्तुत गरेका छन्। त्यसबाहेक पुस्तकको सुरुमा 'प्रकाशकीय' र 'बुबाको यात्रामा छोराको प्रतिबिम्ब' नामक दुई लेख र पुस्तकको अन्त्यमा पुस्तकनायक कटकबहादुरबारे परिवार, आफन्त र साथीभाइले व्यक्त गरेका विचार, अनुभव र शुभेच्छाहरू विभिन्न शीर्षकमा प्रस्तुत गरेका छन्।

लेखक कटकबहादुरले 'जीवनको यात्राबारेमा' भन्ने शीर्षकको पहिलो लेखमा जीवनबारेको आफ्नो धारणा र जीवनसङ्घर्षको चर्चा गरेका छन्। उनले यस लेखमा बाँच्ने प्रयास गर्दा हजारौँ चोटि मर्नुपर्ने रहेछ, सन्तानलाई आहार खुवाउन, आमालाई धोती फेर्न अनि अर्धाङ्गिनीलाई सिन्दूरपोते किन्नकै खातिर हजारौँ पटक मृत्युसँग हात मिलाउनुपर्ने हुँदो रहेछ; जन्मथलोको महँगीसँग भिड्नकै लागि छिमेकी माटोसँग रगतको सट्टा कागज लिएर फर्कनुपर्ने रहेछ..., गोलीको सिरानी र बारुदको मालामा जिन्दगी काट्नुपर्ने रहेछ; यो फौजीको जिन्दगी बडो गजबको हुने रहेछ भन्दै जीवनको सङ्घर्ष र लाहुरे जीवनको मार्मिक पाटो सजीवतासाथ प्रकट गरेका छन्। यसबाहेक पनि पुस्तकमा पुस्तकनायकका जीवनका उतारचढावयुक्त विविध प्रसङ्ग उल्लेख गरिएको छ। यद्यपि जीवनप्रसङ्गहरू कालक्रमिक रूपमा भने आएका छैनन्। लेखकले 'मेरो जन्मभूमि र बाल्यकाल' शीर्षकमा आफ्नो बाल्यावस्थाको चर्चा गरेका छन्। 'काङ्ग्रेसको नाममा आतङ्क' शीर्षकमा तत्कालीन राजनीतिक परिवेशको सामान्य चर्चा गरिएको छ। त्यसपछिका 'त्यो समयको पढाइ', 'काशीमा डुबुल्की', 'सुन काण्ड', 'तिमीजस्तै श्रीमती पाऊँ भनेर तपस्या', 'पहिलो कमाइको खुसी' आदिजस्ता शीर्षकअन्तर्गत जीवनका विविध भोगाइ समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ।

पुस्तकको मध्यभागतिरबाट लेखकले भारतीय सेनामा रहँदाका आफ्ना अनुभव '२८ वर्षमा लाहुरे', 'तालिमले बनायो सिपाही', 'चाइनाको लडाइँ', 'सिमानामा पाँच

वर्ष', 'पाकिस्तानको लडाइँ', 'पहिलो छुट्टी', 'नोटको आगो', 'मुला काटेझैँ ७० जना चटाचट'-जस्ता शीर्षक दिई प्रस्तुत गरेका छन्। यी लेखहरूमा पुस्तकनायकको सैनिक जीवन, युद्ध र वीरताका अनुभव र प्रसङ्ग समीक्षात्मक रूपमा प्रस्तुत गरिएका छन्। यस खण्डमा युद्धको त्रासदी मात्र होइन, सैनिक जीवनका मनोरञ्जन र रमाइला प्रसङ्ग पनि उल्लेख गरिएको छ। पल्टनमा रहँदा विभिन्न ठाउँमा भएका युद्ध र त्यसको त्रासदीसँगै बङ्करभित्र बसेका घटना पनि लेखकले उत्साहसाथ उल्लेख गरेका छन्। पल्टनमा रहँदा आउने परिवारको याद, शून्यपन र त्यो शून्यपनलाई मेटाउन गरिने पत्र आदानप्रदानको प्रसङ्गमा लेखकले परिवारिक मूल्यको उच्चता र त्यसबाट प्राप्त हुने भावनात्मक आत्मीयताको उच्चता पाठकसमक्ष उजागर गरेका छन्।

पल्टनका घटनाक्रमपछि पुस्तकमा लेखकका पारिवारिक जीवनक्रमकै प्रसङ्गहरू 'विराटनगर झर्दा', 'फौजी साथी', 'पूरा भएको इच्छा', '७४ वर्षमा दोस्रो विवाह', 'म सधैँ धार्मिक छु', 'खुसी र छोरी', 'विवाहको ७५ वर्षमा', 'हाम्रा हाँगाबिँगा फैलिरहून्'-जस्ता शीर्षकमा समेटेका छन्। यी शीर्षकअन्तर्गत पुस्तकनायकका आफूले पूरा गर्न नसकेका इच्छा, चाहना र ती चाहनाहरू सन्तानले पूरा गरिदिएका प्रसङ्गहरूको चर्चा गरिएको छ। यसमा उनले जीवनको उत्तरार्द्धमा आफूले भोगिरहेको जीवन र त्यसबाट मिलेको सन्तुष्टिबारे चर्चा गरेका छन्। यी वर्तमानका प्रसङ्ग उल्लेख गर्दा पनि लेखक घरीघरी आफ्नो पहाड बसाइतिरै फर्किएका छन्। यसलाई उनको जन्मस्थानप्रतिको मोह भनी बुझ्न सकिन्छ। उनले यस खण्डमा छोराछोरी विशेष गरी काहिँला छोरा इन्द्रको आफूप्रतिको माया, आदर र सद्‌भावको चर्चा गर्दै सन्तानको प्रशंसा गरेका छन्। त्यस्तै उनले आफ्नो विवाहको पचासौँ र सत्तरीऔँ वर्ष उत्सवको विशेष चर्चा गर्दै यति लामो समयसम्म आफ्नो वैवाहिक जीवन सफलतापूर्वक व्यतीत भएकोमा हर्ष व्यक्त गरेका छन्। आफ्नो देशभित्रको र विदेशी भ्रमणबारे पनि लेखकले अत्यन्त उत्साहसाथ उल्लेख गरेका छन्।

पुस्तकको अन्त्य खण्डमा पुस्तकनायक कटकबहादुर अधिकारीकी श्रीमती मोतीकुमारी अधिकारी, काहिँला छोरा इन्द्र अधिकारी, काहिँली बुहारी जबिना बस्नेत अधिकारी, काहिँला भाइ पूर्णबहादुर अधिकारी र कान्छा भाइ गङ्गाबहादुर अधिकारीले क्रमशः 'प्रेम र साहसले बनेको हाम्रो जीवन', 'बुबा, मैले हरेस खाएको छैन', 'बुबाआमाको पुस्तक लेख्ने हाम्रो सपना', 'रामजस्ता मेरा दाजु' र 'साथीजस्ता साहिँला दाजु' शीर्षकमा पुस्तकनायकसँगका अनुभव र उनको स्वभावबारे उल्लेख गरेका छन्। पुस्तकको यसै खण्डमा कृष्ण केसी, चन्द्रशेखर न्यैपाने, केशरबहादुर केसी, धर्मध्वज अधिकारी, सूर्यबहादुर बस्नेत, राजेन्द्रकुमार बस्नेत, तिथिराज सुवेदी र भरतकुमार केसीले पनि भिन्नभिन्न शीर्षकमा पुस्तकनायकबारे आफ्ना अनुभव प्रस्तुत गरेका छन्।

त्यसपछि पुस्तकमा रत्ननिधि रेग्मी शुक्राचार्यको 'कटकबहादुरको कथा : नेपालीको व्यथा' शीर्षकको कविता समेटिएको छ। पुस्तकको अन्त्यमा पुस्तकनायकसँग सम्बद्ध तस्बिरहरू समावेश गरिएको छ।

यस पुस्तकको सीमाका रूपमा केही पुनरुक्ति दोष देखिए पनि त्यसलाई पुस्तकनायकको उमेरजन्य कमजोरीका रूपमा स्वीकार गर्न सकिने अवस्था देखिन्छ। समग्रमा हेर्दा आफ्नो जीवनको अधिकांश समय सामाजिक र पारिवारिक कर्तव्य र दायित्वका निम्ति सङ्घर्षरत रहेको एक व्यक्तिको जीवनवृत्त समेटिएको यो पुस्तक आम पाठकका लागि प्रेरणादायी र पठनीय रहेको छ। अझ जीवनीपरक कृतितर्फ रुचि राख्ने पाठकका निम्ति यो पुस्तक उत्कृष्ट पठनसामग्री बन्न सक्ने देखिन्छ।


*निर्झरिणी बनर्जी जोशी*

✲

**ठाकुर बेलबासे**


# मन, आँसु र हाँसोले लेखिएका निबन्धको कृति : 'सन्दिग्ध शताब्दी'

*__सन्दिग्ध शताब्दी__' नेपाली आत्मपरक निबन्धमा एउटा सङ्ख्या मात्रै थप्ने निबन्धसङ्ग्रह होइन। निबन्धको शक्ति छ। पढ्दै जाँदा आफैसँग कताकता बत्तिएजस्तो लाग्छ। कताकता हराएजस्तो पनि बनाउँछ। धित मार्ने वाक्यहरू सिला खोजेजस्तै खोज्नुपर्दैन। मङ्सिरमा बाला लागेका धानजस्तै छन्– भरिभराउ।*

*– श्रीओम श्रेष्ठ रोदन*

कुनै पनि कृतिको भूमिका फगत औपचारिकता मात्रै नहुन पनि सक्छ यति कृतिलाई छिचोलेर पढिएको छ, सिर्जनामा भरिएका अक्षरहरूलाई केलाएर हेरिएको छ भने। **सन्दिग्ध शताब्दी** निबन्धसङ्ग्रह हात परेर कृतिभित्र रहेको वरिष्ठ निबन्धकार श्रीओम श्रेष्ठको भूमिका पढेपछि श्रेष्ठले अनुज निबन्धकारलाई पत्रपत्रमा पढेको अनुभूति मलाई भयो। अनि मैले पनि पढ्न थालेँ **सन्दिग्ध शताब्दी**।

“...म नितान्त अनास्थामा गरमगरम हिँड्ने बबुरो आज कसरी भएँ आस्थाको ढुङ्गो... म मानव हुँ, म मानव संस्करण नै बाँच्न चाहन्छु।” (ढुङ्गा पो भएछु अचेल)




कृतिभित्रको पहिलो निबन्ध जब सर्लक्क मभित्र पस्यो त्यसपछि म निबन्धकार श्रीबाबु कार्कीलाई सम्झन थालेँ। मेरा प्रिय मित्रसमेत रहेका कार्की कतै गम्भीर, कतै रसिक स्वभावका छन्। भेटमा उनी आफैले परिस्थितिको निर्माण गर्छन्। क्षणभरमै हाँसोको फोहरा छुटाउने वातावरण बनाउने उनी क्षणभरमै गम्भीर बनाउन पुग्छन्।

कवि, लघुकथाकार, व्यङ्ग्यकार, बालसाहित्यकार र अखबारी लेखनमा परिचित लोकप्रिय कार्की निबन्ध कृतिका कृतिकारका रूपमा जब पाठकमाझ आए तब म उनका अन्य विधालाई भुलेर उनका निबन्धमा हराउन थालेँ। उनका निबन्धले उनीभित्रका अन्य साहित्यिक प्रतिभालाई बिर्साउन थाले। मेरा लागि आश्चर्यको कुरा त के रह्यो भने जीवनको यति गहिरो तहसम्म पुग्ने श्रीबाबुले जीवनको सबैभन्दा माथिल्लो सतहको तह सम्झाउने बालसाहित्य कसरी सिर्जना गर्न सकेका होलान्?

मानिसभित्रको विचलित आचरणलाई अप्रेसन गरेको पहिलो निबन्धले मेरो मन हल्लायो। म आफै ढुङ्गा हुँ या मानिस, द्विविधामा परेँ।

काव्यात्मक अनि दर्शनचेतका शिल्प र शैलीले निबन्ध अत्यन्तै लयबद्ध र गहिरो बनेको आभास हुन्छ। यही शैलीका कारण महाकवि लक्ष्मीप्रसाद देवकोटाका निबन्ध कालजयी बने, मोमिला जोशीका निबन्ध खोजीखोजी पढिन्छन्। आत्मपरक निबन्ध दर्शन र काव्यलाई संयोजन गरेर लेख्नु ठट्टाको कुरा पक्कै होइन। त्यही कुरालाई श्रीबाबुले सहज बनाएका छन्।

श्रीबाबुका निबन्धलाई भाँचेर लेख्ने हो भने कविता बन्छन्। तिनै कवितामा गहिरो दर्शन भेटिन्छ।

> धेरै पटक उमारियो धानको बीउसँगै मन
> असारको उमङ्गमा मन गाँजिएर झपझपी भयो
> असारे झरीले मन पनि हिलाम्मे भइदियो...।

‘हृदयमा बयली खेल्दै असार’ शीर्षकको निबन्धको पहिलो पङ्क्तिलाई भाँचेर लेख्दा एउटा मीठो कविता बनेजस्तो लाग्यो। यसको अर्थ के हो भने श्रीबाबु अब्बल कवि हुन्। उनको कविप्रतिभा निबन्धमा पोखिएको छ। कविले निबन्ध लेख्दा निबन्धको

शक्ति कस्तो हुन्छ, माथि देवकोटा र मोमिलाको उदाहरण दिइसकेको छु। उदाहरणको लाममा अन्य नाम पनि छन्। ती अब्बल प्रतिभाको लाममा अब श्रीबाबुको नाम पनि लामबद्ध हुने भएको छ।

श्रीबाबुको निबन्धकारिताको वेग 'प्रिय गाउँ' शीर्षकको निबन्धमा देख्न सकिन्छ। श्रीबाबुका उमेर समूहका अधिकांश नेपाली गाउँमै जन्मिएहुर्किएर कर्म गर्न सहर पसेका छन्। अथवा सहरमै हुर्किएकाले पनि सहरवरिपरिको गाउँ देख्ने अवसर पाएका छन्। यस कारण सबैका मनमा गाउँ बसेको छ, गाउँ गढेको छ। गाउँका बारेमा निबन्धकारले मनै पगाल्ने गरी निबन्धमा गाउँको तस्बिर बनाएका छन् जुन तस्बिरमा पाठकले आफ्नो गाउँको अनुहार देख्न सक्छ।

उनले निबन्धका बीचबीचमा कविताका अंश राखेका छन्। तर निबन्ध पढ्दै गर्दा जब कवितामा पुगिन्छ तब यस्तो लाग्छ, अर्को नयाँ कवितामा पुगियो।

कृतिको शीर्षक निबन्ध **सन्दिग्ध शताब्दी** अर्को बेजोड निबन्ध हो। मानिसले आफै भत्काउँदै गएको मानव जीवनमाथि निबन्धकार कहालिएका छन्। उनी कहिले आफ्नो अनुहार खोज्छन् त कहिले आफ्नो साँझ खोज्छन्, कहिले बिहानी।

श्रीबाबुले निबन्धमा मानवीय संवेदनामाथि कतै मनले विचरण गरेका छन् भने कतै आँसुले त, कतै हाँसोले यात्रा गरेका छन्। मानव जीवन र प्रकृतिको सम्बन्धलाई हरेक निबन्धले कुनै न कुनै अर्थमा जोडेका छन्।

**सन्दिग्ध शताब्दी**भित्र १४ वटा निबन्ध रहेका छन्। यी निबन्धहरूका माध्यमबाट श्रीबाबु मानवीय संवेदना, मानव जीवन र  प्राकृतिक संवेगलाई दार्शनिक चेतबाट केलाउन सफल बनेका छन्। मझौला आकारमा शक्तिशाली विषयमाथि निबन्ध लेख्न सक्नु श्रीबाबुको विशेषता देखिएको छ भने भावको बयली खेल्नु उनलाई अत्यन्तै सामान्य लाग्ने देखिन्छ।


*ठाकुर बेलबासे*

आत्मपरक निबन्धको एउटा अब्बल कृतिका रूपमा **सन्दिग्ध शताब्दी** बजारमा आएको छ। कवि, कथाकार र बालसाहित्यकारका रूपमा चर्चित श्रीबाबु कार्की आफ्नो पहिलो कृतिबाटै निबन्धमा पनि स्थापित बन्दै गएका छन्। मेरा प्रिय मित्र श्रीबाबुलाई हार्दिक बधाई!


*

## डा. अम्बिका अर्याल

# ‘बघेनी’-मा प्रयोगधर्मिता

...कम्पारामा बन्दुक तेर्साएर जीवन र मरणको दोभानमा पुऱ्याएर नलेख भने पनि म त मनलागी लेख्छु नै र चेतनाले साथ दिउन्जेल लेखिरहन्छु नै, किनकि लेख्नु मेरो नसा हो।

(**बघेनी** कथासङ्ग्रह, पृ. १४)




लेखनलाई नसाका रूपमा लिएर चेतनाले साथ दिएसम्म लेखिरहने हुटहुटी बोकेकी सर्जकलाई कसले लेख्न सिकाइरहनुपर्छ र? कथा भनिदेऊ न भन्दै कथाकारसँग बिन्ती किन गरिरहनुपर्छ र? पाठकले के भन्लान् भन्दै बारम्बार सम्बोधन गरी अनुमति किन लिइरहनुपर्छ र? अर्काको कथाका पात्रलाई टिपेर कथा बनाउने ध्याउन्न किन गरिरहनुपर्छ र? तर होइन, यी र यस्ता प्रवृत्तिलाई कुनै कथाकारले कथाभित्रै अटाइदिन पनि सक्छ त? के परम्परागत कथाहरूले यस्ता प्रश्न, जिज्ञासा, प्रतिप्रश्न, संवाद, रचनागर्भ, आग्रहलाई कथाभित्र प्रवेश गर्न दिन्थे त? पक्कै पनि कथाका आफ्नै नियम र संरचना थिए। तिनलाई जसले आत्मसात् गरेर लेख्न सक्यो त्यो मात्र कथा कहलाउँथ्यो। तर आज तिनका सीमालाई नाघेर यी प्रश्न, प्रतिप्रश्न, आग्रह, विमति, फरक दृष्टिकोण, कथाको लेखनगर्भ, पाठकसँगको वार्तालाप, लेखकसँगको भलाकुसारी आदिलाई समेटेर लेखिएका रचना कथा बन्न सक्छन्। यो परम्पराभिन्न कथालेखनको यात्रा हो। यही यात्रामा साहित्यका विभिन्न क्षेत्रमा कलम चलाउँदै आइरहेकी सशक्त नारीप्रतिभा इन्दिरा प्रसाई प्रयोगधर्मी प्रवृत्तिको कथासङ्ग्रह **बघेनी** (२०७९)-मा देखा परेकी छन्। उनी परम्परागत मापदण्डलाई चुनौती दिँदै नेपाली कथाको इतिहासमा नयाँ मार्ग कोर्न सफल भएकी छन्।

प्रसाईको **बघेनी** कथासङ्ग्रहभित्र जम्मा १३ वटा कथा समावेश गरिएको छ। यस सङ्ग्रहका कथाहरूमा ‘११११’, ‘आ बराबर आत्महत्या आत्महत्या बराबर

दुष्यन्त', 'अनिल भाइ! के यो कथा तपाईंको पुर्खाको हो?', 'औजार', 'बघेनी', 'बिहेको बाजा', 'एउटा रोज है गीता!', 'झल्याँस्स', 'क्रमशः उपनायकहरू', 'पात्र र पात्रहरू', 'पेसा', 'तिम्रो खुसी मोमिला' र 'उकुचको जलप'-जस्ता शीर्षकका कथा समाविष्ट छन्।

शीर्षक नै नवीन र प्रयोगपरक देखिएको कथा हो– '११११११'। यस कथासङ्ग्रहभित्रको पहिलो कथा '११११११' को शीर्षक जसरी पढे पनि हुने किसिमको छ। यसलाई 'एघार हजार एक सय एघार', 'पाँच वटा एक', 'एक नै एक', 'एकभन्दा बढी एक', 'एक, एघार, एक सय एघार' आदि जुन शैलीमा पढे पनि हुने देखिन्छ। अधिकृत तहको रमेशनाथभन्दा नासु तहको कर्मचारी शम्भुरामको आर्जन बढी भएको र त्यसतर्फ नै सबैको ध्यान खिचिएको सन्दर्भ यस कथाको बीज बनेको छ। यसमा इमानदारीको खिल्ली र बेइमानीको वर्चस्व कलात्मक रूपमा देखाइएको छ। नैतिकता एक्लो बन्दै गएको सन्दर्भ, वर्गीय विभेद, सम्भ्रान्त बन्ने लालसा, गरिबीले निम्त्याएको सामाजिक एवम् पारिवारिक समस्या, सम्पत्तिप्रतिको आकर्षण, भौतिकताप्रति बदलिँदो समाजको आकर्षण, आत्मसम्मानमा पुगेको ठेस, सत्यमाथि असत्यको विजय, इमानदारमाथि बेइमानको दाइँ, अपकर्षमा मानवता, कृत्रिमताको खोल ओढेको इमान, पैसामा बिकेको सम्बन्धजस्ता सन्दर्भको सूत्रात्मक तवरले यस कथामा चित्रण गरिएको छ। समाजमा भ्रष्टका पुजारी बढ्दै गएको तथ्य निर्जलाले शम्भुरामको तारिफ गरेको सन्दर्भले प्रस्ट पारेको छ। बालबालिकाप्रति पनि समयसँगै बढ्दै गएको भौतिकताप्रतिको आकर्षणले जन्म दिने बाबुभन्दा चाहिएको रकम तुरुन्त उपलब्ध गराइदिन सक्ने पराईप्रतिको प्रेम र झुकावलाई यस कथाले उदाङ्ग पारेको छ। यस कथाको विषयवस्तुभन्दा अनुच्छेद रचनाका अघिल्तिर १, ११, १११ र ११११ गरी दिइएको अङ्क र शीर्षकीकरणमा नयाँ प्रयोग देखिन्छ।

'आ बराबर आत्महत्या आत्महत्या बराबर दुष्यन्त' कथाको शीर्षक पनि प्रयोगधर्मी छ। दैनिकीको शैलीमा लेखिएको यस कथामा गणितका सूत्रको प्रयोग गरी धेरै ठाउँमा 'आ बराबर ........' छाडिदिनु अनेक सम्भावनालाई स्थान दिनु हो। यसमा आत्महत्या गरेका नारीका बारेमा समाजले फैलाउने अफवाह सुगन्धाको कथामार्फत प्रस्तुत गरिएको छ। मान्छेको मृत्युपछि प्रशंसा गर्ने मानवीय प्रवृत्ति यसमा पाइन्छ। 'म' पात्र मयङ्कले दुष्यन्तलाई आत्महत्या नगर्न आग्रह गरिरहे पनि अन्त्यमा मृत्युको मार्ग रोजिछाडेको घटनाले वर्तमानका मान्छेमा देखिएका एकोहोरोपन र निराशालाई द्योतन गरेको छ। शीर्षकका साथै तृतीय पुरुष र प्रथम पुरुष दुवै कथनपद्धतिको प्रयोग गरी मृत्युपछि पनि 'म' पात्र बोलेको सन्दर्भका कारण कथा प्रस्तुतिको शैलीमा नवीनता देखिएको छ।

'अनिल भाइ! के यो कथा तपाईंको पुर्खाको हो?' शीर्षकको कथामा लेखनगर्भ र पाठकप्रति गरिएको सम्बोधनले कथाभित्र कथा समावेश गरी पाठकलाई समेत स्थान दिइने नवीन शैलीको बनाएको छ। आत्मपरक निबन्धकै शैलीमा सुरु गरिएको यस कथामा कथाको सुरु र समाप्ति भएको सङ्केत गरिएको उपशीर्षकको प्रयोगले यसलाई प्रयोगपरक बनाएको छ। भीमादेवीको परिवारलाई ईश्वरले दिएको वरदानको दन्त्यकथा बाबुबाट सुनिरहेको 'म' पात्र कहिले श्रोता त कहिले कथावाचक बनिरहनु पनि यसको प्रयोगशील पक्ष हो। यस्तै स्वैरकल्पनालाई विषय बनाइएको यस कथामा अनिल भाइमाथि पुर्खाको भाष्यप्रति इङ्गित गर्दै 'म' पात्रमार्फत वास्तविक रूपमा प्रश्न तेर्सिनु यथार्थ र स्वैरकल्पनाको संशयको अवस्था हो जुन उत्तर आधुनिकतावादले अघि सारेको अधि आख्यानात्मक लेखनको शैली हो। यही शैलीको प्रयोग 'औजार' शीर्षकको कथामा पनि गरिएको छ। यसमा परमात्माले प्रकृतिको सृष्टि गरिसकेपछि पुरुषको सृष्टि गरेको स्वैरकाल्पनिक कथा पाठकको सम्बोधनसहित प्रस्तुत गरिएको छ।

कथालेखनकै लागि पात्र तथा घटनाको खोजी कथाकारको मस्तिष्कभित्र अव्यक्त भएर रहने रचनागर्भको पाटो हो। तर प्रसाईको 'बघेनी' कथाले पात्रको खोजी गर्दै हिँडेको बोधविक्रम अधिकारीको दन्त्यकथा शिशिर-वसन्तको कथाकी पात्र शिशिरकी रानीलाई भेटेको सन्दर्भ प्रस्तुत गरेको छ। पात्रको खोजीमा हिँडेको समाख्याताले 'तिमी मेरो कथाको पात्र बन्न सक्छ्यौ?' (पृ. ८०) भनी गरेको प्रश्नले पाठकको मथिँगलमा हलचल ल्याउँछ। यसले कथाको वास्तविक पाठक कथा पढिरहेको छ वा कुनै कथाकारको पछि लागेर पात्रको खोजीमा भौँतारिइरहेको छ भन्ने अन्योलमा पर्छ। यसरी कथाभित्र कथाकै चर्चा गरिनु कथामा गरिएको अधि आख्यानात्मक प्रयोग हो। यस्तै यस कथामा शिशिरकी रानी वा पात्रले लेखक वा समाख्यातालाई गरेको 'ए लेखक! तिमी नै भन न?' (पृ. ८३) भन्ने प्रश्नले समेत सोही प्रयोगलाई प्रस्ट पारेको छ।

'बिहेको बाजा' शीर्षकको कथामा विवाहको बाजा बजेपछि विभिन्न व्यक्तिमा उब्जिएका मानसिक भाव तथा स्मरणलाई कथावस्तु बनाइएको छ। यसमा अञ्जलीको बिहेको बाजाबाट उसमा उत्पन्न मनोभावका साथै नैनकला, सेमन्तप्रसाद, संरचना, आकार, काइँली आमा र सन्तुलनमा जागृत मनोभावले विविध आयाममा एउटै घटनाका फरक प्रभावका माध्यमबाट समाजको बहु आयामिकतालाई खिचेको छ।

'एउटा रोज है गीता' र 'तिम्रो खुसी मोमिला' शीर्षकका कथाले कथालेखनको पृष्ठभूमि तथा प्रकाशनको स्वतन्त्रतासम्मको अवस्था कथाभित्रै समाहित गरेका छन्।

भौतिक कथाकारले अभौतिक कथाकारलाई कथा भन्न आग्रह गरिरहेपछि समाजका यथार्थ घटना समेटिएका नौ वटा कथा भनेको र त्यसलाई भौतिक कथाकारले लिपिबद्ध मात्र गर्ने काम गरेको सन्दर्भ पहिलो कथामा आएको छ। हरेकमा बेग्लाबेग्लै विषयलाई समावेश गरिएका कथाहरू यसमा आएका छन्। पहिलो उपशीर्षकमा वैदेशिक रोजगारीमा गएकी आमाको पारिवारिक विचलन, दोस्रोमा विदेश गएका सन्तानको मृत्युमा बाबुआमाको कारुणिक अवस्था, तेस्रोमा हाकिमभन्दा खरदारको कमाइ बढी हुनुमा इमानदारको अगाडि बेइमानको दाइँ, चौथोमा विदेश गएका लोग्नेहरूका श्रीमतीका पीडा, पाँचौँमा एकमात्र सन्तानको हत्याले विक्षिप्त आमा, छैटौँमा युद्धमा गुमेको लोग्ने र बाबुबाट बिचल्लीमा परेका स्वास्नी एवम् छोराको कारुणिक अवस्था, सातौँमा रक्सीले निम्त्याएको अभाव, आठौँमा नेताको फुइँ-छलमा जनताको निराशा, नवौँमा डेराभाडा तिर्न नसकेका परिवारमा हुर्केकी छोरीको गलत कदमजस्ता समाजका यथार्थ घटना सङ्क्षेपमा यस कथाभित्र टिपोट गरिएको हुनाले यो लघुकथासङ्ग्रहजस्तो पनि बन्न पुगेको छ। यस किसिमको विधामिश्रणका साथमा वास्तविक कथाकार र पात्र कथाकारमा देखिएको संशय नै 'एउटा रोज है गीता' कथामा गरिएको प्रयोग हो।

'तिम्रो खुसी मोमिला' शीर्षकको कथा नाटकीय शैलीमा लेखिएको छ। यसमा तीन वटा दृश्य रहेका छन्। कथाभित्र कथाकारसँग वार्ता गर्दै कथाको गर्भाधान र जन्मसमेत प्रस्तुत गरिएको यस कथामा पात्रको नाम पनि प्रयोगपरक छ। 'फलाना' र 'फलानी' नामका दुई पात्रको प्रयोग गरिएको यस कथाले पाठकलाई आफूले नजिकबाट चिनेका जोकोहीसँग मेल खाएको घटनाको सादृश्य गर्ने छुट दिएको छ। यसले पाठक कथासँग परिचित देखिनुका साथै अपनत्व बोधसमेत गर्ने अवस्था सिर्जना गरेको छ। कथाभित्रको लेखकले सुरु गरेको कथा लेखकले नै अन्त्य भएको घोषणा गरेको र त्यसप्रति असन्तुष्टि व्यक्त गर्दै 'म' पात्रले अझै कथा भनिनु जरुरी बताउँदा सँगसँगै उभिएर प्रतिकार गर्ने लेखकको उपस्थिति प्रयोगपरक देखिन्छ। उसले फलानीका विषयमा दिएको सम्भावित घटनाका फेहरिस्त कथा अन्त्यका अनेक सम्भावना हुन्। कथावतरणपछि प्रकाशनका लागि साहित्यकार मोमिलालाई सम्बोधन गर्दै मन परे मात्र **कलाश्री** पत्रिकामा छापिदिन आग्रह गर्ने 'म' पात्रको कथनले कथालाई झन् नवीन बनाएको छ। लेखनदेखि प्रकाशनसम्मको घटनापरिघटना तथा लेखकलाई आग्रह गरेर लेखिएको कथाको सन्दर्भले कथाभित्र कथाकै प्रयोग वा अधि आख्यानात्मक शैलीलाई प्रस्ट पारेको छ।

'झल्याँस्स' शीर्षकको कथाभित्र भूमिका, मध्यकथा, अघिल्लो कथा, विशेष घटना, पछिल्लो कथा, मनोभाव, अनि ढोका खोलेपछि, यत्ति चाहिँ उसको सम्झनामा

छ, मुनूका खातिर के गरेन र उसले?, त्यसपछिको कथा, त्यसपछिका दिनमा, निष्कर्ष, त्यसपछि पनि यो कथा सकिएको त छैन–जस्ता १३ वटा उपशीर्षक राखिएको छ। एउटै शीर्षकभित्र कथा लेख्ने परम्परागत कथालेखन पद्धतिलाई यसले भङ्ग गरेको छ। परस्त्री र परपुरुषसँगको सम्बन्धका कारण आएको पारिवारिक बेमेल, तनाव तथा स्वार्थका कारण बनेको अनैतिक सम्बन्धले जेल जीवनमा पुग्न बाध्य नेताको अवस्थालाई यस कथाले विषयवस्तु बनाएको छ।

नायकलाई केन्द्रमा राखेर कथा लेखिने परम्पराको विनिर्माण गर्दै देखा परेको प्रसाईको अर्को कथा हो 'क्रमशः उपनायकहरू'। यस कथाले छ जना उपनायकको चरित्र उदाङ्ग पारेको छ। चुनावी माहोल र नेताको दाउ तथा जनतामाथि नेताले देखाएका लालसाका साथै रातारात परिवर्तन हुने नेताको स्वभाव एवम् चरित्रलाई यस कथाले विषय बनाएको छ। एउटै कथाभित्र अनेक स्वभावका नेतालाई उपनायक बनाएर लेखिएको यस कथाभित्र उपनायक नै नायक बन्ने स्थिति देखिएको छ। यसर्थ शीर्षकले कथालेखन परम्परालाई विनिर्माण गर्न खोज्दाखोज्दै पनि सबै उपशीर्षकभित्र नेता वास्तविक नायक बनेर उभिन सक्ने सम्भावना भने बाँकी नै रहेको छ।

'पात्र र पात्रहरू' शीर्षकको कथा शीर्षकीकरणबाट नै नवीन शैलीको प्रतीत हुन्छ। अर्धनारीश्वरको खोजमा भौँतारिएको लेखकको सन्दर्भबाट सुरु भएको यस कथाले कथाभित्र कथा तथा पात्रको खोजीको अवस्था देखाएर नवीन शैली अपनाएको छ। यसमा कौसी, पुनम, रचना, रमोलादेवी, उर्मिला, आशा, डली तथा मृदुलाहरूको स्वभाव र विशेषता देखाइएको छ। अकथा तथा उपकथा भन्न सकिने यस कथाभित्रका नारीपात्रहरू पतिप्रति नतमस्तक एवम् पातिव्रत्यको सोचबाट ग्रसित देखिन्छन्। आफूमाथि जति नै हिंसा, अन्याय र विभेद भए पनि सहेर बस्नुपर्छ भन्ने सिद्धान्तबाट अभिप्रेरित पत्नीहरूको भीडमा 'म' पात्रको उपस्थिति भिन्न देखिन्छ। उसले पुरुषलाई सर्वस्व मान्दै नारी अस्तित्वलाई कुल्चने प्रवृत्तिको विरोध गर्दै कथा अब मात्रै सुरु हुने बताउनु र कथा समाप्त हुनु पनि यसमा गरिएको नवीन प्रयोग नै हो।

'पेसा' शीर्षकको कथा वादविवादको शैलीमा लेखिएको प्रयोगधर्मी कथा हो। यो 'आजको समाजमा वैवाहिक संस्थाको आवश्यकता' शीर्षकमा वादविवाद प्रतियोगिता गरिएको विषयमा आधारित छ। पक्ष र विपक्षमा आएका तर्कवितर्कसँग निर्णायक नै निर्णयमा पुग्न नसकेको समाजको वास्तविक चित्र यसमा उतारिएको छ। वैदेशिक रोजगारका कारण विदेशमा एक्लै गएका तथा छुट्टिएर घरमा बसेका विवाहितहरूको अनैतिक चरित्रले विवाहमाथि नै उपहास गरेको सन्दर्भ तथा तथ्यका कारण निर्णयमा सहभागी सबैको जित र हार भएको निष्कर्ष निकालिएको यो कथा विषयगत रूपमा पनि भिन्न छ।

पितृसत्तात्मक व्यवस्थामा आइमाईले बेहोर्नुपर्ने सौता प्रकरणबाट नारीमा पर्ने असरका विषयमा अन्तःक्रिया चलाएर स्त्रीशक्तिलाई भाँडी राष्ट्रलाई कमजोर पार्ने अभियानमा जुटेका गैरसरकारी संस्थाप्रति असन्तुष्टिको भाव व्यक्त गर्ने 'म' पात्रको कार्यपत्र लेखनका विषयमा आधारित कथा हो 'उकुचको जलप'। सौता भित्र्याउन बाध्य १३ जना महिलाको उकुच प्रस्तुत गरिएको यस कथामा नारीहरूको सहनशीलता, इमानदारी तथा पुरुषको आश्वासनको जालोमा तुरुन्त फस्ने प्रवृत्ति देखाइएको छ। विभिन्न बहानामा पितृसत्ताकै पुजारी बनिरहेका नारीहरू सौता भित्र्याएर लोग्नेको खुसी बढाउने अपेक्षामा आफै तिरस्कृत बन्न पुगेको घटना अलग-अलग नारीका भोगाइका माध्यमबाट प्रस्तुत गरिएको लघुकथासङ्ग्रह समकक्षी कथाका रूपमा यसलाई लिन सकिन्छ।

प्रसाईका कथामा कथाभित्र कथाकै पृष्ठभूमि, कथाकारसँगको वार्तालाप, नाटक, दैनिकी, लघुकथा, वादविवाद, निबन्धजस्ता विभिन्न विधाको मिश्रण, कथाका पात्र (शिशिर र वसन्तको कथाकी शिशिरकी रानी)-लाई लिएर पात्रको विनिर्माण गरी कथा लेख्ने प्रवृत्ति, एकै विषयमा अनेकका धारणा र दृष्टिकोणको प्रस्तुति, पाठकसँगको अन्तःक्रिया तथा सम्बोधन, प्रकाशकलाई प्रकाशनका लागि आग्रह, नायकीय परम्पराभन्दा उपनायकको भूमिकाको खोजी आदि प्रवृत्ति पाइन्छन्। यी प्रवृत्तिले **बघेनी** कथासङ्ग्रहका हरेक कथालाई प्रयोगधर्मी बनाएका छन्। शैलीशिल्पगत एवम् विषयगत दुवै दृष्टिले परम्पराभिन्न यस कथासङ्ग्रहभित्रका कथाहरू वर्तमानमा चर्चामा रहँदै र प्रयोगमा आउँदै गरेको उत्तर आधुनिकतावादी लेखन शैलीबाट प्रत्यक्ष-परोक्ष रूपमा प्रभावित देखिन्छन्। विशेष गरी विधाभञ्जन, विनिर्माण, अधि आख्यानात्मक प्रयोग, सम्भावनाको खोजी, अन्त्यहीन अन्त्य, स्वैरकाल्पनिक लेखनशैली, मिश्रित कथनपद्धति आदिको प्रयोगले प्रसाईका कथाहरू उत्तर आधुनिकतावादी प्रवृत्तिले युक्त प्रयोगधर्मी कथा बन्न पुगेका छन्।


*डा. अम्बिका अर्याल*

✲

# हाम्रा कार्यक्रम तथा गतिविधिका झलकहरू



कलाश्री सम्मान तथा कलाश्री पुरस्कार

- २०६५
- २०६६





कलाश्री सम्मान तथा कलाश्री पुरस्कार

- २०६७
- २०६८





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०६९
- २०७०





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७१
- २०७२





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७३
- २०७४





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७५
- २०७६





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७७
- २०७८






कलाश्री सम्मान
तथा कलाश्री
पुरस्कारहरू

- २०७९

- २०८०







सिर्जना-उत्सव

- २०६४
नेपालगञ्ज

- २०६५
पोखरा





सिर्जना-उत्सव

- २०६६
चितवन

- २०६७
इलाम






सिर्जना-उत्सव

- २०६८
विराटनगर

- २०६९
नव बुद्ध







सिर्जना-उत्सव

- २०७०
मुस्ताङ

- २०७१
रुपन्देही







सिर्जना-उत्सव

- २०७२
धनकुटा

- २०७३
कोहलपुर






सिर्जना-उत्सव

- २०७३
जाजरकोट

- २०७४
लमजुङ





सिर्जना-उत्सव

- २०७५
धनगढी

- २०७५
जाजरकोट





सिर्जना-उत्सव

- २०७६
जुम्ला

- २०७८
रोल्पा





सिर्जना-उत्सव

- २०७९
पाल्पा

- २०८०
ताप्लेजुङ





World Literary
Tour 2010
Poetry Concert
with
Music &
Painting (Korea)






World Peace
Literary Tour

- 2011
Japan

- 2013
China





World Peace
Literary Tour

- 2014
China

- 2015
Myanmar





World Peace
Literary Tour

- 2015
China

- 2015
Bangladesh





World Peace Literary Tour

- 2016
China

- 2017
Bengaluru, India





World Peace Literary Tour

- 2017
Egypt

- 2018
Russia





World Literary Tour 2019 (India)






एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०६९

- २०७०





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७१

- २०७२





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७३

- २०७४





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७५

- २०७६

